संघीय संसद

प्रतिनिधि सभा

## सार्वजनिक लेखा समिति

# २१औं वार्षिक प्रतिवेदन

## २०७८

सार्वजनिक लेखा समिति सचिवालय

सिंहदरबार, काठमाडौं

फोन नं.: ४२००२१८, ४२००२०६, ४२११७४४

E-mail: pacommittee@parliament.gov.np

URL: parliament.gov.np

संघीय संसद

प्रतिनिधि सभा

**सार्वजनिक लेखा समिति**

# २१औं

# वार्षिक प्रतिवेदन

## २०७८


**सार्वजनिक लेखा समिति सचिवालय**

सिंहदरवार, काठमाडौं

**फोन नं. ४२००२१८, ४२११७४४, ४२००२०६**

*E-mail: pacommittee@parliament.gov.np*

*URL: www.parliament.gov.np*

# मन्तव्य

सम्माननीय सभामुख महोदय,

सार्वजनिक लेखा समितिको कार्यक्षेत्रभित्र विभिन्न निकायका सार्वजनिक लेखासँग सम्बन्धित अध्ययन तथा वित्तीय सुशासन सम्बन्धमा देखापरेका बेरुजु सम्बन्धी विषयहरु रहेको कुरा सम्मानीत सदनलाई अवगत नै छ । सोही व्यवस्था अनुसार सरकारलाई संघीय संसदप्रति उत्तरदायी र जवाफदेही बनाउनु, सरकारबाट भए गरेका काम कारबाहीको निगरानी र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनु समितिको मुख्य कार्य रहेको छ । साथै समितिको कार्यक्षेत्रभित्रका मन्त्रालय, विभाग, अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन, राष्ट्रिय आय विवरण, सम्पत्ति र खर्चको स्थिति तथा कार्यान्वयनको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने लगायतका कार्यक्षेत्र रहेका छन् ।

सम्माननीय सभामुख महोदय,

समितिको कार्यक्षेत्रभित्रका महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमाथि विचार विमर्श गरी सार्वजनिक खर्च गर्ने परिपाटीमा यसको नियमितता, औचित्यता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता तथा त्यसको कार्यान्वयन गर्नेतर्फ वाञ्छित प्रगति हुन सकेको छ वा छैन ? आर्थिक अनुशासन उल्लंघनकर्तालाई कानूनको दायराभित्र ल्याउन सकेको छ वा छैन ? सुशासन अभिवृद्धि गर्नेतर्फको काम कारबाहीको स्थिति सन्तोषजनक छ वा छैन? भन्ने विषय अध्ययन गरी उल्लिखित कार्यहरुलाई दक्षतापूर्वक सञ्चालन गराउन अवलम्बन गर्नुपर्ने नीति वा कार्यप्रणाली बारे खुलाई सदनमा प्रतिवेदन पेश गर्नु यस समितिको कार्य क्षेत्र भित्र पर्दछ । यस प्रतिवेदनमा हालसम्म समितिद्वारा सम्पादित कार्यहरुलाई समेटिएको छ ।

महालेखापरीक्षकको छलफल हुन बाँकी रहेका वार्षिक प्रतिबेदनमा निरन्तररुपमा छलफल गरिरहेको र देशमा बेरुजुको आकार बढ्दै गइरहेको अवस्थामा समितिको तर्फबाट बेरुजु फछ्र्यौटका लागि योजनावद्धरुपमा कार्य गरिरहेको छ। चालु आ.ब. मा उपसमितिमा हेरफेरसहित नौवटा वेरुजु फछ्र्यौट उपसमिति गठन गरी विभिन्न मन्त्रालय, संवैधानिक निकाय तथा सार्वजनिक संस्थाहरुको आ.ब.२०७५/७६ सम्मका महालेखापरीक्षकका प्रतिवेदनहरुमा उल्लिखित बेरुजु उपर छलफल गरी आवश्यक राय, सुझाव तथा निर्देशनहरु दिएको छ ।

यस अवधिमा समितिले नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनबाट उपलब्ध गराइएको विद्युतको बक्यौता सम्वन्धमा अध्ययन गर्न गठित उपसमितिले समितिमा पेश गरेको अध्ययन प्रतिवेदन माथि छलफल गरी सो सम्वन्धमा विद्युत नियमावलीमा उल्लेख भएका बिल बिजक, छुट बिल जारी गर्ने, बक्यौता रकम असुल गर्ने, समयमै महशुल नतिर्ने उपभोक्ता तथा ग्राहकलाई प्रचलित कानुन बमोजिम कारवाही गर्न गराउन, लोड सेडिङको समयमा छुट्टै ट्रंक लाइनबाट विद्युत सेवा लिएका ग्राहकलाई डेडिकेटेड ग्राहक सरह महशुल दर कायम नगरेकोले गम्भिर राजस्व सम्वन्धी लापरवाही गरेको देखिएकोले सम्वन्धित पदाधिकारीलाई आवश्यक छानविन गर्न, विद्युत महशुल संकलन गर्ने

कार्यलाई व्यवस्थित गराउन, प्राधिकरणले गर्नुपर्ने कार्यहरु समयमै नगर्दा ग्राहकलाई महशुल नतिर्ने स्थिति पैदा गरेकोमा थप छानविन गर्न, विद्युत महशुल दरमा पुनरावलोकन गरी कार्यान्वयनमा ल्याउन र डेडिकेटेड र ट्रंक लाइनको बक्यौता असुली सम्वन्धमा विद्युत प्राधिकरणलाई आर्थिक क्षति र दायित्व बढ्ने गरी कुनै निर्देशन नगर्न नगराउन नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण र विद्युत नियमन आयोगलाई निर्देशन दिएको थियो । साथै, महालेखापरीक्षकको ५५औं र ५६औं वार्षिक प्रतिवेदनमा औंल्याइएको कालिगण्डकी कोरिडोर आयोजना लगायतको बेरुजुको सम्वन्धमा विस्तृत अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न माननीय पुष्पाकुमारी कर्ण कायस्तको संयोजकत्वमा ८ सदस्यीय उपसमिति गठन भएको थियो ।

उखु किसानले पाउनु पर्ने बक्यौता भुक्तानी तथा उखु लगायत अन्य कृषि फसलको समर्थन मूल्यका सम्बन्धमा सम्बन्धित मन्त्रालयसँग छलफल गरी बक्यौता भुक्तानी एक महिनाभित्र गर्न, उखु लगायत फसलको समर्थन मूल्य तोक्न, रकम भुक्तानी समय तालीका निर्धारण र किसानहरुको समस्याको दिर्घकालीन समाधानका लागि विभिन्न व्यवस्थाहरु समेटी छुट्टै ऐन बनाएर कार्यान्वयनमा ल्याउन सरकारलाई निर्देशन दिएको थियो । यसै अवधिमा समितिले मुलुकको वर्तमान आर्थिक अवस्थाका सम्वन्धमा देखापरेका समस्या समाधान गर्न अत्यधिक मात्रामा आयात हुने विभिन्न वस्तुको नियन्त्रण गरी विदेशी मुद्राको घट्दो सञ्चितीलाई व्यवस्थापन गर्न, राष्ट्रिय गौरबका आयोजना र ठूला पूर्वाधार विकासका आयोजनाहरुको कार्यान्वयनमा तिव्रता दिई पूँजीगत खर्च वृद्धि गर्न कार्ययोजना बनाई कार्य गर्ने, बैंकहरुको तरलता कम गर्न विभिन्न उपायहरु अवलम्वन गर्ने, आवश्यकतानुसार मात्र सुपारी आयात गर्ने, पेट्रोलियम पदार्थको आयातलाई कम गर्दै अवैध पेट्रोलियम ढुवानी रोक्न विद्युतीय उपकरणहरुको प्रयोमा सहुलियतको व्यवस्था गर्ने, र वाणिज्य बैंकहरुको कर्जा लगानी स्प्रेड दर ३ प्रतिशतभन्दा कम गर्न नेपाल सरकार र नेपाल राष्ट्र बैंकलाई सुझाव दिएको थियो। त्यसै गरी लघुवित्त संस्थाहरुको सबलीकरणका लागि कर्जामा व्याजदर निर्धारण, क्रेडिट रेटिङ, ऋण पत्र, क्रमिक वचत तथा वाणिज्य बैंकहरुबाट प्रवाह हुने थोक कर्जाको प्रिमियम सम्वन्धमा नीतिगत लगायतका व्यवस्था गर्न नेपाल राष्ट्र बैंकलाई विभिन्न सुझावहरु दिएको थियो।

सम्माननीय सभामुख महोदय,

समितिले गरेका विभिन्न निर्णय तथा निर्देशनहरु कार्यान्वयन नभएकोमा र सरकारले उदासिनता देखाएकोमा समितिले यसलाई गम्भीर रुपमा लिएको छ । समितिको निर्णय कार्यान्वयनका सवालमा सरोकारवाला निकायले गरेको ढिलासुस्ती, समितिको काम कारबाही सञ्चालनका लागि आवश्यक थप दक्ष जनशक्ति र बजेट अभाव तथा बेरुजु फछ्र्यौटमा देखिएको सरोकारवाला निकायको उदासिनता जस्ता समस्याहरु चुनौतीका रुपमा रहेका छन् । आगामी दिनहरुमा समितिको प्रतिवेदनमा उल्लिखित निर्देशन, राय/सुझाव र सोको कार्यान्वयनमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ तथा अन्य सम्वन्धित ऐन कानून अनुरुप हुनका लागि सम्मानित सदनबाट कार्य अघि बढ्ने कुरामा समिति आशावादी रहेको छ ।

अन्त्यमा, समितिको कार्यलाई मार्गदर्शन गर्नुहुने सम्माननीय सभामुखज्यूप्रति म हार्दिक आभार व्यक्त गर्दछु । साथै समितिका हरेक क्रियाकलापहरुमा सक्रियतापूर्वक सहभागी भै आ-आफ्नो भूमिका निर्वाह गर्नु हुने समितिका सम्पूर्ण मा. सदस्यहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । समितिका विभिन्न बैठकहरुमा उपस्थित भई नेपाल सरकारका काम कारबाहीका बारेमा जानकारी एवं समितिका निर्देशनहरु कार्यान्वयनमा सहयोग पुऱ्याउनु हुने नेपाल सरकारका माननीय मन्त्रीज्यूहरु, संवैधानिक निकायका पदाधिकारीहरु, नेपाल सरकारका मुख्य सचिव, सचिव लगायत मन्त्रालय मातहतका निकाय तथा सार्वजनिक संस्थाका कर्मचारीहरुलाई समिति र मेरो तर्फबाट हार्दिक आभार प्रकट गर्दछु । समितिको काममा समन्वयात्मक सहयोग पुऱ्याउनु हुने संघीय संसद सचिवालयका महासचिव, सचिव एवं प्रतिवेदन तयारीमा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने संघीय संसद सचिवालयका कर्मचारी, पत्रकार र विभिन्न संघ संस्थाका प्रतिनिधिहरुसमेतलाई समितिका तर्फबाट म हार्दिक धन्यवाद दिन चाहन्छु । समितिका हरेक क्रियाकलापमा साथ रही कार्य गर्दै यस प्रतिवेदनलाई यो रुपमा तयार गर्ने समिति सचिव लगायत समिति सचिवालयका सम्पूर्ण कर्मचारीहरुलाई म विशेष धन्यवाद दिन चाहन्छु ।

सम्माननीय सभामुख महोदय,

सम्माननीय सभामुख महोदयको अनुमतिले अब म सार्वजनिक लेखा समितिको एक्काइसौं वार्षिक प्रतिवेदन, २०७८ सम्मानित सदन समक्ष स्वीकृतिका लागि पेश गर्दछु ।

धन्यवाद ।

मिति : २०७८ फागुन

...............................
माननीय भरतकुमार शाह
सभापति
सार्वजनिक लेखा समिति
प्रतिनिधि सभा
संघीय संसद

# विषय सूची



| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| | **खण्ड- १** | |
| १. | सार्वजनिक लेखा समितिको परिचय | १ |
| २. | सार्वजनिक लेखा समितिको कार्य क्षेत्र तथा काम, कर्तब्य र अधिकार | ३ |
| | **खण्ड- २**<br>सार्वजनिक लेखा समितिका निर्णय तथा निर्देशनहरु | |
| ३. | समितिको बैठक संख्या ५३ देखि बैठक संख्या ५७ सम्मका निर्णय तथा निर्देशनहरु | ९-१६ |
| | **खण्ड- ३**<br>महालेखापरीक्षकको विभिन्न वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा भएका काम कारबाहीहरुको विवरणहरु | |
| ४. | निर्वाचन आयोग (मलेपको ५७औं वार्षिक प्रतिवेदन) | २०-२० |
| ५. | महान्यायाधिवक्ताको कार्यालय (मलेपको ५७औं वार्षिक प्रतिवेदन) | २१-२१ |
| ६. | परराष्ट्र मन्त्रालय (मलेपको ५७ र ५६औं वार्षिक प्रतिवेदन) | २२-३१ |
| ७. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (मलेपको ५७ र ५६औं वार्षिक प्रतिवेदन) | ३२-६४ |
| ८. | अर्थ मन्त्रालय (मलेपको ५६औं वार्षिक प्रतिवेदनको बुँदा नं ९.३ देखि २४.४ सम्म मात्र र ५५औं प्रतिवेदनको बुँदा नं १४५.२ मा भएको पुनः निर्णय) | ६५-७१ |
| ९. | गृह मन्त्रालय (मलेपको ५५औं वार्षिक प्रतिवेदन) | ७२-७८ |
| १०. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (मलेपको ५६औं वार्षिक प्रतिवेदन) | ७९-१०५ |
| ११. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (मलेपको ५४, ५३ र ५२औं वार्षिक प्रतिवेदन) | १०६-११० |
| १२. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (मलेपको ५६औं वार्षिक प्रतिवेदनको बुँदा नं १३ मा भएको पुनः निर्णय) | १११-१११ |
| १३. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (मलेपको ५७औं वार्षिक प्रतिवेदन) | ११२-१२८ |
| १४. | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय (मलेपको ५६औं वार्षिक प्रतिवेदन) | १२९-१५६ |
| १५. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय (मलेपको ५६औं वार्षिक प्रतिवेदन) | १५७-१९२ |
| १६. | शहरी विकास मन्त्रालय (मलेपको ५१औं वार्षिक प्रतिवेदनको बुँदा नं ३३ मा भएको पुनः निर्णय) | १९३-१९३ |
| | **खण्ड- ४**<br>विभिन्न समयमा गठन भएका उपसमितिका प्रतिवेदन | |
| १७. | कालीगण्डकी कोरिडोरको निर्माण कार्य र विभिन्न जिल्लास्थित कार्यालयहरुको बेरुजुको अवस्था बारे अध्ययन गर्न गठित उपसमितिद्वारा तयार गरिएको अध्ययन प्रतिवेदन, २०७७ | १९५-२०९ |

# खण्ड-१

# सार्वजनिक लेखा समितिको परिचय

सार्वजनिक लेखा समिति संसदको एउटा महत्वपर्ण विषयगत समिति हो । यसको विश्व इतिहासलाई हेर्ने हो भने सार्वजनिक लेखा समितिको गठन बेलायतको संसदमा सन् १८६१ मा भएको थियो । सदनमा रहेको दलीय उपस्थितिको प्रतिनिधित्व हुने गरी बढीमा १५ सदस्य रहने उक्त समितिले गैरराजनीतिक रूपमा काम गर्ने अपेक्षा गरिएको थियो । राज्यकोषको खर्च संसदले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य हो । बेलायतमा स्थापित परम्परा अनुसार सार्वजनिक लेखा समितिको सभापति संसदमा विपक्षी दललाई दिने गरिएको छ । नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ सालदेखि नै सुरुवात भएको पाइन्छ । २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको सवैधानिक व्यवस्था नै गरिएको थियो । हाल नेपालको संविधानको धारा ९७ तथा संघीय संसद, प्रतिनिधि सभा नियमावली २०७५, को नियम १७२ मा १० वटा विषयगत समिति रहने व्यवस्था रहेको छ । ती विषयगत समितिहरु मध्ये सार्वजनिक लेखा समिति पनि एक महत्वपूर्ण समिति हो । सार्वजनिक लेखा समितिमा सभामुखले सभाको सहमति लिई मनोनित गरेका बढीमा २७ जना सदस्यहरू रहने व्यवस्था छ । प्रधानमन्त्री समितिको पदेन सदस्यको रूपमा रहने र समितिका सदस्यहरूले आफूहरुमध्येबाट निर्वाचित गरेको व्यक्ति समितिको सभापति हुने व्यवस्था छ । सभापतिको निर्वाचन नभएको वा नरहेको अवस्थामा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने व्यवस्था रहेको र मन्त्रीले सभापति हुन वा बैठकको अध्यक्षता गर्न नमिल्ने व्यवस्था छ । बेलायतको परम्परालाई अनुसरण गर्दै २०४८ सालदेखि सार्वजनिक लेखा समितिको सभापति विपक्षी दललाई दिने गरिएको थियो । तर मिति २०६६/०२/११ देखि यो परम्परा निरन्तर हुन सकेन तथापी यसलाई निरन्तरता दिनुपर्ने आवश्यकता छ । समितिको बैठक बस्न सम्पूर्ण सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्छ । कुनै पनि निर्णय गर्नका लाथि उपस्थित सदस्य संख्याको बहुमत आवश्यक पर्छ ।सरकारलाई संघीय संसद प्रति उत्तरदायी र जवाफदेही बनाउनका लागि सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन प्रतिनिधि सभा नियमावलीको नियम १७० को क्र.सं. १० ले गरेको व्यवस्था अनुसार यस समितिको कार्यक्षेत्र अन्तर्गत सार्वजनिक लेखा र महालेखा परीक्षकको प्रतिवेदन तोकिएको छ । उल्लेखित काम, कर्तव्य तथा अधिकार बाहेक नियमावलीको नियम १७५(४) ले सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजु जाँच गरी महालेखा परीक्षकद्वारा भए गरेका काम कारवाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनपर्ने काम कारवाही कानून संगत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था रहेको छ । यसै नियमको उपनियम (७) मा यस नियम बमोजिम समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरु प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्ने व्यवस्था रहेको छ । तर सभामुखले उपयुक्त सम्झेमा नियम १७२ मा नपरेका विषयहरु समितिको कार्यक्षेत्र भित्र पर्ने गरी तोक्न सक्ने व्यवस्था रहेको छ । नियमावलीले सार्वजनिक लेखा समितिको कार्यक्षेत्रमा सार्बजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन भनेर तोकेको सन्दर्भमा सार्वजनिक लेखाको बारेमा देहाय बमोजिम स्पष्ट हुन जरुरी देखिन्छ ।

सार्वजनिक खरिद कानून अनुसार सार्वजनिक निकाय भन्नाले देहायका निकाय सम्झनु पर्छ :-

- सवैधानिक अंग वा निकाय, अदालत, नेपाल सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय,
- नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैंक वा समिति वा प्रचलित कानून बमोजिम सार्वजनिक स्तरमा स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,
- नेपाल सरकारद्वारा संचालित वा नेपाल सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,
- प्रदेश स्तरका कार्यालय तथा स्थानीय तहहरु,
- विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,
- नेपाल सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था, र
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार लेखा भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानुन बमोजिम राखिने प्रारम्भिक प्रविष्टिको गोश्वारा भौचर तथा सो आधारमा तयार गरिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित वा सम्पुष्टि गर्ने प्रमाण कागजात र सोको आधारमा तयार गरिने वित्तीय विवरण तथा प्रतिवेदन सम्झनु पर्छ र सो शब्दले विद्युतीय माध्यमबाट राखिएको अभिलेख वा कारोवारलाई प्रमाणित गर्ने विद्युतीय अभिलेखलाई समेत जनाउँछ भनिएको छ । यसरी सार्वजनिक लेखालाई शाब्दिक रुपमा अर्थ लगाउँदा पनि उपरोक्त बमोजिमका सार्बजनिक निकायहरुमा भएका आर्थिक कारोबारहरुको व्यहोरा देखिने गरी प्रचलित कानुन बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई सार्वजनिक लेखा भनिने हुँदा सार्वजनिक लेखा समितिले आर्थिक कारोबार नहुँदैको अबस्थामा कतिपय विषयमा हस्तक्षेप गरेको जुन आरोप विगतमा लाग्दै आएको छ यस तर्फ ध्यान दिएर आफ्नो कार्यक्षेत्र निर्धारण गर्नुपर्ने देखिन्छ ।

मिति २०७५ श्रावण १७ गते गठित सार्वजनिक लेखा समितिमा हाल २४ जना माननीय सदस्यहरु रहनु भएको छ । समितिको वैठकलाई सुव्यवस्थित, मर्यादित र अनुशासित रुपमा संचालन गर्न मिति २०७५/०४/२१ गते बसेको पहिलो बैठकले समितिको आन्तरिक कार्यविधि पारित गरेको थियो ।

## सार्वजनिक लेखा समितिको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार

### कार्य क्षेत्र :-

- सार्वजनिक लेखा,
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन ।

## काम, कर्तव्य र अधिकार :-

प्रतिनिधि सभा नियमावली २०७५ को नियम १७५ मा व्यवस्था गरिए अनुसार सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छ :-

- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको सार्वजनिक लेखासँग सम्बन्धि नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के-कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
- मन्त्रीले सरकारको तर्फबाट बैठकमा सार्वजनिक लेखासँग सम्बन्धित विषयमा समय-समयमा दिएका आश्वासनलाई पूरा गर्न नेपाल सरकारद्वारा के-कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,
- सार्वजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदनसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,
- सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ वा छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,
- सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,
- मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,
- बैठकले सुम्पेको अन्य काम गर्ने,
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,
- सार्वजनिक लेखा समितिले आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभाग, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत्-तत् विषयका विशेषज्ञहरुसँग समेत छलफल गर्न सक्ने,
- सार्वजनिक लेखा र महालेखापरिक्षकको वार्षिक प्रतिवेदनमाथि छलफल सम्बन्धित जिम्मेवारी सु-व्यवस्थित ढङ्गले बहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने,

- **सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखा परीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनु पर्ने काम कारबाही कानून सङ्गत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने,**
- **समितिको कार्य सम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृती लिई आवश्यक स्थानको भ्रमण गर्न सक्नेछन् । यस्तो स्वीकृति माग गर्दा भ्रमण गर्नुपर्ने कारण स्पष्ट खुलाईएको हुनुपर्ने,**
- **समितिले बैठकमा प्रस्तुत गर्नुपर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरू प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्नेछ ।**

## समितिको बैठकलाई सुव्यवस्थित, मर्यादित र अनुशासित रुपमा सञ्चालन गर्न मिति २०७५/०४/२१ गते पारित समितिको आन्तरिक कार्यविधि, २०७५

१. समितिको बैठकको कार्यसूची सामान्यतया अघिल्लो बैठकमा नै तय गरिनेछ । सोबमोजिम तय हुन नसकेमा सचिवले सभापतिसंग परामर्श गरी कार्यसूची तय गर्नेछ र सोको जानकारी कम्तीमा १ (एक) दिन अगावै एस्.एम.एस्. वा अन्य कुनै तरिकाबाट सदस्यहरुलाई दिइनेछ ।

२. समितिको सभापतिको ध्यानाकर्षण गर्नको निमित्त सदस्यले हात उठाउनु पर्नेछ र सभापतिले निजको नाम क्रमशः बोलाएपछि वा इसारा गरेपछि एक पटकमा एक जनाले मात्र बोल्नु पर्नेछ । कुनै एक सदस्य बोलिरहेको समयमा बीचैमा अर्को सदस्यले बोल्न र एक आपसमा कुरा गर्न पाइनेछैन ।

३. सदस्यले समितिको बैठकमा बोल्दा सभापतिलाई सम्बोधन गरेर मात्र बोल्नु पर्नेछ । समितिको छलफलको क्रममा कुनै सदस्यले व्यक्त गरेको विषयवस्तुलाई अर्को सदस्यले सो कुरामा सहमति व्यक्त गर्ने बाहेक पुनः सोही विषय नदोहोर्‍याउनेतर्फ ध्यान दिनु पर्नेछ । बैठकमा बोल्दा कसैलाई व्यक्तिगत आक्षेप लगाउन, अशिष्ट, अश्लिल, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्न हुँदैन । सदस्यले बोल्न पाउने अधिकारलाई बैठकको कार्यमा वाधा पार्ने मनसायले दुरुपयोग गर्न पाइने छैन ।

४. बैठकको अवधिभर मोबाइल स्वीच अफ वा साइलेन्स वा भाइब्रेट मोडमा राख्नु पर्नेछ ।

५. बैठकमा छलफलका लागि पूर्वनिर्धारित विषय वा कुनै सदस्यबाट प्रस्तुत गरिएको विषय वा समितिलाई कुनै स्रोतबाट प्राप्त विषय बैठकमा छलफलको विषय हुन सक्नेछ ।

६. बैठकको छलफलको विषय समितिको कुनै सदस्यको निजी स्वार्थ वा संलग्नता गाँसिएको भएमा त्यस्तो विषयको छलफलमा सम्बन्धित सदस्य सहभागी नहुने र छलफलमा त्यस्तो सदस्यको उपस्थिति आवश्यक छ भन्ने लागेमा समिति वा समितिको सभापतिले त्यस्तो सदस्यलाई छलफलमा सहभागी गराउन सक्नेछ ।

७. बैठकका निर्णयहरु सकेसम्म सर्वसम्मतिबाट गरिनेछ र त्यसरी सर्वसम्मतिबाट हुन नसकेमा प्रतिनिधि सभा नियमावली बमोजिम गरिनेछ ।

८. समितिले आफ्नो कार्य सुव्यवस्थित, छिटोछरितो र प्रभावकारी रुपमा सम्पन्न गर्न कार्यक्षेत्र र कार्यावधि तोकी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ र यसरी गठित उपसमितिहरुले तोकिएको समयमा सो कार्य सम्पन्न गरी समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

९. उपसमितिमा सहमति भै आएका विषयहरुमा उक्त उपसमितिमा रहेका सदस्यहरुले पुनः सोही विषयमा समितिको छलफलमा सहभागी हुन सक्नेछ ।

१०. प्रत्येक सदस्यले समितिको कार्यक्षेत्रभित्रका विषयवस्तुसंग सम्बन्धित आफूसंग भएका अध्ययन सामग्रीहरु सदस्यहरुका बीच आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

११. सभापतिले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छोड्नु हुँदैन र सभापतिले बोलेको कुरा ध्यानपूर्वक सुन्नु पर्नेछ । समितिको बैठक समापन नभै कुनै पनि सदस्यले

बैठक कक्ष छाड्नु हुँदैन र बाहिर जानु पर्ने भए मा सभापतिको अनुमति लिएर जानु पर्नेछ । बैठक सञ्चालनमा समितिका सबै सदस्यहरुले सभापतिलाई सहयोग गर्नुपर्नेछ ।

१२. सभापतिले बैठकलाई मर्यादित बनाउन सदस्यहरुलाई आह्वान गर्नु पर्नेछ । अमर्यादित व्यवहार कुनै सदस्यबाट भएमा प्रतिनिधि सभा नियमावली अनुसार कारवाही हुनेछ ।

१३. समितिको बैठक बस्न तोकिएको दिन र समयमा सम्पूर्ण सदस्यहरु अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ । तोकिएको समयमा एकाउन्न प्रतिशत सदस्यहरुको उपस्थिति हुन नसकेमा सो दिनको बैठक सभापतिले स्थगित गरी अर्को कुनै दिन र समयमा बैठक बस्ने गरी तोक्न सक्नेछ ।

१४. समितिका सदस्यहरु समितिको बैठक चलिरहेको समयमा उपत्यका बाहिर जानु परेमा, विदेश जानु पर्ने भई वा अन्य कुनै कारणले समितिको बैठकमा उपस्थित हुन नसक्ने भएमा समिति सभापति वा सचिवालयलाई पूर्व जानकारी गराउनु पर्नेछ ।

१५. बैठकमा सामान्यतया प्रेस तथा नागरिकलाई प्रवेश दिइनेछ । प्रवेश दिने सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार समितिको सभापतिलाई हुनेछ ।

१६. समितिमा उपस्थित विशेषज्ञले आफ्नो तथ्य एवं आधारयुक्त धारणा शिष्टतापूर्वक राख्नु पर्नेछ ।

१७. बैठकमा पानी, चिया, खाजा र औषधी बाहेक अन्य पदार्थ ग्रहण गर्न पाइने छैन ।

१८. उपसमितिको संयोजक/अध्यक्षलाई सम्बन्धित उपसमितिको कार्य सञ्चालन गर्दा सभापतिलाई भए सरहको अधिकार हुनेछ ।

१९. समितिबाट खटिने विभिन्न भ्रमण टोलीका टोली प्रमुखलाई भ्रमण अवधिभर सभापतिलाई भए सरहको अधिकार हुनेछ ।

२०. समितिको कार्यतालिका पालना गर्नु सबै सदस्यहरुको कर्तव्य हुनेछ ।

२१. संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ मा उल्लेखित नियमहरुको पालना गर्नु सबै सदस्यहरुको कर्तव्य हुनेछ ।

२२. माथि उल्लेखित नियमहरुको पालना गर्ने गराउने सम्बन्धमा सभापतिको निर्णय अन्तिम हुनेछ ।

२३. समितिले आवश्यकतानुसार यस कार्यविधिमा आवश्यक परिमार्जन र संशोधन गर्न सक्नेछ ।

# सार्वजनिक लेखा समितिमा रहनु भएका माननीय सदस्यहरुको नामावली

| क्र.सं. | नाम, थर | जिल्ला | सम्बद्ध दल |
|---|---|---|---|
| १. | मा. भरत कुमार शाह (सभापति) | रुपन्देही-५ | नेपाली काँग्रेस |
| २. | मा. अमन लाल मोदी | मोरङ्ग-४ | ने.क.पा. (माओवादी केन्द्र) |
| ३. | मा. कृष्ण लाल महर्जन | ललितपुर-२ | ने.क.पा. (एकीकृत समाजवादी) |
| ४. | मा. गोकुल प्रसाद बाँस्कोटा | काभ्रेपलाञ्चोक-२ | ने.क.पा. (एमाले) |
| ५. | मा. गंगा बहादुर तामाङ | काभ्रेपलाञ्चोक-१ | ने.क.पा. (माओवादी केन्द्र) |
| ६. | मा. चन्दा चौधरी | सर्लाही | लो.स.पा., नेपाल |
| ७. | मा. चक्रपाणी खनाल | कपिलवस्तु-१ | ने.क.पा. (माओवादी केन्द्र) |
| ८. | मा. तेजु लाल चौधरी | सप्तरी-४ | नेपाली काँग्रेस |
| ९. | मा. धनबहादुर बुढा | डोल्पा-१ | ने.क.पा. (एकीकृत समाजवादी) |
| १०. | मा. धर्माशीला चापागाई | झापा | ने.क.पा. (माओवादी केन्द्र) |
| ११. | मा. पार्बती डि.सी. (चौधरी) | दाङ | नेपाली काँग्रेस |
| १२. | मा. प्रदिप यादव | पर्सा-१ | जनता समाजवादी पार्टी, नेपाल |
| १३. | मा. पार्वती कुमारी विशुन्के | दैलेख | ने.क.पा. (एकीकृत समाजवादी) |
| १४. | मा. मिना सुब्वा | सुनसरी | नेपाली काँग्रेस |
| १५. | मा. मैना कुमारी भण्डारी | गुल्मी | ने.क.पा. (एमाले) |
| १६. | मा. मोहन आचार्य | रसुवा-१ | नेपाली काँग्रेस |
| १७. | मा. मोहम्मद इस्तियाक राई | बाँके-२ | जनता समाजवादी पार्टी, नेपाल |
| १८. | मा. यज्ञ बहादुर बोगटी | अछाम-२ | ने.क.पा. (एमाले) |
| १९. | मा. रघुविर महासेठ | धनुषा-४ | ने.क.पा. (एमाले) |
| २०. | मा. राजेन्द्र कुमार के.सी. | काठमाडौं-१० | नेपाली काँग्रेस |
| २१. | मा. राजेन्द्र प्रसाद गौतम | संखुवासभा-१ | ने.क.पा. (एमाले) |
| २२. | मा. विशाल भट्टराई | खोटाङ्ग-१ | ने.क.पा. (एमाले) |
| २३. | मा. शरत सिंह भण्डारी | महोत्तरी-२ | लो.स.पा., नेपाल |
| २४. | मा. सूर्य प्रसाद पाठक | बाग्लुङ्ग-१ | ने.क.पा. (एमाले) |

(समितिमा माननीयहरुको हेरफेर भएको मितिः २०७५/०४/२१, २०७५/०६/०१, २०७६/१०/१७, २०७६/१०/२१, २०७७/१२/३०)

## समिति सचिवालय

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १८९ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था रहेको छ। संघीय संसद सचिवालय अन्तर्गत समितिको सचिवालय रहने छ । महासचिवले आफू मातहतको वरिष्ठ अधिकृतलाई समितिको सचिव भई काम गर्न तोक्न सक्ने व्यवस्था छ । समिति सचिवले पदेन सचिवको रुपमा रही काम गर्नेछ । समितिको सचिवले समितिका कार्य सम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग्न सक्नेछन्। यस समिति सचिवालयमा कार्यरत कर्मचारीहरु देहाय बमोजिम रहेका छन् :-

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | डा. रोजनाथ पाण्डे | समिति सचिव |
| २. | श्री प्रदिपकुमार नेपाल | उपसचिव |
| ३. | श्री साबित्रा शर्मा | उपसचिव |
| ४. | श्री अञ्जना राई | शाखा अधिकृत |
| ५. | श्री रविन अधिकारी | नायब सुब्बा |
| ६. | श्री रामप्रसाद सापकोटा | नायब सुब्बा |
| ७. | श्री एनी लावती | कार्यालय सहयोगी (करार) |
| ८. | श्री श्यामकुमारी घर्ती | कार्यालय सहयोगी (करार) |
| मुद्रण तथा प्रकाशन शाखा तर्फका कर्मचारीहरू | | |
| १. | श्री बाबुराजा महर्जन | मुद्रण अधिकृत |
| २. | श्री रोबन प्रजापति | मुद्रण अधिकृत |
| ३. | श्री गम्भिरमान सिंह | सिनियर प्रेस टेक्निसियन |
| ४. | श्री राजेन्द्रप्रसाद लामिछाने | सिनियर प्रेस टेक्निसियन |
| ५. | श्री प्रेमबहादुर चन्द | सिनियर प्रेस टेक्निसियन |
| ६. | श्री कृष्णकला पौडेल | प्रेस टेक्निसियन |
| ७. | श्री बिनोद न्यौपाने | प्रेस टेक्निसियन |
| ८. | श्री बिमला बुढा | प्रेस टेक्निसियन |
| ९. | श्री मदन गिरी | कार्यालय सहयोगी |

# खण्ड-२

## समितिका निर्णय तथा निर्देशनहरू

## (मिति २०७७ चैत्र २२ गतेदेखि २०७८ माघ २९ गतेसम्म)

### समितिको मिति २०७७/१२/२२ गतेको निर्णयहरु:

### बैठक संख्या-५३

१. नेपाल विद्युत प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंक लाइनबाट उपलब्ध गराइएको विद्युतको बक्यौता सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिले समितिमा पेश गरेको अध्ययन प्रतिवेदन, २०७६ माथि छलफल गरी उक्त प्रतिवेदनले सुझाएका सुझावहरुका आधारमा निम्न निर्देशनहरु दिने निर्णय गरियोः

क. नेपाल विद्युत प्राधिकरणबाट डेडिकेटेड लाइनको हकमा प्राधिकरण सञ्चालक समितिले २०७२/३/१२ को निर्णयले २०७२ श्रावण देखिको खपतमा नयाँ महशुल दर कायम गरेको र सोको अनुमोदन विद्युत महशुल निर्धारण आयोगले गरेको तथा ट्रंक लाइनबाट विद्युत आपूर्ति लिइरहेका ग्राहकको हकमा पनि २०७३/३/१६ मा विद्युत महशुल निर्धारण आयोगले डेडिकेटेड लाइनसरह नै शुल्क लिने गरी निर्णय गरेकोले सोही बमोजिम विद्युत नियमावलीमा उल्लेख भएका बिल बिजक, छुट बील जारी गर्ने, बक्यौता रकम असुल गर्ने लगायतका कार्य गरी गराई एक महिनाभित्र समितिलाई जानकारी गराउन प्राधिकरण संचालक समितिलाई निर्देशन दिने,

ख. विद्युत प्राधिकरणको डेडिकेटेड/ट्रंक लाइनबाट विद्युत लिई समयमै महशुल नतिर्ने उपभोक्ता तथा ग्राहकलाई विद्युत वितरण नियमावली, २०६९ र विद्युत महशुल संकलन विनियमावली, २०७३ अनुरुप हालसम्म कुनै कारबाही गरेको नदेखिएको हुँदा आवश्यक कारबाही गर्न गराउन नेपाल सरकारलाई निर्देशन दिने,

ग. छुट विल जारी भएपछि ३५ दिनभित्र सम्बन्धित ग्राहकले उक्त महशुल बुझाउनु पर्ने वा चित्त नबुझेमा पुनरावलोकन गर्न सकिने र मिटर रिडिङ्ग भएको ६० दिनभित्र ग्राहकले विद्युत महशुल नबुझाएमा उक्त ग्राहकको लाइन काटी वक्यौता असुल उपर गर्नुपर्ने व्यवस्था विद्युत महशुल संकलन विनियमावली, २०७३ मा भएको हुँदाहुँदै पनि प्राधिकरण व्यवस्थापनले उक्त प्रावधान कार्यान्वयन गरेको नदेखिएकोले सो को कार्यान्वयन एक महिनाभित्र गर्न गराउन, क्षतिपूर्ति नतिरी विद्युत लाइन नजोड्न संचालक समिति तथा व्यवस्थापनलाई निर्देशन दिने,

घ. मिति २०७३/३/१६ मा विद्युत महशुल निर्धारण आयोगले दिएको लोडसेडिङ्ग ६ घण्टा वा सो भन्दा बढी कायम रहेको अवस्थामा २० घण्टा वा सोभन्दा बढी समय छुट्टै ट्रंक लाइनबाट निरन्तर विद्युत आपूर्ति लिने ग्राहकले डेडिकेटेड ग्राहकको सरह महशुल दर कायम गर्ने निर्णय कार्यान्वयन नगरी राजश्व सम्बन्धी गम्भीर लापरवाही गरेको देखिएकोले सोसँग सम्बन्धित पदाधिकारीलाई आवश्यक छानविन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,

ङ. विद्युत महशुल संकलन कार्यलाई व्यवस्थित गराउन गर्नुपर्ने कार्यहरूमा नियमित रूपमा हुनुपर्ने विलिंङ्ग गर्ने, महशुल संकलन विनियमावली २०७३ मा भएको व्यवस्था बमोजिम डाटा डाउनलोड

गरी सुरक्षित राख्ने, छुट बिल जारी गर्दा प्रक्रिया पुऱ्याउने, डाटा डाउनलोड गरी हार्ड कपि सुरक्षित राख्ने र ग्राहकको परिसरमा जडान गरिएको TOD मिटरको डाटा सुरक्षित राख्ने, बक्यौता उठाउन विनियमावली बमोजिमका प्रावधान अवलम्बन गर्ने जस्ता व्यवस्थापकीय कार्यलाई तत्काल व्यवस्थित गर्न नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने ।

च. नेपाल विद्युत प्राधिकरणको सांगठनिक संरचना र कानुनी प्रावधान अनुसार महशुल निर्धारण गर्ने, विश्लेषण गर्ने, बील बिजक जारी गर्ने, महशुल उठाउने जस्ता कार्यहरू समयमै नहुँदा महशुल बुझाउनु पर्ने ग्राहकलाई बहाना बनाउने र समयमै महशुल नतिर्ने स्थिति पैदा गरेकोमा मिलेमतो छैन भन्ने आधार नदेखिएकोले यसका लागि थप छानविन गर्न प्राधिकरण सञ्चालक समितिलाई निर्देशन दिने,

छ. लोडसेडिङ्ग अन्त्य भएको लामो समय व्यतित भै सकेको अवस्थामा विद्युत महशुल दरमा पुनरावलोकन गर्नुपर्ने स्थिति आएको कुरालाई मध्यनजर गर्दा नेपाल विद्युत प्राधिकरणबाट प्रस्तावित विद्युत महसुल दरको पुनरावलोकन सम्बन्धी प्रस्ताव उपर आवश्यक प्रक्रिया पूरा गरी अबिलम्व निष्कर्षमा पुगी कार्यान्वयनमा ल्याउन र समितिलाई जानकारी दिन विद्युत नियमन आयोगलाई निर्देशन दिने,

ज. डेडिकेटेड र ट्रंक लाइनको बक्यौता असुली सम्बन्धमा विद्युत प्राधिकरणलाई आर्थिक क्षति हुने र आर्थिक दायित्व बढ्ने गरी कुनै निर्देशन नगर्न नगराउन नेपाल सरकारलाई निर्देशन दिने ।

२. सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०७७ समितिको बैठकमा पेश गरी समितिबाट अनुमोदन गरियो ।

३. महालेखापरीक्षकको पचपन्नौं र छपन्नौं वार्षिक प्रतिवेदनमा औंल्याइएको कालीगण्डकी कोरिडोर आयोजना लगायतको बेरुजुको सम्बन्धमा विस्तृत अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न मा. पुष्पा कुमारी कर्ण कायस्तको संयोजकत्वमा ८ (आठ) सदस्यीय उपसमिति गठन गरियोः

| | |
|---|---|
| मा. पुष्पा कुमारी कर्ण कायस्त | - संयोजक |
| मा. चन्दा चौधरी | - सदस्य |
| मा. पार्वता डि.सी. (चौधरी) | - सदस्य |
| मा. प्रदिप यादव | - सदस्य |
| मा. पार्वती कुमारी विशुन्के | - सदस्य |
| मा. मिना सुब्बा | - सदस्य |
| मा. मैनाकुमारी भण्डारी | - सदस्य |
| मा. बिनादेवी बुढाथोकी | - सदस्य |

**कार्यक्षेत्र र शर्तहरुः**

(क) गण्डकी प्रदेश सभाको सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुसँग बेरुजु फछ्र्यौट सम्बन्धमा अन्तर्क्रिया गर्ने

(ख) महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ जिल्लामा सञ्चालित विभिन्न आयोजना/परियोजनाहरुमा औंल्याइएका बेरुजुका सम्बन्धमा सम्बन्धित पदाधिकारी तथा सरोकारवालाहरुसंग छलफल, अर्न्तक्रिया र स्थलगत अवलोकन गर्ने,

(ग) कालीगण्डकी कोरिडोरको निर्माण समयमै सम्पन्न नभई लागत र समय बढी लागेको, बेरुजु बढ्दै गएको सम्बन्धमा सम्बन्धित सरोकारवाला पदाधिकारीसंग अर्न्तक्रिया, छलफल र स्थलगत अवलोकन भ्रमण गर्ने,

(घ) सार्वजनिक लेखा समितिको आन्तरिक कार्यविधि अनुसार कामकारवाही गर्ने,

(ङ) उपसमितिले कार्य प्रारम्भ गरेको मितिले एक महिना (३० दिन) भित्र समितिमा प्रतिवेदन पेश गर्ने ।

## समितिको मिति २०७८/०६/२४ गतेको निर्णयहरु:

## बैठक संख्या-५४

१. महालेखापरीक्षकको सन्ताउन्नौं वार्षिक प्रतिवेदन, २०७७ (आ.व.२०७५/२०७६) मा महालेखापरीक्षकको कार्यालयले औंल्याएका विभिन्न निकायहरुका बेरुजुको सम्बन्धमा समितिले मन्त्रालयहरु, सवैधानिक आयोगहरु, सचिवालयहरुको बेरुजुको वर्तमान अवस्था र भावी रणनीतिका सम्बन्धमा सबै निकायका लेखा उत्तरदायी अधिकृतहरुसँग छलफलको आयोजना गरियो । उक्त अवसरमा माननीय महालेखापरीक्षकबाट बेरुजु आउनाका कारण र न्यूनीकरणका उपायका सम्बन्धमा संक्षिप्त प्रस्तुतीकरण गरियो ।

२. उखु किसानले पाउनु पर्ने बक्यौता भुक्तानीको सम्बन्धमा अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग छलफल गरियो।

३. मुलुकको वर्तमान आर्थिक अवस्थाका सम्बन्धमा देखापरेका समस्याका बारेमा छलफल गरियो ।

४. मल्टी डोनर ट्रष्ट फण्डको सहयोगमा सञ्चालित सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रमबाट प्राप्त ल्यापटपहरु समितिका माननीय सदस्यहरु तथा समिति सचिवालयका कर्मचारीहरुलाई वितरण गर्ने सम्बन्धमा छलफल गरियो ।

५. बेरुजु छलफल उपसमितिहरुको पुनर्गठन सम्बन्धमा छलफल गरियो ।

## समितिको मिति २०७८/०९/२० गतेको निर्णयहरु:

## बैठक संख्या-५५

१. उखु किसानले पाउनु पर्ने बक्यौता भुक्तानीको सम्बन्धमा अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवहरुसँग छलफल गरियो।

२. मुलुकको वर्तमान आर्थिक अवस्थाका सम्बन्धमा देखापरेका समस्याका बारेमा छलफल गरियो ।

३. मल्टी डोनर ट्रष्ट फण्डको सहयोगमा सञ्चालित सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रमबाट प्राप्त ल्यापटपहरु समितिका माननीय सदस्यहरु तथा समिति सचिवालयका कर्मचारीहरुलाई वितरण गर्ने सम्बन्धमा छलफल गरियो ।

४. बेरुजु छलफल उपसमितिहरुको पुनर्गठन सम्बन्धमा छलफल गरियो ।

## समितिको मिति २०७८/०९/२५ गतेको निर्णयहरु:

## बैठक संख्या- ५६

१. उखु किसानले पाउनु पर्ने बक्यौता भुक्तानी तथा उखु लगायत अन्य फसलको समर्थन मूल्यका सम्बन्धमा अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग छलफल गरी निम्न अनुसार निर्देशन दिने निर्णय गरियो:

क. उखु किसानले पाउनु पर्ने बक्यौता भुक्तानी एक महिनाभित्र गरी समितिलाई जानकारी गराउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि तथा पशुपन्छी मन्त्रालयलाई निर्देशन दिने ।

ख. उखु लगायत अन्य कृषि फसलको समयमा नै समर्थन मूल्य तोक्न, रकम भुक्तानी समय तालिका निर्धारण गर्न, उखु किसानको समस्याको दीर्घकालीन समाधानका लागि तपशीलका व्यवस्थाहरु समेटी छुट्टै ऐन बनाएर कार्यान्वयनमा ल्याउन नेपाल सरकारलाई निर्देशन दिने :-

तपशील

भुक्तानी समयावधि १५ दिनभन्दा बढी नहुने व्यवस्था गर्ने, १५ दिन पछि १५ प्रतिशत थप ब्याज लाग्ने व्यवस्था गर्ने, उखु भण्डारणको लागि टहरा (Shed) को व्यवस्था गर्ने, चिनी मिललाई बैंकबाट प्राप्त हुने कर्जाको रकम सिधै किसानको खातामा जम्मा हुने व्यवस्था मिलाउने, विवाद समाधानका लागि ३ सदस्यीय मध्यस्थ आयोग गठन गर्ने व्यवस्था मिलाउने र बन्द रहेका चिनी मिलहरुलाई सुविधा उपलब्ध गराई सञ्चालनमा ल्याउने व्यवस्था मिलाउने ।

ग. सरकारले उखु किसानहरुलाई उपलब्ध गराउने २०७५/०२/१५ को अनुदान रकममा पुनरावलोकन गरी प्रोत्साहन कार्यक्रमहरु तथा उखु फसलको वृद्धिमा सहयोग पुर्याउन नेपाल सरकारलाई निर्देशन दिने ।

घ. समस्याग्रस्त चिनी उद्योगहरुको अनुगमन गरी चिनी उद्योगमा देखिएका समस्या समाधान गर्न र बन्द रहेका चिनी मिलहरु पुन: सञ्चालन गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

२. मुलुकको वर्तमान आर्थिक अवस्थाका सम्बन्धमा देखापरेका समस्या समाधान गर्न निम्न अनुसारका सुझावहरु दिने निर्णय गरियो:

क. विदेशबाट अत्यधिक मात्रामा आयात हुने सुन, चाँदी, पेट्रोलियम पदार्थ, सवारी साधनका पार्टपूर्जा, कच्चा खाने तेल, आदिको नियन्त्रण गरी विदेशी मुद्राको घट्दो सञ्चितीलाई व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंक तथा अर्थ मन्त्रालयलाई सुझाव दिने ।

ख. राष्ट्रिय गौरवका आयोजनाहरु, देशमा सञ्चालित अन्य विकासका पूर्वाधारका ठूला आयोजनाहरुको कार्यान्वयनमा तिव्रता दिई पूँजीगत खर्च वृद्धि गर्न कार्ययोजना बनाई कार्य गर्न नेपाल सरकारलाई सुझाव दिने ।

ग. बैंकहरुको तरलता कम गर्न लामो समयदेखि रहेका धरौटीका रकमहरु वाणिज्य बैंकहरुमा पठाउन र तरलता सुलभका लागि अन्य उपायहरु अपनाउन सुझाव दिने ।

घ. उद्योगहरुको क्षमताको आधारमा ती उद्योगहरुलाई सुपारी आयात गर्न दिने र अन्यको हकमा बजार खपतको अनुगमन तथा मूल्यांकन गरी नेपालको आवश्यकतानुसार मात्र सुपारी आयात गर्न सुझाव दिने । यसै गरी मरिच, मटर आदि आयातमा नियन्त्रण गर्न सुझाव दिने ।

ङ. वाणिज्य बैंकहरुको ब्याजलाई केही हदसम्म नियन्त्रणका लागि नेपाल राष्ट्र बैंक मार्फत आवश्यक उपायहरु अपनाउन तथा आवश्यक परे हस्तक्षेप समेत गरी सन्तुलन कायम राख्न सुझाव दिने ।

च. पेट्रोलियम पदार्थको अत्यधिक आयातलाई कम गर्न र विद्युत खपत बढाउन विद्युतीय चुलो, विद्युतीय सवारी साधन, कृषि, वन, सिंचाईमा प्रयोग हुने पम्प लगायतमा सहुलियतको व्यवस्था गर्न अर्थ मन्त्रालयलाई सुझाव दिने ।

छ. भारतमा भन्दा नेपालमा पेट्रोलियम पदार्थको मूल्य कम हुँदा भारततर्फ अवैद्य तरिकाले चोरी पैठारी हुने र भारतबाट नेपाल आउने मालबाहक र अन्य सबारी साधनहरुले ठूलो मात्रामा पेट्रोलियम पदार्थ उपयोग गरी लैजाने भएकाले त्यसलाई नियन्त्रण गर्न भारतको उत्तर प्रदेश, बिहार, पश्चिम बंगाल र उत्तराखण्ड राज्यको मूल्यलाई समेत आधार मानी समान मूल्य कायम गर्न सुझाव दिने ।

ज. वाणिज्य बैंकहरुको कर्जा लगानी स्प्रेड दर ३ प्रतिशतभन्दा कम हुने गरी व्यवस्था गर्न सुझाव दिने ।

झ. लघु वित्त संस्थाहरुको उत्थानका लागि कर्जामा ब्याजदर निर्धारण, क्रेडिट रेटिङ, ऋण पत्र, क्रमिक वचत तथा वाणिज्य बैंकहरुबाट प्रवाह हुने थोक कर्जाको प्रिमियम सम्बन्धमा निम्नानुसारका सुझाव दिने :-

१. बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो कर्जा लगानीको कम्तीमा ५ प्रतिशत विपन्न वर्गमा लगानी गर्नुपर्ने हालको प्रावधान रहेकोमा विपन्न वर्ग कर्जाको दायरामा विस्तार भई ती संस्थाहरु स्वयमले खुद्रा लगानी (Retail Lending) को रकम बढाएको अवस्था र सो रकमलाई समेत गणना गर्दा हाल विपन्न वर्ग कर्जाको कूल लगानी करिव ७ प्रतिशत भन्दा बढी भएकोले सो व्यवस्थामा संशोधन गरी बैंक तथा वित्तीय संस्थाहरुले विपन्न वर्ग अन्तर्गत प्रवाह गरेको थोक कर्जा (Wholesalew Loan) लाई ५ प्रतिशत भित्र समावेश गर्न आवश्यक नीतिगत व्यवस्था लागू गर्न उपयुक्त हुने ।

२. खुद्रा कर्जा कारोवार गर्ने लघुवित्त संस्थाहरुको २०७८ कार्तिक मसान्तसम्म लगानीमा रहिरहेको कर्जा (Loan Outstanding) रु.३६० अरब रहेको देखिन्छ भने त्यसको ३९ प्रतिशत मात्र वचत निक्षेपले पूर्ति गरिरहेको देखिन्छ । यस्तो अंश २०७७ आषाढमा ४८ प्रतिशत रहेको र वचत निक्षेपको अंश घट्दै जानु तथा लघुवित्त संस्थाहरु वाणिज्य बैंकहरुको सापटीमा परनिर्भर हुँदै जानुमा यी संस्थाहरुले सदस्यहरुबाट मात्र वचत निक्षेप परिचालन गर्न पाउने र सदस्यहरु माझ लोकप्रिय क्रमिक वचत (Recurring Saving) पछिल्लो समयमा खोल्न नपाउने व्यवस्था कारक तत्वको रुपमा देखिन्छ । तत्कालको लागि लघुवित्तका सदस्य ग्राहकहरुको छोटो अवधिको (५ वर्ष) क्रमिक वचत खाता खोल्न दिएमा वचतको अंश केही बढ्न गई लघुवित्त संस्थाहरुको तरलता व्यवस्थापनमा केही सहजता हुने भएकोले सो व्यवस्था लागू गर्न उपयुक्त हुने ।

३. लघुवित्त वित्तीय संस्थाहरुमा २२,६०८ कर्मचारीहरु कार्यरत रहेको अवस्थामा निजहरुको मासिक रुपमा तलब भत्ता तथा अन्य सुविधा भुक्तानी अन्य बैंक तथा वित्तीय संस्थामा निजहरुको वचत खाता मार्फत मात्र भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ । कर्मचारीहरुको तलव भत्ता तथा सुविधा सम्वन्धित लघुवित्त वित्तीय संस्थामा नै कर्मचारी तलवी वचत खाता खोल्ने व्यवस्था भएमा तरलता व्यवस्थापनमा सहयोग पुग्ने भएकोले सो व्यवस्था लागू गर्न उपयुक्त हुने

४. हाल थोक कर्जा प्रदायक लघुवित्त संस्थाहरुले मात्र ऋणपत्र जारी गर्न पाउने व्यवस्था खुद्रा कर्जा कारोवार गर्ने लघुवित्त वित्तीय संस्थाहरुलाई पनि उपलब्ध गराइए स्रोतको विविधीकरण भई तरलता व्यवस्थापनमा केही हदसम्म सहयोग पुग्ने हुँदा सो व्यवस्था लागू गर्न उपयुक्त हुने ।

५. विपन्न वर्ग कर्जा अन्तर्गत वाणिज्य बैंकहरुबाट प्रवाहित हुने थोक कर्जामा निश्चित प्रिमियम दर नतोकिँदा खुद्रा कर्जामा जस्तै ५ प्रतिशतसम्म प्रिमियम लगाइरहेको अवस्था छ । प्राथमिकता प्राप्त क्षेत्रमा बढीमा २ प्रतिशत प्रिमियम दर भएको सन्दर्भमा विपन्न वर्ग अन्तर्गत प्रवाह हुने थोक कर्जाको दर अधिकतम एक प्रतिशतसम्म मात्र लिन पाउने व्यवस्था भएमा लघुवित्त संस्थाहरुले आफ्ना ग्राहकहरुलाई प्रदान गर्ने कर्जाको व्याजदरलाई वाञ्छित सीमाभित्र राख्न सकिने भएकोले सो व्यवस्था लागू गर्न उपयुक्त हुने ।

६. लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो ग्राहकहरुलाई लगाउँदै आएको व्याजदरलाई वैज्ञानिक बनाउन अन्य बैंक तथा वित्तीय संस्था जस्तै लघुवित्त वित्तीय संस्थाहरुले पनि आधार दरमा निश्चित प्रिमियम जोडी निर्धारण गर्न सक्ने व्यवस्था लागू गर्न उपयुक्त हुने ।

७. नेपाल राष्ट्र बैंकद्वारा क, ख, र ग वर्गका इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशिका, २०७८ मा रु.५० करोड वा सो भन्दा बढीको कर्जा उपभोग गर्ने ऋणीलाई कर्जा प्रवाह वा नविकरण गर्दा ऋणी संस्थाको क्रेडिट रेटिङ एजेन्सीबाट गरिएको रेटिङलाई कर्जा मूल्यांकनको आधारको रुपमा लिनुपर्ने व्यवस्था रहेको छ । लघुवित्त वित्तीय संस्था नेपाल राष्ट्र बैंकबाट नियमन हुने संस्था भएकोले घ वर्गका लघुवित्त संस्थाहरुले बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिंदा वा नवीकरण गर्दा क्रेडिट रेटिङ गर्नुपर्ने व्यवस्थामा छुट हुने व्यवस्था गर्न उपयुक्त भएकोले यस सम्वन्धी नीतिगत व्यवस्था उपयुक्त हुने ।

८. अन्य वित्तीय संस्थाहरुबाट तथा बीमा कम्पनीहरुबाट कर्जा पाउने सम्वन्धमा नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, बीमा कम्पनीहरुबाट समेत कर्जा पाउन सक्ने हाल भएको व्यवस्था उपयुक्त भएकोले यस सम्वन्धी नीतिगत व्यवस्था गर्ने ।

३. मल्टी डोनर ट्रष्ट फण्डको सहयोगमा सञ्चालित सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रमबाट प्राप्त ल्यापटपहरु समितिका माननीय सदस्यहरु तथा समिति सचिवालयका कर्मचारीहरुलाई वितरण गर्ने र त्यसमा व्यक्तिगत पासवर्ड तथा अन्य डकुमेण्टहरु हटाउन नसकिने हुँदा वैयक्तिक सूचनाको गोपनियता सम्बन्धी हकको सुरक्षाको लागि फिर्ता गर्नु नपर्ने निर्णय गरियो ।

४. बेरुजु छलफल उपसमितिहरुमा तपसिल अनुसार माननीय सदस्यहरु रहने गरी नौ (९) वटा उपसमितिहरु पुनर्गठन गर्ने:

| क्र.सं. | मन्त्रालय/निकाय/सचिवालय/कार्यालय | मा. सदस्यहरुको नाम | पद |
|---|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | **मा. धर्मशीला चापागाई** | **संयोजक** |
| | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | मा. मोहन आचार्य | सदस्य |
| | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | मा. मैना कुमारी भण्डारी | सदस्य |
| | राष्ट्रपतिको कार्यालय | | |
| २ | अर्थ मन्त्रालय | **मा. राजेन्द्र कुमार के.सी.** | **संयोजक** |
| | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | मा. प्रदिप यादव | सदस्य |
| | परराष्ट्र मन्त्रालय | मा. शरत सिंह भण्डारी | सदस्य |
| | संघीय संसद् सचिवलाय | | |
| ३ | कृषि तथ पशुपन्छी विकास मन्त्राय | **मा. चक्रपाणी खनाल** | **संयोजक** |
| | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | मा. विशाल भट्टराई | सदस्य |
| | लोक सेवा आयोग | | |
| | न्याय परिषद् | | |
| ४ | गृह मन्त्रालय | **मा. रघुवीर महासेठ** | **संयोजक** |
| | रक्षा मन्त्रालय | मा. तेजुलाल चौधरी | सदस्य |
| | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | मा. गोकुल प्रसाद बाँस्कोटा | सदस्य |
| ५ | सर्वोच्च अदालत | **मा. पार्वती कुमारी बिशुन्के** | **संयोजक** |
| | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | मा. धन बहादुर बुढा | सदस्य |
| | भूमिसुधार, सहकारी तथा गरिबी निवारण मन्त्रालय | मा. मोहम्मद इश्तियाक राई | सदस्य |
| | उपराष्ट्रपतिको कार्यालय | | |
| ६ | राष्ट्रिय योजना आयोग | **मा. पार्वता डि.सी. चौधरी** | **संयोजक** |
| | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | मा. अमनलाल मोदी | सदस्य |
| | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | मा. राजेन्द्र प्रसाद गौतम | सदस्य |
| | महालेखापरीक्षकको कार्यालय | | |
| ७ | निर्वाचन आयोग | **मा. कृष्णलाल महर्जन** | **संयोजक** |
| | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | मा. यज्ञ बहादुर बोगटी | सदस्य |
| | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | | |
| | महान्यायाधिवक्ताको कार्यालय | | |
| ८ | सहरी विकास मन्त्रालय | **मा. चन्दा चौधरी** | **संयोजक** |
| | राष्ट्रिय मानव अधिकार आयोग | मा. मिना सुब्बा | सदस्य |
| | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | | |
| ९ | खानेपानी मन्त्रालय | **मा. सूर्य प्रसाद पाठक** | **संयोजक** |
| | वन तथा वातावरण मन्त्रालय | मा. गंगा बहादुर तामाङ | सदस्य |
| | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | | |

## समितिको मिति २०७८/११/२० गतेको निर्णयहरु:

### बैठक संख्या-५७

१. सार्वजनिक लेखा समितिको एक्काइसौं वार्षिक प्रतिवेदन, २०७८ माथि छलफल गरी सुझावसहित प्रतिनिधि सभामा पेश गर्न स्वीकृत गरियो ।

२. **Kathmandu Tarai Madhesh Fast Track (Express Way) Road Project** को प्याकेज दुई **Contract ID: KTFT/ICB/Works/Tunnel/077/078-2** को ठेक्का प्रक्रियाका सम्बन्धमा समितिले २०७७/१२/१९ मा दिएको निर्देशनउपर पुनर्विचारका लागि अनुरोध भई आएकोमा उक्त निर्माण कार्यमा समितिको निर्णय कार्यान्वयन नभई खरिद प्रक्रिया अघि बढाएको र दायित्व सिर्जना भई सकेको हालको अवस्थामा भविष्यमा यस प्रकारको अवस्था आउन नदिने गरी खरिद प्रक्रिया सञ्चालन गर्न, तत्कालीन सम्बद्ध पदाधिकारीलाई सचेत गराउन र सार्वजनिक खरिद ऐन एवं नियमावलीको पालना गरी निर्माण कार्यलाई निरन्तरता दिई समयमै सम्पन्न गर्ने गराउने व्यवस्था मिलाउन नेपाल सरकार, रक्षा मन्त्रालय र नेपाली सेनालाई निर्देशन दिने ।

# खण्ड-३

## महालेखापरीक्षकको विभिन्न वार्षिक प्रतिवेदनहरुमा औंल्याइएका बेरुजुका सम्वन्धमा भएका काम कारवाहीहरुको विवरण

**उपसमिति गठन मितिः**

**२०७५/०९/१८**

**उपसमितिमा हेरफेर भएको मितिः**

**२०७६/११/३० र २०७८/०९/२५**

# बेरुजु छलफल उपसमितिमा रहनु हुने माननीय सदस्यहरुको नामावली

| क्र.सं. | मन्त्रालय/निकाय/सचिवालय/कार्यालय | मा. सदस्यहरुको नाम | पद |
|---|---|---|---|
| १ | **प्रधानमन्त्री तथा मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | **मा. धर्मशीला चापागाई** | **संयोजक** |
| | **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय** | मा. मोहन आचार्य | सदस्य |
| | **कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय** | मा. मैना कुमारी भण्डारी | सदस्य |
| | **राष्ट्रपतिको कार्यालय** | | |
| २ | **अर्थ मन्त्रालय** | **मा. राजेन्द्र कुमार के.सी.** | **संयोजक** |
| | **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय** | मा. प्रदिप यादव | सदस्य |
| | **परराष्ट्र मन्त्रालय** | मा. शरत सिंह भण्डारी | सदस्य |
| | **संघीय संसद् सचिवलाय** | | |
| ३ | **कृषि तथा पशुपन्छी विकास मन्त्राय** | **मा. चक्रपाणी खनाल** | **संयोजक** |
| | **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय** | मा. विशाल भट्टराई | सदस्य |
| | **लोक सेवा आयोग** | | |
| | **न्याय परिषद्** | | |
| ४ | **गृह मन्त्रालय** | **मा. रघुवीर महासेठ** | **संयोजक** |
| | **रक्षा मन्त्रालय** | मा. तेजुलाल चौधरी | सदस्य |
| | **अख्तियार दुरुपयोग अनुसन्धान आयोग** | मा. गोकुल प्रसाद बाँस्कोटा | सदस्य |
| ५ | **सर्वोच्च अदालत** | **मा. पार्वती कुमारी बिशुन्के** | **संयोजक** |
| | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय** | मा. धन बहादुर बुढा | सदस्य |

| क्र.सं. | मन्त्रालय/निकाय/सचिवालय/कार्यालय | मा. सदस्यहरुको नाम | पद |
|---|---|---|---|
| | भूमिसुधार, सहकारी तथा गरिबी निवारण मन्त्रालय | मा. मोहम्मद इश्तियाक राई | सदस्य |
| | उपराष्ट्रपतिको कार्यालय | | |
| ६ | राष्ट्रिय योजना आयोग | **मा. पार्वता डि.सी. चौधरी** | **संयोजक** |
| | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | मा. अमनलाल मोदी | सदस्य |
| | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | मा. राजेन्द्र प्रसाद गौतम | सदस्य |
| | महालेखापरीक्षकको कार्यालय | | |
| ७ | निर्वाचन आयोग | **मा. कृष्णलाल महर्जन** | **संयोजक** |
| | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | मा. यज्ञ बहादुर बोगटी | सदस्य |
| | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | | |
| | महान्यायाधिवक्ताको कार्यालय | | |
| ८ | सहरी विकास मन्त्रालय | **मा. चन्दा चौधरी** | **संयोजक** |
| | राष्ट्रिय मानव अधिकार आयोग | मा. मिना सुब्बा | सदस्य |
| | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | | |
| | राष्ट्रिय महिला आयोग | | |
| ९ | खानेपानी मन्त्रालय | **मा. सूर्य प्रसाद पाठक** | **संयोजक** |
| | वन तथा वातावरण मन्त्रालय | मा. गंगा बहादुर तामाङ | सदस्य |
| | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | | |
| | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | | |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# निर्वाचन आयोग

## महालेखापरीक्षकको ५७औं वार्षिक प्रतिवेदन, २०७७ उपर मिति २०७७/०५/२२ गते भएका छलफलका निर्णयहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १ | **सरकारी कार्यालय** - रु. ५३ करोड ३१ लाखको लेखापरीक्षण सम्पन्न भएको। | केही गर्न नपर्ने । |
| २ | **खर्च विश्लेषण** - आयोगको प्रशासनिक र पुँजीगत खर्च शुरु बजेटको तुलनामा ६९.६५ प्रतिशत र खुद बजेटको तुलनामा ८४.९० प्रतिशत रहेको। | विनियोजित बजेट बमोजिम चालु र पुँजीगत खर्च गरी कार्यक्रम संचालन गर्न निर्देशन दिने । |
| ३ | **मेसिन प्रयोग** - आयोगले २०७४ मंसीरमा रु. २१ करोड ८३ लाख ४० हजारमा खरीद गरेको दुई थान डिजिटल कलर प्रिन्टर प्रयोगमा नल्याउदा उच्च मुल्यको मेसिन खरिद गरी प्रयोग विहिन बनाउनु उचित नदेखिएको। | आयोगमा रहेका छपाई मेसिन सञ्चालन गर्न आवश्यक जनशक्ती व्यवस्थापन गर्न वा सम्वन्धित निकायसँग समन्वय गरी मेसिनको हस्तान्तरण गर्न तथा सोको जानकारी समितिलाई उपलब्ध गराउन निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
# महान्यायाधिवक्ताको कार्यालय
## महालेखापरीक्षकको ५७औं वार्षिक प्रतिवेदन, २०७७ उपर मिति २०७८/०६/०७ गते भएका छलफलका निर्णयहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १ | **सरकारी कार्यालय** - कार्यालयको रु.१ अर्व १० करोड २१ लाखको लेखापरीक्षण सम्पन गरेको । | केही गर्नु नपर्ने । |
| २ | **रणनीतिक योजना** - २०७३।७४ देखी दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा रहेको उक्त योजना कार्यान्वयनको लागि यो बर्षको रु.९२ करोड ९० लाख २४ हजार बजेट अनुमान गरेकोमा कार्यक्रम र पुँजीगतसमेत रु.३५ करोड ८८ लाख ८० हजार अर्थात अनमुानको ३८.६३ प्रतिशतमात्र खर्च भएकोले बजेट खर्चको आधारमा रणनीतिक योजनाको कार्यान्वयन अवस्था कमजोर रहेको। | बजेट खर्चको आधारमा रणनीतिक योजना कार्यान्वयनको अवस्था कमजोर देखिएकोले कार्यक्रम कार्यान्वयनमा थप तिव्रता दिन र तीन महिनाभित्र कार्ययोजना समितिमा पेश गर्न निर्देशन दिने। |
| ३ | **प्रोत्साहन भत्ता** - कर्मचारीलाई प्रोत्साहन भत्ता भुक्तानी गर्दा कार्यालयममा कार्यरत कर्मचारीका लागि अतिरिक्त समयमा काम गरेबापतको भत्ता उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७५ अनुसार भुक्तानी नगरेको । | अब आइन्दा अनिवार्य रुपमा निर्देशिका बमोजिम ई-हाजिरी तथा लग बुक मार्फत विवरण अभिलेखांकन गरी व्यवस्थित गर्न निर्देशन दिने र बेरुजु लगत हटाउने। |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
# परराष्ट्र मन्त्रालय

## महालेखापरीक्षकको ५७औं वार्षिक प्रतिवेदन, २०७७ उपर मिति २०७७/०८/०५ मा भएको छलफलका निर्णयहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १ | **सरकारी कार्यालय -** नेपाली राजदूताबास नयाँ दिल्ली र बी.पी. कोइराला नेपाल भारत फाउँण्डेशन नयाँ दिल्लीको लेखापरीक्षण बक्यौता बाँकी रहेको। | बेरुजुमा उल्लिखित शहरी विकास मन्त्रालयबाट खर्च भएको रकम र नेपाली राजदूतावास नयाँ दिल्लीको लेखापरीक्षण गर्न बाँकी रहेको रकम लेखापरीक्षण गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| २ | **संगठित संस्था र अन्य संस्था -** बि.पी. कोइराला नेपाल भारत फाउण्डेशन नयाँ दिल्लीको रु. २३ करोड ४९ लाख ५७ हजारको लेखापरीक्षण बाँकी रहेको । | लेखापरीक्षण हुन बाँकी रहेको उल्लिखित रकमको लेखापरीक्षण गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| ३ | **वित्तीय प्रतिवेदन -** | *** |
| ३.१ | नियोगहरुमा निकासाबाट बाँकी रहेको रकम समेत खर्च जनाएकोले रु. १५ करोड ६४ लाख बढी खर्च देखिएको । | सुझाव अनुसार गर्न निर्देशन दिने। |
| ३.२ | विनियमय दरको कारणले फरक परेको रकमको व्यहोरा समेत उल्लेख गरी एकिकृत वित्तिय प्रतिवेदन तयार गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने। |
| ३.३ | नियोगगत रुपमा राजस्व आम्दानी, दाखिला र नगद बाँकीको अभिलेख तयार नगरेकोले राजस्वको हिसाव भिडान हुन नसकेको । | राजस्वको अभिलेख व्यवस्थित गर्न, आर्थिक विवरण नेपाली मुद्रामा तयार गर्न र नियोगहरुबाट राजस्व खातामा हस्तान्तरण गर्न बाँकी रु. ६३ करोड |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | | ३० लाख आर्थिक विवरणमा समावेश गर्न निर्देशन दिने । |
| **३.४** | घरेलु कामदारको सुरक्षण रकम सम्बन्धमा - ओमान, बहराइन इजिप्ट र अवुधावीमा घरेलु कामदारको सुरक्षण रकम आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराउनु पर्दछ । | सुझाव अनुसार आर्थिक विवरणमा समावेश गरी अभिलेख अद्यावधिक गर्न निर्देशन दिने । |
| **३.५** | घरभाडा सुरक्षण रकम सम्बन्धमा - डिपोजिट राखेको घरभाडा विवरण जिम्मेवारी देखिने गरी अद्यावधिक अभिलेख राख्नु पर्ने । | सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने । |
| ४ | **नीति तथा कार्यक्रम** - उच्चस्तरीय परराष्ट्र नीति सुझाव प्रभावकारी रुपमा कार्यान्वयनमा ध्यान दिनु पर्दछ । | सुझाव बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने । |
| **५** | **सेवा प्रवाह** - मन्त्रालय तथा मातहातका निकायले विगत ९ वर्षमा ५९ लाख ६३ हजार मेसिन रिडेवल पासपोर्ट जारी गरेको, हालसम्म १६६ देशसँग कूटनीतिक सम्बन्ध विस्तार गरेको, अन्तर्राष्ट्रिय सीमा स्तम्भको निर्माण/पुनः स्थापना तथा नियमन गरेको । | सेवा प्रवाहमा विद्युतीय प्रणालीलाई थप सहज र प्रभावकारी बनाउन निर्देशन दिने । |
| ६ | **सेवा सुबिधा -** | *** |
| **६.१** | कर्मचारी आवासको लागि लिइएको घरमा उपलब्ध गराइएको सुविधा र भाडा रकम सम्बन्धी मापदण्डमा विविधता देखिएको । | स्पष्ट मापदण्ड सहितको नीति बनाई कार्यान्वयन गर्न सार्वजनिक लेखा समितिले २०६९/०१/०५ मा निर्देशन दिएकोमा सो निर्देशन तत्काल कार्यान्वयन गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| **६.२** | नियोग प्रमुख, कर्मचारी लगायत आश्रित परिवार र कामदारको औषधी उपचार खर्च र बीमाका अतिरिक्त रु २१ करोड ३१ लाख ८८ हजार खर्च लेखेको। | पदाधिकारी, कर्मचारी तथा तिनका परिवारको औषधोपचार खर्चमा निश्चित प्रतिशत योगदान हुने गरी व्यवस्था गर्न निर्देशन दिने । |
| **६.३** | एकै मुलुक र स्थानमा रहेका नियोगहरुको बीमा खर्चमा उल्लेखनिय | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | भिन्नता देखिन आएकोले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न नियोगको आवश्यकतानुसारको बीमा पोलिसी, जोखिम बहन, प्याकेज तथा मूल्य समेतमा एकरुपता कायम हुने गरी प्रतिस्पर्धाको माध्यमबाट बीमा सेवा खरिद गर्नुपर्ने। | |
| ६.४ | विदेश स्थित नेपाली नियोगहरुमा खटिई गएका कर्मचारीको पति वा पत्नी सार्वजनिक सेवा वहाल रहेका कर्मचारीको पति वा पत्नीको अध्यावधिक अभिलेख राखी एकै समयमा दोहोरो सुविधा भुक्तानी हुने अवस्थामा नियन्त्रण गरी प्रचलित कानूनको पालना हुने अवस्थाको सुनिश्चित गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ७ | **भ्रमण खर्च -** कुटनितिक कर्मचारीले आफ्नो तोकिएको कार्यक्षेत्रमा भ्रमण गर्दा दैनिक भ्रमण भत्ता प्राप्त गरेको अवधिमा वैदेशिक भत्ता दोहोरो नपर्ने व्यवस्था गर्नु पर्दछ । | दोहोरो भुक्तानी भए नभएको छानविन गरी दोहोरो परेको भए असुल गर्न र अब आइन्दा सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ८ | **सम्पत्ति खरिद तथा व्यवस्थापन -** | *** |
| ८.१ | घर निर्माण गर्ने प्रयोजनका लागि विगतमा क्वालालम्पुर, कोलम्बो र इस्लामाबादमा खरिद गरिएका जग्गा प्रयोग विहिन रहेका, वर्षेनी नियोगहरुको घर भाडा रकम वृद्धि हुँदै गएको, स्रोतको सदुपयोग नभएको र घर जग्गाको मूल्य बढ्दै जाने हुँदा भवन निर्माण गर्ने तर्फ ध्यान दिनु पर्ने । | खरिद गरिएका जग्गाहरुमा यथाशक्य छिटो भवन निर्माण गरी नियोगहरुको घरभाडा खर्चमा कटौती गर्दै जान निर्देशन दिने । |
| ८.२ | सम्पत्ति खरिद तथा ब्यबस्थापन सम्बन्धमाः जर्मनमा रहेको जग्गा एवं भवन प्रयोग विहिन अवस्थामा रहेकोमा प्रक्रिया पूरा गरी विक्री गर्नुपर्दछ। | तोकिएको प्रक्रिया पूरा गरी प्रयोग विहिन रहेको घर जग्गा तत्काल बिक्री गर्न गराउन निर्देशन दिने । |
| ८.३ | सम्पत्ति खरिद तथा ब्यबस्थापन सम्बन्धमाः खरिद गरेको जग्गामा समयमा भवन निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । | सम्पत्ति खरिद तथा ब्यबस्थापन सम्बन्धमा कार्ययोजना बनाई तत्काल भवन निर्माण कार्य प्रारम्भ गर्न र तोकिएको अवधिमा सम्पन्न गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ८.४ | सम्पत्ति खरिद तथा ब्यबस्थापन सम्बन्धमाः जिन्सी मालसामानको यथाशिघ्र आवश्यक कार्यविधि निर्माण गरी जिन्सी समानको समुचित व्यवस्थापन गर्नु पर्दछ। | आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउन र जिन्सी मालसामानको व्यवस्थापन गर्न निर्देशन दिने । |
| ९ | **ढुवानी सुविधामा लाग्ने कर** - ढुवानी सुविधामा लाग्ने कर कट्टी गरी असुल गर्नुपर्दछ । | तीन महिनाभित्र छानविन गरी असुलउपर गर्नुपर्ने भए सो समेत सम्पन्न गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| १० | **आर्थिक कूटनीति सम्बन्धमा** — नेपालको आर्थिक विकासमा निर्यात प्रवर्द्धन, वैदेशिक लगानी वृद्धि, अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन तथा विकास कूटनीतिक परिचालन गरी सबै निकायबीचको समन्वयमा एकीकृत कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी उपलब्धी हासिल गर्ने व्यवस्था मिलाउनु पर्ने । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |
| ११ | **हवाई टिकट खरिद सम्बन्धमा** - स्वीकृत हवाई रुटको भाडादर प्रयोग गर्ने र समयमै भ्रमण योजना बनाउने तथा स्वीकृत भाडादर अनुसार मात्र भुक्तानी हुने व्यवस्था मिलाउनु पर्ने । | अब आइन्दा स्वीकृत हवाई रुटको भाडादर प्रयोग गर्न र समयमै भ्रमण योजना बनाउन तथा स्वीकृत भाडादर अनुसार मात्र भुक्तानी हुने व्यवस्था मिलाउन निर्देशन दिने । |
| | **संगठित संस्था** | |
| | **परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान** | |
| १२ | **सुझाव/परामर्श** — प्रतिष्ठानको कामकारवाहीलाई प्रभावकारी बनाउदै परराष्ट्र नीति मामिला अध्ययन अनुसन्धानमा विज्ञ समूहको रुपमा विकास गर्न प्रतिष्ठानको संगठनात्मक संरचनामा सुधार गर्नुपर्ने । | सुझाव बमोजिम कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
# परराष्ट्र मन्त्रालय

## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७५ उपर मिति २०७७/०८/१४ र २०७८/०९/१३ गते भएको छलफलका निर्णयहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १ | **वित्तीय प्रतिवेदन —** | *** |
| १.१ | नियोगहरुमा निकासाबाट बाँकी रहेको रकमसमेत कोष तथा लेखा नियन्त्रक कार्यालयले खर्च जनाएकोले रु.४२ करोड ८३ लाख बढी खर्च देखाइएको । | कोष तथा लेखा नियन्त्रक कार्यालयसँगको समन्वयमा निकासा बाँकी रकम एकिन गरी आर्थिक विवरण तयार गर्न निर्देशन दिने। |
| १.२ | यो वर्ष ३९ नियोगको चालु र पुँजीगतमा निकासामध्ये खर्च नभई बाँकी रकममध्ये ८ नियोगको रु. १२ करोड ३१ लाख ६५ हजार फ्रिज कटाई राजस्व दाखिला नगरेको, नेपाली राजदूतावास ढाकाको २०७३।७४ को फ्रिज रकम रु.३ करोड ७३ लाख ५५ हजारसमेत हालसम्म राजस्व दाखिला नभएको । | हाल दाखिला भई सकेको जनाएकोले केही गर्नु नपर्ने । |
| १.३ | नियोगहरुले मास्केवारी र आर्थिक विवरण नेपाली मुद्रामा तयार नगरेको र मन्त्रालयले एकीकृत आर्थिक विवरण तयार गर्दा नियोगगत रुपमा राजस्व आम्दानी, दाखिला र नगद बाँकीको अभिलेख तयार नगरेको । | सुझाव अनुसार यथार्थ राजस्व हिसाव विवरण तयार गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १.४ | आर्थिक वर्ष समाप्त भएको ६ महिनासम्म पनि ३० नियोगले गत वर्ष उठाएको राजस्वमध्ये रु.३३ करोड ८७ लाख रकम राजस्व दाखिला नगरी नियोगस्थित स्थानीय बैङ्कमा मौज्दात रहेको । | राजस्व दाखिला भइसकेको जनाएकोले केही गर्न नपर्ने । |
| १.५ | विनिमय दरमा आएको परिवर्तन र विगतका मौज्दात आदि कारणले २३ नियोगको आर्थिक विवरणले देखाएको भन्दा रु.१ करोड ८५ लाख बढी बैङ्क मौज्दात देखिएको । | विनिमयदरमा हुने घटवढका कारण आर्थिक विवरण र बैंक मौज्दात फरक हुने अवस्थामा नियोगहरुले फरक रकमको लेखांकन गर्ने व्यवस्थाका लागि कम्प्युटरमा आधारित प्रणाली लागू गर्न निर्देशन दिने । |
| २ | **आन्तरिक लेखापरीक्षण –** यो वर्ष मन्त्रालय मातहतका ३९ नियोगहरुको विनियोजन, राजस्व, धरौटी र कार्यसञ्चालन कोषको आन्तरिक लेखापरीक्षण गराएको नदेखिएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३ | **सेवा सुविधासम्बन्धी व्यवस्था –** | *** |
| ३.१ | कर्मचारी आवासको लागि लिइएको घरमा उपलब्ध गराएको सुविधा र भाडा रकमसम्बन्धी मापदण्डमा विविधता देखिएकोले मन्त्रालयले स्पष्ट मापदण्ड सहितको नीति बनाई कार्यान्वयन गर्न सार्वजनिक लेखा समितिले २०६९।१।५ मा निर्देशन दिएकोमा हालसम्म कार्यान्वयन नगरेको । | कर्मचारी आवासको लागि उपलब्ध गराइएको घर भाडा सुविधा सम्वन्धी रकमको मापदण्डमा विविधता देखिएकोमा सार्वजनिक लेखा समितिको २०६९/०१/०५ को निर्णय अनुसार निर्देशन दिएकोमा तत्काल स्पष्ट मापदण्ड बनाई लागू गर्न पुनः निर्देशन दिने । |
| ३.२ | नेपाली राजदूतावास कोलम्बो, बेइजिङ्ग, ओमान, तेलअभिभ र नेपाली महावाणिज्यदूतावास हङकङ्ग र ग्वान्जाओले अर्थ मन्त्रालयको सहमतिबेगर घर भाडा वृद्धि गरी नियमावली विपरीत घर भाडा भुक्तानी गरेको । | घर भाडा वृद्धि गर्नु परेमा अब आइन्दा मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र गर्न निर्देशन दिने। |
| ३.३ | नियोगले सम्झौता अवधि पश्चात् घर छाडिसकेपछि सम्झौताबमोजिम सेक्युरिटी डिपोजिट फिर्ता लिनुपर्नेमा स्रेस्तासाथ संलग्न विवरणअनुसार नेपाली राजदूतावास मलेसिया, डेनमार्क, स्थायी नियोग न्युयोर्क र नेपाली महावाणिज्यदूतावास हङकङ्गले राखेको रु.८६ लाख ६८ हजार फिर्ता | सम्झौता अवधि सकिएपछि घर छाडी सक्दा पनि सेक्युरिटी डिपोजिट फिर्ता नलिएका नियोगहरुबाट उक्त रकम तीन महिनाभित्र फिर्ता गरी गराई समितिमा जानकारी गराउन निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | नगरेको। | |
| ३.४ | लामो समय राजदूत पद रिक्त रहँदा समेत ती राजदूतावासहरुले राजदूत निवासको लागि भाडामा घर लिई भाडा भुक्तानी गर्दै आएकोले नेपाल सरकारलाई थप व्ययभार पारेको । | लामो समय राजदूत पद रिक्त रहँदा अनावश्यक घर भाडाको व्ययभार कम गर्न मितव्ययी तरिकाले व्यवस्थापन गर्न निर्देशन दिने । |
| ३.५ | कर्मचारीको आवास व्यवस्थापनसम्बन्धी एउटै प्रयोजनमा दोहोरो खर्च भएको देखिएको । | कर्मचारीको आवास व्यवस्थापनको लागि सरुवा भई जाने कर्मचारीलाई दिइने सेटलमेण्ट भत्ता र नियोगहरुले कर्मचारी सरुवा भई आइसकेपछि आवासको लागि गरिने खर्च दोहोरो नपर्ने गरी स्पष्ट मापदण्ड बनाई लागू गर्न निर्देशन दिने । |
| ३.६ | परिवार साथमा रहेको पुष्ट्याइँ नभएको अवस्थामा पारिवारिक भत्ता नपाउने व्यवस्था कार्यान्वयन नगरेको । | परिवार साथमा रहेको पुष्ट्याइँ नभएको अवस्थामा पारिवारीक भत्ता उपलब्ध नगराउन निर्देशन दिने । |
| ३.७ | विदेशस्थित नियोगमा कार्यरत कर्मचारीका परिवारले सम्बन्धित देशमा रोजगारी गरेको यसबाट नियोगका कर्मचारीले कार्यालयको समयभित्र घरयासी काममा समय खर्चिनु पर्ने भएकोले सेवा प्रवाहमा असर परेको । | बिदेश स्थित नियोगमा कार्यरत कर्मचारीका परिवारले भत्ता प्राप्त गरेको अवस्थामा नियोगका कर्मचारीलाई काममा असर नपर्ने गरी रोजगारी संलग्न हुन पाउने नपाउने सम्वन्धमा स्पष्ट मापदण्ड बनाई लागू गर्न निर्देशन दिने। |
| ३.८ | राजपत्राङ्कित कर्मचारीले लगेका निजी कामदार व्यक्तिगत रुपमा अन्यत्रै रोजगारी गर्ने र लैजाने अधिकारीको निगरानी र नियन्त्रणमा नरहेको । | नियोग प्रमुख तथा राजपत्रांकित कर्मचारीले लैजाने निजी कामदार व्यक्तिगत रुपमा अन्यत्रै काम गर्ने र लैजाने अधिकारीको निगरानी र नियन्त्रणमा नरहेको देखिएकोमा निजले पाउने सेवा सुविधाको दुरुपयोग भएको देखिएको हुँदा सोको नियन्त्रणको लागि आवश्यक व्यवस्था गर्न निर्देशन दिने । |
| ३.९ | जुन देशमा कर्मचारी कार्यरत रहने हो त्यही देशको मात्र औषधि उपचार कभर गर्ने गरी बीमा गर्नुपर्नेमा विश्वव्यापी हुने गरी बीमा गर्नाले बीमा प्रिमियम दरमा परेको असर सम्बन्धमा मन्त्रालयले ध्यान नदिएको। | विशेष परिस्थितिमा वाहेक जुन देशमा कर्मचारी कार्यरत रहने हो सवही देशको औषधि उपचार कभर गर्ने गरी बीमा गर्ने व्यवस्था मिलाउन र यस सम्वन्धमा प्रभावकारी अनुगमन गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ३.१० | १९ विदेशस्थित नियोगले कुनै प्रतिस्पर्धा बेगर नियोगका कर्मचारी र निजका आश्रित परिवारको स्वास्थ्य बीमा गरी बीमा कम्पनीलाई रु.१३ करोड ४९ लाख भुक्तानी गरेको । | राष्ट्रिय बीमा संस्थानसँग समन्वय गरेर प्रतिस्पर्धा सुनिश्चित हुने गरी स्वास्थ्य बीमा गर्न गराउन निर्देशन दिने । |
| ४ | **भ्रमण खर्च —** वैदेशिक भत्तासमेत पाउने कूटनीतिक कर्मचारीहरुले कार्यरत र कार्यक्षेत्रअन्तर्गतका मुलुकको आन्तरिक भ्रमणमा काज खँटिदाको अवधिमा दैनिक भत्ता भुक्तानी गर्ने सम्वन्धमा आवश्यक नीतिगत व्यवस्था नभएको । | दोहोरो भुक्तानी भए नभएको छानविन गरी दोहोरो परेको भए असुल गर्न र अब आइन्दा सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५ | **सम्पत्ति खरिद तथा व्यवस्थापन —** | *** |
| ५.१ | वर्षेनी घरभाडा बापतको रकममा वृद्धि भएको, भवन निर्माणका लागि विनियोजित रकम तोकिएको आवश्यक कार्यमा प्रयोग नगर्दा स्रोतको सदुपयोग नभएको । | खरिद गरिएका जग्गाहरुमा यथाशक्य छिटो भवन निर्माण गरी नियोगहरुको घरभाडा खर्चमा कटौती गर्दै जान र भवन निर्माणका लागि विनियोजित रकम सोही प्रयोजनका लागि खर्च गर्न निर्देशन दिने । |
| ५.२ | प्रयोगविहिन घर-जग्गामा वर्षेनी खर्च गरेको । | तोकिएको प्रक्रिया पूरा गरी प्रयोग विहिन रहेको घर जग्गा तत्काल बिक्री गर्न गराउन निर्देशन दिने । |
| ५.३ | नेपाली राजदूतावास, क्यानबेराले जग्गा खरिदको १० महिना बितिसक्दा समेत भवनको ड्र्इङ डिजाइन तयार गर्ने कार्य नगरेको। | सम्पत्ति खरिद तथा ब्यबस्थापन सम्बन्धमा कार्ययोजना बनाई तत्काल भवन निर्माण कार्य प्रारम्भ गर्न र तोकिएको अवधिमा सम्पन्न गर्न निर्देशन दिने । |
| ५.४ | नेपाली राजदूतावास, वाशिङ्गटनलाइ खरिद गरेको भवन र सो परिसरमा रहेको जमिन राजदूत निवास, अन्य कर्मचारी निवास र कार्यालय सञ्चालनमा पूर्ण उपयोग गरी कर्मचारीको आवासमा अब उप्रान्त घर भाडाबापत हुने खर्च कटौती गर्नुपर्ने । | भवन खरिद सम्बन्धमा समितिमा अध्ययन भइरहेकोले प्रतिवेदन प्राप्त भइसकेपछि छलफल गरी आवश्यक निर्देशन उपलब्ध गराउने । |
| ६ | **कर —** मन्त्रालयले नियोगमा कार्यकाल समाप्त गरी फर्कने पदाधिकारी तथा कर्मचारीहरुलाई ढुवानी खर्चबापत शोधभर्नाको भुक्तानी गर्दा सो | नियोगमा कार्यकाल समाप्त गरी फर्कने पदाधिकारी तथा कर्मचारीहरुको ढुवानी खर्च वापत सोधभर्नाको भुक्तानी रकमलाई आयमा समावेश गरी सो |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | रकमलाई आयमा समावेश नगरेको, २९ कर्मचारी तथा पदाधिकारीलाई ढुवानी खर्चबापत भुक्तानी भएको रु.१ करोड १० लाख ५८ हजारलाई आयमा समावेश गरी सोबापत लाग्ने कर रु.२६ लाख ३३ हजार असुल गरी राजस्व दाखिला गर्नुपर्ने । | वापत लाग्ने करको असुली गरी राजस्व दाखिला गर्न निर्देशन दिने। |
| ७ | **आर्थिक कूटनीति कार्यक्रम कार्यान्वयन** – मन्त्रालयले आर्थिक कूटनीति कार्यक्रम निर्देशिकामा कूटनीतिलाई कसरी आर्थिक समृद्धितर्फ लैजाने भन्ने मापनयोग्य रणनीति तथा कार्यनीति उल्लेख नगरेको । | आर्थिक कूटनीतिसँग सम्वन्धित नेपाल सरकारका मन्त्रालय तथा अन्य सम्वद्ध निकायहरुबीच समन्वय गरी कार्यान्वयनमा ल्याइएको देशगत रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिने । |
| ८ | **टिकट खरिद** – मन्त्रालयले विशिष्ट पदाधिकारी एवं कर्मचारीको वैदेशिक भ्रमणका लागि आवश्यक जहाज टिकट खरिद गर्न बोलपत्र आह्वान गर्दा सबै गन्तव्यको पहिचान गरी जुनसुकै रुटबाट भ्रमण भए तापनि तोकिएको गन्तव्यका लागि सम्झौतामा उल्लिखित दरभन्दा बढी भुक्तानी नहुने व्यवस्था मिलाउन व्यवस्था कार्यान्वयन नगरेको। | अब आइन्दा स्वीकृत हवाई रुटको भाडादर प्रयोग गर्न र समयमै भ्रमण योजना बनाउन तथा स्वीकृत भाडादर अनुसार मात्र भुक्तानी हुने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ९ | **थप व्ययभार** – यात्रातालिका निश्चित नगर्दा थप व्ययभार पर्न गएको । | भ्रमणको कार्यक्रम निश्चित गरी अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति बेगर यात्राको रुट एबम् मिति परिवर्तन नगर्न नगराउन निर्देशन दिने । |
| १० | **अवैतनिक वाणिज्यदूत** – अवैतनिक वाणिज्यदूतहरुको कार्यकाल सकिसकेपछि पनि निजहरुको पुनः म्याद थप नगरी कार्य गरिरहेको साथै अवैतनिक वाणिज्यदूतहरुको कार्यसम्पादनको स्तर मूल्याङ्कन गरी नेपाल सरकारमा पठाउनुपर्नेमा अधिकांश देशका राजदूतले सोअनुसारको मूल्याङ्कन गरी नपठाएको । | अबैतनिक महाबाणिज्यदूतहरुको म्याद थप वा नियुक्ति समयमै गरी निजहरुको कार्यसम्पादनको स्तर मूल्याङ्कन गरी अनिवार्य रुपमा तीन महिनाभित्र नेपाल सरकारलाई बुझाउने व्यवस्था गर्न निर्देशन दिने । |
| ११ | **भिसा शुल्क** – अष्ट्रेलियाको राजदूतावासअन्तर्गतका ६ अवैतनिक वाणिज्यदूतले यो वर्ष तोकिएको शुल्कमा २० प्रतिशतभन्दा बढी रु.७७ | अब आइन्दा नियमले तोकेभन्दा बढी सेवा शुल्क सेवाग्राहीबाट नलिने ब्यवस्था मिलाउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | लाख भिसा शुल्क लिएको । | |
| १२ | **वैदेशिक भत्ता —** ८ नियोगका १२ पदाधिकारी तथा कर्मचारी मन्त्रालयको स्वीकृतिमा बिदा, काज, परामर्शको लागि ३० दिनभन्दा बढी अवधिको समेत वैदेशिक भत्ता भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.२० लाख ५२ हजार असुल गर्नुपर्ने । | तीस दिन भन्दा बढी अवधिको भुक्तानी गरिएको बैदेशिक भत्ता असुल गर्न निर्देशन दिने । |
| १३ | **क्षतिपूर्ति —** विदेशमा कार्यरत नेपालीको मृत्यु पश्चात् विदेशी सरकार तथा कामदार कम्पनीबाट मृतकका परिवारलाई प्राप्त क्षतिपूर्ति रकम सम्बन्धित मृतकका हकदारले प्राप्त गरे नगरेको मन्त्रालयले जानकारी लिने नगरेको। | अनुगमन गरी मृतकका हकदारले क्षतिपूर्ति रकम प्राप्त गरे नगरेको जानकारी समितिमा पेश गर्न निर्देशन दिने । |
| १४ | **स्टिकर हिसाब —**अवैतनिक वाणिज्यदूतहरुले लगेको भिसा स्टिकरको अभिलेख नियोगमा नराखेको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| १५ | **कार्यसम्पादन स्थिति —** प्रशासन सुधार अनुगमन समिति, २०७० को प्रतिवेदनले दिएको सुझाव कार्यान्वयन नगरेको । | प्रशासन सुधार अनुगमन समिति, २०७० को प्रतिवेदनले औंल्याएका सुझावहरु कार्यान्वयन गरी प्रगति विवरण पेश गर्न निर्देशन दिने । |
| १६ | **पासपोर्ट खरिद —** नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गरी नयाँ राहदानी छपाई कार्य आरम्भ नहुञ्जेल हालको आपूर्तिकर्तासँग वार्ता गर्न सहमति दिने २०७२।१।३१ मा निर्णय गरेकोमा हालसम्म पनि अर्को प्रक्रिया नअपनाई त्यसैलाई निरन्तरता दिएको । | प्रतिस्पर्धा सुनिश्चित हुने गरी पासपोर्ट खरिद कार्यलाई बोलपत्रमार्फत् प्रकृया अगाडि बढाउन निर्देशन दिने । |
| १७ | **ढुवानी —** बोलपत्रमार्फत गर्नुपर्ने कार्य सिधै भुक्तानी भएको । | ढुवानी कार्यका लागि प्रतिस्पर्धा सुनिश्चित हुने गरी बोलपत्रमार्फत् प्रकृया अगाडि बढाउन निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## महालेखापरीक्षकको ५७औं वार्षिक प्रतिवेदन, २०७७ उपर मिति २०७८/९/२२ र २३, २०७८/१०/२० र २७ गते भएका छलफलका निर्णयहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १ | **सरकारी कार्यालय -** | *** |
| २ | **संगठित संस्था -** | *** |
| ३ | **वार्षिक कार्यक्रम र प्रगति -** मुक्त कमैया तथा हलिया पुनर्स्थापन, गरिबसँग बिश्वेश्वर कार्यक्रम, गरिब घरपरिवार पहिचान तथा परिचय-पत्र वितरण जस्ता कार्यक्रममा वजेट निकासा दिएको आधारमा प्रगति जनाएकोले उल्लिखित भौतिक प्रगति यथार्थपरक देखिएन् । | स्वीकृत वार्षिक कार्यक्रमहरुको कार्यान्वयनको सन्दर्भमा विस्तृत विवरण सहित यथार्थ स्थितिको प्रगति प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ४ | **चौधौं योजना कार्यान्वयन -** श्रेस्ता लिखत बाइण्डिङ्ग तथा मोठ मर्मत कार्य बाँकी रहेको, जमिनको हदवन्दी पुनरावलोकन कार्य नभएको, द्वैध स्वामित्वको अन्त्य नभएको, मालपोत तथा नापी कार्यालयहरुको सञ्जालिकीकरण गरी एकीकृत केन्द्रीय भू-सूचना प्रणालीको विकास गर्ने लक्ष्य रहेकोमा उक्त कार्य पुरा हुन सकेको छैन् । | आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्य हासिल गर्ने गरी वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने, आवश्यक बजेट व्यवस्था गर्ने र प्रभावकारी अनुगमन तथा नियमन कार्य गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ५ | **बजेट बक्तव्यको कार्यान्वयन -** | *** |
| ५.१ | कृषियोग्य भूमिको खण्डिकरण र अतिक्रमण रोक्ने कार्य प्रभावकारी रुपमा नभएको । | कृषियोग्य भूमिको खण्डिकरण र अतिक्रमण रोक्ने गरी आवश्यक कानूनी एवं नीतिगत व्यवस्था गर्ने र भूमि खण्डिकरण सम्वन्धमा जनतालाई सुसूचित गर्ने र सहज सेवा प्रवाह गर्न गराउन निर्देशन दिने । |
| ५.२ | २६ जिल्लाका गरिब घरपरिवारलाई राज्य सुरक्षा परिचय-पत्र वितरण गर्ने कार्यक्रम रहेकोमा मन्त्रालयले स्थानीय तहबाट परिचय-पत्र वितरण गर्ने उल्लेख गरेको छ । ५१ जिल्लामा गरिब घरपरिवारको सर्वेक्षण गरी परिचय-पत्र वितरण गर्ने कार्यक्रमका लागि यस वर्ष १२ जिल्लाका स्थानीय तहलाई मात्र रु. १८ करोड ६ लाख ९० हजार वित्तीय हस्तान्तरण गरेकोमा सुपरीवेक्षक तालिम सम्पन्न भई विवरण सङ्कलन गर्ने कार्य भईरहेको छ । | गरिब घर परिवारको पहिचान गरी परिचय पत्र वितरण गर्ने कार्यलाई प्रदेश र स्थानीय तहसँग समन्वय गरी सम्पन्न गर्न निर्देशन दिने। |
| ५.३ | सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण जाँचबुझ आयोगको म्याद पुनः ६ महिना थप भएको । | जाँचबुझ आयोगबाट पेश भएको प्रतिवेदन अध्ययन गरी सुझाव कार्यान्वयन गर्न निर्देशन दिने । |
| ५.४ | गरिबसंग बिश्वेश्वर कार्यक्रमलाई अन्य गरिबी निवारण कार्यक्रमसँग समन्वय गरी चरम गरिबी भएका स्थानीय तहहरुमा सञ्चालन गर्ने उल्लेख भएकोमा उक्त कार्य कार्यान्वयनमा आएको छैन । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ५.५ | सहकारी ऐन, नियम तर्जुमा गरेकोमा सरकारी संस्थाको नियमन प्रभावकारी रुपमा हुन सकेको छैन । सहकारी संस्थालाई सदस्य केन्द्रीत र समुदायमा आधारित व्यवसायको रुपमा प्रबर्द्धन गर्ने उद्देश्य रहेकोमा तोकेको सूचक अनुसार प्रगति विवरण तयार गरेको छैन् । समस्याग्रस्त सहकारी संस्थाको | समस्याग्रस्त सहकारी संस्थाको आवश्यक छानबीन गरी समस्या समाधान गर्न र सोको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । बजेट बक्तब्यमा परेका कार्यक्रमहरुका लागि पर्याप्त बजेट ब्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | व्यवस्थापनको लागि समितिको गठन गरी कार्यारम्भ गरेता पनि समस्या समाधान हुन सकेको छैन् । | |
| ६ | **दिगो विकासको लक्ष्य र प्रगति -** | दिगो विकासको लक्ष्य हासिल गर्ने गरी कार्यक्रमहरु तय गर्न र गरिबीको रेखामुनि रहेको जनसंख्या निर्धारित लक्ष्य अनुरुप झार्ने गरी कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |
| ७ | **सेवा प्रवाह -** | *** |
| ७.१ | खरिद गरिएका राउटर, वेभ क्यामरा, सिग्नेचर थम, प्रिण्टर, कम्प्युटर, स्क्यानर लगायतका रु. ८१ लाख २३ हजारका उपकरण कार्यालयमा नपठाई विभागमै राखेकोले कार्यालयले दिने सेवा प्रवाहमा असर परेको छ। | कार्यालय भवन निर्माण समयमा सम्पन्न गर्न र भू-अभिलेख व्यवस्थापन सूचना प्रणाली सबै कार्यालयमा लागू गर्न निर्देशन दिने । बिभागले खरिद गरेका सामानहरु सम्बन्धित मालपोत कार्यालयमा पठाउन निर्देशन दिने। |
| ७.२ | ३६ हजार २२८ संख्यामा लिखत बाइण्डिङ्ग तथा मोठ मर्मत भएको छैन्। | मालपोत कार्यालयका लिखतहरु बाईण्डिङ्ग र मोठ मर्मत गर्ने कार्य चालु आर्थिक बर्षभित्र सम्पन्न गर्न निर्देशन दिने । |
| ७.३ | मालपोत तथा नापी कार्यालय, गडसेरा (डोटी), नरैनापुर (बाँके), सिम्रौनगढ (बारा) मा स्थापना गरे पनि सञ्चालनमा नआएको भनि गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा यस वर्ष पनि स्थिति यथावत छ । मालपोत तथा नापी कार्यालयहरुमा समय-समयमा बिद्युत अवरोध हुँदा लामो समयसम्म लाइनमा बस्नु परेको र तालिम प्राप्त जनशक्तिको अभावमा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन् । | मालपोत कार्यालयहरुमा निरन्तर विद्युत प्रवाह गर्ने व्यवस्था गर्न, तालिम प्राप्त जनशक्तिको व्यवस्था गर्न र टोकन प्रणालीलाई प्रभावकारी रुपमा लागू गर्न निर्देशन दिने । |
| ७.४ | उपत्यकास्थित ८ नापी कार्यालय र अन्य २ नापी कार्यालयमा जग्गा रेखाङ्कनको लागि निवेदन दिएकोमा १९ देखि ८० प्रतिशतसम्म फछ्र्यौट भएको छ । | सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली अनुरुप निवेदनहरु फछ्र्यौट गर्न र सेवा प्रवाहलाई प्रभावकारी बनाई बिस्तार गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ८ | **दरवन्दी तथा पदपूर्ति** - भूमि ब्यवस्थापन तथा अभिलेख विभाग तर्फ ४१४, नापी विभाग तर्फ ३९७ र सहकारी विभाग तर्फ ४ गरी ८१५ रिक्त रहेको पदहरु पदपूर्ति गरी ब्यवस्थापन गर्नु पर्दछ । | संगठन र व्यवस्थापन सर्भे गरी आवश्यक जनशक्तिको पदपूर्ति समयमै गर्न र सेवा प्रवाहलाई प्रभावकारी गर्न निर्देशन दिने । |
| ९ | **जग्गा बाँडफाँड** - मोही लागेका जग्गाधनी र मोहीले जग्गा बाँडफाँड गरी लिन निवेदन दिने सूचना प्रकाशन भई अन्तिम म्याद २०७५।५।४ सम्म रहेकोमा मन्त्रालयबाट प्राप्त विवरण अनुसार २ लाख ७५ हजार हजार संख्यामा मोही रहेकोमा १ लाख ४० हजार संख्या निवेदन प्राप्त भई ७६ हजार ३९५ फछ्र्यौट गरी ६३ हजार ७५८ फछ्र्यौट हुन बाँकी रहेको छ। | भूमिमाथि दोहोरो स्वामित्व अन्त्य गर्न जग्गा धनी र मोहीवीच बाँडफाँट गरी चालू आर्थिक बर्षभित्र सम्पन्न गर्न निर्देशन दिने । |
| १० | **मुक्त कमैया र हलिया पुनस्थापन** - मुक्त कमैया २७,५७०। र मुक्त हलिया १६,९५३। रहेको । | |
| १०.१ | मुक्त कमैया र मुक्त हलिया पुनस्थापनाको लागि कार्यालयहरुमा र स्थानीय निकायहरुमा रकम पठाईएकोमा खर्च भएको रकमको अनुगमन गरी भौतिक प्रगति तयार गरेको देखिएन । | मुक्त कमैया पुनर्स्थापनाको लागि भएको खर्च र उपलब्धिको अनुगमन गरी प्रगति प्रतिवेदन तयार गरी पेश गर्न निर्देशन दिने । |
| १०.२ | गतवर्षसम्म मुक्त कमैयाको लागि जग्गा खरिद, घर निर्माण र काठ खरिद गर्न मालपोत कार्यालयबाट अनुदान र स्थानीय तहमा स्रोत हस्तान्तरण गरेको । | लक्ष्यअनुरुप मुक्त कमैयाँका लागि खरिद गर्नुपर्ने जग्गा र घर निर्माण कार्यका लागि स्रोत हस्तान्तरण गरिएकोमा स्थानीय तहमार्फत कार्य सम्पन्न भएको प्रतिवेदन माग गरी समितिलाई उपलब्ध गराउने । |
| १०.३ | एउटै कार्यक्रमको वजेट पृथक-पृथक रुपमा बाँडफाँड गर्दा कार्यक्रमवीच समन्वय नहुने, पहिला गरिएका र गर्नुपर्ने काममा समन्वय नहुने, कार्यक्रम दोहोरिन सक्ने, प्रभावकारिता नरहने अवस्था देखिएको छ। मन्त्रालयले | मुक्त हलिया पुनर्स्थापनाका लागि श्रोत हस्तान्तरण गरी स्थानीय तहमा पठाइएकोमा सोको बित्तीय तथा भौतिक प्रगति तीन महिनाभित्र पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | मातहत कार्यालय र स्थानीय तहबाट भएको कामको समन्वय गरी वित्तीय तथा भौतिक प्रगति तयार गरेको छैन् । | |
| १०.४ | मालपोत कार्यालय, बाजुरास्थित बुढीनन्दा न.पा. वडा नं. १ मा आ.ब. ०७१।७२ मा ७७९० वर्गमिटर जग्गा रु. २२५० हजारमा खरिद गरी यस वर्ष १५ जनालाई रु. ३ लाखका दरले रु. ४५ लाख अनुदान दिएकोमा ३ जनाले मसानघाट नजिक भएकोले बनाएको घर भत्काएको देखिएकोले अनुदान रकमको प्रभावकारी उपयोग भएको देखिएन। | उपलब्ध गराएको अनुदान रकमको सदुपयोग भए नभएको सम्बन्धमा छानवीन गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ११ | **सरकारी जग्गाको लिज -** भोगाधिकार दिएका जग्गा मध्ये लिजमा परिणत नगराएका ३३० संस्थाले उपयोग गरेको २ लाख ३१ हजार ३८४ वर्ग मीटर जग्गा नेपाल सरकारको नियन्त्रणमा ल्याउनु पर्दछ । | सरकारी जग्गाको लिजमा उपलब्ध गराएको सम्बन्धमा त्यसको बिस्तृत बिवरण तयार गरी तीन महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| १२ | **सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख -** सरकारी तथा सार्वजनिक जग्गाको केन्द्रीय अभिलेख मन्त्रालयले राखेको छैन् । साथै अतिक्रमित परेको जग्गाको केन्द्रीय अभिलेख राखेको नदेखिएकोहुँदा सबै जिल्लास्थित मालपोत कार्यालय अन्तर्गत रहेका सरकारी तथा सार्वजनिक जग्गाको केन्द्रीय अभिलेख राखी अद्यावधिक गर्नु पर्दछ । | सरकारी तथा सार्वजनिक जग्गाको केन्द्रीकृत अभिलेख LRIMS मार्फत तयार गर्न र अध्यावधिक गर्न लगाई स्थानीय तहलाई उपलब्ध गराउन निर्देशन दिने । |
| १३ | **हदवन्दी जग्गा -** १६७ संस्थाको ५६ हजार ९८० रोपनी र ८ हजार ४२९ विघा हदवन्दी छुट भएका जग्गा सुविधा प्राप्त उद्योग वा प्रतिष्ठानले आफ्नो उद्देश्यनुरुप कार्य गरे नगरेको सम्बन्धमा प्रत्येक वर्ष स्थलगत अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेमा नगरेकोले हदबन्दीभन्दा बढीको जग्गाको उपयोगको अवस्था एकिन भएको छैन । | हदबन्दी छुट भएका १६७ संस्थाको नाममा रहेका जग्गाको उद्देश्य अनुरुप प्रयोग भए नभएको स्थलगत अनुगमन र निरीक्षण गरी तीन महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | अनुगमन गरी प्रतिवेदन लिनु पर्दछ । | |
| १४ | **गुठी जग्गाको अतिक्रमण -** मन्त्रालयले गुठी जग्गाको अतिक्रमित सम्बन्धी अभिलेख राखेको छैन । धनुषा जिल्लामा २५ गुठीको ९ हजार ८४३ विगाहा १२ कठ्ठा जग्गा रहेको मध्ये २११ घरधुरीले १२ गुठीको नाममा रहेको ९६ विगाहा १२ कठ्ठा जग्गा अतिक्रमित भएकोमा अतिक्रमित जग्गा फिर्ता गराउने तर्फ कारवाही भईरहेको जनाएको छ । | गुठी जग्गाको अतिक्रमण सम्बन्धमा गठित समितिले पेश गरेको प्रतिवेदनमा उल्लेखित अतिक्रमित जग्गा फिर्ता गराई तीन महिनाभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| १५ | **सहकारी संस्थाको सञ्चालन** - चौधौं आवधिक योजनामा सहकारी संस्थाहरुलाई सदस्य केन्द्रीत र समुदायमा आधारित व्यवसायको रुपमा प्रबर्द्धन गर्ने उद्देश्य अन्तर्गत लक्ष्य तोकिएकोमा सूचक अनुसारको प्रगति विवरण तयार गरेको छैन् । मन्त्रालयले तत्सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । | सूचक अनुसार प्रगति विवरण तयार गरी समितिमा पेश गर्न निर्देशन दिने। |
| १६ | **सहकारी बैङ्क** - मन्त्रालयले सहकारी बैङ्कको गठन, न्यूनतम पूँजी, सहकारी बैङ्क सञ्चालक र सदस्य लगायत सहकारी बैङ्कको कारोवारको स्थिति सम्बन्धमा प्रभावकारी रुपमा अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन् । | सुझावअनुसार प्रतिवेदन तयार गरी पेश गर्न निर्देशन दिने । |
| १७ | **सहकारी संस्थाको नियमन** - मन्त्रालयले नेपाल सरकार (मन्त्रिस्तर) बाट ०७५।३।३ मा निर्णय भए वमोजिम मन्त्रालय, विभाग र नेपाल राष्ट्र बैङ्क समेतको सहभागितामा सात ठूला सहकारी संस्थाहरुको अनुगमन सम्पन्न भएको जानकारी ०७६।६।९ मा मन्त्रालयले गराएकोमा अनुगमन प्रतिवेदन तयार गरेको देखिएन् । | सुझावअनुसार अनुगमन गरेको सहकारी संस्थाहरुको सम्बन्धमा प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| १८ | **समस्याग्रस्त सहकारी संस्था ब्यवस्थापन समिति** - समस्याग्रस्त सहकारी | समस्याग्रस्त रहेका सहकारी संस्थाको सम्बन्धमा गठित समितिको |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | संस्थामा रहेको सर्वसाधारणको बचत, सदस्यहरुको शेयर, नेपाल सरकारलाई बुझाउनु पर्ने कर, बैङ्क तथा बित्तीय संस्थाको कर्जा, अपार्टमेन्टकर्ताले बुझाएको रकमको छानविन गरी फिर्ता गरेको छैन । सहकारी संस्था र सोको दायित्व सम्बन्धमा उचित निर्णय गरी समस्या समाधामन गर्नुपर्ने भनि गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा यस वर्ष पनि सुधार भएन् । | प्रतिवेदनअनुसार दिएका सुझावहरु कार्यान्वयन गर्न निर्देशन दिने। सहकारी संस्थाहरुको नियमनका लागि तयार गरिएको COPOMIS लागू गर्न तीनै तहका सरकारलाई सुझाव दिने। |
| | **भूमि ब्यवस्थापन तथा अभिलेख विभाग** | |
| १९ | **जिन्सी व्यवस्थापन** — विभागले मातहातका कार्यालयमा पठाउनु पर्ने रु. ८१ लाख २३ हजारको जिन्सी सामान मौज्दात राखेको देखिएकोले खरिदको उद्देश्यबमोजिम उक्त सामानको उपयोगको व्यवस्था मिलाउनु पर्ने। | सुझावअनुसार गर्न निर्देशन दिने। |
| २० | **अनुमतिभन्दा बढी कित्ताकाट** - प्राधिकरणको प्लानिङ्ग परमिटभन्दा बढीको कित्ताकाट गरेको सम्बन्धमा सूर्यविनायक न.पा. र मालपोत कार्यालयका पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । | जग्गा खण्डीकरण सम्बन्धमा स्पष्ठ कानूनी व्यवस्था गर्न, सोभन्दा अघि खण्डीकरण कार्य नगर्न नगराउन र कानूनी व्यवस्थापछि खण्डीकरणलाई प्रभावकारी नियमन गर्न व्यवस्था मिलाउन निर्देशन दिने। |
| २१ | **आयकर** — व्यवसायिक प्रकृतिको निसर्ग गर्ने १०६ निसर्गकर्ताको निसर्ग रकम रु. १ अर्ब १६ करोड १४ लाखमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेस गरी लाग्ने कर असुल गर्नुपर्नेमा सो गरे नगरेको खुलाएको छैन । उक्त कारोबारसहितको आय विवरण आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेस गर्नुपर्नेमा अन्यथा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम ३६ प्रतिशतले हुने कर रु. ४१ | अर्थ मन्त्रालयसँगको समन्वयमा छानविन गरी समितिमा पेश गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | करोड ८१ लाख असुल गर्नुपर्दछ । | |
| २२ | **अग्रिम लाभकर -** | *** |
| २२.१ | जग्गा भवन कारोबार गर्ने व्यवसायीको अग्रीम लाभकर सम्बन्धमा- | अर्थ मन्त्रालयसँगको समन्वयमा छानविन गरी समितिमा पेश गर्न निर्देशन दिने। |
| २२.२ | रियल स्टेट बाहेकका संस्थागत निःसर्गकर्ताको गैर-व्यवसायिक करयोग्य सम्पतिमा लाग्ने अग्रीम लाभकर सम्बन्धमा- | अर्थ मन्त्रालयसँगको समन्वयमा छानविन गरी समितिमा पेश गर्न निर्देशन दिने। |
| २२.३ | अग्रिम कर अशुल नगरेको - | अर्थ मन्त्रालयसँगको समन्वयमा छानविन गरी समितिमा पेश गर्न निर्देशन दिने। |
| २३ | **अग्रिम कर -** | *** |
| २३.१ | घटी पूँजिगत लाभकर असुल गरेको | अर्थ मन्त्रालयसँगको समन्वयमा छानविन गरी समितिमा पेश गर्न निर्देशन दिने। |
| २३.२ | लाभकर छुट भएको | अर्थ मन्त्रालयसँगको समन्वयमा छानविन गरी समितिमा पेश गर्न निर्देशन दिने। |
| २४ | **खर्च कट्टी —** विभिन्न मालपोत कार्यालयसमेतका ५८ निसर्गकर्ताको जग्गा तथा ३२ बिक्री गर्ला खर्त दाबी गरेको रु. २४ करोड ४० लाख ८८ हजारको खर्चको प्रमाण पेश नगरेकोले सोमा लाग्ने पुँजीगत लाभकर रु १ करोड ४ लाख ६६ हजार असुल हुनुपर्ने । साथै विभिन्न मालपोत कार्यालयसमेत ८ निसर्गकर्ताले लाभकर गणना प्रयोजनको लागि अंशबण्डा र बकस दिंदा कायम गरेको थैली रु. १ करोड ८२ लाख ७२ हजारलाई खर्चमा दाबी गरेकोले घटी दाखिला भएको पुँजीगत लाभकर रु.९ लाख | अर्थ मन्त्रालयसँगको समन्वयमा छानविन गरी समितिमा पेश गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | १४ हजार असुल गर्नुपर्ने । | |
| २५ | **पुँजीगत लाभकरमा सुविधा -** | *** |
| २५.१ | अविच्छिन्न दश (१०) वर्ष वा सोभन्दा बढी बसोबास गरेको घर र घरले ओगटेको क्षेत्रफल बराबरको जग्गाको निःसर्गमा मात्र पुँजिगत लाभकर छुट हुनुपर्नेमा मालपोत कार्यालय, डिल्लीबजारले ३२ निःसर्गकर्ता कलङ्कीले ३ निःसर्गकर्ता, ललितपुरले ४ निःसर्गकर्ता समेत ३ कार्यालयको ३९ निःसर्गकर्ताको निःसर्गमा भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गाभन्दा बढी जग्गाको मूल्यमा समेत पुँजिगत लाभकर छुट दिएको भन्ने सम्बन्धमा रु. ५७ करोड ९९ लाख १९ हजारको जग्गा निसर्गमा २.५% ले हुने पुँजिगत लाभकर रु. १ करोड ४४ लाख ९८ हजारमा मालपोत कार्यालयहरु बुझि अशुल गर्नुपर्ने- | अर्थ मन्त्रालयसँगको समन्वयमा छानविन गरी समितिमा पेश गर्न निर्देशन दिने। |
| २५.२ | मालपोत कार्यालय, डिल्लीबजारले ४ निःसर्गकर्ताको १० वर्षभन्दा कम अवधि बसोबास वा स्वामित्वमा रहेको घर जग्गा निःसर्ग कारोबार रकम रु. ९ करोड ५ लाख ९५ हजारमा २.५% ले छुट पुँजिगत लाभकर रकम रु. २२ लाख ६५ हजार असूल गर्नुपर्ने- | अर्थ मन्त्रालयसँगको समन्वयमा छानविन गरी समितिमा पेश गर्न निर्देशन दिने। |
| २५.३ | मालपोत कार्यालय, डिल्लीबजारको कार्यक्षेत्र भित्रको ६ निःसर्गकर्ताको पेश भएको स्थानीय तहको कर चुक्ता प्रमाण र जग्गाधनी प्रमाण पुर्जामा एकभन्दा बढी घर भएको ६ निःसर्गकर्ताबाट रु. २० करोड ६८ लाखमा २.५% ले रु. ५१ लाख ७० हजार छुट लिएको र १० वर्षभन्दा बढी बसोबास गरेको प्रमाण संलग्न नरहेकोले असूल गर्नु पर्दछ- | अर्थ मन्त्रालयसँगको समन्वयमा छानविन गरी समितिमा पेश गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| २५.४ | मालपोत कार्यालय, डिल्लीबजारको कार्यक्षेत्रभित्रको का.म.न.पा. वडा नं. ३१ को कि.नं. ३२४ को ४ आना ३ पैसा जग्गामा बनेको घर समेत रु. ५ करोड ३० लाखमा निःसर्ग गरेकोमा १० वर्ष अविछिन्न बसोबास गरेको भनि पुँजिगत लाभकर छुट लिएको । निःसर्गकर्ताले पेश गरेको कर चुक्ता प्रमाणमा अन्य घर समेत रहेको र घरको नक्सा व्यापारीक प्रयोजनको घर भएको उल्लेख भएको स्थानीय तहको १० वर्ष बसोबास गरेको, सिफारिस नलिएको हुँदा कारोबार रकम रु. ४ करोड ६९ लाख ४६ हजारमा २.५% ले रु. ११ लाख ७३ हजार लिन छुट भएको- | अर्थ मन्त्रालयसँगको समन्वयमा छानविन गरी समितिमा पेश गर्न निर्देशन दिने। |
| २५.५ | मालपोत कार्यालय, डिल्लीबजार कार्यक्षेत्रको कि.नं. १४६ को जग्गा सोमा बनेको २४० ब.फि. टहरा रु. ७ करोडमा निःसर्गगर्दा १० वर्ष अविछिन्न बसोबास गरेको भनि लाभकर छुट लिएको र त्यसै गरी निजको पत्नीको नाममा रहेको कि.नं. १४५ को जग्गा र सोमा बनेको टहरा रु. ११ करोड ५० लाख निसर्ग गर्दा समेत लाभकर छुट सुविधा लिएको सम्बन्धमा पति-पत्नी रहेको एउटै परिबारबाट छुट लिएको सम्बन्धमा कार्यालय बुझि अशुल गर्नुपर्ने नपर्ने वेरुजु रकम रु. २८ लाख ६१ हजार असूल सम्बन्धमा- | अर्थ मन्त्रालयसँगको समन्वयमा छानविन गरी समितिमा पेश गर्न निर्देशन दिने। |
| २५.६ | मालपोत कार्यालय डिल्लीबजारले २३ निसर्गकर्ताको रु. ९८ लाख ९४ हजार मालपोत कार्यालय चावहिलको रु. २७ लाख ४ हजार कलंकीको रु. २१ लाख ६० हजार बाँकेको रु.१५ लाख समेत रु. १ करोड ६२ लाख ५८ हजार छुट दिएको सम्बन्धमा- | अर्थ मन्त्रालयसँगको समन्वयमा छानविन गरी समितिमा पेश गर्न निर्देशन दिने। |
| २५.७ | घरको लागत खर्च दाबीगर्दा घर खरिद गर्दाको लिखतमा उल्लेखित मूल्य | अर्थ मन्त्रालयसँगको समन्वयमा छानविन गरी समितिमा पेश गर्न निर्देशन |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | मात्र खर्च कट्टि गर्न पाउनेमा स्थानीय तहको सिफारिसको आधारमा खर्च मूल्य कट्टि गरेकोले खरिद लागतभन्दा बढी दाबी गरेको रकममा लाग्ने पुँजिगत लाभकर रु. १८ लाख १४ हजार सम्बन्धमा छानविन गरि असुल सम्बन्धमा- | दिने। |
| २६ | **थैली -** | *** |
| २६.१ | जग्गाको न्युनतम मूल्याङ्कन पुस्तिकामा उल्लेख भएकोभन्दा घटि थैली कायम गर्न नमिल्ने सम्बन्धमा- | जग्गाको बाटोको स्तरको आधारमा न्यूनतम मूल्यांकन दरभन्दा कम थैली कायम गरी लिखत पारित गरेको सन्दर्भमा छानबिन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| २६.२ | जग्गाको न्युनतम मूल्याङ्कन पुस्तिकामा उल्लेख भएकोभन्दा घटी थैली कायम गर्न नमिल्ने सम्बन्धमा- | जग्गाको बाटोको स्तरको आधारमा न्यूनतम मूल्यांकन दरभन्दा कम थैली कायम गरी लिखत पारित गरेको सन्दर्भमा छानबिन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| २६.३ | एक पटक कायम भएको थैली घटाउन नमिल्ने सम्बन्धमा- | जग्गाको बाटोको स्तरको आधारमा न्यूनतम मूल्यांकन दरभन्दा कम थैली कायम गरी लिखत पारित गरेको सन्दर्भमा छानबिन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| २६.४ | जग्गाको न्युनतम मूल्याङ्कनगर्दा स्थानीय तहबाट जारी गरेको घरबाटो सिफारिस अनुसार कायम हुने न्यनतम थैली वा वास्तविक कारोवार मध्ये जुन बढी हुन्छ सोही अङ्क थैली कायम गर्नुपर्ने सम्बन्धमा- | जग्गाको बाटोको स्तरको आधारमा न्यूनतम मूल्यांकन दरभन्दा कम थैली कायम गरी लिखत पारित गरेको सन्दर्भमा छानबिन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| २७ | **घरबाटो सिफारिस -** जग्गाको आकार प्रकार आदि वास्तविक विवरण लुकाई गलत सिफारिस गर्नेलाई कारवाही गरी रु. २ करोड ५४ लाख ५७ हजार सम्वन्धमा कार्यालयसँग बुझि अशुल गर्नुपर्ने नपर्ने एकिन गरी | घरबाटो सिफारिस गर्दा थैली अंक न्यूनतम मूल्यांकन दरभन्दा कम थैली कायम हुने गरी सिफारिस गरिएको सन्दर्भमा छानबिन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। अब आइन्दा जि.पि.एस. प्रयोग |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | असूल गर्ने सम्बन्धमा गलत सिफारिसका कारण घटी थैली कायम हुन गएकोले सिफारिसकर्ता समेतलाई जिम्मेवार बनाई रजिष्ट्रेशन शुल्क, बागमति सभ्यता शुल्क र पूँजीगत लाभकर समेत जम्मा रु ६० लाख ५१ हजार असुल गर्ने । | गरी डिजिटल नक्सासमेत हेरी कामकारबाही गर्ने व्यवस्था मिलाउन निर्देशन दिने। |
| २८ | **छोडपत्र** - छोडपत्र लिखतमा स्वामित्व हस्तान्तरणगर्दा घटी भएको रजिष्ट्रेशन दस्तुर अशुल गर्ने सम्बन्धमा- | घटी असुल भएको र बढी छुट दिएको रकम असुल गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| २९ | **बाग्मती सभ्यता शुल्क —** विभिन्न ७ मालपोत कार्यालयहरुले राजिनामा, सगोलनामा, दर्ताफारी, छोडपत्र र हालैको बकसपत्रको लिखतको थैली रकम रु. ९ अर्ब ८८ कररोड ६० लाख ८९ हजारमा बाग्मती सभ्यता शुल्क असुल गरेको छैन । छुट शुल्क रु. ४ करोड ९४ लाख ३० हजार असुल गर्नुपर्ने । | उल्लिखित छुट दिएको शुल्क असुल गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| ३० | **मुख्यमन्त्री स्वच्छता अभियान शुल्क —** मुख्यमन्त्री स्वच्छता अभियान कोषका लागि मालपोत कार्यालय जनकपुरले लिखतको थैलीमा शुन्य दशमलब पाँच प्रतिशत दस्तुर असुल गर्नुपर्नेमा लिखत पारित गर्दा सो दस्तुर असुल नगरेकोले रु. ३५ लाख ६६ हजार असुल गरी कोषमा दाखिला गर्नुपर्ने । | उल्लिखित दस्तुर असुल गरी गराई कोषमा दाखिला गर्न र समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| ३१ | **जग्गाको फरक प्रयोग —** मालपोत कार्यालय, कलंकीले थैली अंकमा एक उद्योगलाई ७५ प्रतिशतले हुने रकम छुट दिएकोमा उक्त जग्गा उद्देश्य अनुरुप प्रयोग नगरी अन्य व्यक्तिलाई बिक्री गरेकोले छुट दिएको दस्तुर रकम रु. ६ लाख ९४ हजार र सोही बरावरको जरिवाना समेत रु. १३ | छुट दिएको दस्तुर त्यसको जरिवाना र छुट दिएको रजिष्ट्रेशन शुल्क समेत असुलउपर गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | लाख ८८ हजार असुल गर्नुपर्ने ।साथै मालपोत कार्यालय, धनगढीले घर जग्गा खरिद गर्दा ५० प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिने गरी लिखत पारित गरेकोमा पर्यटन उद्योग अन्तर्गत पर्ने होटललाई उत्पादनमूलक उद्योगको रुपमा रजिष्ट्रेशन शुल्क छुट दिन नमिल्ने हुँदा छुट दिएको रकम रु. २३ लाख ५९ हजार असुल गर्नुपर्ने । | |
| ३२ | **धितो लिलाम —** मालपोत कार्यालय, पोखराले एक प्रा.लि.को नाममा रहेको घरजग्गा साथै अन्य एक व्यक्तिको नाममा एक निजी क्षेत्रको बैंकले ९ करोड ८० लाखमा धितो बन्धक पारित गरी ऋण प्रवाह गरेकोमा स्वतन्त्र मूल्यांकनकर्ताको सिफारिस बेगर रु. ४ करोड ६० लाखमा लिलाम सकारेको अंक थैली राखी दाखिला खारेज गरेकोले स्पष्ट आधार विना धितोको मूल्यांकनभन्दा रु.५ करोड ७४ लाख न्यून रकममा लिलाम गर्दा रजिष्ट्रेशन शुल्क र पुँजीगत लाभकरसमेत रु. ८६ लाख १० हजार राजस्व घटी भएको देखियो । | न्यूनतम मूल्यांकनभन्दा कम भएनभएको छानविन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| ३३ | **सम्बद्ध व्यक्तिबीचको कारोवार -** | *** |
| ३३.१ | सामान्य बजार भाउ अनुसार कारोवार भएको नदेखिएको । | अर्थ मन्त्रालयसँग समन्वयमा छानविन गरी प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने। |
| ३३.२ | आयकर छुट दिएकोमा छानबिन गरी कर दायित्व एकिन हुनुपर्ने । | अर्थ मन्त्रालयसँग समन्वयमा छानविन गरी प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने। |
| ३४ | **हदबन्दी -** हदबन्दीभन्दा बढी परिमाणमा जग्गा खरिद बिक्री गर्दा कार्यालयले प्रचलित ऐन नियम र पद्धतिको पालना नगरेको । | छानविन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ३५ | **श्रेस्ता पेश नभएको** - बारा, कलैया र सिमराको स्रेस्ता ले.प.को लागि पेश नभएको । | स्रेस्ता पेश गर्न लगाई लेखापरीक्षण गराउन निर्देशन दिने। |
| | **नापी विभाग** | |
| ३६ | **लक्ष्य र प्रगति** - नापी कार्यालय ७ भवन निर्माण गर्ने लक्ष्य राखिएकोमा ३ (४२.८५ प्रतिशत) को निर्माण कार्यसम्पन्न भएको छ । त्यसै गरी सगरमाथा उचाई मापनको कार्य ९० प्रतिशत पूरा भएको विभागले जनाएको छ । तोकिएको लक्ष्य अनुसार प्रगति हासिल गर्नु पर्दछ । | भवन निर्माण कार्यको अनुगमन गरी प्रतिवेदन पेश गर्न, हस्तान्तरण हुन बाँकी रहेको भवनको कार्य सम्पन्न गर्न र तोकिएको लक्ष्य अनुसार प्रगति हासिल गर्न निर्देशन दिने। |
| ३७ | **भू-उपयोग नक्सा** - भू-क्षमता नक्सा, भू-उपयोग क्षेत्र नक्सा र कित्ता नापी नक्सा तयार गरेकोमा ३६९ स्थानीय तहमा मात्र हस्तान्तरण गरेको छ । बाँकी नक्सा तथा डाटा स्थानीय तहमा हस्तान्तरण गरी २०७६।५।६ मा जारी भएको भू-उपयोग ऐन, २०७६ को मर्म अनुरुप उपयोग गर्नु पर्दछ। | स्थानीय तहमा भू-उपयोग नक्सा हस्तान्तरण भएको जनाएकोले सोको उपयोग गर्न सम्बन्धित निकायलाई निर्देशन दिने । |
| ३८ | **सगरमाथा उचाई मापन** - सगरमाथा उचाई मापनको कार्ययोजना बनाई २०७६ पौषमा सगरमाथाको उचाई पत्ता लगाई अन्तर्राष्ट्रिय गोष्ठी गर्ने भनिएकोमा ग्राभिटी र ट्रिगोनोमेट्रिक सर्भेको तथा डाटा प्रशोधनको कार्य सम्पन्न भएको छैन् । यस कार्यका लागि वजेटमा समावेश नगरी नेदरल्याण्डको एक कम्पनीले सहयोग स्वरुप रु. १ करोड ८१ लाख ४२ हजारका यन्त्र उपकरणहरु उपलव्ध गराएकोमा आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षणमा गराएको छैन् । प्राप्त सहायता आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराउनु पर्दछ । | आर्थिक विवरणमा समावेश गर्न छुट भएको रकम संलग्न गरी लेखापरीक्षण गराउन निर्देशन दिने । |
| | **सहकारी विभाग** | |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ३९ | **एकै जिल्लाका अनुदान** - एकै जिल्लाका ११ सहकारी संस्थालाई अनुदान उपलव्ध गराएकोमा अन्य जिल्लाबाट प्रस्ताव प्राप्त नभएका कारणबाट अन्य स्थानमा अनुदान नगएको उल्लेख भएको छ । स्पष्ट मापदण्ड र कार्यविधि तयार गरी अनुदान उपलव्ध गराउने ब्यवस्थाको अवलम्बन गर्नु पर्दछ । | सहकारी संस्थाहरुलाई अनुदान उपलब्ध गराउँदा समन्यायीक वितरण हुने गरी पारदर्शी रुपमा मापदण्ड र कार्यविधि तयार गरेर मात्र अनुदान वितरण गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ४० | **अनुदानको उपयोग** - चनौली सहकारी शीत भण्डारलाई अनुदान उपलव्ध गराईएकोमा सम्झौता अनुसार अनुदानको उपयोग प्रभावकारी रुपमा गरी गराई हालसम्म भए गरेका कार्य देखिने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । | अनुदान उपलब्ध गराउँदा एकद्वार नीति अपनाउन निर्देशन दिने र उपलब्ध गराइएको अनुदानको सदुपयोग भए नभएको सन्दर्भमा अनुगमन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | **संगठित संस्था तथा अन्य संस्था** | |
| | **गुठी संस्थान — २०७३/७४ देखि २०७४/७५** | |
| ४१ | **सञ्चालन नतिजा —** कूल रु. २२ करोड ७ लाख खर्च भई रु. १९ करोड ६ लाख बचत रहेको देखिन्छ । | संस्थानको उद्देश्य र लक्ष्य अनुरुप आम्दानी र खर्च व्यवस्थापन गरी आर्थिक स्थितिलाई मजबुद बनाउन निर्देशन दिने । |
| ४२ | **बित्तीय विवरण** - विगतदेखि कुनै वर्षको बित्तीय विवरण तयार नगर्दा बित्तीय नतिजा तथा जिम्मेवारी समेत फरक पर्ने हुँदा सवै आ.ब.को प्रमाणित विवरण पेश गरी यथासमयमा लेखापरीक्षण गराउने तर्फ ध्यान जानु पर्दछ। | संस्थानका बिभिन्न कोषहरुको व्यवस्थापन गरी त्यस्ता कोषहरुमा रहेको रकमलाई केन्द्रीय आर्थिक विवरणमा समावेश गर्न निर्देशन दिने । संस्थानको सम्पत्ति र दायित्व स्पष्ट रुपमा खुल्ने गरी आ.ब.२०७५/०७६ देखि नेपाल सरकारले लागु गरेको नेपाल बित्तीय प्रतिबेदन मान चालु आ.व. भित्र अनिवार्य रुपमा लागु गर्न निर्देशन दिने । |
| ४३ | **घरजग्गा तथा अन्य सम्पत्तिको लगत** - मठ मन्दिरमा रहेको अमूल्य गरगहना तथा सम्पत्तिको गुठीगत श्रेस्ता तथा घरजग्गा आदिको स्वामित्व सम्बन्धी कागजात सङ्कलन गरी ब्यवस्थित रुपमा लगत नराखेकोले सोको | संस्थानले नेपाल सरकार र अन्य संस्था/व्यक्तीले प्रयोग गरेका जग्गाको स्थान, कित्ता नं. तथा क्षेत्रफल सहितको बिस्तृत विवरण भएको लगत तयार गरी समितिमा पेश गर्न निर्देशन दिने । संस्थानको नाममा रहेका |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | अद्यावधिक अवस्था एकिन नहुने भई राज्यको स्रोत लोप हुने अवस्था देखिएकोले यथासमयमा लगत ब्यवस्थित रुपमा राख्नु पर्ने देखियो । | सम्पूर्ण जग्गा तथा सम्पत्तिको विवरण, नम्बरी जग्गाको हकमा नेपाल सरकारलाई बुझाउनुपर्ने रकम, संस्थानको स्वामित्वमा रहेका बिभिन्न गुठीहरुको जग्गाको बिस्तृत बिवरण तथा मठ मन्दिरमा रहेको गरगहना तथा सम्पत्तिको लगत व्यवस्थित गरी सोको विवरण कम्प्युटरकृत गर्ने र प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने। |
| ४४ | **बक्यौता अभिलेख -** नियमित रुपमा आय आर्जन हुने स्थान तथा बस्तुहरुको कुनै तथ्याङ्क अभिलेख बनाएको पाईएन् । यस्तो आयहरुको एकिन गर्न एकीकृत रुपमा रुपमा तथ्याङ्क अद्यावधिक गरी नियमित अनुगमन गर्नु पर्दछ। गुठी नम्बरी जग्गाको मालपोत रकम संस्थान आफैले असुल गर्दै आएकोमा सरकारलाई बुझाउनु पर्ने रकमको विवरण एकिन गरेको छैन् । | संस्थानको आयआर्जन हुने स्थान तथा बस्तुहरुको तथ्याङ्क अभिलेख तयार गर्न निर्देशन दिने। बक्यौता असुलीका लागि तत्काल सूचना प्रकाशन गरी असुली कार्य गर्ने र आवश्यक जनशक्तिको व्यवस्था गर्न संगठन र व्यवस्थान सर्वे गर्ने गराउने तथा जनशक्ति आपूर्ति नहुँदासम्म जनशक्तिको **Outsourcing** गरी कार्य सम्पादन गर्न र एक महिनाभित्र तथ्यमा आधारित बिवरण तथा कार्ययोजना समितिमा उपलब्ध गराउन निर्देशन दिने। |
| ४५ | **जग्गा रैतानी परिणत -** रैतानी परिणतको पूरकका रुपमा रहेको रैतानी परिणत भएको जग्गाको शुल्क असुलीमा संस्थानले विशेष ध्यान पुर्‍याउनु पर्नेमा संस्थानले त्यस सम्बन्धी कुनै अभिलेख राखेको पाईएन्। | सम्मानीत सर्बोच्च अदालतको फैसला अनुरुप रैतानी परिणत भएका जग्गाको शुल्क असुली सम्बन्धी कार्य गर्न र त्यसको अभिलेख राख्न निर्देशन दिने। |
| ४६ | **धरौटी -** संस्थानले विभिन्न व्यक्तिहरुबाट लिएको धरौटी रकमको व्यक्तिगत धरौटी खाता राख्ने गरेको पाईएन् । गुठी ऐन विपरित हुने गरी धरौटी खाताबाट सोध भर्ना हुने गरी सापटी लिई विनियोजन तर्फ खर्च गरेको देखिन्छ । तसर्थ व्यक्तिको नाम र प्रयोजनको अभिलेख राखी धरौटीको लेखा अद्यावधिक गरी सापटी उपर नियन्त्रण गर्नुपर्दछ। | व्यक्तिको नाम र प्रयोजनको अभिलेख राखी धरौटीको लेखा अद्यावधिक गर्न, सापटी उपर नियन्त्रण गर्न तथा धरौटी रकमको विवरण समितिमा एक महिनाभित्र पेश गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ४७ | **जग्गा उपयोग नीति** - नयाँ गुठी ऐनको मस्यौदा तयार गरी सम्बन्धित मन्त्रालयमा पेश गरेको १ वर्ष भए पनि त्यसले अन्तिम रुप लिएको पाइएन् । | गुठी जग्गाको उपयोग सम्बन्धमा नीति तथा रणनीति तयार गरी प्रभावकारी रुपमा संचालनमा ल्याउन निर्देशन दिने। |
| ४८ | **जग्गाको अतिक्रमण** — गुठीको जग्गा हिनामिना तथा लोप हुने अवस्था देखिएको हुँदा लगत अद्यावधिक गरी जग्गाको संरक्षण गर्नुपर्ने । | गुठीको जग्गा हिनामिना तथा लोप हुने अवस्था देखिएको हुँदा तत्काल लगत अद्यावधिक गरी गराई जग्गाको विस्तृत विवरण तयार गर्न र संरक्षण कार्य अघि बढाउन निर्देशन दिने । |
| | **साझा भण्डार सहकारी संस्था लिमिटेड — २०७५/७६** | |
| ४९ | **सञ्चालन नतिजा** - यो वर्षको नोक्सानी रु. ४३ लाख समेत रु. १ करोड ९३ लाख सञ्चित नोक्सानी रहेको छ । | संस्थाको उद्देश्य अनुरुप सर्वसाधारण जनतालाई सर्वसुलभ रुपमा सामाग्रीहरु उपलब्ध गराउने गरी कार्यक्रम संचालन गर्न र संस्थाको नोक्सानी नियन्त्रण गर्न निर्देशन दिने। |
| ५० | **भाडा** - घरभाडामा लगाई तथा अन्यलाई पेट्रोल पम्प सञ्चालन मात्र गरी उद्देश्य अनुरुपमा अन्य थप कार्य गरेको छैन भने संस्थाको कार्यक्षेत्र पनि विस्तार गरेको छैन् । | संस्थाको ब्यावसायिक योजना बनाई उद्देश्य अनुसार संस्थालाई सञ्चालन गर्न, हाल संचालनमा रहेका पाँच वटै सहकारीहरुको पुनर्संरचना गरी व्यवस्थित गर्न गठित समितिले गरेको कामको विवरण समितिलाई पेश गर्न र संस्थानको स्वामित्वमा रहेका जग्गालाई भाडामा दिएको सम्बन्धमा हालको स्थिति प्रतिवेदन समितिमा पेश गर्न र घर जग्गा बहालको बक्यौता एक महिनाभित्र असुलउपर गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ५१ | **लगानी** - सहकारी लिमिटेडले सहज रुपमा इन्धन उपलव्ध गराउन खोलिएको २ पेट्रोल पम्पको हिसाव छानविन गरी लगानी तथा आम्दानी रकम असुल फछ्र्यौट गरी आम्दानी रकम एकिन गर्नु पर्दछ । | बन्द भएका पेट्रोल पम्पको लिनु दिने पर्ने हिसाब फरफारक गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| | **साझा यातायात सहकारी संस्था लिमिटेड — २०७५/७६** | |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ५२ | **सञ्चालन नतिजा** - संस्था गत वर्षसम्म रु. २० करोड ७५ लाख खुद नोक्सानी रहेकोमा यो वर्ष रु. २४ करोड खुद नोक्सानीमा रहेको । | संस्थामा कार्यरत जनशक्तिको खर्च, सवारी साधनको मर्मतसम्भार तथा संस्थाको समग्र आय र व्यय तथा नोक्सानी कम गर्ने बिषयमा कार्ययोजना बनाएर अगाडि बढ्न तथा मन्त्रालयले बिभिन्न समयमा गरेका त्यस संस्थासँग सम्बन्धित अध्ययनहरुलाई आधार बनाएर आम्दानीको चुहावट रोकी संस्थाको ब्यवस्थापकीय प्रभावकारिता अभिबृद्धि गर्न तथा सबसिडीको लागि बस्तुगत आधारहरु तयार गरी सम्बन्धित निकायमा पेश गर्न निर्देशन दिने । |
| ५३ | **मूल्य अभिबृद्धि कर** - मूल्य अभिबृद्धि कर वापतको रु. ५५ लाख २८ हजार र सोमा लाग्ने ब्याज तथा जरिवाना वापत हुने दायत्व हिसावमा लेखाङ्कन समेत भएको छैन्। बित्तीय विवरणमा उक्त रकम समेत समावेश गर्नु पर्दछ । | संस्थाको मूल्य अभिबृद्धि करमा दर्ता हुनुभन्दा अगाडिको बक्यौता करलाई मिलान गरी राफसाफ गर्न निर्देशन दिने । |
| ५४ | **शंकास्पद असामी** - असूल गर्नुपर्ने असामी, पेश्की तथा धरौटी विगतदेखि असुल नभएको सम्बन्धमा छानविन गरी हिसाव एकिन गर्नुपर्ने साथै शंकास्पद देखिएको असुली रकमलाई नाफा नोक्सान हिसावमा खर्च लेखी आवश्यक ब्यवस्था गरेको छैन् । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५५ | **दायित्व रकम** —संस्थाको स्वामित्वमा रहेको जग्गा तथा भवनको एकीकृत कर विगतदेखि भुक्तानी नगरेकोमा सो करबापतको रकमसमेत दायित्व लेखाङ्कन गरेको नदेखिएकोले प्रचलित कानूनको पालना गरी हिसाव यकिन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |

## प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७५ उपर मिति २०७७/०३/२१ र २२ गते भएका छलफलका निर्णयहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १ | **आवधिक योजनाः** आवधिक योजनामा उल्लिखित कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्ने । | मालपोत तथा नापी कार्यालयको कामलाइ डिजिटलाइजेसन गर्ने कार्य निर्धारित समयमा सम्पन्न गर्न निर्देशन दिने । |
| २ | **नीति कार्यान्वयनः** भू-उपयोगको कार्य क्षेत्र वर्गीकरण १ देखि ३ वर्षभित्र तयार गर्ने समयावधि तोकिएकोमा लक्ष्यअनुसार नक्सा तयार गर्न सकेको छैन । अतः नीतिमा उल्लेख भएअनुसार कार्यक्रम कार्यान्वयन नभएको । | स्थानीय तहको भूउपयोग नक्सा डाटा तयार गरी सबै स्थानीय तहहरूमा चालू आ.व. भित्र हस्तान्तरण गर्न निर्देशन दिने । |
| ३ | **सेवा प्रवाहः** | *** |
| ३.१ | पाँच मालपोत कार्यालयमा रजिष्ट्रेसन पारित गर्नको लागि अनलाइन प्रणालीबाट काम भए तापनि व्यवस्थित हुन सकेको छैन । सेवा प्रवाहमा प्रभावकारिता देखिएको छैन । | दरवन्दी अनुसारको कर्मचारीहरूको तत्काल पूर्ति गरी कर्मचारीहरूमा सूचना प्रविधिको प्रयोगमा दक्षता अभिबृद्धी गर्न निर्देशन दिने । |
| ३.२ | विभागले कम्प्युटर, प्रिन्टर, स्क्यानरलगायतका उपकरण मातहत कार्यालयहरुमा पठाउने गरी रु.१ करोड ३५ लाख ७६ हजारमा खरिद गरेकोमा सेवाप्रवाह गर्ने निकायमा हस्तान्तरण नगरेकोले सेवा प्रवाहमा | हस्तान्तरणा गरेको विवरण समितिलाई उपलब्ध गराउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | असर परेको छ । | |
| ३.३ | समयमा जग्गासम्बन्धी मुद्दाहरु फछ्यौंट हुन नसकेको कारणबाट सेवाग्राहीको चापअनुसार सेवा प्रवाह हुन नसक्दा सेवा प्रवाहमा दक्षता र प्रभावकारिता आउन सकेको छैन। | धेरै पुराना कागजातहरू डिजिटलाइजेसन गर्न, हालसाविक जग्गा विवादका मुद्दाहरू निर्धारित समयमै फछ्यौंट गर्न निर्देशन दिने । |
| ३.४ | जग्गा रेखाङ्कनका लागि निवेदन दर्ता भएकोमा न्यून निवेदनको मात्र कारबाही टुङ्गिएको छ । यसरी राजस्व लिइसकेको अवस्थामा समेत जग्गा रेखाङ्ककनको लागि दर्ता भएको निवेदन उपर समयमा कारबाही भएको देखिँदैन । | जग्गा रेखाङ्कन कार्यलाई सहज वनाउँदै फिल्डमा खटिएका कर्मचारीको प्रतिवेदनका आधारमा तामेली गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ३.५ | एक व्यक्तिको जग्गा अर्को व्यक्तिको साँध सीमानाभित्र रहने गरेको अवस्था रहँदा विगतदेखि जग्गा साँध सीमाना, स्वामित्व, स्वरुप र क्षेत्रफलसम्बन्धी मुद्दा बढ्दै गएको। आधुनिक प्रविधिको प्रयोग गरी जग्गा प्रशासनमा सुधार हुनुपर्दछ | अनिवार्य रूपमा फिल्ड निरीक्षण गरी नक्सासँग तुलना गरी कित्ताकाट गर्ने व्यवस्था मिलाउन, र आधुनिक प्रविधिको प्रयोग गरी जग्गा प्रशासनमा सुधार गर्न निर्देशन दिने । |
| ३.६ | हाल नयाँ नापजाँच गर्ने, हाल साविक तथा पुनर्नापी गरी जग्गाको अभिलेख भू सूचनामा अभिलेख राखिँदै आएकोमा हालसम्म पनि नापी कार्य टुङ्गाएको पाइएन । अतः कार्यालयले माथि उल्लिखित लगायतका विषयमा सुधार तथा दर्ता भएका निवेदनको समयमै टुङ्गो लगाई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ। | नापनक्सा गर्ने कार्यलाई प्रभावकारी वनाई सेवा प्रवाह चुस्त बनाउन आवश्यक निर्देशन दिने । |
| ४ | **व्यवस्थित बसोबासः** व्यवस्थित बसोबास कार्यक्रममा यो वर्ष तलब, भत्तालगायतमा रु.२ करोड २७ लाख र ३५ जिल्लाका समितिबाट रु.६ | सरकारको निर्णयद्वारा आयोग खारेज भएको हुँदा केहीगर्न नपर्ने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | करोड ३८ लाख ६७ हजारसमेत रु.८ करोड ६५ लाख ६७ हजार खर्च भएकोमा उक्त कार्यक्रम लागू नहुँदै आयोग खारेज हुँदा खर्चको औचित्य पुष्टि हुने देखिएन । | |
| ५ | **हलिया तथा मुक्त कमैया पुनर्स्थापना** - सरकारले घोषणा गरेका नीति तथा कार्यक्रम कार्यान्वयन नभएकोले अपेक्षित सेवा प्राप्त गर्न नसकेको र वर्षौंसम्म समस्या समाधन हुन नसकेको अवस्थामा सुधार गर्नुपर्दछ । | वित्तीय हस्तान्तरण तथा स्थानीय तहबाट पुनस्थापना कार्य सुरूभएको भएता पनि मन्त्रालयबाट अनुगमन गर्न निर्देशन दिने । |
| ६ | **राष्ट्रिय भू—उपयोग आयोजनाः** हालसम्म भू—उपयोग नक्सा एक स्थानीय तहमा मात्र हस्तान्तरण गरेको छ । उक्त नक्साहरु स्थानीय तहमा हस्तान्तरण गरी उपयोगमा ल्याउनुपर्दछ। | सबै स्थानीय तहका भूउपयोग नक्सा तथा तथ्यांक तयार गरी चालू आ.व. भित्र हस्तान्तरण गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ७ | **सरकारी जग्गाको भोगाधिकारः** लिजमा परिणत भएको जग्गाको विवरण र नेपाल सरकारको नाममा यथावत् कायम रहेको जग्गाको विवरण प्राप्त भएन। लिजमा परिणत गर्न प्राप्त निवेदनमा कुनै कारबाही भएको देखिएन। सरकारी जग्गा अभिलेख अद्यावधिक गर्नुपर्दछ। | भोगाधिकारमा दिएको जग्गा तोकिएको मिति भित्र लिजमा नलिएमा सम्झौता रद्द गर्न र सरकारी जग्गा अभिलेख अद्यावधिक गर्न निर्देशन दिने। |
| ८ | **हदबन्दी जग्गा** — हदबन्दीभन्दा बढी जग्गाको उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्ने । | हदबन्दीभन्दा बढी जग्गाको उपयोग सम्बन्धमा अनुगमन प्रणालीलाइ प्रभावकारी वनाइ लागू गर्न निर्देशन दिने । |
| | **भूमि व्यवस्थापन तथा अभिलेख विभाग** | |
| ९ | **सरकारी जग्गा** — सरकारी जग्गा व्यक्तिको नाममा हस्तान्तरण गर्न सिफारिस गर्ने स्थानीय तह,कित्ताकाट गर्ने नापी कार्यालय र लिखत पारित गर्ने मालपोत कार्यालयलाई जिम्मेवार बनाई तद्नुरुप व्यक्तिमा गएको ४० | मालपोत कार्यालय, रौतहटबाट व्यक्तिको नाममा गएको सरकारी जग्गा बदर गर्न र सरकारी जग्गा व्यक्तिको नाममा कायम गरी विक्रि वितरणमा सहयोग गर्ने तथा लिखत पारित गर्नेसम्मलाई कानुनी कारवाही गरी तीन |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | बिगाहा २ कठ्ठा १० धुर जग्गा बदर गरी नेपाल सरकारको नाममा कायम हुनुपर्दछ । | महिना भित्र समितिमा जानकारी गराउन निर्देशन दिने । |
| १० | **राजस्व बाँडफाँड** – यो वर्ष मालपोत कार्यालय, बारा, पर्सा, लेखनाथ, टोखालगायत १०३ कार्यालयले परिपत्रअनुसार बाँडफाँड नगरी रु.३ अर्ब ४७ करोड १५ लाख कार्य सञ्चालन कोषमा रहेको विभागबाट प्राप्त आर्थिक विवरणमा उल्लेख छ । उक्त रकम नियमानुसार बाँडफाँड गरी संघीय तथा अन्य सञ्चित कोषमा दाखिला गर्नुपर्दछ । | बाँडफाँड भइसकेको जवाफ प्राप्त भएकोले केही गर्नु नपर्ने । |
| ११ | **जग्गाको मूल्याङ्कनः** जग्गाको न्यूनतम मूल्याङ्कनसम्बन्धी अवधारणाअनुसार मूल्य निर्धारण समितिले न्यूनतम मूल्याङ्कन कायम गर्दा मूल्याङ्कनको आधार खुलाएको पाइएन । यसले सरकारलाई प्राप्त हुने राजस्वमा असर परेको छ। यस्तै भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगरमा मुआव्जा वितरण र जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिका तयार गर्दा ११ गुणा फरक पर्ने गरी मूल्य कायम गरेकोले रु.१ करोड ५१ लाख राजस्व घटी असुल भएको छ। | काठमाडौं उपत्यकाको चक्रपथ वरिपरिको जग्गाको मूल्याङ्कनमा एकरुपता कायम गर्दै जग्गाको मूल्याङ्कनमा वैज्ञानिक पद्दति अपनाउन र घटी राजश्व सम्बन्धमा छानविन गरी असुल उपर गर्न निर्देशन दिने । |
| १२ | **अधिक कित्ताकाटः** | *** |
| १२.१ | सीमित व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई मात्र कित्ताकाट गरी बिक्री वितरण गर्न अनुमति दिनु मनासिब देखिएन। | अनधिकृत रूपमा सीमित व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई मात्र कित्ताकाट गरी बिक्री वितरण गर्न अनुमति दिएको सम्बन्धमा छानविन गरी दोषीलाई कानुनी कारबाही गरि तीनमहिना भित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १२.२ | अंशबण्डाबाट कित्ताकाट गरी तेस्रो पक्षलाई घडेरीको रुपमा बिक्री वितरण गर्ने गरेको देखिएको छ । अंशवण्डा गरेपछि निसर्ग गरेको अभिलेख राखी प्रचलित व्यवस्थाको पूर्ण कार्यान्वयन गर्नुपर्दछ । | अंशवण्डा गरेपछि निसर्ग गरेको अभिलेख राखी प्रचलित व्यवस्थाको पूर्ण कार्यान्वयन गर्न गराउन निर्देशन दिने । |
| १२.३ | मालपोत तथा नापी कार्यालय, कलंकीबाट मच्छेगाउँ ९ ख को कित्ता नं. ७४ को जग्गा २०७४।८।५ मा कित्ताकाट गरी कित्ता नं.९६६ देखि ९७४ सम्म कायम भएकोमा सोही कित्ता जग्गा पुनः कित्ताकाट भई कि.न.९८२ देखि ९८८ सम्म कायम हुन आएको देखिन्छ । त्यसैगरी भीमढुङ्गा ६ग को कित्ता नं.३१३ को जग्गा २०७४।१२।३० मा कित्ताकाट भई ३३३ देखि ३४० सम्म विभिन्न व्यक्तिहरुको नाममा कायम भएको देखिन्छ । | छानविन गरी दोषी देखिएमा सम्बन्धित पदाधिकारीलाई कानुनी कारबाही गरी तीन महिना भित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| १२.४ | मालपोत तथा नापी कार्यालय ललितपुरबाट गोदामचौर ३ग को कित्ता नं.२७४ को जग्गा २०७४।११।१३ मा कित्ता काट भई ८५८ देखि ८६२ सम्म कायम भएको देखिन्छ । कित्ता नं.१४० सोही मितिमा कित्ताकाट भई ८६३ देखि ८६९ सम्म कायम भएको देखिन्छ । कित्ता नं.३६६ कित्ताकाट भई कित्ता नं. ८७० देखि ८७८ सम्म कायम भएकोमा कित्ता नं.८७८ कित्ताकाट भई कित्ता न.८८३ र ८८४ कायम भई अधिक संख्याको कित्ताकाट भएको देखिन्छ । | छानविन गरी दोषी देखिएमा सम्बन्धित पदाधिकारीलाई कानुनी कारबाही गरी तीन महिना भित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| १३ | **राजस्व दाखिला** - सम्बन्धित निकायबाट आवश्यक छानबिन गरी घटी राजस्व दाखिलाको सम्बन्धमा जिम्मेवार पदाधिकारीलाई आवश्यक कारबाही | जिम्मेवार पदाधिकारीलाई आवश्यक कारबाही गरी असुल उपर गरी राजश्व दाखिला गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | गरी असुल गर्नुपर्दछ । | |
| १४ | **आयकर दाखिलाः** कारोबार सहितको आय विवरण आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने अन्यथा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम ३५ प्रतिशतले हुने कर रु.४८ करोड ३६ लाख ८२ हजार असुल गर्नुपर्दछ । | सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेस भए नभएको एकिन गरी नभएको पाइएमा ३५ प्रतिशतले लाग्ने कर रु.४८ करोड ३६ लाख ८२ हजार असुल उपर गर्न निर्देशन दिने । |
| १५ | **संस्थागत अग्रिम करः** मालपोत कार्यालय डिल्लीबजार, ललितपुर, कलंकी, भक्तपुर, वीरगन्ज, नवलपरासी र मनमैंजुले ३५ करोड ७५ हजारको निसर्गमा रु.४ करोड ११ लाख ८८ हजार अग्रिम कर असुल नगरेकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ । | अग्रिम कर असुल नगरेको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई उल्लिखित अग्रिम कर असुल गर्न गराउन निर्देशन दिने । |
| १६ | **घटी राजस्व असुलीः** घटी राजस्व तिर्ने प्रवृतिमा नियन्त्रण गरी घटी भएको राजस्व असुल गर्नुपर्दछ । | घटी राजस्व तिर्ने प्रवृतिमा नियन्त्रण गरी उल्लिखित घटी भएको राजस्व सम्बन्धमा छानविन गरी असुल उपर गर्न निर्देशन दिने । |
| १७ | **पुँजीगत लाभकर** | *** |
| १७.१ | घटी पुँजीगत लाभकर लिएकोले कार्यालय प्रमुखलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ । | घटी पुँजीगत लाभकर लिएको सम्बन्धमा छानविन गरी कार्यालय प्रमुखलाई जिम्मेवार बनाई वेरूजु रकम असुल उपर गर्न गराउन निर्देशन दिने । |
| १७.२ | प्रमाणबेगर छुट दिएको पुँजीगत लाभकर सम्बन्धमा छानबिन गरी २.५ प्रतिशतले लाग्ने पुँजीगत लाभकर असुल गर्नुपर्दछ । | प्रमाण वेगर छुट दिएको पुँजीगत लाभकर वेरूजु रकम छानविन गरी असुल उपर गर्न निर्देशन दिने । |
| १७.३ | पुँजीगत लाभकर छुट दिएकोले २.५ प्रतिशतले हुने रु.४ लाख ५३ हजार असुल गर्नुपर्दछ । | उल्लिखित पुँजीगत लाभकर असुल उपर गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| १७.४ | पुँजीगत लाभकरसमेत घटी राजस्व असुल भएको हुँदा सम्बन्धित | घटी थैली अङ्क कायम गरी लिखत पारित गर्ने र घरबाटोको गलत |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | पदाधिकारीलाई जिम्मेवार वनाई छुट राजस्व असुल गर्नुपर्दछ । | सिफारिस गर्ने पदाधिकारीलाई छानविन गरी कानुनि कारबाही गर्न र छुट भएको राजस्व असुल गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| १७.५ | पुँजीगत लाभकर असुल गर्नुपर्ने । | ऐनअनुसार असुल गर्नु पर्ने पुँजीगत लाभकर असुलउपर गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| १७.६ | पुँजीगत लाभकर छुट भएकोले छानबिन गरी असुल गर्नुपर्दछ । | छुट भएको पुँजीगत लाभकर छानविन गरी असुलउपर गर्न र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| १७.७ | पुँजीगत लाभकर छुट भएको देखिँदा सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ । | छानविन गरी छुट भएको पुँजीगत लाभकर असुल उपर गर्न र सम्बन्धित पदाधिकारीलाई दोषी देखिएमा कानुनी कारबाही गर्न निर्देशन दिने । |
| १८ | **घटी थैलीः** एकपटक कायम भएको थैली रकमलाई घटाउन नमिल्ने व्यवस्था छ । मालपोत कार्यालय डिल्लीबजारका ६ निसर्गकर्ताले एकपटक कायम भैसकेको थैली रकमभन्दा रु.४१ लाख ७३ हजार घटाई निसर्ग गरेको हुँदा घटी थैली रकमको रजिष्ट्रेसन दस्तुर रु.९ लाख २३ हजार र पुँजीगत लाभकर रु.९ लाख १७ हजारसमेत रु.१८ लाख ४० हजार र मनमैंजुको रु.६२ लाख १८ हजारमा रजिष्ट्रेसन दस्तुर रु.२ लाख ४४ हजारसमेत जम्मा रु.२० लाख ८४ हजार राजस्व घटी असुल भएको। | उल्लिखित घटी असुल भएको राजस्व सम्बन्धमा छानविन गरी असुल उपर गर्न र सम्बन्धित पदाधिकारीलाई दोषी देखिएमा कानुनी कारबाही गर्न निर्देशन दिने। |
| १९ | **पुँजीगत लाभकरमा सुविधाः** भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा भन्दा बढी जग्गाको मूल्यमा समेत पुँजीगत लाभकर छुट दिएको कारण रु.४४ करोड ८६ लाख ७५ हजारको जग्गा निसर्गमा २.५ प्रतिशतका | उल्लिखित रकम असुल उपर गरि समितिलाई जानकारी दिन निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | दरले हुने पुँजिगत लाभकर रु.१ करोड १२ लाख १६ हजार छुट भएको छ । | |
| २० | **खर्च कट्टीको प्रमाणः** मालपोत कार्यालय ललितपुर, डिल्लीबजार, कलंकी, चाबहिल, वीरगन्ज, मनमैजु, टोखा, र टीकापुर समेतका ८२ निसर्गकर्ताको जग्गा तथा घर बिक्रि गर्दा खरिद खर्च दाबी गरेको रू.५८ करारड ६२ लाख ४७ हजारको खर्चको प्रमाण पेश नगरेकोले पुँजीगत लाभकर रू.१ करोड ९५ लाख ४६ हजार असुल गर्नुपर्ने । | पुँजीगत लाभकर असुल उपर गरि समितिलाई जानकारी दिन निर्देशन दिने। |
| २१ | **घरको लागत खर्च कट्टीः** घर खरिद गर्दाको लिखतमा उल्लिखित मूल्यमात्र खर्चमा कट्टी गर्न पाउनेमा स्थानीय तहको सिफारिसबमोजिमको घरको मूल्यसमेत घटाई दोहोरो खर्च घटाएको हुँदा खरिद लागतभन्दा बढी तथा दोहोरो दाबी गरेको पुँजीगत लाभकर असुल गर्नुपर्दछ । | पुँजीगत लाभकर असुल उपर गरि समितिलाई जानकारी दिन निर्देशन दिने। |
| २२ | **दर्ताफारीको लिखतमा लाभकरः** असुल गर्न छुट भएको पुँजीगत लाभकर सम्बन्धित पदाधिकारीलाई जिम्मेवारी बनाई असुल गर्नुपर्दछ । | उल्लिखित घटी असुल भएको पूँजीगत लाभकर सम्बन्धमा छानविन गरी असुल उपर गर्न र सम्बन्धित पदाधिकारीलाई दोषी देखिएमा कानुनी कारबाही गर्न निर्देशन दिने । |
| २३ | **सम्बद्ध व्यक्तिबीचको कारोबारः** कुनै समयमा एउटा समूहमा पर्ने सम्पत्ति सोको प्रयोग अन्य प्रयोजनको लागि प्रयोग हुन थालेमा सो सम्पत्ति सोही समयमा निःसर्ग भए सरह हुने व्यवस्था रहेको छ । | |
| २३.१ | दुई दिनको अवधिमा रु.३० करोड २६ लाख बढीमा अन्यत्र सम्बद्ध पक्षलाई बिक्री गर्दा १० प्रतिशतले हुने पुँजीगत लाभकर छुट हुने अवस्था | उल्लिखित घटी असुल भएको राजस्व सम्बन्धमा छानविन गरी असुल उपर गर्न र सम्बन्धित पदाधिकारीलाई दोषी देखिएमा कानुनी कारबाही गर्न |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
| --- | --- | --- |
| | रहेको देखियो । | निर्देशन दिने । |
| २३.२ | भए गरेका कारोबारबाट कर दायित्वमा पर्ने असर यकिन गर्नुपर्ने । | सरकारी मूल्यांकनको आधारमा नभइ कारोबारको आधारमै पुँजिगत लाभकर असुलउपर गर्न र सरकारी मूल्यांकनलाइ समय सापेक्ष बनाउदै लैजान निर्देशन दिने । |
| | **नापी विभाग** | |
| २४ | **लक्ष्य प्रगतिः** वार्षिक लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ । नापी कार्यालयमा क्षतिपूर्तिसहितको बडापत्र लागू गर्ने लक्ष्य रहेकोमा ५० नापी कार्यालयमा मात्र लागू गरेको छ । | लक्ष्यअनुरुप सबै नापी कार्यालयमा क्षतिपूर्तिसहितको बडापत्र लागू गर्न निर्देशन दिने । |
| २५ | **सेवा प्रवाह** – सेवा सुविधा सुधारको लागि टोकन प्रणाली लागू गर्ने, अनलाइन सेवा शुरु गर्ने, जग्गाको अत्यधिक खण्डीकरण रोक्न भू—उपयोग नीतिको आधारमा नयाँ कित्ताकाट गर्ने, नयाँ र पुनः जाँच गरी जग्गाको हालसाविक गर्ने कार्यमा तीव्रता दिने र स्वचालित प्रविधिको उपयोगमा बढावा दिई जनअपेक्षाअनुसारको सेवा प्रवाह गर्न सम्बन्धित निकायको ध्यान जानुपर्ने देखियो । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २६ | **काजः** जग्गा कित्ताकाट सम्बन्धी कार्य जनतासँग प्रत्यक्ष सरोकार रहने क्षेत्र रहेकोमा वर्षभरि नै कार्यालय प्रमुख अनुपस्थित रहँदा सेवा प्रवाहमा असर परेको छ । | अब आइन्दा लामो समय काजमा नराखी ऐनको व्यवस्था अनुसार गर्न निर्देशन दिने । |
| २७ | **दरबन्दी तथा पदपूर्तिः** मुख्य प्राविधिक जनशक्ति रिक्त रहँदा सेवा प्रवाहमा असर पर्न गएको छ । | संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्न र आवश्यक दरवन्दी समयमै पदपूर्ति गरेर सेवा प्रवाह प्रभावकारी बनाउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | **सहकारी तथा गरिबी निवारणतर्फ** | |
| २८ | **समन्वयः** गरिबी निवारणसम्बन्धी भए गरेका कार्यहरुको एकीकृत उपलब्धि विवरण पेस नभएको, गरिबी निवारणसम्बन्धी कार्य विभिन्न निकायबाट हुने गरेकोले कार्यक्रममा दोहोरो पर्ने देखिएको हुँदा कार्यक्रम सञ्चालन गर्ने निकायबीच समन्वय हुनुपर्दछ । | गरिबी निवारणसम्बन्धी कार्यहरू संचालन गर्दा अन्य निकाय संग समन्वय गरी दोहोरो नपर्ने गरी गर्न निर्देशन दिने । |
| २९ | **समस्याग्रस्त सहकारी संस्थाः** समस्याग्रस्त सहकारी संस्थामा रहेको सर्वसाधारणको बचत, सदस्यहरुको सेयर, नेपाल सरकारलाई बुझाउनुपर्ने कर, बैङ्क तथा वित्तीय संस्थाको कर्जा, अपार्टमेन्ट बुकिङकर्ताले बुझाएको रकमको छानबिन गरी रकम फिर्ता गरेको छैन । समस्याग्रस्त सहकारी संस्था र सोको दायित्व सम्बन्धमा उचित निर्णय गरी समस्या समाधान गर्नुपर्दछ । | तीन महिना भित्र समस्याग्रस्त सहकारी संस्थामा रहेको सर्वसाधारणको बचत, सदस्यहरुको सेयर, नेपाल सरकारलाई बुझाउनुपर्ने कर, बैङ्क तथा वित्तीय संस्थाको कर्जा, अपार्टमेन्ट बुकिङकर्ताले बुझाएको रकमको छानबिन गरी कानुनी कारबाही गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३० | **सेयर, निक्षेप तथा लगानी सुरक्षाः** सहकारी संस्थाहरुमा रहेको सेयरपुँजी, निक्षेप तथा लगानीको सुरक्षाको लागि बीमालगायतका सुरक्षा उपायहरुको अवलम्बन गरी न्यून आय भएका वर्गको सेयर पुँजी, निक्षेप तथा लगानीलगायतको रकम सुरक्षित बनाउनुपर्दछ । | सहकारी संस्थाहरुमा रहेको सेयरपुँजी, निक्षेप तथा लगानीको सुरक्षाको लागि एकै प्रकारका कार्यप्रकृति रहेका सहकारी वीच मर्जर नीति, बीमा, प्रभावकारी अनुगमन लगायतका जोखिम न्यूनीकरणका विभिन्न सुरक्षा उपायहरुको अवलम्बन गरी न्यून आय भएका वर्गको सेयर पुँजी, निक्षेप तथा लगानीलगायतको रकम सुरक्षित बनाउन छुट्टै नियमनकारी निकायको स्थापना गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ३१ | **सञ्चालक फरारः** विभागले सहकारी संस्थाहरुमा निक्षेप सङ्कलनकर्ता र बचतकर्ताहरुको सेयर तथा निक्षेप रकमको सुरक्षाका उपाय अवलम्बन गरी भगौडा सञ्चालकको खोजी गरी प्रचलित कानुनबमोजिम दण्डित तथा | तीन महिना भित्र भगौडा सञ्चालकको खोजी गरी प्रचलित कानुनबमोजिम कारबाही गर्न र हिनामिना रकम असुलउपर गर्नेतर्फ कारबाही समितिलाई जानकारी दिन तथा अनुगमन प्रभावकारी वनाउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | हिनामिना रकम असुल गर्नेतर्फ कारबाही हुनुपर्ने भनी गत प्रतिवेदनमा उल्लेख गरेकोमा हालसम्म कानुनी कारबाही गरेको देखिएन । | |
| ३२ | **अनुगमन तथा मूल्याङ्कनः** सहकारी संस्थाबाट रकम हिनामिना हुने गरेको, संस्थागत वित्तीय सुशासनको अभाव रहने गरेको, सहकारी संघ, संस्था दर्ता र सञ्चालन स्थितिको अनुगमन कार्य प्रभावकारी हुन नसकेकोले अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी बनाउनुपर्दछ। | आधारभूत तहका जनताको स-सानो पुँजी वचत रहने सहकारी संस्थाको अनुगमन तथा मूल्याङ्कन कार्यलाई आवश्यक नीतिगत व्यवस्था तथा जनशक्ति सहित प्रभावकारी वनाउन निर्देशन दिने । |
| | **सरकारी र सार्वजनिक जग्गाको उपयोग तथा संरक्षण** | |
| ३३ | **नापी र केन्द्रीय अभिलेखः** सम्पूर्ण जग्गा नापी गरी केन्द्रीय अभिलेख तयार नहुँदा देशमा रहेको कुल जग्गामध्ये सरकारी जग्गा र सार्वजनिक जग्गाको यथार्थ अवस्था जानकारी हुने अवस्था छैन । नेपाल सरकारको नाममा रहेका सम्पूर्ण सरकारी तथा सार्वजनिक जग्गाको नाप नक्सासहितको केन्द्रीय अभिलेख तयार गर्नुपर्दछ । | नेपाल सरकारको नाममा रहेका सम्पूर्ण सरकारी तथा सार्वजनिक जग्गाको नाप नक्सासहितको केन्द्रीय अभिलेख तयार गर्न निर्देशन दिने । |
| ३४ | **लिजको अभिलेखः** भोगाधिकारमा उपलब्ध गराएका सम्पूर्ण सरकारी जग्गा लिजमा परिणत गरी सोको यथार्थ अभिलेख तयार गर्नुपर्दछ । | तीन महिना भित्र भोगाधिकारमा उपलब्ध गराएका सम्पूर्ण सरकारी जग्गा लिजमा परिणत गरी सोको यथार्थ अभिलेख तयार गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३५ | **जग्गा अतिक्रमणः** नेपाल सरकारले अतिक्रमण भएका जग्गाको पहिचान गरी अभिलेख अद्यावधिक राख्ने प्रणाली तयार गरेको देखिएन । अतिक्रमण भएका जग्गाको एकीकृत तथ्याङ्क नहुँदा अतिक्रमित जग्गाको वास्तविक परिमाण यकिन हुन सकेन । अनुगमन एवं निरीक्षण कार्य प्रभावकारी | भू-उपयोग नीतिले परिकल्पना गरेअनुसार संयन्त्र यथासिध्र वनाउन, अनुगमन तथा निरिक्षण प्रभावकारी बनाई अतिक्रमण भएको जग्गाको लगत सङ्कलन, अद्यावधिक एवं फिर्ता गरी सरकारी एवं सार्वजनिक जग्गाको संरक्षण गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | भएको छैन । | |
| ३६ | **जग्गा भाडाः** विभिन्न निजी तथा अन्य संघ संस्थाहरुलाई भाडामा लगाउँदै आएकोमा २०७४।७५ को अन्त्यसम्म रु.४ करोड २५ लाख बक्यौता रहेको देखिन्छ । परिषदलाई संरक्षण तथा भोगचलनको लागि प्राप्त सरकारी जग्गा लिजमा परिणत गरी व्यवस्थापन गर्नुपर्दछ । | परिषदलाई संरक्षण तथा भोगचलनको लागि प्राप्त सरकारी जग्गा एक महिना भित्र लिजमा परिणत गरी व्यवस्थापन गर्न र बक्यौता उठाई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| | **गुठी जग्गाको उपयोग** | |
| ३७ | **जग्गाको अभिलेख तथा संरक्षणः** केही वर्ष पहिले वैदेशिक सहायताबाट सञ्चालित परियोजनाले अभिलेखलाई माइक्रोफिल्म र डिजिटाइजेसन गर्न सहयोग गरे तापनि तत्पश्चात सोको निरन्तरता र जगेर्नामा संस्थानले पर्याप्त ध्यान दिनसकेको छैन । लगतहरुको संरक्षण गर्न नसकेमा गुठी सम्पत्तिको नाश हुने र अतिक्रमण हुने सम्भावनातर्फ संस्थानको ध्यान जानुपर्दछ । | गुठी जग्गाको अभिलेख अद्यावधिक गर्न, केन्द्रीय लगत तथा अभिलेख शाखा कार्यालय, भद्रकाली काठमाडौंमा रहेका पुराना लालमोहर, सनद, सवाल, ताम्रपत्र, लगत, मोठ, स्रेस्तालगायतका अभिलेख संरक्षण गर्न आवश्यक व्यवस्था मिलाउन निर्देशन दिने । |
| ३८ | **जग्गा उपयोग नीतिः** नीति तथा रणनीति तयार गरी प्रभावकारी रुपमा कार्य सञ्चालन गर्नुपर्दछ । | गुठी जग्गाको उपयोग सम्बन्धमा दीर्घकालीन तथा अल्पकालीन नीति तर्जुमा गर्न र सोहि अनुसार रणनीति तयार गरी प्रभावकारी रुपमा कार्य सञ्चालन गर्न गराउन निर्देशन दिने । |
| ३९ | **जग्गाको पहिचान र उपयोगः** | *** |
| ३९.१ | काठमाडौंको बबरमहलस्थित केदारेश्वर महादेव गुठी तैनाथी कि.नं. १८४, सिट नं. ११४५-२० को २ रोपनी १४ आना क्षेत्रफलको जग्गा अतिक्रमण, राष्ट्रिय युवा परिषद्लाई बिक्री गर्नको लागि पत्राचार तथा मूल्याङ्कन समेत भएको जग्गा बिक्री नभएको, जग्गाको उत्तरतर्फ स्थानीय | उल्लिखित अतिक्रमण भएको जग्गाको तत्काल संरक्षण गरी व्यवस्थापन गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | बासिन्दाले निजी प्रयोजनका लागि बाटो खोलेको, जग्गाको पूर्व दक्षिण भागको जग्गा अतिक्रमण गरी २-३ टहरा बनाएको। | |
| ३९.२ | काठमाडौं कमलादी गणेश मन्दिर परिसरमा संस्थानको स्वामित्वको सत्तल जीर्ण भएको, सत्तलको भुँईतलामा ८ पसल सञ्चालनमा रहेको र सोको माथिल्लो तलामा विभिन्न व्यक्तिहरु बसोबास गरेको, पसलहरु संस्थानले बहालमा लगाएको भए तापनि संस्थानलाई अत्यन्त न्यून रकम प्राप्त भएको। | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३९.३ | गुठी जग्गाहरुको उपयोग गर्नका लागि स्पष्ट कार्ययोजना सहित संस्थान अगाडि बढ्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ४० | **जग्गाको अतिक्रमण** | *** |
| ४०.१ | बृहत्तर जनकपुरक्षेत्र विकास परिषद्को १ हजार १८८ कित्ता जग्गा अतिक्रमणमा परेको उल्लेख छ । दाङको नारायणपुरमा रहेको करिब १५७ रोपनी जग्गा अतिक्रमणमा परेको, काठमाडौं उपत्यकाभित्र पनि जग्गा अतिक्रमण भएको जानकारी प्राप्त भएको । | अतिक्रमित भएका जग्गाको छानविन गरी संरक्षणको व्यवस्था मिलाई तीन महिना भित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ४०.२ | अतिक्रमण हटाउने सम्बन्धमा संस्थानले पुनः निर्णय गरेतापनि हटाउन सकेको छैन । | तत्काल घर टहरा हटाइ जग्गाको संरक्षण गर्न निर्देशन दिने । |
| ४०.३ | स्थानीय वासिन्दाले संस्थानको स्वीकृति बेगर मोटरबाटो खोलेको, विभिन्न व्यक्तिहरुको व्यवसायिक प्रयोजनको लागि टहरा बनाएको र एक ग्रिल | तत्काल अनधिकृत बनेका टहरा तथा ग्रिल उद्योग लगायत हटाइ जग्गा संरक्षण गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | उद्योग संचालन गरेको देखियो । | |
| ४०.४ | गुठी संस्थानको मुख्य समस्याको रुपमा जग्गा अतिक्रमण रहेको हुँदा त्यसलाई समाधान गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने । | व्यापारिक प्रयोजनार्थ उपयोग गरेको र मन्दिरका सत्तलहरुमा बसोबास गरेको स्थानबाट स्थानिय प्रशासनसँगको समन्वयमा अतिक्रमण हटाउन र पुनः अतिक्रमण नहुने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ४१ | **जग्गा भोगाधिकारः** जग्गा कीर्ते गरी व्यक्तिको नाममा नामसारी गरेको भन्ने उजुरी संस्थानमा धेरै अगाडि परेतापनि संस्थानले प्रभावकारी कदम चाल्न नसकेकोले यससम्बन्धमा छानबिन गरी गुठीको जग्गा फिर्ता गर्नुपर्दछ । | तत्काल छानविन गरी जग्गा गुठीको नाममा फिर्ता गर्न र दोषीलाई कानुनी कारबाही गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ४२ | **स्वीकृति विना उपयोगः** | *** |
| ४२.१ | आर्थिक वर्ष २०७४।७५ को मूल्याङ्कन अनुसार रु.१ करोड २३ लाख संस्थानलाई बुझाउनुपर्नेमा संस्थानले उक्त रकम प्राप्त नगरेको । | एक महिना भित्र असुल उपर गरी समितिलाई जानकारी दिने निर्देशन दिने । |
| ४२.२ | रकम उपलब्ध गराउन संस्थानले पटक पटक अर्थ मन्त्रालयलाई पत्राचार गरेकोमा हालसम्म उक्त रकम प्राप्त भएको छैन | तीन महिना भित्र संस्थानलाई रकम उपलब्ध गराई विधिवत् रुपमा जग्गा नामसारी गर्ने कार्य गर्न निर्देशन दिने । |
| ४३ | **बक्यौताः** जग्गाबाट प्राप्त हुनुपर्ने कुत, मालपोत, शेष कसर आम्दानीको एकीकृत विवरण तयार गरी जग्गाबाट प्राप्त हुने रकमको व्यवस्थित अभिलेख राख्नुपर्दछ । साथै बक्यौता रकम उठाउनेतर्फ संस्थानले प्रभावकारी भूमिका निभाउनुपर्ने । | जग्गाबाट प्राप्त हुनुपर्ने कुत, मालपोत, शेष कसर आम्दानीको एकीकृत विवरण तयार गरी जग्गाबाट प्राप्त हुने रकमको व्यवस्थित अभिलेख राख्न निर्देशन दिने । |
| ४४ | **लगानीः** संस्थान रकम उपयुक्त क्षेत्रमा लगानी गर्न कानूनी व्यवस्था, नीति | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | र योजना बनाएको पाइएन । अतः अक्षयकोषको रकम सदुपयोग गर्न लगानी नीति तयार गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ४५ | **समन्वय** – | *** |
| ४५.१ | गुठी जग्गामा अतिक्रमण भएकोमा सो हटाउने सम्बन्धमा सक्रियता नदेखिएको । | गुठी जग्गामा भएको अतिक्रमण हटाई समितिलाई जानकरी दिन निर्देशन दिने । |
| ४५.२ | संस्थानले राजगुठीको साविक लगतबमोजिम जग्गा दर्ता गर्ने कारबाही अगाडि बढाउन भूमिसुधार मन्त्रालय, मालपोत कार्यालय र नापी कार्यालयसँग सहयोग माग गरेकोमा त्यस्ता जग्गाहरु दर्ता प्रक्रियामा रहे तापनि दर्ता हुन नसकेको । | राजगुठीको साविक लगतबमोजिम जग्गा दर्ता गर्ने कारबाही चालू आ.व. भित्र पुर्रा गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ४५.३ | जग्गा प्रशासन सम्वन्धी कार्य एकै निकायबाट भएमा व्यवस्थापन कार्यमा सहयोग पुग्ने देखिएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ४५.४ | देवस्थल, मठ, मन्दिरको आम्दानी कोष, समिति, पुजारी र महन्थको जिम्मामा रहेकोले संस्थानको भूमिका प्रभावकारी हुन नसकेकोले कानूनी रुपमा देखिएका कमजोर पक्षहरुलाई समय सापेक्ष रुपमा सुधार गर्दै लैजानुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
# अर्थ मन्त्रालय

## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७५ उपर मिति २०७७/६/१२ गते भएका छलफलका निर्णयहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ९ | **राजश्व बक्यौता असुली** : | *** |
| ९.३ | राज्यले सङ्कलन गर्नुपर्ने राजस्व नैं बक्यौता रहेको परिप्रेक्ष्यमा नीतिगत एवं कानुनी व्यवस्था मिलाई अभियानकै रुपमा असुली प्रक्रिया अगाडि बढाउनु पर्ने । | सुझावअनुसार नीतिगत एवं कानूनी व्यवस्था गरी राजस्व वक्यौता असुलीलाई अभियानका रुपमा संचालन गर्न निर्देशन दिने। |
| १० | **संगठन संरचना** : आर्थिक तथा व्यापारिक क्रियाकलाप विस्तार भएका क्षेत्रमा करदाता सेवा प्रवाह एवं थप राजस्व परिचालनका लागि कर प्रशासनको उपस्थिति हुने संगठनात्मक संरचना तर्जुमा गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्ने । | संगठन संरचना प्रभावकारी रुपमा व्यवस्थापन गरी करदता सेवा प्रवाह एवं थप राजस्व परिचालनमा प्रभावकारिता ल्याउन निर्देशन दिने । |
| ११ | **कराधार** : कानुनी तथा नीतिगत सुधार गरी ई सेवा प्रदायकलाई दर्ता गराई राजस्व असुल गर्ने व्यवस्था गर्नुपर्ने । | सामाजिक संजालमार्फत सेवा प्रवाह गर्ने सेवा प्रदायकलाई तत्काल दर्ता गर्ने व्यवस्था मिलाई राजस्व असुल गर्न निर्देशन दिने। |
| १२ | **गैर कर राजश्वको दर** : तत्कालीन अवस्थामा इन्टरनेट प्रविधिको भ्वाइस र भिडियो सम्प्रेषण नहुने अवस्थालाई मध्यनजर राखी निर्धारण गरिएको दर्ता अनुमति र नवीकरण शुल्क हाल टेलिफोन सेवा प्रदायकले प्रदान गर्ने | इन्टरनेट सेवा प्रदायकले तिर्नुपर्ने लाइसेन्स दस्तुर र नवीकरण दस्तुर लगायतका शुल्क/दस्तुरमा समयसापेक्षरुपमा सम्वन्धित निकायसँग समन्वय गरी पुनरावलोकन गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | प्रकृतिका सेवासमेत इन्टरनेट सेवा प्रदायकबाट प्रदान गरिरहेको परिप्रेक्ष्यमा इन्टरनेट सेवा प्रदायकले तिर्नुपर्ने लाइसेन्स दस्तुर र नवीकरण दस्तुरमा पुनरावलोकन गरी यसप्रकारको अत्यधिक अन्तर न्यून गर्नुपर्ने देखिन्छ । | |
| | **बजेट तर्जुमा तथा कार्यान्वयन** | |
| १३ | **बजेट बक्तव्यको कार्यान्वयन** : मन्त्रालयबाट नै घोषणा भई सरकारको नीति तथा कार्यक्रम एवं बजेटमा समावेश भएका क्रियाकलापहरुको कार्यान्वयन हुन नसकेका उपर्युक्त क्रियाकलापहरु अन्य सम्बद्ध निकायहरुसँग समन्वय गरी कार्यान्वयनमा तदारुकता ल्याउनुपर्दछ । | सरकारका नीति तथा कार्यक्रम एवं बजेटमा समावेश भएका र कार्यन्वयन हुन नसकेका क्रियाकलपाहरु अन्य सम्वद्ध निकायसँग समन्वय गरी तदारुकताकासाथ कार्यान्वयन गर्न निर्देशन दिने। |
| १४ | **श्रोतको यथार्थता** : महालेखा नियन्त्रक कार्यालयले पेस गरेको वर्षान्तको सञ्चितकोषको हिसाब रु.१ खर्ब २३ अर्ब ६ करोड ऋणात्मक रहेको अवस्थामा बचत हुने गरी बनाएको संशोधित बजेट पनि यथार्थतामा आधारित देखिएन । | अब आइन्दा वार्षिक बजेट निर्माण एवं संशोधन गर्दा स्रोतको यथार्थतामा आधारित भएर मात्र गर्न निर्देशन दिने । |
| १५ | **बजेट भन्दा बढी खर्च** : नियमावलीको व्यवस्था विपरीत चालु खर्चतर्फ ५५५ उपशीर्षकमा रु.१३ अर्ब ३५ करोड ६९ लाख र पुँजीगत खर्चतर्फ ४ बजेट उपशीर्षकमा रु.१ करोड ५० लाख स्वीकृत बजेटभन्दा बढी खर्च हुने गरी निकासा तथा खर्च लेखेको पाइयो । विनियोजन बजेटभन्दा बढी हुने गरी निकासा दिनु र खर्च लेख्नु विनियोजन ऐन विपरीत देखिन्छ। यस्ता कार्यबाट आर्थिक अनुशासन कायम नहुने हुँदा नियन्त्रण हुनुपर्ने देखियो । | स्वीकृत बजेटको सीमाभित्र रहेर प्रचलित कानूनी व्यवस्थाको पूर्ण पालना मार्फत् बजेट निकासा र खर्च गरी आर्थिक अनुशासन कायम गर्न निर्देशन दिने। |
| १६ | **बहुबर्षीय ठेक्का** : बहुवर्षीय ठेक्काको अभिलेख र सोको दायित्वको लागि बजेटको अवस्थाबारे प्रतिनिधिसभाको अर्थ समितिबाट सोधनी हुँदा | आयोजना सञ्चालनको पूर्व तयारीमा पर्याप्त समय दिई गैर बजेटरी खर्चलाई कडाईका साथ नियन्त्रण गर्न र त्यस्तो खर्चलाई बजेटरी खर्चमा समावेश |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | मन्त्रालयको २०७५।७।३० को पत्रबाट शहरी विकास मन्त्रालयमा रु.९३ अर्ब ४३ करोड, खानेपानी मन्त्रालयमा रु.१५ अर्ब १६ करोडलगायत रु.१ खर्ब १५ अर्ब ३५ करोड अर्थ मन्त्रालयको सहमति बेगर नै बहुवर्षीय ठेक्का लगाएको उल्लेख गरेको छ । तसर्थ यस्तो प्रक्रियाबाट हुने खर्चमा मन्त्रालयले कडाइका साथ पकड र नियन्त्रण कायम गर्नुपर्दछ । | गर्न निर्देशन दिने । |
| १७ | **खर्च व्यवस्थापन** : यथार्थ प्रतिवेदनको अतिरिक्त विकास निर्माण एवं सेवाप्रवाहमा ध्यान दिई पुँजीगत खर्चको परिचालनमा वृद्धि गर्नुपर्दछ । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| १८ | **अर्थ बजेटबाट निकाशा** : सम्बन्धित कार्यक्रम र शीर्षकमा विनियोजन नै नगर्ने वा कम विनियोजन गरी अर्थ बजेटबाट वर्षान्तमा निकासा तथा रकमान्तर गरी रकम थप गर्ने परिपाटी बजेट सिद्धान्त विपरीत छ । यस्तो स्थितिमा बजेट उपर व्यवस्थापिकालाई जानकारी नहुने तथा नियन्त्रण कमजोर हुने, अनुगमनमा कठिनाइ हुने, पारदर्शिता नहुने, अभिलेखनमा समस्या पर्ने देखिएकाले यसप्रकारको प्रचलनमा सुधार गरिनुपर्दछ । | अर्थ बजेटबाट वर्षान्तमा बजेट निकासा गर्ने तथा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार गर्न निर्देशन दिने । |
| १९ | **बर्शांतको खर्च /भुक्तानी** : नियमावलीको व्यवस्था पालना गरी आषाढ २५ पछाडि खर्च-भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | प्रचलित आर्थिक कार्यविधि कानूनको पूर्ण परिपालना गर्न र आर्थिक बर्षको अन्तिम समय, आषाढ २५ गते पछि खर्च तथा भुक्तानी गर्ने कार्य नियन्त्रण गर्न निर्देशन दिने । |
| २० | **रकमान्तर** : | *** |
| २०.१ | कुल बजेट रु.१२ खर्ब ७८ अर्ब ९९ करोडमध्ये आषाढ महिनामा रु.७५ अर्ब ५५ करोड १५ लाख र आषाढ २५ पछि रु.१८ अर्ब ४२ करोड | कानूनको पूर्ण परिपालना गरी गराई वर्षान्तमा रकमान्तर गर्न कार्यमा नियन्त्रण गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | ३७ लाख रकमान्तर गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थप गरेको छ।यसरी कुल बजेटको १.४४ प्रतिशत आषाढको अन्तिम हप्तामा रकमान्तर गरेको छ । वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ | |
| २०.२ | विनियोजन ऐन, २०७४ अनुसार कुनै पनि शीर्षकमा विनियोजन भएको रकमको १० प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाइने उल्लेख छ । तर मन्त्रालयले सो व्यवस्था विपरीत निम्नानुसार १९ गुणासम्म रकमान्तर गरी विनियोजन ऐनको प्रावधानको पालना गरेको देखिएन । | रकमान्तर गर्नुपर्ने भएमा प्रचलित कानूनमा तोकिएको प्रतिशतभित्र रही गर्न गराउन निर्देशन दिने । |
| २०.३ | कार्यक्रम सञ्चालन गर्न पुंजीगततर्फ नलसिंहगाड जलविद्युत विकास समिति, काठमाडौं बाहिरी चक्रपथ, जिल्ला समन्वय समितिको कार्यालय, एकीकृत स्वास्थ्य पूर्वाधार विकास परियोजना र भवन खरिद निर्माण सुधार कार्यक्रममा रु.१ अर्ब ८१ करोड २१ लाख र चालु खर्चतर्फ नलसिंहगाड जलविद्युत विकास समिति र भैपरी आउने विकास कार्यक्रममा रु.१ अर्ब २ करोड ५५ लाख बजेट व्यवस्था भएकोमा सम्पूर्ण रकम रकमान्तर गरी शून्य बजेट कायम गरेको देखियो । उक्त कार्यक्रम सञ्चालन हुन नसक्नाको कारण स्पष्ट छैन । | रकमान्तर गर्नुपर्ने भएमा अब आइन्दा कानून अनुसार मात्र रकमान्तर गर्न गराउन निर्देशन दिने । |
| २१ | **बजेट बेगर खर्च** : वार्षिक कार्यक्रम स्वीकृत गरी बजेट व्यवस्था भएकोमा निकासा लिई खर्च गर्नुपर्दछ ।विभिन्न अस्पतालहरु, एक नगरपालिका र विभिन्न ९ गाँउपालिकाको लागि बजेट व्यवस्थानै नभएको अवस्थामा पनि | बजेटको सिद्धान्त विपरित बजेट व्यवस्था नभई निकासा दिने र खर्च गर्ने प्रवृत्तिमा पूर्ण नियन्त्रण गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | चालु खर्चतर्फ कार्यक्रममा बजेटबेगर रु.१ अर्ब ८८ करोड ३९ लाख निकासा दिई खर्च गरेको देखिन्छ । यसरी बजेटबेगर निकासा दिने तथा खर्च गर्ने प्रवृत्तिले आर्थिक अनुशासन कायम नहुने तथा बजेट सिद्धान्त विपरीत हुने हुँदा यस्तो निकासा दिने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| २२ | **श्रोत विपरित निकासा** : | *** |
| २२.१ | वैदेशिक स्रोतमा विनियोजित रकम नेपाल सरकारको स्रोतबाट खर्च हुनु बजेट सिद्धान्त विपरीत छ । | बजेटको सिद्धान्तअनुसार सम्वन्धित बजेट शीर्षकमा मात्र निकासा दिई खर्च गर्ने परिपाटीको विकास गर्न निर्देशन दिने । |
| २२.२ | बजेटरी व्यवस्थापनको त्रुटि सच्याई स्रोत यकिन गरेर निकासा दिने एवं खर्चको विवरण लिएर दातासँग शोधभर्ना माग गर्ने व्यवस्था गर्नुपर्दछ । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| २३ | **खर्चको आकार वृद्धि** : खर्चको आकार वृद्धि गर्ने उद्देश्यले वर्षान्तमा रकम ट्रान्सफर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | प्रचलित कानून विपरित वर्षान्तमा खर्च हुन नसक्ने बजेट शीर्षकमा रकमान्तर गरी खर्चको आकार बृद्धि गर्ने कार्यमा पूर्ण नियन्त्रण गर्न निर्देशन दिने । |
| २४ | **बजेट कार्यक्रम बेगर खर्च** : | *** |
| २४.१ | नेपाल टेलिभिजनलाई बक्यौता प्रसारण शुल्क बुझाउने प्रयोजनको लागि सेयर लगानीमा २०७५।३।४ मा रु.३ करोड २६ लाख ६० हजार खर्च लेखेको छ । प्रशारण शुल्क टेलिभिजनको नियमित आम्दानीबाट भुक्तानी गरिनुपर्दछ। | सुझावअनुसार गर्न निर्देशन दिने । |
| २४.२ | सोझै भुक्तानीको रकमलाई एडीबी ऋणबाट आईफाड ऋणमा स्रोत परिवर्तन गरी काठमाडौं उपत्यका ढल व्यवस्थापनमा खर्च हुन नसकेको | स्वीकृत बजेट तथा कार्यक्रम बिना नै स्रोत परिवर्तन गरी खर्च गर्ने कार्य तत्काल नियन्त्रण गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | रकम कार्यक्रम नभएको साना किसान विकास बैङ्कलाई उन्नत बीउ बिजन प्रयोजन उल्लेख गरी रु.५ अर्ब ऋण प्रवाह गरेको देखियो । साना किसान विकास बैङ्कले उक्त रकम यो वर्ष परिचालन गरेको समेत देखिएन । यसबाट समेत खर्चको आकार बढेको पाइयो । | |
| २४.३ | विद्युत प्रसारण लाइन विस्तारको लागि स्वीकृत बजेट कार्यक्रमभन्दा बाहिर गई आर्थिक वर्षको अन्तमा अर्थात् २०७५।३।१ र २०७५।३।२५ मा नेपाल विद्युत प्राधिकरणलाई सेयर लगानी देखाई क्रमशः रु.१४ करोड २ लाख र रु.२६ करोड ९८ लाख खर्च लेखेको छ । उक्त रकम नेपाल विद्युत प्राधिकरणले खर्च नगरी मौज्दात राखेको देखियो । | स्वीकृत बजेट तथा कार्यक्रमभन्दा बाहिर गई आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिको पूर्ण नियन्त्रण गर्न निर्देशन दिने । |
| २४.४ | भारतीय आयात निर्यात बैङ्कको सोझै भुक्तानीतर्फको ऋणबाट राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई विनियोजन भएको बजेट सम्बन्धित कार्यमा खर्च नगरी नेपाल सरकारको स्रोततर्फ रकमान्तर गरेर बजेट व्यवस्था तथा कार्यक्रम नै नभएको अवस्थामा कर्जा सुरक्षण कोषमा २०७५।२।२९ मा रु.१ अर्ब ६९ करोड ९९ लाख सेयर लगानी देखाई खर्च गरेको छ । विनियोजित बजेट तथा स्वीकृत कार्यक्रम नै नभएको अवस्थामा पटके निर्णय गरी अस्वाभाविक रुपमा खर्च गर्ने प्रवृत्तिमा यो वर्ष पनि नियन्त्रण भएको छैन । | स्वीकृत बजेट तथा कार्यक्रम बिना नै पटके निर्णय गरी अस्वभाविक रुपमा खर्च गर्ने प्रवृत्ति तत्काल नियन्त्रण गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
## अर्थ मन्त्रालय

### महालेखापरीक्षकको ५५औं वार्षिक प्रतिवेदन, २०७४ उपर छलफल भई समितिको १९औं वार्षिक प्रतिवेदन, २०७६ मा प्रकाशित भएको निर्णयका सम्बन्धमा पुनः गरिएको निर्णय

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको पुनः निर्णय |
|---|---|---|
| १४५.२ | एलुमिनियम कवटेड प्याकेजिङ मेटेरियलको भन्सार दर निर्धारण गर्दा २०५६/१/१९ को वर्गीकरण अनुसार ७६०७२० को दरबन्दी लगाएको तर ४८११५९० को दरबन्दी लगाउनु पर्ने देखिएको । | एलुमिनियम कोटेड प्याकेजिङ मेटेरियलको भन्सार दर निर्धारण गर्दा भन्सार विभागबाट मिति २०५६/१/१९ मा भएको वर्गीकरण अनुसार ७६०७२० दरबन्दी कायम भई सोही अनुसार उद्योगले प्याकिंग मेटेरियलको रुपमा पैठारी गरिरहेकोमा सो दरबन्दी परिवर्तनको अवस्था नभएको सन्दर्भमा पुरानै दरबन्दी कायम हुने हुँदा बेरुजु लगत हटाउने भनी समितिको वार्षिक प्रतिवेदन, २०७६ मा उल्लिखित निर्णय अनुसार हालसम्म पनि बेरुजु फछ्र्यौट नभएको देखिदा उक्त बेरुजु र यस्तै प्रकृतिका अन्य बेरुजु भए सो समेतको लगत हटाउन पुनः निर्देशन दिने । |

# प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

## बेरुजु छलफल उपसमिति

# गृह मन्त्रालय

## महालेखापरीक्षकको ५५औं वार्षिक प्रतिवेदन, २०७४ उपर मिति २०७६/०७/२६, २७, २८ र २०७७/०३/२४ गते भएका छलफलका निणर्यहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १ | **केन्द्रीय आर्थिक विवरण —** महालेखापरीक्षकको कार्यालयमा केन्द्रिय आर्थिक विवरण तयार उपलब्ध नगराएको । | अब आइन्दा कानूनले तोकेको समयावधिभित्रै केन्द्रीय आर्थिक विवरण तयार गरी सम्वन्धित निकायमा पेश गर्न निर्देशन दिने । |
| २ | **बजेट तथा कार्यक्रम —** बजेट तथा कार्यक्रम अनुसार सेवा सञ्चाललनको प्रगति न्यून रहेको । | बजेट तथा कार्यक्रमहरु सम्वन्धित आ.ब. भित्रै सम्पन्न गर्ने व्यवस्था मिलाउन निर्देशन दिने। |
| ३ | **वार्षिक प्रतिवेदन —** बार्षिक प्रतिवेदन तयार नगरेको । | वार्षिक कार्य प्रगति विवरण समयमै तयार गरी पेश गर्ने व्यवस्था मिलाउन निर्देशन दिने। |
| ४ | **सुरक्षाकर्मी प्रयोग —** सुरक्षाकर्मीलाई घरायसी काममा लगाएको । | विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन सम्वन्धी कार्यविधि तत्काल कार्यान्वयन गरी त्यसको प्रगति विवरण समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ५ | **विविध खर्च —** मन्त्रालय र मातहतका निकायबाट शान्ति सुरक्षासम्बन्धी गोप्य काममा खर्च बढेको । | शान्ति सुरक्षासम्बन्धी गोप्य कामको विवरण खुल्ने कागजात समितिमा पेश गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ६ | **खरिद व्यवस्थापन –** लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्ने कार्य समयमा नभएको । | निश्चित समयभित्रै ठेक्का व्यवस्थापन गरी खर्च गर्ने कानूनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिने । |
| ७ | **सोझै खरिद –**प्रतिस्पर्धाबेगर लागत अनुमान तयार गरी सोझै खरिद गरेको। | खरिद कार्यलाई टुक्रामा विभाजन गरी खरिद ऐनको बर्खिलाप प्रतिस्पर्धा सीमित हुने गरी गरिने खरिद कार्य पूर्ण नियन्त्रण गर्न निर्देशन दिने । |
| ८ | **आर्थिक सहायता –** कार्यविधि विपरित आर्थिक सहायता उपलब्ध गराएको। | स्वीकृत कार्यविधिको पालना गरी आर्थिक सहायता उपलब्ध गराउन निर्देशन दिने ।आर्थिक सहायता उपलब्ध गराएको विवरण समितिमा एक महिना भित्र पेश गर्न निर्देशन दिने । |
| ९ | **लेखापरीक्षणको क्रममा असुली –** बढी खर्च लेख्ने गरेको । | प्रचलित कानून विपरित बिल भरपाई भन्दा बढी खर्च लेख्ने पदाधिकारीलाई कानुनी कारबाही गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| | **जिल्ला प्रशासन कार्यालयहरु** | |
| १० | **सेवा प्रवाह –** सेवा प्रवाहका लागि कार्यबोझअनुसार जनशक्ति, भौतिक पूर्वाधार तथा मेसिन उपकरणहरुको पर्याप्त व्यवस्था नभएको । | कर्मचारी र स्रोतको आवश्यक व्यवस्था गरी सेवा प्रवाह प्रभावकारी बनाउन निर्देशन दिने । |
| ११ | **भवन निर्माण –** जफत रकम सञ्चित कोष दाखिला नगरेको । | जफत रकम सञ्चित कोषमा तत्काल दाखिला गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| १२ | **अधुरो भवन –** भवन निर्माण नहुँदा सेवा प्रवाहमा असर परेको । | अधुरा भवनहरुको निर्माण कार्य समयमै सम्पन्न गर्न निर्देशन दिने । |
| १३ | **कर्मचारी पेश्की –** पेश्की फछ्र्यौट नगरेको । | छानविन गरी पेश्की लिनेदिने दुवै उपर कानुनि कारवाही गर्न निर्देशन दिने। |
| १४ | **सञ्चित कोष दाखिला –** | *** |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १४.१ | मुआब्जा वितरण गरी बाँकी रकम सञ्चित कोष दाखिला नगरेको । | बाँकी रहेको उल्लिखित रकम संचित कोष दाखिला गर्न निर्दशन दिने । |
| १४.२ | जग्गा अधिग्रहणको कारवाहि समयमै टुङ्गो नलगाई रकम निष्क्रिय राखेको। | समयमै कानुन अनुसार जग्गा अधिग्रहणको कार्यवाही टुंग्याउने व्यवस्था मिलाउन निर्देशन दिने । |
| १४.३ | जग्गाको मुआवजा वितरण गरेपनि स्वामित्व नलिएको, बाँकी रकम सञ्चित कोष दाखिला नगरेको । | मुआवजा वितरण गरेको जग्गाको स्वामित्व लिई बाँकी रकम सञ्चित कोष दाखिला गर्न निर्देशन दिने । |
| १४.४ | राहत रकम सञ्चित कोष दाखिला नगरेको । | आर्थिक बर्षको अन्तमा बचत रहेको राहत रकम कोष दाखिला गर्न गराउन निर्देशन दिने । |
| १४.५ | सञ्चित कोष दाखिला नगरेको । | आर्थिक बर्षको अन्तमा बचत रहेको राहत रकम कोष दाखिला गर्न गराउन निर्देशन दिने । |
| १५ | **सेवा प्रवाह** — वार्षिक लक्ष्य निर्धारण गरी कार्यक्रम सञ्चालनबाट गरेको प्रगति विवरण नभएको । | लक्ष्य अनुसार कार्यक्रम संचालन गरी समयमै प्रगति विवरण पेश गर्न निर्देशन दिने । |
| १६ | **लागत अनुमान टुक्राएको** — एउटै निर्माण कार्यका लागि लागत अनुमान टुक्राइ निर्माण कार्य गरेको । | अब आइन्दा स्रोतको सुनिश्चिता गरेर मात्र निर्माण कार्य गर्ने व्यवस्था गर्न र टुक्रा नपारी प्रतिष्पर्धा सुनिस्चित हुने गरी खरिद ऐन तथा नियम अनुसार खर्च गर्न निर्देशन दिने । |
| १७ | **मातहत निकायको खर्च** — खरिद सामानको केन्द्रिय भण्डारमा दाखिला नगरेको, सामानको स्पेसिफिकेसन, गुणस्तर र प्रयोगको प्राविधिक प्रतिवेदन नभएको । | अब आइन्दा मातहतका निकायको लागि आवश्यक समान खरिद गर्ने कार्य सम्बन्धित निकायबाट गर्न, समयमै दाखिला गर्न र प्राविधिक प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| १८ | **लेखापरीक्षण** — नेपाल सरकार र डी.एफ.आई. बीच भएको | समयमै लेखापरीक्षण गराउन र सोको विवरण समितिमा पेश गर्न निर्देशन |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | सम्झौताअनुसारको खर्चको लेखापरीक्षण नगरेको | दिने । |
| | **महानगरीय ट्राफिक प्रहरी महाशाखा** | |
| १९ | **ट्राफिक व्यवस्थापन** – ट्राफिक व्यवस्थापनलाई व्यवस्थित र जाम रहित सवारी आवागमनको व्यवस्थापनमा ध्यान नपुगेको । | सुझाव अनुसार आवागमनको सुव्यवस्था मिलाउन निर्देशन दिने । |
| | **प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग** | |
| २० | **मुद्दा दर्ता** – अपराधजन्य कार्य बढ्दै गएकोले नियन्त्रण कार्य प्रभावकारी बनाउनु पर्ने । | केन्द्रीय अभिलेख राख्न तथा अनुगमन गरी नीति, निर्देशन गर्ने कार्यलाई प्रभावकारी बनाउन निर्देशन दिने । |
| २१ | **उपलब्धी** – कार्यनीति स्वीकृत भएको तर स्वीकृत कार्यनीति अनुसार बजेटको व्यवस्था नगरेको । | स्वीकृत कार्यनीति अनुसार बजेटको व्यवस्था गरी अपराधिक सूचना प्रणालीलाई व्यवस्थित गर्न निर्देशन दिने । |
| २२ | **म्यादी प्रहरी भर्ना** – न्यूनतम आवश्यक प्रमाण कागजातबेगर खर्च लेखेको। | उल्लिखित खर्च गरेको सम्बन्धमा त्यसको कागजात र विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| २३ | **घर जग्गाको स्वामित्व** – गुठी संस्थानको स्वामित्वमा रहेको जग्गामा कार्यालय भवन निर्माण गरेको । | स्वामित्व हस्तान्तरण गरी गराई व्यवस्थित गर्न निर्देशन दिने । |
| २४ | **सेवा प्रवाह** – | सेवा प्रवाह सुव्यवस्थित गर्न निर्देशंद दिने । |
| २५ | **कोषको लेखापरीक्षण** – कोषको लेखापरीक्षण नगराएको । | ६ महिना भित्र कोषको लेखापरीक्षण गराउन र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २६ | **औषधी खरिद** – गुणस्तर परीक्षणबेगर औषधी सोझै खरिद गरेको । | अब आइन्दा सार्वजनिक खरिद ऐन र नियमावलीको परिधिभित्र रही प्रतिष्पर्धा सुनिश्चित गरि गराई खरिद गर्न र औषधिको गुणस्तर परीक्षण |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | | गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| | **राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान** | |
| २७ | **तालिम** — आवश्यक तालिम सञ्चालन नगरेको । | वार्षिक तालीकामा समावेश विभिन्न प्रकारका तालीमहरु कार्ययोजना बनाई समयमै सञ्चालन गर्न निर्देशन दिने । |
| २८ | **खर्च नभएको** — बजेट फ्रिज भएको । | समयमै खर्च गरी अनुदान रकम फ्रिज हुने अवस्थालाई नियन्त्रण गर्न निर्देशन दिने । |
| | **जिल्ला प्रहरी कार्यालयहरु** | |
| २९ | **सेवा प्रवाह** — प्रहरी संगठनलाई पुनर्सवलीकरण गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| | **शसस्त्र प्रहरी बल, प्रधान कार्यालय** | |
| ३० | **राशन खर्च** — राशन खर्च एकमुष्ट खर्च लेख्ने गरेको । | विस्तृत विवरण खुल्ने गरी खर्च लेख्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| | **राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र** | |
| ३१ | **सेवा प्रवाह** — तोकिएको सेवा प्रवाह नगरेको । | राष्ट्रिय परिचयपत्र व्यवस्थापन कार्यलाई द्रुत गति दिई निर्धारित समयमा परिचय पत्र उपलब्ध हुनेगरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन निर्देशन दिने । |
| ३२ | **भवन निर्माण** — समयमा भवन निर्माण नभएको । | आवश्यक बजेट व्यवस्था गरी भवन निर्माण कार्य समयमै सम्पन्न गर्न निर्देशन दिने । |
| | **अध्यागमन विभाग** | |
| ३३ | **भिसा स्टिकर** — भिसा स्टिकर खर्च भए अनुसार राजस्व प्राप्त | एक महिना भित्र खर्च भएको भिसा स्टिकरको विवरण पेश गर्न निर्देशन |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | नभएको । | दिने। |
| ३४ | **अभिलेख प्रणाली —** अत्यावश्यक पूर्वाधार तयार नभएको । | पर्याप्त बजेट व्यवस्था गरी पूर्वाधार तयार गर्न अभिलेख व्यवस्थित गर्न निर्देशन दिने । |
| ३५ | **भिसा अभिलेख —** अनलाइन भिसा प्रणाली प्रभावकारी नभएको । | |
| ३६ | **कारबाही तथा निष्काशन —** गैरकानुनी र भिसाको म्याद थप नगरी नेपालमा बस्ने विदेशीको वास्तविक तथ्याङ्क देखिने अभिलेख नभएको । | गैरकानुनी र भिसाको म्याद थप नगरी नेपालमा बस्ने विदेशीको वास्तविक तथ्याङ्क देखिने अभिलेख तयार गरी तीन महिना भित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| | **कारागार व्यवस्थापन विभाग** | |
| ३७ | **सेवा प्रवाह —** कैदी बन्दी तथा थुनुवालाई न्यूनतम मानवीय जीवनयापन हुने गरी व्यावस्थापन नगरेको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३८ | **कारागार निर्माण —** खुल्ला र केन्द्रिय कारागार निर्माण कार्यमा उदासिनता देखाएको । | पर्याप्त बजेट व्यवस्था गरी प्राथमिकता अनुसार कारागार निर्माण कार्यलाई द्रुत गतिमा निर्धारित समयमै सम्पन्न गर्न निर्देशन दिने । |
| ३९ | **गार्ड हाउस निर्माण —** भवन निर्माण समयमा नभएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ४० | **खुला कारागार निर्माण —** समयमा काम सम्पन्न नभएको । | खुला कारागार निर्माण कार्य समयमै सम्पन्न गरी कैदीलाई सेवा प्रवाह व्यवस्थित गर्न निर्देशन दिने । |
| ४१ | **मूल्य समायोजन —** प्रमाणित अभिलेखबेगर भुक्तानी दिएको । | छानविन गरी दोषीलाई सचेत गराई समितिलाई जनारी दिन र अब आइन्दा भुक्तानी नियन्त्रण गर्न निर्देशन दिने । |
| ४२ | **कारागार भवन —** समयमै कारबाही टुङ्गो नलगाएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ४३ | **पूर्वनिर्धारित क्षतिपुर्ति —** पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको । | क्षतिपूर्ति बापतको रकम तत्काल असुल गरी दाखिला गर्न र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| | **नेपाल प्रहरी कल्याण कोष** | |
| ४४ | **लेखापरीक्षण —** महालेखापरीक्षकबाट लेखापरीक्षण नगराएको । | सार्वजनिक खर्च सम्बन्धि सम्पूर्ण आर्थिक कारोबारको महालेखापरीक्षकबाट लेखापरीक्षण गर्न गराउन निर्देशन दिने । |
| ४५ | **कोषको अवस्था —** कोष परिचालन कार्य नभएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ४६ | **शोधभर्ना —** आवश्यक उपकरण र सवारी समयमा खरिद नभएको । | समयमै उपकरण र सवारी खरिद गरी व्यवस्थापन गर्न निर्देशन दिने । |
| | **शसस्त्र प्रहरी बल, कल्याणकारी सेवा केन्द्र** | |
| ४७ | **सञ्चालन नतिजा —** आय वृद्धि र खर्च कटौती गर्ने कार्यक्रम सञ्चालन नभएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ४८ | **वार्षिक कार्यक्रम तथा बजेट —** वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत र खर्च समर्थन नगरेको । | अब आइन्दा वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरेर मात्र कार्यान्वयनमा ल्याउन र खर्च समर्थन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने। |
| ४९ | **शोधभर्ना —** शोधभर्ना अभिलेख अद्यावधिक नभएको । | शोधभर्ना अभिलेख अद्यावधिक गरी समितिलाई जानकारी दिन निर्देशन दिने। |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७५ उपर मिति २०७८/५/२०, २७, ३० र २०७८/०६/१, ५, ६ गते भएका छलफलका निर्णयहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १ | **स्वास्थ्य नीति कार्यान्वयन** - स्वास्थ्य नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका माध्यमबाट स्वास्थ्य सेवा प्रवाह नभएको । | औंल्याइएका समस्या समाधान गरी प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २ | **आवधिक योजनाको लक्ष्य प्रगति** - आवधिक योजनाको लक्ष्य प्राप्त गर्न थप प्रयास नगरेको । | आवधिक योजनाका लक्ष्य प्राप्ति गर्ने गरी कार्ययोजना बनाई लागु गर्न निर्देशन दिने । |
| ३ | **बजेट कार्यान्वयन** - स्वीकृत बजेट बमोजिम कार्य सञ्चालन नगरेको । | बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरूलाई पूणर्रुपमा कार्यान्वयन हुने गरी पर्याप्त आर्थिक श्रोत तथा जनशक्ति व्यवस्था गरी व्यवस्था मिलाउन निर्देशन दिने। |
| ४ | **प्राविधिक सहायता** - प्राविधिक सहायता अन्तर्गत भएको खर्चको विवरण पेस गरी लेखापरीक्षण नगरेको। | प्राविधिक सहायता अन्तर्गत भएको सम्पूर्ण खर्चको विवरण पेस गरी लेखापरीक्षण गर्न गराउन निर्देशन दिने । |
| **५** | **अनुमति एवम् सञ्चालन -** | *** |
| **५.१** | अस्पतालहरुले प्रदान गर्ने सेवाको शुल्क सम्बन्धी मापदण्ड निर्धारण | अनुगमन गरी तीन महिना भित्र समितिमा प्रतिवेदन पेश गर्न र |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | नभएको | अस्पतालहरुले प्रदान गर्ने सेवाको शुल्क सम्बन्धी मापदण्ड निर्धारण गरी लागू गर्न निर्देशन दिने। |
| ५.२ | तोकिएबमोजिम सेवा सुविधा प्रदान गरेको सुनिश्चित हुने प्रतिवेदन तयार नगरेको । | तीन महिना भित्र तोकिए बमोजिम सेवा सुविधा प्रदान गरेको सुनिश्चित भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने। |
| ५.३ | मन्त्रालयको अनुगमन कार्य क्षेत्रभित्रका २२ मध्ये १४ स्वास्थ्य संस्थाको मापदण्ड पालना सम्बन्धमा अनुगमन नभएको । | तीन महिना भित्र मापदण्ड पालना सम्बनधमा अनुगमन गरी प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ५.४ | विभागको अनुगमन कार्यक्षेत्रका भौतिक पूर्वाधार, मानव स्रोत व्यवस्थापन र उपकरण सम्बन्धी मापदण्ड सबै अस्पतालले पुरा नगरेका । | विभागको अनुगमन कार्यक्षेत्रका भौतिक पूर्वाधार, मानव स्रोत व्यवस्थापन र उपकरण सम्बन्धी मापदण्ड सबै अस्पतालले पुरा गरे नगरेको सम्बनधमा अनुगमन गरी तीन महिना भित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ५.५ | मापदण्ड पालना नभएको । | अनिवार्य रूपमा मापदण्ड पालना गर्न गराउन निर्देशन दिने । |
| ६ | **अनुदान -** अस्पतालले निर्देशिकाबमोजिमको वित्तीय तथा भौतिक प्रगति पेस नगरेका । | अनुदान उपलब्ध गराइएका अस्पतालहरूबाट वित्तीय र भौतिक प्रगति प्रतिवेदन माग गरी सो सम्बन्धमा समितिलाई जानकारी गराउन र अब आइन्दा मापदण्ड बनाएर मात्र अनुदान उपलब्ध गराउन निर्देशन दिने । |
| ७ | **स्वास्थ्य कर कोष -** तोकिएबमोजिमको रकम कोषमा प्राप्त नभएको । | अर्थ मन्त्रालय संग समन्वय गरी कोषमा अनिवार्य रूपमा रकम जम्मा गरी गराई अस्पतालहरू मार्फत खर्च गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ८ | **गैर बजेटरी सहयोग -** वार्षिक कार्यक्रम तथा बजेटमा समावेश नगरेको । | अब आइन्दा अनिवार्य रूपमा वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी गराई खर्च गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ९ | **संगठन संरचना -** संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी कर्मचारी संरचना स्वीकृत गरेको । | सामान्य प्रशासन मन्त्रालयसँगको समन्वयमा कर्मचारी समायोजन गरी तीन महिना भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| **स्वास्थ्य सेवा प्रवाह :** | | |
| १० | **कार्यक्रम कार्यान्वयन -** वार्षिक कार्यक्रमअनुसार प्रगति विवरण तयार गरी समीक्षा नगरेको | उल्लिखित कार्यक्रमहरू उद्देश्य अनुरुप कार्यान्वयन भए नभएको अनुगमन गरी दोषीलाई कारबाही गरी यथार्थ विवरण तीन महिना भित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| ११ | **भौतिक पूर्वाधार -** | *** |
| ११.१ | सेवा प्रवाहमा कठिनाई भएको । | पर्याप्त बजेट व्यवस्था गरी भवन निर्माण गरेर सेवा प्रवाह सुचारु गर्न निर्देशन दिने। |
| ११.२ | सेवा प्रवाहमा अत्याधिक चाप रहेको । | आवश्यक बजेट व्यवस्था गरि उपकरण मर्मत खरिद गरी सेवा विस्तार गर्न र प्रभावकारी सेवा सुनिश्चित गर्न निर्देशन दिने । |
| ११.३ | परोपकार प्रसुति तथा स्त्री रोग अस्पताल बिरामीको अत्याधिक चाप रहेको, आवश्यक वार्ड नरहेको । | बिरामीको चाप अत्यधिक भएको देखिएकोले बजेट व्यवस्था गरी सेवा विस्तार गर्न निर्देशन दिने । |
| ११.४ | बजेट खर्च नभई निष्क्रिय रहेको । | कार्यक्रमको उद्देश्य अनुरुपम उपलब्ध बजेट समयमै खर्च गरि सेवा प्रवाह गर्न गराउन निर्देशन दिने । |
| ११.५ | भरतपुर अस्पताल | सुझाव अनुसार पूर्वाधार विकास गर्न र बिरामीको सेवा विस्तार गर्न निर्देशन दिने। |
| ११.६ | हेटौंडा अस्पताल | आइ सी यू कक्ष सहित सेवा विस्तार गरि प्रभावकारी बनाउन निर्देशन दिने। |
| ११.७ | कोशी अञ्चल अस्पताल | पर्याप्त दक्ष जनशक्ति र दरबन्दी अनुसार कर्मचारी व्यवस्था गरी सेवा प्रवाह प्रभावकारी बनाउन निर्देशन दिने । |
| ११.८ | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान | समयमै भवन निर्माण सम्पन्न गरी सेवा प्रवाह सुचारू गर्न गराउन निर्देशन |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | | दिने । |
| १२ | **प्रयोग बिहिन उपकरण -** | *** |
| १२.१ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | औषधि, सामग्री र उपकरण लगायतको उपयोग सम्बन्धमा कार्ययोजना बनाई अनुगमन गरी स्थिति प्रतिवेदन तयार गरी समितिमा पेश गर्न, दोषीलाई कानुनी कारबाही गर्न र उपकरण उपयोग गर्ने सम्बन्धमा कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| १२.२ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | औषधि, सामग्री र उपकरण लगायतको उपयोग सम्बन्धमा कार्ययोजना बनाई अनुगमन गरी स्थिति प्रतिवेदन तयार गरी समितिमा पेश गर्न, दोषीलाई कानुनी कारबाही गर्न र उपकरण उपयोग गर्ने सम्बन्धमा कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| १२.३ | धौलागिरी अञ्चल अस्पताल | औषधि, सामग्री र उपकरण लगायतको उपयोग सम्बन्धमा कार्ययोजना बनाई अनुगमन गरी स्थिति प्रतिवेदन तयार गरी समितिमा पेश गर्न, दोषीलाई कानुनी कारबाही गर्न र उपकरण उपयोग गर्ने सम्बन्धमा कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| १२.४ | विभागले एक आपुर्तीकर्ताबाट अमेरिकी डलर ५६ हजार ३७८ मा खरिद गरी केन्द्रीय मेडिकल स्टोर, पथलैया पठाएको ७ हजार ५२७ वटा आइस प्याक भ्याक्सिन क्यारिएर प्रयोगविहिन अवस्थामा रहेको । | औषधि, सामग्री र उपकरण लगायतको उपयोग सम्बन्धमा कार्ययोजना बनाई अनुगमन गरी स्थिति प्रतिवेदन तयार गरी समितिमा पेश गर्न, दोषीलाई कानुनी कारबाही गर्न र उपकरण उपयोग गर्ने सम्बन्धमा कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| १२.५ | शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको प्रयोगशाला भवनमा रगतसम्बन्धी परीक्षण गर्ने पी.सी.आर. मेसिन विधिवत हस्तान्तरण भई | औषधि, सामग्री र उपकरण लगायतको उपयोग सम्बन्धमा कार्ययोजना बनाई अनुगमन गरी स्थिति प्रतिवेदन तयार गरी समितिमा पेश गर्न, |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | सञ्चालनमा नआएको । | दोषीलाई कानुनी कारबाही गर्न र उपकरण उपयोग गर्ने सम्बन्धमा कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| १२.६ | हेटौंडा अस्पताल | औषधि, सामग्री र उपकरण लगायतको उपयोग सम्बन्धमा कार्ययोजना बनाई अनुगमन गरी स्थिति प्रतिवेदन तयार गरी समितिमा पेश गर्न, दोषीलाई कानुनी कारबाही गर्न र उपकरण उपयोग गर्ने सम्बन्धमा कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| १२.७ | मेची अस्पताल | औषधि, सामग्री र उपकरण लगायतको उपयोग सम्बन्धमा कार्ययोजना बनाई अनुगमन गरी स्थिति प्रतिवेदन तयार गरी समितिमा पेश गर्न, दोषीलाई कानुनी कारबाही गर्न र उपकरण उपयोग गर्ने सम्बन्धमा कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| १२.८ | हेटौंडा अस्पताल | औषधि, सामग्री र उपकरण लगायतको उपयोग सम्बन्धमा कार्ययोजना बनाई अनुगमन गरी स्थिति प्रतिवेदन तयार गरी समितिमा पेश गर्न, दोषीलाई कानुनी कारबाही गर्न र उपकरण उपयोग गर्ने सम्बन्धमा कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| १२.९ | कान्ति बाल अस्पताल | औषधि, सामग्री र उपकरण लगायतको उपयोग सम्बन्धमा कार्ययोजना बनाई अनुगमन गरी स्थिति प्रतिवेदन तयार गरी समितिमा पेश गर्न, दोषीलाई कानुनी कारबाही गर्न र उपकरण उपयोग गर्ने सम्बन्धमा कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| १२.१० | राप्ती अञ्चल अस्पताल | औषधि, सामग्री र उपकरण लगायतको उपयोग सम्बन्धमा कार्ययोजना बनाई अनुगमन गरी स्थिति प्रतिवेदन तयार गरी समितिमा पेश गर्न, दोषीलाई कानुनी कारबाही गर्न र उपकरण उपयोग गर्ने सम्बन्धमा |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | | कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| **१२.११** | महाकाली अञ्चल अस्पताल | औषधि, सामग्री र उपकरण लगायतको उपयोग सम्बन्धमा कार्ययोजना बनाई अनुगमन गरी स्थिति प्रतिवेदन तयार गरी समितिमा पेश गर्न, दोषीलाई कानुनी कारबाही गर्न र उपकरण उपयोग गर्ने सम्बन्धमा कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| **१२.१२** | कोशी अञ्चल अस्पताल | औषधि, सामग्री र उपकरण लगायतको उपयोग सम्बन्धमा कार्ययोजना बनाई अनुगमन गरी स्थिति प्रतिवेदन तयार गरी समितिमा पेश गर्न, दोषीलाई कानुनी कारबाही गर्न र उपकरण उपयोग गर्ने सम्बन्धमा कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| **१३** | **दरबन्दी पदपूर्ति -** | *** |
| **१३.१** | चिकित्सकको दरबन्दी अनुसार पदपुर्ती नभएको | अध्ययन बिदामा बसेका जनशक्तिको स्थानमा अन्य कर्मचारी समयमै खटाउन, लामो समय काजमा खटाउने कार्य बन्द गर्न, विशेषज्ञ/चिकित्सक लगायत अन्य जनशक्ति समयमै दरबन्दी अनुसार पदपूर्ति गर्ने व्यवस्था मिलाउन र आवश्यकता अनुसार संगठन र सर्वेक्षण गरी जनशक्ति एकिन गर्न निर्देशन दिने । |
| **१३.२** | महाकाली अञ्चल अस्पताल | अध्ययन बिदामा बसेका जनशक्तिको स्थानमा अन्य कर्मचारी समयमै खटाउन, लामो समय काजमा खटाउने कार्य बन्द गर्न, विशेषज्ञ/चिकित्सक लगायत अन्य जनशक्ति समयमै दरबन्दी अनुसार पदपूर्ति गर्ने व्यवस्था मिलाउन र आवश्यकता अनुसार संगठन र सर्वेक्षण गरी जनशक्ति एकिन गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १३.३ | शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल | अध्ययन बिदामा बसेका जनशक्तिको स्थानमा अन्य कर्मचारी समयमै खटाउन, लामो समय काजमा खटाउने कार्य बन्द गर्न, विशेषज्ञ/चिकित्सक लगायत अन्य जनशक्ति समयमै दरबन्दी अनुसार पदपूर्ति गर्ने व्यवस्था मिलाउन र आवश्यकता अनुसार संगठन र सर्वेक्षण गरी जनशक्ति एकिन गर्न निर्देशन दिने । |
| १४ | **आइसोलेशन कक्ष** - आइसोलेसन कक्ष नभएकोले थप जोखिम हुन सक्ने। | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १५ | **सेवाको पहुँच** - समय तालिका तय गरी सेवामा सुधार नभएको । | समय तालिका तय गरी सेवामा सुधार गर्न निर्देशन दिने । |
| १६ | **चिकित्शकको उपस्थिति** - आन्तरिक नियन्त्रणमा समेत सुधार गरी सेवा प्रवाहमा दक्षता ल्याउनुपर्ने । | रिक्त दरबन्दी तत्काल पदपूर्ति गर्ने/ खाली हुँदा बैकल्पिक व्यवस्था गर्ने र ई-हाजिरी, टाइम कार्ड लगायतको व्यवस्था गरी चिकित्सकको तोकिएको समयमा अनिवार्य उपस्थिति सुनिस्चित हुने व्यवस्था मिलाई अन्तरिक नियन्त्रणमा सुधार गरी गुणस्तरीय सेवा प्रदान गर्न निर्देशन दिने । |
| १७ | **रिएजेन्ट तथा केमिकल्स** - खर्च नियन्त्रणलाई भरपर्दो बनाउन लाभ लागत दृष्टिकोणले रिएजेन्ट तथा केमिकल्स आपूर्तकलाई परीक्षण संख्याको आधारमा भुक्तानी गर्ने वा अन्य विकल्पसमेतलाई ध्यान दिई सोको व्यवस्थापन गर्नुपर्ने देखिएको । | मापदण्डमा सुधार गर्न, लग बुक राख्न, प्रतिशत टार्गेट दिन, समय अवधि निश्चित गर्न, विशेष प्रकारका औषधि/रसायनको वर्गिकरण गर्न र अन्य उल्लिखित सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| १८ | **आकस्मिक सेवा** - तोकिएबमोजिम आकस्मिक कक्ष नहुँदा एउटै शय्यामा २।३ जना बिरामी राखेर सेवा प्रदान गर्ने गरेकोले मापदण्डअनुसार आकस्मिक शय्याको व्यवस्था गरी सेवा प्रवाह चुस्त बनाउनुपर्ने देखिन्छ । | नियमानुसार व्यवस्था गर्नुपर्ने आकस्मिक सेवाका बेडको संख्याको विवरण समितिमा पेश गर्न र मापदण्ड अनुसार आकस्मिक बेडको व्यवस्था गरी सेवा प्रवाह चुस्त बनाउन निर्देशन दिने । |
| १९ | **अनुगमन** - दर्ता नभई प्रयोगशाला सञ्चालन गर्ने कार्य नियन्त्रण गर्न र स्वास्थ्य संस्थाको गुणस्तर सुनिश्चित गर्न नियमनकारी निकायले अनुगमनको | सुझाव अनुसार प्रभावकारी रूपमा अनुगमनको दायरा बढाई नियमन गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | दायरा विस्तार गर्नुपर्दछ । | |
| **औषधी भण्डार व्यवस्थापन :** | | |
| २० | **औषधी मौज्दात -** औषधिको मौज्दात बढी हुँदा म्याद समाप्त भई अनावश्यक व्ययभार बढ्ने र न्यून हुँदा सेवा प्रवाहमा असर पर्न सक्ने जोखिम देखिँदा औषधि मौज्दात व्यवस्थापन कमजोर रहेको । | औषधी मौज्दात व्यवस्थापनलाई तत्काल प्रभावकारी बनाउन निर्देशन दिने। |
| २१ | **औषधी न्यून मौज्दात-** मापदण्डअनुसार औषधि आपूर्ति र मौज्दात व्यवस्थापन कार्य प्रभावकारी नभएको । | प्रदेश र स्थानीय निकाय संगको समन्वयमा ठूलो परिमाणमा गरिने औषधि खरिद सम्बन्धि योजना बनाई मापदण्ड अनुसार औषधि खरिद र मौज्दात व्यवस्थापनलाई प्रभावकारी बनाउन निर्देशन दिने । |
| २२ | **म्याद नाघेका औषधि -** औषधि व्यवस्थापन पक्ष सबल नभएको । | औषधि व्यवस्थापन सम्बन्धमा हालको यथार्थ विवरण संकलन गरी स्थिति प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । लापरबाही गरे नगरेको, दुरुपयोग गरे नगरेको छानविन गरी दोषीलाई कारबाही गर्न र औषधिको माग र आपूर्ति सन्तुलन मिलाई व्यवस्थापन गर्न निर्देशन दिने । |
| २३ | **निःशुल्क औषधिको सूची -** औषधि वितरण सूचीमा समावेश औषधिको थप अध्ययन र विश्लेषणद्वारा सो सूचीलाई अद्यावधिक गरी अत्यावश्यक एवं प्राथमिक स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन नगरेको । | निशुल्क उपलब्ध हुने औषधि गुणस्तरीय र सुरक्षित रूपमा उपलब्ध गराउन र औषधि वितरण सूचीमा समावेश औषधिको थप अध्ययन र विश्लेषणद्वारा सो सूचीलाई अद्यावधिक गरी अत्यावश्यक एवं प्राथमिक स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिने । |
| २४ | **फार्मेसी सञ्चालन -** अस्पतालको प्रेष्क्रिप्सनको नमूना परीक्षण गर्दा ब्राण्ड तोकी औषधि सिफारिस गरेको, निर्देशिकाको पालना नभएको । | स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्न र दक्ष जनशक्तिमार्फत अस्पतालहरुबाट आफ्नै फार्मेसी सञ्चालन गरी बिरामी एवं सेवाग्राहीलाई सुलभ तथा गुणस्तरीय सेवा पुऱ्याउन जारी गरिएको फार्मेसी सेवा निर्देशिका, २०७२ कडाईका साथ लागू गर्न तथा त्यसको नियमित अनुगमन गर्न |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | | निर्देशन दिने । |
| २५ | **फोहोरमैला व्यवस्थापन -** अस्पतालको सरसफाई कार्य व्यवस्थित नभएको । | अस्पतालको सरसफाई कार्य तत्काल व्यवस्थित गर्न निर्देशन दिने । |
| २६ | **वैदेशिक सहयोग -** | *** |
| २६.१ | कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित औषधि, उपकरण खरिद, जनशक्ति परिचालन, सेवा प्रवाह र भुक्तानी लेखा प्रतिवेदन, लेखापरीक्षण लगायत सम्पूर्ण कार्य सेभ द चिल्ड्रेनमार्फत हुने गरेको । | ग्लोबल फण्डबाट प्राप्त हुने अनुदानको सम्पूर्ण रकमको लेखापरीक्षण चालू आर्थिक बर्षभित्र गरी गराई त्यसको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने र सरकारी निकायहरुले समयमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकेको, अमान्य खर्च र बेरुजू धेरै रहेको, वित्तीय अनुशासन कमजोर रहेको जस्ता कारणहरुबाट दातृ निकायको दृष्टिकोणमा कार्यक्रम सञ्चालन गर्न सक्षम मानिन नसकेको निष्कर्ष निकाली मन्त्रालय प्रमुख प्राप्ति कर्ता हुन नसकेको सम्बन्धमा समितिमा सम्बन्धित पदाधिकारीलाई आमन्त्रण गरि पुनः छलफल गर्ने । |
| २६.२ | वैदेशिक सहायताको कार्यान्वयन सरकारी निकायबाट गराउने व्यवस्था मिलाई महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने । | उल्लिखित बैदेशिक सहायताको लेखा परीक्षण गरि गराई चालू आर्थिक बर्ष भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने र अब आइन्दा वैदेशिक सहायताको कार्यान्वयन सरकारी निकायबाट गर्ने गराउने व्यवस्था मिलाई महालेखापरीक्षकको कार्यालयबाट अनिवार्य लेखापरीक्षण गराउन निर्देशन दिने । |
| २७ | **लेखापरीक्षण -** | *** |
| २७.१ | दातृ निकायबाट प्राप्त भएको खर्चको विवरण र सूचनाको आधारमा बाल स्वास्थ्य महाशाखाले ६ दातृ निकायबाट प्राप्त रु.४३ करोड ६५ लाख ९६ | उल्लिखित बैदेशिक सहायताको लेखा परीक्षण गरि गराई चालू आर्थिक बर्ष भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | हजार र इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखले सोझै भुक्तानीतर्फको रु.४६ करोड ३० लाख ३६ हजार खर्चको विवरण उपलब्ध गराएकोमा लेखापरीक्षण नगराएको। | |
| २७.२ | वस्तुगत सहायता प्राप्त भएको देखाई बाल स्वास्थ्य महाशाखाले रु.२७ करोड ५७ लाख ९९ हजार, राष्टिय एड्स तथा यौनरोग केन्द्रले रु.३० करोड २० लाख ३४ हजार, इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखाले रु.१९ करोड ९२ लाख १४ हजार र राष्टिय क्षयरोग केन्द्रले रु.१ करोड ७३ लाख ४ हजारसमेत रु.७९ करोड ४३ लाख ५१ हजार समावेश गरी वित्तीय विवरण तयार गरेकोमा वस्तुगत सहायता प्राप्त गर्ने सम्झौता लगायत स्रेस्ता कागजात तयार गरी लेखापरीक्षण नगराएको । | उल्लिखित बैदेशिक सहायताको लेखा परीक्षण गरि गराई चालू आर्थिक बर्ष भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २७.३ | राष्टिय क्षयरोग केन्द्रले बजेटमा समावेश भएको रु.१५ करोड ६३ लाख ५५ हजार मूल्य बराबरका औषधि जिन्सी आम्दानी देखाए तापनि आर्थिक विवरणमा समावेश नगरेको समेत रु.३६ करोड ४५ लाख ६४ हजारको लेखापरीक्षण नगराएको । | उल्लिखित रकमको लेखा परीक्षण गरी गराई चालू आर्थिक बर्ष भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| **स्वास्थ्य सेवा विभाग** | | |
| २८ | **सहायताको उपयोग** - विभागअन्तर्गत ६ महाशाखाको लागि यो वर्ष रु.१ अर्ब ७२ करोड १९ लाख वैदेशिक सहायतातर्फ विनियोजितमध्ये रु.७६ करोड ९२ लाख (४४.६७ प्रतिशत) खर्च भएको, वैदेशिक सहायताको उपयोगमा कमी देखिएकोले सोको कारण पहिचान गरी उपयोगमा प्रभावकारिता ल्याउनुपर्ने । | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| २९ | **खोप उपयोग** - विभागले निःशुल्क रुपमा बालबालिकाहरुलाई उपलब्ध | बालबालिकाहरुलाई उपलब्ध गराउँदै आएको खोप खेर नजाने गरी |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | गराउँदै आएको खोप सम्भव भएसम्म खेर नजाने गरी लगाउने व्यवस्था गर्नुपर्दछ । वैदेशिक मुद्रामा खरिद हुने खोपको मात्रा बढी खेर गएको, मितव्ययी र कुशल रुपमा कार्यक्रम सञ्चालन नभएको, खोपको डोज खोलिसके पश्चात्निश्चित अवधिमा उपयोग गर्नुपर्ने गरी उचित व्यवस्थापन नगरेको । | लगाउने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ३० | **औषधि खरिद** – वार्षिक खरिद योजनाअनुसार औषधि खरिद गर्न स्वास्थ्य सेवा विभागले ध्यान नदिँदा नागरिकले प्राप्त गर्नुपर्ने निःशुल्क औषधि प्राप्त नभई सेवा प्रवाहमा प्रत्यक्ष असर परेको । | वार्षिक खरिद योजनाअनुसार औषधि खरिद गरी नागरिकले प्राप्त गर्नुपर्ने निःशुल्क औषधि प्रासमयमै प्राप्त गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ३१ | **ओरल रिहाइड्रेशन साल्ट** - वार्षिक कार्यक्रमअनुसार खरिद हुनुपर्ने अत्यावश्यक औषधि यो आर्थिक वर्षमा समेत आपूर्ति नहुनुले आपूर्ति व्यवस्थापन पक्ष कमजोर भई निःशुल्क वितरण गर्नुपर्ने औषधि अभावले सेवा प्रवाहमा प्रत्यक्ष असर पर्ने देखिएकोले औषधि आपूर्तिमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्ने । | बार्षिक कार्यक्रम अनुसार समयमै औषधि आपूर्ति नगरी सेवा प्रवाहमा समस्या पैदा गर्ने औषधि आपूर्तिमा संलग्न पदाधिकारीलाई छानविन गरी दोषी देखिएमा कानुनि कारवाही गर्न र बार्षिक खरिद योजना बनाई आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन निर्देशन दिने । |
| ३२ | **पारासिटामोल सस्पेन्सन** - सम्झौताको शर्तबमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिई आपूर्ति गर्नु गराउनुपर्ने। | अत्यावश्यक औषधी लगायत सामग्री आपूर्ति गर्दा समयमै आपूर्ति नगर्ने आपूर्तक संग सम्झौताको शर्तबमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिई आपूर्ति गराउन र यस सम्बन्धमा अनुगमन गरी दोषी देखिएमा कानुन अनुसार कारबाही गर्न गराउन निर्देशन दिने । |
| ३३ | **डक्सीसाइक्लिन क्याप्सुल** – सम्झौताको शर्त बमोजिम आपूर्ति कार्य गर्नु गराउनुपर्ने । | छानविन गरी उल्लिखित खरिद प्रक्रिया समयमै सम्पन्न नगर्ने नगराउने तथा आपूर्ति नगर्ने नगराउने पदाधिकारीलाई दोषी देखिएमा कानुनि कारबाही गर्न र आपूर्ति व्यवस्था प्रभावकारी बनाउन निर्देशन दिने । |
| ३४ | **सम्झौताको अन्त** - औषधि निःशुल्क औषधिको सूचीबाट हटेको अवस्थामा | उल्लिखित खरिद कार्यमा भएको अनियमितता छानविन गरी दोषीलाई सचेत |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | समेत आपूर्तकलाई दिएको पेस्की असुल नगरी पेस्की रकमले खाम्ने बराबरको औषधि थेरापेटिक प्रयोगको लागि आपूर्ति गराउने र ठेक्का अन्त गर्ने निर्णयले औषधि आपूर्ति व्यवस्थापन कार्य कमजोर देखिएकोले सुधार हुनुपर्ने । | गराउन र खरिद व्यवस्थापनलाई प्रभावकारी बनाउन निर्देशन दिने । |
| ३५ | **भेन्टिलेटर आपूर्ति** - आपूर्तकबाट तोकिएको स्थानमा मालसामान जडान तथा आपूर्ति भएको नदेखिएकोमा विभागबाट कुनै कारबाही नगरी आंशिक आपूर्ति स्वीकार गर्नु मनासिब नभएकोले यस खरिद अन्तर्गत आपूर्तकका लागि खोलिएको प्रतीतपत्रसमेत बन्द नगरेको । | खोलिएको प्रतीतपत्र बन्द गर्न, खरिद सम्झौता अनुरुप आपूर्तकबाट आपूर्ति गर्न गराउन निर्देशन दिने । |
| ३६ | **औषधिको प्रतिस्थापन** - इन्सपेक्सन एजेन्टलाई कारबाही गरी उक्त औषधि प्रतिस्थापन नगरेकोले रु.१२ लाख ४१ हजार असुल गर्नुपर्ने तथा गुणस्तरहीन सामान आपूर्ति हुने कार्यमा थप नियन्त्रण एवं कारबाहीको व्यवस्था गर्नुपर्ने। | उल्लिखित खरिद प्रक्रिया सम्बन्धमा इन्सपेक्सन एजेन्टलाई कारबाही गरी उक्त औषधि प्रतिस्थापन नगरेकोले छानविन गरी एक महिना भित्र रकम रु.१२ लाख ४१ हजार असुल गर्न तथा गुणस्तरहीन सामान आपूर्ति हुने कार्यमा थप नियन्त्रण एवं कारबाहीको व्यवस्था गर्न निर्देशन दिने । |
| ३७ | **ढुवानी भाडा भुक्तानी** —बढी भुक्तानी भएको ढुवानी रकम सम्बन्धमा थप छानबिन गरी यो वर्ष बढी भुक्तानी भएको रु.१ करोड ४६ लाख ७१ हजार असुल गर्नुपर्दछ । | निर्धारित स्थानमा ढुवानी नगरी नगराई बढी भुक्तानी दिएको ढुवानी रकम सम्बन्धमा थप छानबिन गरी बढी भुक्तानी भएको रु.१ करोड ४६ लाख ७१ हजार रकम एक महिना भित्र असुल गरी समितिलाई जानकारी दिन निर्देशन दिने। |
| ३८ | **सी.टी. स्क्यान मेसिन खरिद** - खरिद व्यवस्थापन कार्य प्रभावकारी नभएको। | मेशिन खरिद सम्बन्धमा छानविन गरी दोषी पदाधिकारीलाई कानुनी कारवाही गर्न र खरिद व्यवस्थापन प्रभावकारी बनाउन निर्देशन दिने । |
| ३९ | **मर्मत सम्भार ठेक्का** - | *** |
| ३९.१ | छानबिन गरी समायोजन गर्नुपर्ने। | सम्झौता अनुरुप मर्मत नगरेको नगराएको, बढी भुक्तानी दिएको, विवरणमा |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | | नपरेको मर्मत गरेको भैं गरिएको बढी भुक्तानी गरेको लगायतका अनियमितताक सम्बन्धमा छानविन गरि असुल उपर गर्नुपर्ने वा समायोजन गर्नुपर्ने भए सो गरी एक महिना भित्र समितिमा प्रतिवेदन पेस गर्न निर्देशन दिने । |
| ३९.२ | आर्थिक वर्ष २०७४।७५ देखि अस्पतालमा हुने मर्मत सम्भार खर्चमा मितव्ययिता ल्याउने र दक्षता अभिवृद्धि गरी सबै अस्पतालहरुमा उपकरण नियमित रुपमा मर्मत गरी सञ्चालन हुने व्यवस्था मिलाउने उद्देश्यले यस महाशाखाले मर्मत सम्भार ठेक्का गरेको देखिन्छ । सम्झौताअनुसार सबै उपकरणको मर्मत सम्भार सोही सेवा प्रदायकले गर्नुपर्ने र अस्पताल तथा स्वास्थ्य संस्थाको तर्फबाट छुट्टै मर्मत खर्च नहुनुपर्ने सम्बन्धमा अध्ययन गर्दा विभागीय तवरले उपकरण मर्मत सम्भार गर्ने व्यवस्था भैसके पश्चात्पनि अस्पतालहरुले आफ्नै तवरबाट समेत उपकरण मर्मत सम्भारमा खर्च गर्ने गरेको देखियो । सेवा प्रदायकले मर्मत गर्नुपर्ने उपकरण ७ अस्पतालबाट गराई लेखेको खर्च रु.३६ लाख ५४ हजार दोहोरो भएको देखिन्छ । यस्तो खर्च छानबिन गरिनुपर्दछ । | मर्मत गर्दा दोहोरो परेको खर्च छानविन गरी असुल गर्न पर्ने भए असुल गरी एक महिना भित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ३९.३ | खर्च अत्यधिक भएकोले मर्मत सम्भार ठेक्का मितव्ययी देखिएन । | उल्लिखित मर्मत सम्भार गर्दा मितव्ययी हुने गरी व्यवस्था गर्न गराउन निर्देशन दिने । |
| ४० | **विपन्न नागरिक औषधि उपचार कोष** - सेवा विस्तार गर्नुपर्ने देखिन्छ । | सुझाव अनुसार सोधभर्ना लिने बिरामीको विस्तृत विवरण संकलन हुनेगरी डाटावेस प्रणाली लागू गर्न, दोहोरो भुक्तानी नहुने सुनिश्चित गर्न र हालको सिमित संस्थाबाट उपलब्ध गराइएको सेवा विस्तार गर्न निर्देशन दिने । |
| ४१ | **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८२ मा | उल्लिखित सेवा खरिद सम्बन्धमा प्रतिष्पर्धा बेगर, सरकारी नर्म्स उपयोग |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | एक तह माथिको अधिकारीको स्वीकृत लिई यस वर्ष स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाले सोझै एक परामर्शदाता नियुक्त गरी ५ ठाउँमा बेरुजू गोष्ठी सञ्चालन गर्दा रु.७१ लाख ३६ हजार खर्च गरेको छ। उक्त गोष्ठी सञ्चालन गर्न आवश्यक स्रोतव्यक्तिरविशेषज्ञ सरकारीस्तरबाट नै उपलब्ध हुने र आफ्नै जनशक्तिबाट उक्त कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सो अनुसार गरेको नदेखिएकोले उक्त कार्य मनासिब देखिएन । | नगरी गरिएको औचित्य पुष्टि नहुने खर्च गरेको सम्बन्धमा छानविन गरि दोषी देखिएका सम्बन्धित पदाधिकारीलाई सचेत गराउन र अब आइन्दा आफ्नै जनशक्तिको अधिकतम उपयोग गर्ने व्यवस्था मिलाउन निर्देशन दिने। |
| ४२ | **कोष परिचालन** - कार्यविधि तथा कार्यक्रम तयारी बेगर कोषमा निष्क्रिय रहेकोले रकम परिचालन हुनुपर्ने अन्यथा सञ्चित कोषमा फिर्ता हुनुपर्दछ । | कोषको कार्यविधि तयार गरि निर्धारित कार्यक्रम सचालन गर्न निर्देशन दिने अन्यथा रकम निष्क्रिय रहने भए उक्त रकम संचित कोष दाखिला गर्न निर्देशन दिने । |
| ४३ | **पूर्व निर्धारित क्षतिपूर्ति** - पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने । | सम्झौता बमोजिमको समयमा आपूर्ति नगरी ढिला दाखिला गर्ने आपूर्तिकर्तासंग उल्लिखित पूर्वनिर्धारित क्षतिपूर्ति एक महिना भित्र असुल गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ४४ | **पेस्की** - तालिम गोष्ठीसम्बन्धी सामान खरिद, खाजा, हवाइटिकट, हल भाडा लगायतको कार्यमा आपूर्तकलाई कार्यालयबाट सोझै भुक्तानी दिन सकिनेमा पेस्कीमार्फत गर्ने र अनुमानित खर्चको आँकलन नै नगरी आवश्यकताभन्दा बढी पेस्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ । | तालिम गोष्ठीसम्बन्धी सामान खरिद, खाजा, हवाइटिकट, हल भाडा लगायतको कार्यमा आपूर्तकलाई कार्यालयबाट सोझै भुक्तानी दिने व्यवस्था मिलाउन र अनुमानित खर्चको आँकलन नै नगरी आवश्यकताभन्दा बढी पेस्की दिने कार्यमा नियन्त्रण गर्न निर्देशन दिने । |
| **राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला -** | | |
| ४५ | **सञ्चालन अवधि** - प्रयोगशालाले उपलब्ध स्रोतको अधिकतम उपयोग गर्ने गरी सेवामा प्रभावकारिता र दक्षता ल्याउन उपर्युक्त समय तालिका पुनरावलोकन गर्नुपर्ने देखिएको छ । | प्रयोगशालाले उपलब्ध स्रोतको अधिकतम उपयोग गर्ने गरी सेवामा प्रभावकारिता र दक्षता ल्याउन उपर्युक्त समय तालिका पुनरावलोकन गरी चौबिसै घण्टा सेवा सुनिस्चित गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ४६ | **प्रयोगशाला सञ्चालन** - आवश्यक जनशक्तिको व्यवस्थापन गरी प्रयोगशाला सञ्चालनबाट गुणस्तरीय सेवाप्रवाह हुनपर्दछ । | तत्काल आवश्यक जनशक्तिको व्यवस्थापन गरेर प्रयोगशाला सञ्चालनगरी गुणस्तरीय सेवाप्रवाह गर्न गराउन निर्देशन दिने । |
| ४७ | **सञ्चालन अनुमति** –देशभरका सम्पूर्ण प्रयोगशालाको स्थायी अनुमति दिने निकायमा १५६ प्रयोगशालाको मात्र अभिलेख रहेको स्थितिले अनुमति प्रक्रिया व्यवस्थित रहेको देखिएन । उक्त स्थितिमा प्रयोगशाला दर्ता नै नभई सञ्चालन हुने जोखिम रहेको छ । निर्देशिकाको व्यवस्था बमोजिम तत्सम्बन्धी विवरण अद्यावधिक गर्नुपर्ने । | देशभरका सम्पूर्ण प्रयोगशालाको स्थायी/अस्थाई अनुमति र बर्गिकरण अभिलेख अध्यावधिक गरी अनुमति प्रक्रिया व्यवस्थित गर्न र संचालित प्रयोगशालाहरूको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ४८ | **अनुगमन र सुपरिवेक्षण** –सुपरिवेक्षण गरी प्रयोगशाला सञ्चालन सम्बन्धमा प्रतिवेदन लिने गर्नुपर्नेमा नलिने गरेकोले खर्चको सार्थकता सिद्ध हुने गरी अनुगमन गर्ने तथा अनिवार्य रुपमा प्रतिवेदन लिई सोमा देखिएका व्यहोरासमेत कार्यान्वयन गर्नुपर्ने । | वार्षिक कार्यक्रममा ६०० पटक सरकारी अस्पतालको प्रयोगशाला, निजी अस्पताल तथा रक्त सञ्चार सेवाहरुको अनुगमन मूल्याङ्कन गर्न रु.२५ लाख २७ हजार खर्च भएको देखिएकोमा अनुगमनको प्रतिवेदन एक महिना भित्र समितिमा पेश गर्न र प्रयोगशालाहरुको नियमित अनुगमन तथा सो अनुसार कारबाही गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ४९ | **सामान आपूर्ति** - निर्देशिकाबमोजिम गुणस्तरीय कीट, रिएजेन्ट र उपकरण प्राप्त भएको सुनिश्चित हुने गरी खरिद प्रक्रियामा सुधार गर्न समितिले ध्यान दिनुपर्दछ । | निर्देशिकाबमोजिम गुणस्तरीय कीट, रिएजेन्ट र उपकरण प्राप्त भएको सुनिश्चित हुने गरी खरिद प्रक्रियामा सुधार गर्न निर्देशन दिने । |
| ५० | **गुणस्तर नियन्त्रण** –प्रयोगशालाले तोकिएको मापदण्ड पूरा गरी गुणस्तरीय सेवा प्रवाह गरेको आश्वस्त हुने अवस्था देखिएन । प्रभावकारी रुपमा कार्य गरी गुणस्तर नियन्त्रणमा सुधार गर्नुपर्ने देखिएको । | प्रयोगशालाले तोकिएको मापदण्ड पूरा गरी गुणस्तरीय सेवा प्रवाह गरेको आश्वस्त हुने कार्य गरी गुणस्तर नियन्त्रणमा सुधार गर्न निर्देशन दिने । |
| **राष्ट्रिय क्षयरोग केन्द्र** | | |
| ५१ | **सेवा प्रवाह** - क्षयरोगीको मृत्य बढेको | तोकिएको मापदण्ड पूरा गरी गुणस्तरीय सेवा प्रवाह गरेको आश्वस्त हुने |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | | कार्य गरी गुणस्तर नियन्त्रणमा सुधार गर्न निर्देशन दिने । |
| ५२ | **गैरसरकारी संस्था मार्फत कार्य** - केन्द्रबाट अनुगमन नगरेकोले वास्तविक अवस्था यकिन हुन नसकेको । | विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार प्रिभिलेन्स सर्भे गरी क्षयरोगका बिरामी भए नभएको तथ्याङ्क सङ्कलन सम्बन्धमा कार्य सम्पन्न प्रतिवेदन एक महिना भित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| **राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र** | | |
| ५३ | **सेवा प्रवाह** - वर्ष एच.आई.भी. तथा यौनरोग नियन्त्रण गर्न रु.५५ करोड ३१ लाख बजेट विनियोजन भएकोमा रु.३५ करोड २९ लाख (६४ प्रतिशत) खर्च भएको छ । उक्त खर्चमध्ये वस्तुगत अनुदानतर्फ रु.४० करोड ११ लाखमध्ये रु.३० करोड २० लाख (७५ प्रतिशत), दाताको संयुक्त कोष (ग्लोबल फण्ड) को रु.१४ करोडमा रु.४ करोड २० लाख (३० प्रतिशत) मात्र खर्च भएको देखिन्छ । हस्तक्षेपकारी कार्यक्रमको माध्यमबाट एच.आई.भी. एड्सरोग नियन्त्रण गर्न ५ गैरसरकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न रु.६ करोड २३ लाख भुक्तानी गरेकोमा सो कार्यक्रमको उपलब्धि अनुगमन नगरेको । | हस्तक्षेपकारी कार्यक्रमको माध्यमबाट एच.आई.भी. एड्सरोग नियन्त्रण गर्न संचालित उल्लिखित कार्यक्रमको अनुगमन गरी एक महिना भित्र प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ५४ | **एड्सको औषधि आपूर्ति** —एच.आई.भी. एड्स जस्तो संवेदनशील रोगको लागि ए.आर.भी. औषधि समयमा आपूर्ति गरी मौज्दात व्यवस्थापन हुन नसक्दा सम्बन्धित सेवाग्राहीले प्रभावकारी सेवा पाउन सक्ने अवस्था छैन। | तत्काल छानविन गरेर एच.आई.भी. एड्स जस्तो संवेदनशील रोगको लागि ए.आर.भी. औषधि समयमा आपूर्ति नगर्ने उपर कानुनि कार्यवाही गरी समितिलाई जानकारी दिन र समयमै पर्याप्त मौज्दात व्यवस्थापन गरी प्रभावकारी सेवा सुनिस्चित गर्न निर्देशन दिने । |
| **स्वास्थ्य बिमा बोर्ड** | | |
| ५५ | **बीमामा सहभागिता** —स्वास्थ्य बीमा गर्दा सेवाको गुणस्तर, सेवामा पहुँच र | स्वास्थ्य बीमाको गुणस्तरीय सेवा सुनिश्चित गर्न नियमित अनुगमन गर्न, |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | लागतमा किफायतीपना ल्याउन विशेष अध्ययन गरी दिगोपनामा ध्यान दिनुपर्ने । | सेवाको क्षेत्र वृद्धि गर्न, सेवाको गुणस्तर, सेवामा पहुँच र लागतमा किफायतीपना ल्याउन विशेष अध्ययन गरी दिगोपन कायम गर्ने गरी सेवा प्रवाह गर्न निर्देशन दिने । |
| ५६ | **मेसिन जडान** - स्वास्थ्य बीमा लागूभएका जिल्लाका अस्पताललाई सुविधा सम्पन्न बनाउन गतवर्ष एक आपूर्तकसँग ८० थान एक्सरे मेसिन बाग्लुङ, इलामसमेत २४ जिल्लामा आपूर्ति तथा जडान गर्न र तालिम सञ्चालनसमेत गर्ने गरी सम्झौता भएको पाइयो। आपूर्तकले थप म्यादभित्र आपूर्ति गरेको ७४ थान मेसिन सम्बन्धित जिल्लामा जडान नगरेको र सम्बन्धित कर्मचारीलाई मेसिन सञ्चालन सम्बन्धी तालिमसमेत प्रदान नगरी रु.२ करोड १५ लाख ७४ भुक्तानी गरेको, सम्झौता अनुकुल देखिएन । | सम्झौता अनुरुप आपूर्तकबाट मेशिन जडान लगायतको कार्य सम्पन्न गरी गराई तीन महिना भित्र समितिमा जानकारी गराउन निर्देशन दिने । |
| ५७ | **कोषको परिचालन** - बीमा प्रिमियमबापत यो वर्षसम्म सङ्कलन भएको रु.५१ करोड ९ लाख ६१ हजार लगानी तथा खर्च नगरी विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयको विविध खातामा निष्क्रिय रहेको । | ऐन कानुनमा रहेका प्रावधन अनुरुप कार्यविधि तयार गर्न, कोषको रकम परिचालन गरी बोर्ड संचालन तथा सोधभर्ना गर्ने व्यवस्था मिलाउन निर्देशन दिने। |
| ५८ | **खर्च व्यवस्थापन** - स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २८ मा स्वास्थ्य बीमा प्रवद्र्धन र प्रशासनिक खर्चको लागि कोषको कुल बजेटको १२ प्रतिशतमा नबढ्ने गरी खर्च गर्नुपर्ने व्यवस्था भए तापनि बोर्डले गरेको आम्दानी तथा बाह्य स्रोतबाट प्राप्त हुने अनुदान सहयोगको अनुमान गरी बजेट तर्जुमा गर्ने गरेको छैन । यो वर्ष नेपाल सरकारबाट प्राप्त रु.१ अर्ब ४२ करोड ७३ लाख अनुदानमध्ये वर्षान्तसम्म रु.१ अर्ब १७ करोड ९६लाख खर्च गर्दा बीमा प्रवद्र्धन तथा प्रशासनिक कार्यमा रु.३० करोड ३० लाख ४१ हजार अर्थात २५.६९ प्रतिशत खर्च गरेको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ५९ | **कार्यक्रमको दीगोपना** – संघीय शासकीय व्यवस्था बमोजिम संघ, प्रदेश र स्थानीय तहको स्वास्थ्य सेवा सम्बन्धी छुट्टाछुट्टै कार्यक्षेत्र रहने हुँदा अन्तर्राष्ट्रिय सिद्धान्त र असल अभ्यासका आधारमा स्वास्थ्य बीमा कार्यक्रम दिगो रुपमा सञ्चालन गर्न स्वास्थ्य बीमाको सिद्धान्तको आधारमा सञ्चालन हुने वा अनुदानबाट सञ्चालन हुने निश्चयौल गरी कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ६० | **कार्यक्रममा दोहोरोपना** —नेपाल सरकारले बीमा कार्यक्रम लागूभएका जिल्लामा समेतनिःशुल्क औषधि लगायत अन्य स्वास्थ्यसम्बन्धी सुविधा उपलब्ध गराइरहँदा कार्यक्रमहरु दोहोरो हुने अवस्थाछ । दोहोरोपना हुन नदिन थप विश्लेषण गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको छ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| **औषधि व्यवस्थापन** | | |
| ६१ | **नीति कार्यान्वयन** – नीति कार्यन्वयन हुन नसकी औषधि वितरण एवं गुणस्तर व्यवस्थापन कार्य प्रभावकारी हुन नसकेको । | सुझाव अनुसार नीतिगत व्यवस्थाको कार्यान्वयन गर्न निर्देशन दिने । |
| ६२ | **औषधिको स्तर** – नीतिअनुरुप औषधिको स्तर कायम गर्न प्रभावकारी कदम चाल्नुपर्दछ । | नीति अनुरुप औषधिको स्तर कायम गर्न प्रभावकारी कदम चाल्न निर्देशन दिने । |
| ६३ | **औषधि पसल दर्ता एवं फर्मासिस्ट** – फर्मासिस्टको उपस्थिति नभई सञ्चालित औषधि पसलहरु यकिन गरी कारबाही हुनुपर्दछ । | औषधि पसलहरूको अनुगमन गरी फर्माशिस्टको उपस्थिति नभएका औषधि पसलहरूलाई कानुनि कारबाही गर्न निर्देशन दिने । |
| ६४ | **औषधि मौज्दात** – औषधिको माग आङ्कलनलाई वैज्ञानिक बनाई आवश्यक परिमाणमा औषधि खरिद गरी स्रोतको मितव्ययी उपयोग गर्नुपर्ने । | सुझाव अनुसार औषधिको माग आंकलनलाई बैज्ञानिक बनाई आवश्यक परिमाणमा औषधि खरिद गरी श्रोतको मितव्ययी उपयोग गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ६५ | **म्याद नाघेका औषधि** - औषधिको खरिद तथा मौज्दात व्यवस्थापनलाई वैज्ञानिक बनाई खेर जाने अवस्थालाई न्यूनीकरण गरी सार्वजनिक स्रोतको उपयोगलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ । | सुझाव अनुसार औषधिको खरिद तथा मौज्दात व्यवस्थापनलाई बैज्ञानिक बनाई खेर जाने अवस्थालाई न्यूनीकरण गरी सार्वजनिक श्रोतको उपयोगलाई मितव्ययी र प्रभावकारी बनाउन निर्देशन दिने । |
| ६६ | **अनुगमन** - औषधि गुणस्तरसम्बन्धमा नियमन गर्ने केन्द्रीय निकायको रुपमा रहेको अैषधि व्यवस्था विभागमा हाल कायम दरबन्दी ११५ मध्ये ४४ पद रिक्त रहेको र राष्ट्रिय औषधि प्रयोगशालाको विकेन्द्रित संरचना बनिनसकेको कारण औषधि पसल तथा उत्पादकहरुको निरीक्षण प्रभावकारी हुन नसकेको । | सुझाव अनुसार ऐन तथा नीतिमा उल्लेख भए अनुसार औषधि निरीक्षकहरूको व्यवस्था गरी अनुगमन कार्य प्रभावकारी बनाउन निर्देशन दिने । |
| **संगठित संस्था, अन्य संस्था र समिति** | | |
| **चिकित्सा विज्ञान राष्ट्रिय अध्ययन प्रतिष्ठान, ट्रमा सेन्टर** | | |
| ६७ | **लेखापरीक्षण** - ऐनको व्यवस्थाबमोजिम लेखापरीक्षण नगराउने पदाधिकारीलाई यस सम्बन्धमा जिम्मेवार गराउनुपर्दछ । | चालू आर्थिक बर्ष भित्र लेखापरीक्षण गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने र लेखापरीक्षण नगराउने पदाधिकारीलाई कानुनी कारवाही गर्न निर्देशन दिने। |
| **बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान** | | |
| ६८ | **लेखापरीक्षण** - कारोबारको वित्तीय विवरण लेखापरीक्षणमा पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ । | चालू आर्थिक बर्ष भित्र लेखापरीक्षण गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने र लेखापरीक्षण नगराउने पदाधिकारीलाई कानुनी कारवाही गर्न निर्देशन दिने। |
| **चिकित्सा विज्ञान राष्ट्रिय अध्ययन प्रतिष्ठान / वीर अस्पताल** | | |
| ६९ | **कर्मचारी काज** - अस्पताल तथा कार्यालय र प्रतिष्ठानअन्तर्गतका विभाग तथा वार्डमा तहगत र विषयगत रुपमा आवश्यक जनशक्तिको सम्बन्धमा | अब आइन्दा दूर्गम क्षेत्रमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मी अभाव नहुने गरी पदाधिकार रहेका को सेवा प्रवाह सुनिस्चित गर्नका लागि  मापदण्ड |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी जनशक्ति व्यवस्थापन गर्नुपर्नेमा त्यसो नगरी काजमा राखी तलब भत्ता र अन्य खर्च लेख्ने गरेको कारण यसबाट पदाधिकार रहेका अस्पताल तथा कार्यालयको सेवा प्रवाहमा समेत असर पर्ने भएकोले आवश्यकताको पहिचान गरी सोअनुसार पदपूर्ति गरी काजमा राख्ने परिपाटी नियन्त्रण हुनुपर्दछ । | बनाएर मात्र काज व्यवस्थापन गर्न, प्रतिष्ठानअन्तर्गतका विभाग तथा वार्डमा तहगत र विषयगत रुपमा आवश्यक जनशक्तिको सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी जनशक्ति व्यवस्थापन गर्न निर्देशन दिने । |
| ७० | **सेवा प्रवाह** - वीर अस्पतालमा बिरामी चापको तुलनामा एम.आर.आई. तथा सी.टी. स्क्यान न्यून रहेको कारण सर्वसाधारणले सेवाको लागि आफ्नो पालो नपाई एम.आर.आई. सेवाको लागि कम्तीमा ३ दिन र परीक्षण प्रतिवेदनको लागि थप ४ दिन कुर्नुपर्ने अवस्था रहेको पाइयो भने सी.टी. स्क्यानको लागि न्यूनतम ३ दिन कुर्नुपर्ने र रिपोर्टिङको लागि थप ३ दिनदेखि ४ दिन लगाउने गरेको, एम.आर.आई. तथा सी.टी. स्क्यान बाह्य निजी स्वास्थ्य संस्थाभन्दा रु.४ हजारसम्म सस्तो देखिए तापनि उक्त सेवा प्राप्त गर्न ३ देखि ४ दिन लाग्ने गरेको देखिँदा बिरामी र बिरामी कुरुवाको लागि महङ्गो पर्ने देखिन्छ । त्यसैगरी अस्पतालको शय्यार सेवाको तुलनामा आई.सी.यू. संख्या न्यून रहेको छ । केन्द्रीय अस्पतालमा २५ आई.सी.यू. शय्या मात्र रहेकोले बिरामीलाई अन्यत्र पठाउनुपर्ने स्थिति रहेको । | एम.आर.आई. तथा सी.टी. स्क्यान मेशिन थप गर्न, उपलब्ध उपकरण र जनशक्तिको अधिकतम उपयोग तथा शिफ्टको वृद्धि र लग बुकको उपयोग गरी सेवा प्रवाह गुणस्तरीय, सुलभ र प्रभावकारी बनाउन निर्देशन दिने । |
| ७१ | **औषधि खरिद सुविधा** - आन्तरिक स्रोतबाट नपुग भएको अवस्थामा समेत नियम विपरीत सुविधा दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | सुझाव अनुसार आन्तरिक स्रोतबाट नपुग भएको अवस्थामा समेत नियम विपरीत सुविधा दिने पदाधिकारीलाई सचेत गराउन र अब आइन्दा त्यस्ता नियम विपरितका सुविधा नियत्रण गर्न निर्देशन दिने । |
| ७२ | **लागत अनुमान** - लागत अनुमान यथार्थपरक बनाउनुपर्दछ । | उल्लिखित बेरुजुका सम्बन्धमा अस्वाभाविक लागत अनुमानको छानविन गरी दोषी देखिएमा पदाधिकारीलाई सचेत गराउन र अब आइन्दा बजार |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | | विश्लेषण गरी यथार्थपरक लागत अनुमान तयार गर्न निर्देशन दिने । |
| ७३ | **प्रतीतपत्रको फरफारक** – यस्ता प्रतीतपत्रहरु अन्य के कति रहेका छन् किन फछ्र्यौट गर्न ढिलाइ भएको हो, छानबिन गरी फरफारक गर्नुपर्दछ। | सम्झौताको शर्तअनुरुप विगतमा खोलिएका प्रतीतपत्रको यथार्थ विवरण तयार गरी तीन महिना भित्र फछ्र्यौट गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ७४ | **प्रशासनिक खर्च** – अस्पताललाई दिगो रुपमा सञ्चालन गर्न र वित्तीय अवस्था सुधार गर्न कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ । | बेरुजुमा औंल्याईएका समस्या हल गर्न, अस्पताललाई दिगो रुपमा सञ्चालन गर्न र वित्तीय अवस्था सुधार गर्न एक महिना भित्र कार्ययोजना बनाई समितिमा पेश गर्न निर्देशन दिने । |
| ७५ | **उपकरण खरिद** – वीर अस्पतालले २०७३।७४ को स्वीकृत कार्यक्रमअनुसार क्यान्सर रोगको उपचारको लागि सी.टी. सिमुलेटर मेसिन र टोमोथेरापी मेसिन खरिद गर्न छुट्टाछुट्टै ठेक्कापट्टा गरी दुई आपूर्तकबाट क्रमशः २०७४।९।३० र २०७४।९।२३ भित्र उपलब्ध गराउने गरी रु.४७ करोड ९० लाख ६० हजारमा सम्झौता गरेको छ । भन्सारको विवरणअनुसार उक्त मेसिन २०७४।३।१८ मा भन्सार विन्दुमा प्राप्त भए पनि २०७५ फागुन महिनासम्म उक्त सामान जडान भएको छैन । साविकमा क्यान्सर उपचारको लागि प्रयोग गरिएको कोवाल्ट ६० रेडियो एक्टिभ सोर्सको सुरक्षित व्यवस्थापनका लागि सम्बन्धित निकायमा पत्राचार गरिएको र सो उपकरण राख्ने बङ्कर खाली भएपछि जडान गर्ने भनी सशस्त्र प्रहरी बल हलचोकमा २०७५।५।१८ मा राखेको छ । २०७५।३।३० सम्म मात्र म्याद थप भएको उक्त सामानको जडान नहुँदा क्यान्सर रोगीहरुको उपचार प्रभावित भएको छ । | छ महिना भित्र क्यान्सर उपचारको लागि प्रयोग गरिएको कोवाल्ट ६० रेडियो एक्टिभ सोर्सको सुरक्षित व्यवस्थापन गर्न गराउन र मेशिन जडान गर्न लगाई उपचार सेवा सुचारु गरी समितिलाई जानकारी दिने निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| **कान्ति बाल अस्पताल** | | |
| ७६ | **समितिको आम्दानी** - भौतिक पूर्वाधार र उपकरण व्यवस्थापनको लागि सरकारकै अनुदानमा भर पर्नुपर्ने स्थिति छ । अस्पतालले आय वृद्धि र खर्च नियन्त्रणसम्बन्धी नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ । | छ मनिहना भित्र कान्ति अस्पताल लगायत यस्तै प्रकृतिका अस्पताललाई आत्मनिर्भर बनाई सेवा विस्तार गर्न कार्यदल गठन गरी व्यवस्थापन पुनरावलोकन गर्न र अस्पतालको व्यावसायिक योजना तयार गरी लागू गर्न |
| ७७ | **आई.सी.यू. सेवा** - आई.सी.यू. अभावका कारण बिरामी अन्यत्र सिफारिस गर्नुपर्ने परिस्थितिको अन्त गरी गुणस्तरीय सेवाप्रवाहमा सुधार गर्नुपर्ने देखिएको छ । | चालू आ.व. भित्र आइ. सी. यू. सेवालाई पूर्ण क्षमतामा संचालन गरी गुणस्तरीय सेवा प्रवाह गर्न निर्देशन दिने । |
| ७८ | **बक्यौता असुली** - बक्यौता रकम सम्झौताको शर्तबमोजिम असुल गर्नुपर्दछ। | छानविन गरी दोषी पदाधिकारीलाई कानुनि कार्यवाही गर्न र छ महिना भित्र असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| **शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र** | | |
| ७९ | **सेवा प्रवाह** - समयमै पदपूर्ति गरी गुणस्तरीय सेवा सञ्चालनमा ध्यान दिनुपर्दछ । | मुटु जस्ता संवेदनशील सेवामा बढी समय प्रतीक्षा गर्नुपर्ने अवस्था हटाउन समयमै पदपूर्ति गरी गुणस्तरीय सेवा सञ्चालन गर्न निर्देशन दिने । |
| ८० | **बजेट फ्रिज** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ बमोजिम फ्रिज नहुने बजेट बाहेकको बचत रकम सालतमाम हुनुभन्दा कम्तीमा ७ दिन अगाडि नै सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्नेमा अस्पतालले जनकपुर अञ्चल अस्पतालमा हृदयरोग सेवा सञ्चालनका लागि मेसिनरी उपकरण खरिद तथा भवन निर्माण गर्न नेपाल सरकारबाट निकासा भएको रु.३ करोडमध्ये रु.१ करोड ७६ लाख ९४ हजार मौज्दात रहेकोमा फिर्ता गरी फ्रिज गरेको , उक्त रकम | चालु आ. व. मा खर्च नगरी मौज्दात रहेको रकम बजेट सिद्धान्त विपरीत अर्को वर्ष खर्च गर्ने पदाधिकारीलाई सचेत गराउने र अब आइन्दा बजेट मौज्दात रहने भए संचित कोष दाखिला गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | यस वर्ष खर्च गरेको जानकारी हुन आएको छ ।खर्च नगरी मौज्दात रहेको अर्को वर्ष खर्च गर्नु बजेट सिद्धान्त विपरीत देखियो । | |
| **बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर** | | |
| ८१ | **खर्च व्यवस्थापन** - अस्पतालले आवश्यकताको आधारमा मात्र कर्मचारी भर्ना गरी अनावश्यक खर्चलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ । | अस्पतालले आवश्यकताको आधारमा मात्र कर्मचारी भर्ना गरी अनावश्यक खर्चलाई नियन्त्रण गर्न निर्देशन दिने । |
| ८२ | **आम्दानी प्रक्षेपण** - अस्पतालले लक्ष्यअनुसार सेवा सञ्चालन गरी आम्दानी र सेवा प्रवाहमा सुधार गर्नुपर्ने देखिएको छ । | लक्ष्यअनुसार सेवा सञ्चालन गरी आम्दानी र सेवा प्रवाहमा सुधार गर्न निर्देशन दिने। |
| ८३ | **पेट सी. टी. स्क्यान** - खरिद सम्बन्धमा उचित निर्णय गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्दछ । | उल्लिखित खरिद सम्बन्धमा उचित निर्णय गर्न र पेट सी.टी. स्क्यान खरिद गरी गुणस्तरीय सेवा प्रवाह गर्न निर्देशन दिने । |
| ८४ | **रेडियोथेरापी सेवा** - अस्पतालले उपकरण र जनशक्तिको अभावको कारण ढिलाई हुने गरेको उल्लेख गरेतापनि जनगुनासोलाई सम्बोधन हुने गरी सेवा प्रवाह छिटो, छरितो र गुणस्तरीय बनाउन ध्यान दिनुपर्ने देखिएको छ। | सेवाको उपलब्धता बढाई समयमा सेवा उपलब्ध हुने व्यवस्था गरी जनगुनासो सम्बोधन गर्न र गुणस्तरीय सेवा प्रवाह गर्न निर्देशन दिने । |
| ८५ | **भवनको अवस्था** - कुरुवा घर मर्मत हुन नसक्दा लगानी खेर गइरहेकोमा अस्पतालले ध्यान दिएको छैन। बिरामीका कुरुवाहरुलाई आवश्यक सेवा उपलब्ध गराउनुपर्दछ । | जीर्ण रहेको कुरुवा घर मर्मत गरी सेवा सुविधा व्यवस्थापन गर्न र बिरामीका कुरुवाहरुलाई आवश्यक सेवा उपलब्ध गराउन निर्देशन दिने । |
| ८६ | **फार्मेसी सेवा** - निर्देशिकाबमोजिम फार्मेसी सेवा सञ्चालन गरी लाभ र सेवा लिनु /दिनुपर्दछ । | अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ बमोजिम तत्काल फार्मेसी सेवा सञ्चालन गरी लाभ र सेवा लिने/दिने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ८७ | **मौज्दात व्यवस्थापन** - अस्पतालको बैङ्क खाता समितिले तोकेको बैङ्कमा रहने उल्लेख छ।संकटग्रस्त रहेको वित्तीय संस्था नारायणी विकास बैङ्कको | उल्लिखित रकम असुल गरी प्रतिस्पर्धाद्वारा सुरक्षित बैङ्कमा जम्मा गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
| --- | --- | --- |
| | विभिन्न बचत खातामा गत वर्षसम्म रु.९ करोड २ लाख २३ हजार बाँकी रहेकोमा यो वर्ष रु.५ करोड ८ लाख प्राप्त भई ब्याजसमेत रु.४ करोड ५ लाख ८५ हजार बाँकी रहेको देखियो । उक्त रकम असुल गरी प्रतिस्पर्धाद्वारा सुरक्षित बैङ्कमा जम्मा गर्नुपर्ने देखिएको छ । | |
| ८८ | **सेवा प्रवाह** – दरबन्दीअनुसार पदपूर्ति नभएको, चिकित्सकलगायतका प्राविधिक तोकिएको समयसम्म अस्पतालमा रही सेवा उपलब्ध नगराएको, विशिष्ट खालको सेवा उपलब्ध गराउने अस्पतालमा आवश्यक मेसिन उपकरण अभाव रहेको, सरसफाईको अवस्था सबल नदेखिएको लगायतका कारणले गुणस्तरीय सेवा प्रवाहमा असर परेको छ । सेवामा सुधार गर्नुपर्दछ । | दरबन्दीअनुसार पदपूर्ति गर्न, चिकित्सकलगायतका प्राविधिक तोकिएको समयसम्म अस्पतालमा रही सेवा उपलब्ध गराउन, विशिष्ट खालको सेवा उपलब्ध गराउने अस्पतालमा आवश्यक मेसिन उपकरण पर्याप्त उपलब्ध गराउन, जग्गाको उचित व्यवस्थापन गर्न र चेतनामुलक कार्यक्रम संचालन तथा सरसफाईको व्यवस्था गरी गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न निर्देशन दिने। |
| **भरतपुर अस्ताल** | | |
| ८९ | **लिज रकम** – जग्गाको मालपोत कार्यालय, चितवनले २०७४।७५ मा गरेको न्यूनतम मूल्याङ्कनअनुसार प्रति कठ्ठा रु.४५ लाख ५० हजारले रु.३६ करोड ४० लाख हुन आउँछ । लिजमा परिणत गरी १ प्रतिशतले हुने रु.३६ लाख ४० हजार असुल गर्नुपर्नेमा असुल नभएकोले यस सम्बन्धमा सम्बन्धित निकाय जिम्मेवार बनी न्यूनतम लिज रकम असुल गर्नुपर्ने देखिएको छ । | एक महिना भित्र भोगाधिकार दिएका जग्गा लिजमा परिणत गरी १ प्रतिशतले हुने रु.३६ लाख ४० हजार असुल असुल गर्न र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ९० | **सम्झौताको कार्यान्वयन** – १९९३ अगष्ट ८ को सम्झौता शिक्षा मन्त्रालय सचिवस्तरमा भएकोमा तत्पश्चात्का विभिन्न सम्झौता स्वास्थ्य मन्त्रालय र | एक महिना भित्र नियमानुसार सम्झौता पुनरावलोकन गर्न, जग्गाको भाडा पुनरावलोकन गर्न, रकम समयमा दाखिला नगरे जरिवानाको व्यवस्था गर्न |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | अस्पताल विकास समितिबाट भएकोमा त्यसको आधिकारिकता समेत स्पष्ट छैन । त्यसबाट परेको असर सम्बन्धमा सम्बन्धित पक्ष जिम्मेवार हुनुपर्दछ र सम्झौताका शर्तहरु तोकिएबमोजिम कार्यान्वयन गर्नुपर्दछ । | र लिजमा परिणत गर्न र सम्झौताका शर्तहरु तोकिएबमोजिम कार्यान्वयन गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ९१ | **गुणस्तरहीन औषधि** - आपूर्ति भएको एक वर्ष अर्थात लेखापरीक्षण अवधि २०७५।९।९ सम्म पनि उक्त औषधि फिर्ता नभएकोले यस सम्बन्धमा आपूर्ति व्यवस्था महाशाखा जिम्मेवार भई सम्झौताका शर्तको पालना गर्नु गराउनुपर्ने र औषधिको आपूर्ति गर्दा गुणस्तरमा पूर्ण ध्यान दिनुपर्ने देखिएको छ । | सम्बन्धित महाशाखा जिम्मेवार भई सम्झौताका शर्तको पालना गरि गराई औषधिको आपूर्ति गर्दा गुणस्तर सुनिश्चित गर्न र सम्बन्धित पदाधिकारीलाई सचेत गराउन निर्देशन दिने । |
| **अन्य अस्पताल तथा स्वास्थ्य संस्था** | | |
| ९२ | **पूर्व निर्धारित क्षतिपूर्ति** - अस्पतालले सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेकोमा त्यस्ता निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता तथा सेवा प्रदायकबाट पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा नगरेकोले रु. ४६ लाख ८० हजार असुल गर्नुपर्दछ । | म्यादभित्र कार्य सम्पन्न नगरेका त्यस्ता निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता तथा सेवा प्रदायकबाट पूर्वनिर्धारित क्षतिपूर्ति तीन महिना भित्र असुल गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ९३ | **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। भरतपुर अस्पताल, जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तु, सुनसरीलगायत २९ कार्यालयले नियमानुसार भुक्तानीमा कट्टी गर्नुपर्ने आयकर र भाडा कर रु.२१ लाख ४६ हजार कट्टी नगरेकोले असुल गर्नुपर्दछ । | उल्लिखित बेरुजुमा कार्यालयले नियमानुसार भुक्तानीमा कट्टी गर्नुपर्ने आयकर र भाडा कर असुल उपर गरी गराई तीन महिना भित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ९४ | **पारिश्रमिक कर** - आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक | उल्लिखित बेरुजुमा कार्यालयले नियमानुसार पारिश्रमिक कर असुल उपर |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | भुक्तानी गर्दा तोकिएको दरबाट पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । भक्तपुर अस्पताल, हेटौंडा अस्पताल, शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, विभिन्न अस्पताल, जनस्वास्थ्यलगायतका ३७ कार्यालयले पारिश्रमिक कर रु.४३ लाख ७ हजार कट्टा नगरी भुक्तानी गरेकोले असुल गर्नुपर्दछ। | गरी गराई तीन महिना भित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ९५ | **बढी भुक्तानी** - नियम विपरीत बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ। | छानविन गरी नियम विपरीत बढी भुक्तानी गरेको रकम तीन महिना भित्र असुल उपर गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ९६ | **तलब भत्ता बढी भुक्तानी** - बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ । | छानविन गरी बढी भुक्तानी भएको रकम तीन महिना भित्र असुल उपर गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ९७ | **नर्म्सभन्दा बढी भुक्तानी** - नर्म्स भन्दा बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ । | छानविन गरी नर्म्स भन्दा बढी भुक्तानी भएको रकम तीन महिना भित्र असुल उपर गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ९८ | **संघीय सञ्चितकोष** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ बमोजिम निकासा प्राप्त भएको मध्ये बचत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय फिर्ता गर्नुपर्ने व्यवस्था छ । सर्लाही अस्पताललाई एकीकृत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्न प्राप्त भएको रकममध्ये रु.४९ लाख ४४ हजार खर्च नभएकोले उक्त रकम संघीय सञ्चितकोष दाखिला गर्नुपर्दछ। | छानविन गरी उल्लिखित खर्च नभएको रकम तीन महिना भित्र संचित कोष दाखिला गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ९९ | **उठ्न बाँकी भाडा** - सम्झौता बमोजिमको भाडा तोकिएको म्यादभित्र असुल गर्नुपर्दछ । लुम्बिनी अञ्चल अस्पताल, कलैया अस्पताल, आयुर्वेदिक चिकित्सालय नरदेवी, मानसिक अस्पतालसमेत १२ अस्पतालले औषधि | उल्लिखित उठ्न बाँकी भाडा रकम सम्झौताका शर्त तथा प्रचलित कानुनअनुसार ब्याजसमेत गणना गरी तीन महिना भित्र असुल गर्न र समितिलाई जानकारी दिन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | पसल, जग्गा, चमेनागृह सञ्चालन गर्न सम्झौता गरी भाडा लगाएकोमा सम्झौताअनुसार रु.१ करोड ३८ लाख ६७ हजार भाडा असुल नगरी बक्यौता रहेको छ । सम्झौताका शर्त तथा प्रचलित कानुनअनुसार ब्याजसमेत गणना गरी असुल गर्नुपर्दछ । | |
| १०० | **नगद मौज्दात** - मौज्दात रकम दाखिला नगर्ने जिम्मेवार कर्मचारीलाई आवश्यक कारबाही गरी बैङ्क दाखिला गर्नुपर्दछ । | तीन महिना भित्र मौज्दात रकम दाखिला नगर्ने जिम्मेवार कर्मचारीलाई आवश्यक कानुनि कारबाही गर्न र जरिवानासहित उल्लिखित रकम बैङ्क दाखिला गर्न लगाई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| १०१ | **विगतको भुक्तानी** - कार्यक्रममा समावेश नभएको गत वर्षको दायित्व भुक्तानी नियमित देखिएन । | आइन्दा नियम अनुरुप गर्न गराउन र कार्यक्रममा समावेश नभएको गत वर्षको दायित्व भुक्तानी गर्ने पदाधिकारीलाई सचेत गराई एक महिना भित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| १०२ | **प्रतिवेदन** - निर्देशिका अनुसार प्रतिवेदन लिई खर्च सुनिश्चित गर्नुपर्दछ । | उपलब्ध गराएको अनुदानको खर्च सम्बन्धमा भएको प्रगतिको प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने र अब आइन्दा निर्देशिका अनुसार प्रतिवेदन लिई खर्च सुनिश्चित गर्न गराउन निर्देशन दिने। |

# प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

## बेरुजु छलफल उपसमिति

# महिला, बालबालिक तथा ज्येष्ठ नागरिक मन्त्रालय

## महालेखापरीक्षकको ५४औं वार्षिक प्रतिवेदन, २०७३ उपर मिति २०७७/०३/१७ गते भएका छलफलका निणर्यहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ९२.३ | लेखापरीक्षणको स्रेस्ता उपलब्ध नगराएको । | लेखापरीक्षण भैसकेको जनाएकोले समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| १२९.९ | अनुदान सम्बन्धित प्रयोजनमा उपयोग भए/नभएको बारे अनुगमन नभएको। | केन्द्रबाट उपलब्ध गराइएका अनुदानको उपयोग भए नभएको एकिन हुने गरी अनुगमन तथा मूल्यांकन प्रतिवेदन तीन महिना भित्र समितिमा पेश गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
# महिला, बालबालिक तथा समाज कल्याण मन्त्रालय

## महालेखापरीक्षकको ५३औं वार्षिक प्रतिवेदन, २०७२ उपर मिति २०७७/०३/१७ गते भएका छलफलका निणर्यहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १ | **अनुगमन –** | |
| १.१ | अनुदान दिएको रकम तोकिएको काममा खर्च नगरेको । | तीन महिना भित्र अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| १.२ | जग्गाधनी प्रमाणपुर्जा प्राप्त नगरेको । | जग्गा धनी पूर्जा प्राप्त गर्ने व्यवस्था गर्न र ब्यापारीहरूको तत्काल अन्यत्र व्यवस्थापन गर्न गराउन निर्देशन दिने । |
| १.३ | घर बहाल कर सञ्चित कोष दाखिला नगरेको । | कर यकिन गरी संचित कोष दाखिला गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| १.४ | वासलात तयार नगरेको । | चालू आ.व. भित्र वासलात तयार गरी समितिलाई जानकरी दिन निर्देशन दिने। |
| १.५ | राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन नभएको । | **CPAC** निर्देशिका जारि गरी प्रशासनिक खर्च १०% भन्दा नबढ्ने गरि विकास सहायता नीतिले निर्धारण गरेका प्राथमिकताका क्षेत्रहरूमा खर्च गर्न गराउन र त्यसको अनुगमन गर्न निर्देशन दिने । |
| २ | **वैदेशिक सहायता –** | *** |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| २.१ | लेखापरीक्षणको स्रेस्ता पेश नगरेको । | तीन महिना भित्र लेखा परीक्षण गरि गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २.२ | समझदारी पत्रमा वित्तीय व्यवस्था, लेखा र लेखापरीक्षणको व्यवस्था नगरेको । | तीन महिना भित्र लेखा परीक्षण गरि गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २.३ | अर्थ मन्त्रालयको स्वीकृत वेगर दातृनिकायसँग सम्झौता गरेको । | छानविन गरी सचेत गराउन र अब आइन्दा अर्थ मन्त्रालयबाट स्वीकृत गराएर मात्र गर्न गराउन निर्देशन दिने । |
| २.४ | कारोवारको स्रेस्ता लेखापरीक्षण पेस नगरेको । | तीन महिना भित्र लेखा परीक्षण गरि गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३ | **आर्थिक अधिकार —** कोष व्यवस्थापनको कानुनी स्पष्ट नभएको । | चालू आ.व. भित्र कोष, लेखा र लेखापरीक्षणसम्बन्धी कानुनी व्यवस्था गर्न र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ४ | **विपद पश्चात कार्य —** खर्च विवरण सार्वजनिक नगरेको । | उल्लिखित खर्चको छानविन गरी तीन महिना भित्र समितिलाई प्रतिवेदन दिन निर्देशन दिने । |
| | **समाजकल्याण परिषद्** | |
| ५ | **आन्तिरक लेखापरीक्षण —** लेखा राख्ने कर्मचारीबाटै आन्तिरक लेखापरीक्षण गराएको । | तीन महिना भित्र बाह्य लेखापरीक्षकबाट लेखापरीक्षण गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ६ | **सम्झौता विपरीत कार्य —** स्पेशिफिकेसनअनुसार नभएका पाल खरिद गरेको। | स्पेशिफिकेशन अनुसार नभएका पाल खरिद गर्ने गराउने पदाधिकारीलाई कानुनी कारबाही गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ७ | **भूकम्पपछिको कार्य —** गैरसरकारी संस्थाद्धारा सम्पादित कार्यको मन्त्रालयले अनुगमन र मूल्याङ्कन गर्ने परिपाटि नभएको । | उल्लिखित खर्चको आर्थिक र भौतिक कार्यको मूल्यांकन गरी तीन महिना भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
# महिला, बालबालिक तथा समाज कल्याण मन्त्रालय

## महालेखापरीक्षकको ५२औं वार्षिक प्रतिवेदन, २०७१ उपर मिति २०७७/०३/१८ गते भएका छलफलका निणर्यहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १ | **अनुगमन –** | *** |
| १.१ | बीउपूँजी साँवा रकम फिर्ता नगरेको । | चालू आ.ब. भित्र फरफारक गर्न गराउन र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| १.२ | अनुदान दिएको रकम तोकिएको काममा खर्च नभएको । | उल्लिखित अनुसारको तीन महिना भित्र अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| १.३ | जग्गाधनी प्रमाणपुर्जा प्राप्त नगरेको । | जग्गा धनी पूर्जा प्राप्त गर्ने व्यवस्था गर्न र ब्यापारीहरूको तत्काल अन्यत्र व्यवस्थापन गर्न गराउन निर्देशन दिने । |
| १.४ | वासलात तयार नगरेको । | चालू आ.व. भित्र सम्पत्ति र दायित्व देखिने गरी विवरण तयार गरी पेश गर्न निर्देशन दिने । |
| १.५ | अनुगमन र मूल्याङ्कन नभएको । | सबै संघ संस्थाहरूको लेखापरीक्षण भए नभएको र उद्देश्य अनुरुप संचालन भए नभएको एकिन गरी स्थिति प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २ | **वैदेशिक सहायता –** सहायता रकम बजेट तथा कार्यक्रममा समावेश | अब आइन्दा बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्ने व्यवस्था |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | नगरेको । | गर्न निर्देशन दिने । |
| ३ | **बीउपूंजी कोष** | उल्लिखित कर्जाको लेखापरीक्षण गर्न गराउन र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ४ | **ज्येष्ठ नागरिक स्वास्थोपचार कोष —** | तीन महिना भित्र कोषको हिसाब विवरण तयार गरी पेश गर्न र खर्च नभएको रकम संचित कोष दाखिला गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ५ | **अनुदान —** | |
| ५.१ | लागत अनुमान बेगर सम्झौता गरेको । | एक महिना भित्र छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ५.२ | लागत अनुमान तयार नगरी पूरै रकम निकासा दिएको । | एक महिना भित्र छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने ।अब आइन्दा आर्थिक ऐन र कार्यविधि अनुसार गर्न गराउन निर्देशन दिने । |
| ५.३ | अनुदानको परिचालन, विधि र प्रगति पुष्टाइ हुने कागजात नभएको । | एक महिना भित्र छानविन गरी समितिमा कागजात पेश गर्न निर्देशन दिने । |
| | **समाजकल्याण परिषद्** | |
| ६ | **वैदेशिक सहायता परिचालन —** राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन नभएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ७ | **बक्यौता असुली —** बहाल असुल नगरेको । | तीन महिना भित्र बक्यौता असुल उपर गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ८ | **बहाल —** कर सञ्चितकोष दाखिला नगरेको । | तत्काल ठेक्का बन्दोबस्त ऐन अनुसार बढाबढ गराई बहालमा दिन र लाग्ने कर यकिन गरी संचित कोष दाखिला गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७५ उपर छलफल भई समितिको १९औं वार्षिक प्रतिवेदन, २०७६ मा प्रकाशित भएको निर्णयका सम्बन्धमा उपलब्ध कागजात र प्रतिवेदनका आधारमा गरिएको निर्णय

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको पुनः निर्णय |
|---|---|---|
| १३ | **बिल बेगर भुक्तानी** — काठमाडौंका क्षतिग्रस्त सम्पदाहरुको पुनः निर्माणका लागि आवश्यक पर्ने काठ नेपाल सरकारको निर्णयानुसार टिम्बर कर्पोरेसनबाट खरिद गर्नुपर्नेमा कर्पोरेसनले काठ उपलब्ध नगराएको कारण प्रतिस्पर्धा बेगर बजारबाट खरिद गरेकोले कर्पोरेसनको दरभन्दा रु. २ करोड ७ लाख १४ हजार बढी व्ययभार पर्न गएको हुँदा त्यसमा आवश्यक समन्वय भएको नदेखिएको । | उल्लिखित सम्बन्धमा छानविन गरी तीन महिनाभित्र कागजात तथा प्रतिवेदन पेश गर्न निर्देशन दिएकोमा प्रतिवेदन तथा कागजात उपलब्ध भई पुनः छलफल गर्दा आगामी दिनमा लागत अनुमान तयार गर्दा नियमानुसार गर्न र टिम्बर कर्पोरेसन मार्फत् काठको व्यवस्थापन गर्न तथा मितव्ययी तरीकाले खरिद कार्य प्रतिस्पर्धाबाट गर्न गराउन निर्देशन दिने । उल्लिखित बेरुजु लगत हटाउने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## महालेखापरीक्षकको ५७औं वार्षिक प्रतिवेदन, २०७७ उपर मिति २०७८/६/१०, १२, १६ र १७ गते भएका छलफलका निर्णयहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १ | **सरकारी कार्यालय** - मन्त्रालय र मातहतका ९३ सरकारी कार्यालयको रु. १७ अर्ब ७७ करोड ७३ लाखको लेखापरीक्षण सम्पन्न भएको । | केही गर्नु नपर्ने । |
| २ | **संगठित संस्था र अन्य संस्था** - ११ संस्थाको रु. ५२ अर्ब २८ करोड ५० लाखको लेखापरीक्षण भएको । | केही गर्नु नपर्ने । |
| ३ | **चौधौं योजना कार्यान्वयन** - | *** |
| ३.१ | काठमाडौं, भक्तपुर र ललितपुरलाई एकै हुलाक क्षेत्र मानी उपत्यकाका हुलाक सेवालाई गोश्वारा हुलाकमार्फत सञ्चालन गर्ने तथा सुरक्षण मुद्रणसम्बन्धी कानूनी र संस्थागत आधार तयार गर्ने कार्य नभएको । | काठमाडौं, भक्तपुर र ललितपुरलाई एकै हुलाक क्षेत्र मानी उपत्यकाका हुलाक सेवालाई गोश्वारा हुलाकमार्फत सञ्चालन गर्न र चौधौं योजनाले निर्देशित गरेबमोजिम राहदानी, अन्तःशुल्क स्टिकर, ऋणपत्र, चेकबुक लगायतका सामग्रीको छपाई सुरक्षण मुद्रण सम्बन्धी कानुनी र संस्थागत व्यवस्था गरी छपाई गर्न निर्देशन दिने । |
| ३.२ | प्रसारण प्रविधिमा भू-उपग्रह प्रविधिको प्रगती नभएको । | आवधिक योजनाले निर्देशित गरेबमोजिम प्रगति हासिल गर्दै जान निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ४ | **बजेट वक्तव्यको कार्यान्वयन -** | *** |
| ४.१ | रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकृत नगरेको । | सरकारको बजेट वक्तव्यमा उल्लिखित नेपाल टेलिभिजन र रेडियो नेपाललाई एकीकृत प्रसारण संस्थाको रुपमा विकास गर्न निर्देशन दिने । |
| ४.२ | मुद्रण विभाग र सुरक्षण मुद्रण विकास समितिलाई सुरक्षण मुद्रण कम्पनीमा रुपान्तरणको कार्य नभएको | मुद्रण विभाग र सुरक्षण मुद्रण विकास समितिलाई सुरक्षण मुद्रण कम्पनीमा रुपान्तरण गरी सञ्चालन गर्न निर्देशन दिने । |
| ४.३ | हुलाक सेवा प्रतिस्पर्धी, व्यावसायिक र हुलाक बचत बैंक खारेज नभएको । | हुलाक सेवा प्रतिस्पर्धी, र व्यावसायिक बनाउन र हुलाक बचत बैंकलाई आधुनिकीकरण गरी व्यवस्थित रूपमा संचालन गर्न निर्देशन दिने । |
| ५ | **उपलब्धी -** उपलब्धी सन्तोषजनक रहेको । | लक्ष्यअनुसार प्रगति हासिल गर्ने कार्यलाई निरन्तरता दिन निर्देशन दिने । |
| ६ | **योजना, नीति र बजेट कार्यान्वयन -** आवधिक योजना तथा बजेट वक्तव्यमा समावेश भएका कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन नभएको । | आवधिक योजना तथा बजेट वक्तव्यमा समावेश भएका आयोजनाहरुमध्ये सम्पन्न हुन बाँकी आयोजना समयमै सम्पन्न गर्न निर्देशन दिने । |
| ७ | **ब्रोडब्याण्ड नीति-** शहरी ब्रोडब्याण्ड उपभोक्तालाई बहुसेवा प्रदायकहरुमार्फत छनौटका अवसर सुनिश्चित गर्ने, सबै जिल्ला सदरमुकाममा अप्टिकल फाइवर सञ्चाल विस्तार गर्न साबिकका १ हजार ५०० गाउँ विकास समितिलाई ब्रोडल्याड पूर्वाधार र सेवायुक्त विद्युतीय गाउँ विकास समितिको रुपमा विकास गर्ने लगायतका लक्ष्य राखेकोमा मन्त्रालयले प्रगति विवरण नराखेको । | ग्रामीण दुरसञ्चार विकास कोष परिचालन मार्फत बाँकी स्थानीय निकायहरुमा ब्रोडव्यान्ड इन्टरनेट सेवा यथाशीघ्र जडान गर्न निर्देशन दिने। |
| ८ | **फ्रिक्वेन्सी पुनर्वितरण -** नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी वितरणसम्बन्धी नियमावली स्वीकृत नगर्दै फ्रिक्वेन्सी लिलामसम्बन्धी सूचना प्रकाशित गरी १८ सय मेगाहर्ज ब्याण्डको बढाबढ गरी वितरण भएको । | सार्वजनिक लेखा समितिबाट दिइएको निर्देशन अनुसार बढाबढ गरी प्रतिष्पर्धा गराई फ्रिक्वेन्सी वितरण गर्न तथा पुनविर्तरणसम्बन्धी नियमावली स्वीकृत गरी कार्यक्रमलाई अघि बढाउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ९ | **न्युनतम फ्रिक्वेन्सी दस्तुर** - न्यूनतम फ्रिक्वेन्सी दस्तुर एकमुष्टरुपमा सो सेवा प्रदायकको वार्षिक कुल आम्दानीको ०.४ प्रतिशत कायम गरिने व्यवस्था भएतापनी यो वर्ष नेपाल टेलिकमबाट न्यूनतम फ्रिक्वेन्सी दस्तुर रु. ३ करोड ६७ लाख २९ हजार घटी असुल गरेको छ । सार्वजनिक लेखा समितिबाट अब आइन्दा कुल आम्दानी सम्बन्धमा स्पष्ट आधार तयार गरी संकलन गर्न निर्देशन दिने निर्णय भएपनि सोको आधार तयार नभएको। | दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्यसम्बन्धी) नीति, २०६९ बमोजिम न्यूनतम फ्रिक्वेन्सी दस्तुर नियमित असुल गर्न, सार्वजनिक लेखा समितिबाट दिइएको निर्देशनको पालना गर्न र पुराना बक्यौता असुल गर्न निर्देशन दिने । |
| १० | **फ्रिक्वेन्सी दस्तुर असुली** - सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुर दाखिला नगरेकोले फ्रिक्वेन्सी दस्तुर र थप दस्तुरसमेत रु. ९१ करोड ७६ लाख ५५ हजार असुल गर्नुपर्दछ । | अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबीच समन्वय गरी उल्लिखित फ्रिक्वेन्सी दस्तुर असुल गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ११ | **दुरसञ्चार रोयल्टी** - नियमावलीको व्यवस्था अनुसार सेवा प्रदायकसँग रोयल्टी रकम असुल नगरेको । | दूरसञ्चार नियमावली, २०५४ को नियम २६ बमोजिम दूरसञ्चार रोयल्टी असुलीका लागि नीतिगत सुधार गरी प्रक्रिया अघि बढाउन, ऐनमा नै धरौटीको व्यवस्था गर्न र लगत कट्टा गरी फरफारक गर्न गराउन निर्देशन दिने । |
| १२ | **रोयल्टी तथा फ्रिक्वेन्सी** - २०७४ र २०७५ को आश्विनसम्म बुझाउनुपर्ने रोयल्टी तथा दस्तुरको किस्ता रु. ४० करोड ७३ लाख ७६ हजार ब्याजसहित असुल गर्नुपर्छ । | रोयल्टी तथा फ्रिक्वेन्सी दस्तुर असुली सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र दूरसञ्चार प्राधिकरणबीच समन्वय गरी असुल उपर गर्न निर्देशन दिने । |
| १३ | **प्रसारण रोयल्टी - जिल्ला हुलाक** सुनसरीले २०६९।७० देखि २०७४।७५ सम्मको नपुग रकम रु. २० लाख ३८ हजार रोयल्टी रकम र सोमा लाग्ने थप दस्तुरसमेत असुल गर्नुपर्ने । | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ बमोजिम असुल गर्नुपर्ने रोयल्टी रकम र सोमा लाग्ने थप दस्तुर तीन महिनाभित्र असुल उपर गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १४ | **सञ्चिति** - नेपाल दूरसञ्चार प्राधिकरणले रु. ११ अर्ब २३ करोड ७४ लाख सञ्चित कोषमा दाखिला गर्नुपर्ने । | दूरसञ्चार ऐन, २०५३ को दफा ४५(३) बमोजिम सरकारले उपलब्ध गराएको रकममध्ये खर्च नभई बढी भएको रकम अर्थ मन्त्रालयसँग समन्वय गरी सञ्चित कोष दाखिला गर्न निर्देशन दिने । |
| १५ | **सशर्त अनुदान** - मन्त्रालयले यो वर्ष ७ संस्थालाई भवन निर्माण समावेशी प्रकाशन, डिजिटल अर्काईभिङ्गजस्ता कार्य गर्न रु. ३५ करोड ४३ लाख सशर्त अनुदान दिएकोमा अनुदानबाट भएको खर्च र उपलब्धिको अनुगमन नगरेको । | सशर्त अनुदान रकमको सही रुपमा प्रयोगको सुनिश्चितताका लागि अनुगमन गरी अभिलेखलाई व्यवस्थित गर्न र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| १६ | **सासेक सूचनामार्ग आयोजना** - आयोजना सञ्चालन गर्ने जिम्मेवारी नेपाल दुरसञ्चार कम्पनीको हुने र उक्त कम्पनीले आयोजनामा भएको कुल खर्चको ७० प्रतिशतले हुने रु. ३५ करोड२० लाख ४८ हजार नेपाल सरकारलाई बुझाउनुपर्ने भए तापनि आयोजना सम्पन्न भएको ३ वर्ष वितिसक्दा पनि समझदारी कार्यान्वयन नभएको । | सासेक सूचनामार्ग समयमा सम्पन्न गर्ने सम्बन्धमा मुद्दामा गएका विषयहरुमा मुद्दाको फैसला भएबमोजिम र अन्यको हकमा अनुगमन गरी तत्काल समस्याको समाधान गर्न निर्देशन दिने । |
| **हुलाक सेवा विभाग** | | |
| १७ | **इजाजत** - ऐनको प्राबधान अनुसार घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गरी कार्गो र कुरियर सञ्चालन गर्न सहमति दिएको भए तापनि वैदेशिक हुलाक सेवा सञ्चालन गर्न दिएको अनुमतिको अभिलेख नभएको, | हुलाक ऐन, २०१९ को दफा ३ बमोजिम इजाजत दस्तुर नवीकरण दस्तुर र रोयल्टी प्राप्त हुने अवस्था यकिन गरी हुलाक सेवा सञ्चालनको इजाजत दिने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्न र नियामक निकायको समेत यकिन गर्न निर्देशन दिने । |
| १८ | **हुलाक सेवा सञ्चालन** - हुलाकको काम क्रमशः घट्दै गएको । | हुलाक सेवालाई पुनः संरचना गरी राहदानी विभागसँगको समन्वयमा जिल्लाहरुमा हुलाक मार्फत वस्तुहरुको वितरणको व्यवस्था मिलाउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १९ | **टर्मिनल ड्युज** - विभाग र विश्व हुलाक संघबीचको सम्झौताअनुसार विभागले लिनुदिनुपर्ने हिसाब वर्ष व्यतीत भएको छ महिनाभित्र अद्यावधिक गर्नुपर्ने भए तापनी हिसाव राफसाफ नभएको । | पूराना टर्मिनल ड्युजहरुको सहज व्यवस्थापनको लागि समयसीमा तोकेर सञ्चानल गर्न निर्देशन दिने । |
| २० | **चिठीपत्र व्यवस्थापन** - हवाई ढुवानी भाडा नागरिक उड्डयन कर्पोरेशनको हवाई सेवा वित्तीय तथ्याङ्कमा उल्लिखित दूरी र पत्र तथा पार्सलको तौललाई निर्धारित एसडिआरको दरले भुक्तानी गर्नुपर्ने भएता पनि गोश्वरा हुलाक कार्यालयले हवाई कम्पनीको तौल, दूरी र रुट नखुलेको एकमुष्ट इन्भ्वाइसको आधारमा रु. ५ करोड १ लाख ५८ हजार भुक्तनी दिएको । | विश्व हुलाक संघको पत्रमञ्जुषा निर्देशिका, २०१३ अनुसार कन्भेयन्स ड्युमा हवाई ढुवानी भाडा नागरिक उड्डयन कर्पोरेशनको हवाई सेवा वित्तीय तथ्याङ्कमा उल्लिखित दूरी र पत्र तथा पार्सलको तौलको आधारमा भुक्तानी गरिएको रकमको अद्यावधिक विवरण (इन्भ्वाइस) समितिमा पेश गर्न निर्देशन दिने । |
| २१ | **हुलाक बचत बैंक** - हुलाक बचत खारेज गरी सञ्चित रकम वाणिज्य बैंकहरुमा खातासहित हस्तान्तरण गर्ने वजेट वब्त्व्यमा उल्लेख भएकोमा कार्यान्वयन नभएको। | आ.ब. २०७५/७६ मा बजेट वक्तव्यमा उल्लिखित हुलाक बचत बैंकको सफ्टवेयर निर्माण, बचत बैंकको सुधार गरिने भन्ने व्यवस्थालाई कार्यान्वयन गरी व्यवस्थित रुपमा सञ्चालन गर्न निर्देशन दिने । |
| २२ | **हुलाक बचत बैंकको ऋण** - ऋणी कर्मचारीको बचत बैंकबाट ऋण सुविधा लिन नपाउने कार्यालयमा सरुवा हुँदा निजले तिर्न बाँकी ऋण असुली गरेरमात्र रमाना दिनुपर्नेमा सो को यकिन विवरण नभएको । | हुलाक बचत बैंक कार्यसञ्चालन निर्देशिका, २०७३ बमोजिम एक महिनाभित्र असुल उपर गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २३ | **लेखापरीक्षण** - हुलाक बचत बैंक सञ्चालन भएका गोश्वरा हुलाक कार्यालय, जिल्ला हुलाक कार्यालय, उदयपुर र रौतहट तथा इलाका हुलाक कार्यालय, शिवनगर रौतहटले लेखापरीक्षण नगराएका । | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखापरीक्षणको श्रेस्ता पठाइएको अवस्थामा बचत बैंकको कारोबार सम्बन्धमा अख्तियारसँग छलफल गरी लेखापरीक्षण गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| **मुद्रण विभाग** | | |
| २४ | **कागजातको मूल्य र छपाइ महशुल** - रु. २० लाख ६४ हजार आम्दानी भएको र रु. ३० लाख ४४ हजार घाटा भएको, समय सापेक्ष छपाइ | कागजातको मूल्य र छपाई महसुल सम्बन्धमा बजार मूल्य, छपाईको अवस्थाबारे समयानुकूल पुनरावलोकन गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | दस्तुरमा पुनरावलोकन नभएको । | |
| २५ | **प्रशारण तथा वितरण शुल्क —** यो वर्ष ३ वटा प्रसारण संस्थाले रु. २२ लाख ३१ हजार प्रसारण शुल्क घटी दाखिला गरेकोले असुल हुनुपर्ने । | राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम कार्यक्रम प्रसारण वा वितरण गर्ने सम्बन्धमा एक महिनाभित्र असुलउपर गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २६ | **पत्रकार वृति कोष -** रु. ५ करोड ३२ लाख ७५ हजारको लेखापरीक्षण नगराएको। | यथाशीघ्र लेखापरीक्षण गरी/गराई सोको जानकरी समितिलाई दिन निर्देशन दिने। |
| **राष्ट्रिय सूचना प्रविधि केन्द्र** | | |
| २७ | **नेशनल पेमेन्ट गेट वे सिस्टम -** विद्युतीय माध्यमबाट सरकारी कारोवार गर्ने पूर्वाधार तयारीका लागि नेशनल पेमेन्ट गेट वे सिस्टमको आपुर्ती ढुवानी तथा जडान गर्न एक विदेशी परामर्शदातासँग रु. २४ करोड २७ लाख ८१ हजारको सम्झौता गरी रु. २३ करोड ८० लाख २० हजार भुक्तानी भएको, तर सम्झौताअनुसार एक वर्षको पूरक सेवाको कार्य र जडानपछिको तालिमको कार्य सम्पन्न नभएकोले सो गेट वे सिस्टम कार्यान्वयनमा नआएको । | नेसनल पेमेन्ट गेट वे सिस्टम यथाशीघ्र सञ्चालनका लागि सम्बन्धित निकायहरुबीच समन्वय गरी एकीकृत ढङ्गले कार्य अघि बढाउन निर्देशन दिने । |
| २८ | **कोर राउटर खरिद -** सिंहदरवारमा रहेको ४ वटा राउटरमध्ये २ वटाले मात्र काम गरेको र ४ कोर राउटर खरिद गरी रु. ४ करोड ९५ लाख खर्च लेखेको तर प्रयोगमा रहेका २ वटा राउटर पुनः प्रयोजनमा नल्याएको। | हाल प्रयोगविहीन रहेका र पुनः प्रयोगमा आउन नसक्ने देखिएका कोर राउटरहरुको कानूनबमोजिम लिलाम गरी सोको प्रतिवेदन समितिमा पेश गर्ने । |
| **सुरक्षण मुद्रण केन्द्र** | | |
| २९ | **खरिद गुरुयोजना -** सुरक्षण मुद्रण केन्द्रको स्थापना २०७३ सालमा भई | सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | हालसम्म रु. ३५ करोड ५५ लाख ६४ हजार खर्च भइसके पनि खरिद गुरुयोजना स्वीकृत नभएको । | प्रावधान विपरीत खरिदको गुरुयोजना स्वीकृत नगरी गरिएको उल्लिखित खरिद कार्यको सम्बन्धमा तीन महिना भित्र छानविन गरी संलग्न पदाधिकारीहरु दोषी पाइएमा कानुनि कारबाही गर्न निर्देशन दिने । |
| ३० | **सुरक्षण मुद्रण कारखाना** - इलेक्ट्रोमेकानिकलको खरिद सम्झौतामा उक्त कार्य सम्पन्न भएपछि सम्बन्धित कर्मचारीलाई तालिम दिने उल्लेख भएकोमा कर्मचारीको व्यवस्थापन नभएकोले तालिम दिने काम नभएको । | सुरक्षण मुद्रण निर्णयसम्बन्धी हालसम्मको अद्यावधिक स्थिति, गूरुयोजना अनुरुपको अद्यावधिक प्रतिवेदन तीन महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने। |
| ३१ | **इलेक्ट्रोमेकानिकल पूर्वाधार** - स्वीकृत बोलपत्र अनुसार सुरक्षण मुद्रण कारखाना भवनको निर्माण नभएको र छपाइ मेसिन खरिदको टुङ्गो नभएकोले इलेक्ट्रोमेकानिकल इन्फ्रास्ट्रक्चरको त्रुटि सच्याउने अवधि र सफ्टवेयर लाइसेन्सको अवधि समाप्त भइसकेकोले योजनाबद्ध खरिद कार्य नगर्नेलाई जिम्मेवार बनाउनुपर्ने । | उल्लिखित निर्माण कार्य तथा खरिद सम्बन्धमा अनुगमन गर्न र योजनाबद्ध खरिद कार्य नगर्ने पदाधिकारीलाई सचेत गराई समितिलाई जानकारी दिन निर्देशन दिने। |
| **संगठित संस्था तथा समिति**<br>**रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)** | | |
| ३२ | **बक्यौता** - समितिको अभिलेखअनुसार २०४७।४८ देखि एजेन्सीतर्फ ३४ फर्म र सरकारीतर्फ ४६ कार्यालयको रु. १ करोड २२ लाख ५५ हजार उठ्न बाँकी रहेको । | तीन महिना भित्र बक्यौता असुल उपर गरि गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३३ | **फिर्ता** - आर्थिक वर्ष भित्र खर्च नभै बाँकी रहेको रकम रु. २९ लाख ४९ हजार सञ्चित कोषमा दाखिल नगरेको । | उल्लिखित रकम संचित कोष दाखिला गरि समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३४ | **जग्गा भाडा** - कार्यकारी निर्देशकको निर्णयअनुसार खुमलटार ट्रान्समिटिङ स्टेसनको ४२ रोपनी जग्गा प्रक्रिया पूरा नगरी भाडामा लगाएको । | उल्लिखित विषयमा छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| **नेपाल दूरसञ्चार प्राधिकरण** | | |
| ३५ | **मोबाइल सेवा नवीकरण** - दूरसञ्चार सेवा प्रदान गर्दा नवीकरण दस्तुर किस्ताबन्दीको रुपमा लिने गरिएकोमा ऐनअनुसार एकै पटक एकमुष्ट लिनुपर्ने। | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| ३६ | **ग्रामीण दूरसञ्चार विकास शुल्क** - दूरसञ्चार सेवाबाट प्राप्त गरेको वार्षिक आयको २ प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा अनुमतिपत्र प्राप्त गरेका ७ संस्थाले २०७५/७६ सम्म दाखिला गर्नुपर्ने शुल्क रु.४ करोड १० लाख ११ हजार दाखिला नगरेको । | चालू आ.ब. भित्र असुलउपर गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने। |
| ३७ | **युनिफाईड लाइसेन्स दस्तुर** - अनुमतिपत्र लिएका २ सेवा प्रदायकले नीतिमा उल्लेख भएबमोजिम २०७५/७६ सम्म दाखिला गर्नुपर्ने नवीकरण शुल्क रु.१ अर्ब ६० करोड दाखिला नगरेका प्रावधानअनुसार नवीकरण शुल्क असुल गर्नुपर्ने । | चालू आ.व. भित्र नवीकरण दस्तुर असुल उपर गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३८ | **योजना सञ्चालन** - सम्झौतामा ६ महिनाभित्र काम सम्पन्न गर्ने उल्लेख भए तापनि सम्झौताको म्यादभित्र कुनै प्रगति नभएको, योजना सञ्चालन अलपत्र भएको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने । | उल्लिखित योजना सञ्चालन अवस्था अलपत्र भएको सम्बन्धमा तीन महिना भित्र छानविन गरी दोषी पाइएमा सम्बन्धित पदाधिकारीलाई कानुनी कारबाही गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३९ | **लागत अनुमान र कबोल अङ्क** - लागत अनुमानको तुलनामा ४६.३० देखि ६८.०७ प्रतिशतसम्म घटीमा सम्झौता भएको, लागत अनुमान यथार्थपरक नभएका कारण लागत अनुमान र कबोल अङ्कमा ठूलो अन्तर देखिएको । | अब आइन्दा लागत अनुमान यथार्थ परक हुने गरी तयार गर्न गराउन निर्देशन दिने । |
| ४० | **अप्टिकल फाइबर** - | *** |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ४०.१ | नेपाल टेलिकमलाई अप्टिकल फाइबरको सञ्जाल निर्माणका लागि मोबिलाइजेसन पेस्की उपलब्ध गराए तापनि २०७६ आषाढ मसान्तसम्म शिलान्यासबाहेक अन्य काम नगरेको अवस्थामा २०७७ असार मसान्तसम्म म्याद थप भएको छ । सम्झौताअनुसार तोकिएको समयावधिमा कार्य सम्पन्न गराउनुपर्दछ । | उल्लिखित अप्टिकल फाइबरको सन्जाल निर्माणको अनुगमन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न र सम्झौताअनुसार तोकिएको समयावधिमा कार्य सम्पन्न गर्न गराउन निर्देशन दिने । |
| ४०.२ | सेवा प्रदायकले तालिकाअनुसार काम नगरी भौतिक प्रगति शून्य रहेको र २ वर्ष म्याद थप माग गरेकोमा प्राधिकरणले म्याद थप नगरी खरिद सम्झौता अन्त्य गरेकोमा कार्यसम्पादन एवं पेस्की जमानत जफत गरी पेस्की रकममा विनियमावली बमोजिम वार्षिक १० प्रतिशतका दरले लाग्ने ब्याज र निर्माण कार्य सम्पन्न गर्न लाग्ने थप लागतसमेत असुल हुनपर्दछ। | अदालतको आदेश भए सोहि अनुसार गर्न र अन्यथा कार्यसम्पादन तथा मोबिलाइजेशन पेश्की जमानत जफत गर्न र नियमानुसार लिनुपर्ने व्याज तथा निर्माण कार्य सम्पन्नगर्न लाग्ने थप लागतसमेत असुल उपर गरी तीनमहिना भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ४०.३ | नेपाल दूरसञ्चार प्राधिकरण खरिद विनियमावली बमोजिम मोबिलाइजेसन पेस्कीमा ब्याज असुल नगरेकोले असुल गर्नुपर्ने र निर्माण कार्य सम्पन्न गर्न लाग्ने थप लागतसमेत असुल हुनपर्दछ । | नियमानुसार लिनुपर्ने व्याज तथा निर्माण कार्य सम्पन्न गर्न लाग्ने थप लागतसमेत असुल उपर गरी तीनमहिना भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ४१ | **परामर्श सेवामा कन्टिन्जेन्सी -** विनियमावलीको प्रावधान विपरीत लागत अनुमान तयार गर्ने र स्वीकृत गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ । | विनियमावलीको प्रावधान विपरीत लागत अनुमान तयार गर्ने र स्वीकृत गर्नेलाई छानविन गरी दोषी पाइएमा कानुनी कारबाही गर्न र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ४२ | **मूल्य अभिवृद्धि कर -** कार्यालयले यो वर्ष ठेक्का तथा करारको लागि रु.१८ करोड ९२ लाख ५२ हजार भुक्तानी गर्दा रु.२ करोड १७ लाख ७२ हजार मूल्य अभिवृद्धि करको ५० प्रतिशतले हुने रु.१ करोड ८ लाख ८६ हजार कट्टा नगरी भुक्तानी गरेकोले उक्त रकम राजस्व खातामा दाखिला | उल्लिखित कर फरफारक गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | भएको सुनिश्चित गर्नुपर्दछ । | |
| ४३ | **अन्य प्रयोजनमा खर्च** - प्राधिकरणले स्वीकृत वार्षिक कार्यक्रम बेगर प्रतिस्पर्धा नगराई मन्त्रालयमा सभाकक्ष हल निर्माण तथा फर्निचर र उपकरण खरिद गरी खर्च लेखेको छ । यस प्रकारको कार्यमा नियन्त्रणका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम कारबाही हुनुपर्दछ । | अब आइन्दा कार्यक्रम स्वीकृत गरी गराई प्रतिष्पर्धा गराएर मात्र गर्न गराउन निर्देशन् दिने । |
| ४४ | **ब्रोडब्याण्ड एक्सेस नेटवर्क परियोजना** - सम्झौताको अवधिभित्र काम सम्पन्न नगर्ने, तोकिएबमोजिमको क्षमताको सेवा उपलब्ध नगराउने, गणस्तरहीन सेवा दिनेजस्ता कारणले सेवाग्राही मर्कामा परेको व्यहोरा विगतको प्रतिवेदनमा औंल्याइएकोमा सो सम्बन्धी सुधारको विवरण तयार गरेको छैन, सेवा प्रदायकले तोकिएबमोजिमको इन्टरनेट सेवा पुऱ्याए नपुऱ्याएको बारेमा नियमित अनुगमन हुनुपर्दछ । | विगतमा औंल्याएका कमि कमजोरी सुधार गर्न र सेवा प्रदायकले तोकिएबमोजिमको इन्टरनेट सेवा पुऱ्याए नपुऱ्याएको बारेमा नियमित अनुगमन गर्न निर्देशन दिने । |
| ४५ | **दूरसञ्चारसम्बन्धी पूर्वाधारहरुको सहप्रयोग** - दूरसञ्चारसम्बन्धी पूर्वाधारहरुको सहप्रयोग गर्न सकिएमा दूरसञ्चार पूर्वाधारहरुमा हुने लगानीको दोहोरोपनलाई रोक्न सकिने, शहरको सुन्दरता तथा जोखिममा कमी हुने र नियमितरुपमा हुने सञ्चालन खर्चको कटौती गर्न सकिने भएकाले निर्देशिका कार्यान्वयन गराउनेतर्फ प्राधिकरणको पहल हुनुपर्दछ । | दूरसञ्चारसम्बन्धी पूर्वाधारहरुको सहप्रयोग गर्न निर्देशिका कार्यान्वयन गराउनेतर्फ तत्काल पहल गर्न निर्देशन दिने । |
| **गोरखापत्र संस्थान- २०७४/७५** | | |
| ४६ | **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - संस्थानको शेयर पुँजी रु.१ करोड १५ लाख, सञ्चित नोक्सानी रु.४ करोड ७८ लाख र जम्मा दायित्व तथा | संस्थानलाई प्रतिष्पर्धी र सबल तुल्याउन दीर्घकालीन वित्तीय व्यवस्थापन रणनीतिक योजना लागू गरी दिगो व्यवस्थापन गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | व्यवस्था रु.१३ करोड ६० लाख रहेको छ। स्थिर सम्पत्ति रु.९ करोड २१ लाख र चालु सम्पत्ति रु.५३ करोड ४५ लाखसमेत जम्मा सम्पत्ति रु.६२ करोड ६६ लाख रहेको छ। गत वर्ष रु.७ करोड ७७ लाख नाफा भएकोमा यस वर्ष रु.२० करोड नोक्सानी भएको छ। संस्थानको नेटवर्थ २०७३७४ मा रु.२४ करोड ७८ लाख रहेकोमा यस वर्ष रु.४ करोड ७८ लाख रहेको । | |
| ४७ | **खरिद प्रक्रिया** - पुनः बोलपत्रमा शुरुको बोलपत्रको भन्दा बढी दरमा खरिद गरेको, उक्त आपूर्तिकर्ताले राखेको धरौटी रकम रु.२ लाख ११ हजारको लेखा समेत नराखेको । | धरौटी रकम जम्मा गरेको देकिएकोले बेरूजु लगत हटाउने । |
| ४८ | **दीर्घकालीन ऋण** - संस्थानले नेपाल सरकारसँगको सम्झौताबमोजिम भाखा नाघेको सावाँ तथा ब्याज रु.४ करोड ३६ लाख २० हजार तिर्नपर्ने दायित्व रहे तापनि सो रकम हालसम्म भुक्तानी नगरेको । | भाखा नागेको ऋण समयमै सावाँ ब्याज तिर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ४९ | **खरिद कार्य** - संस्थानले यो वर्ष रु.६ करोड ७६ लाखको खरिद गर्दा खरिद गुरु योजना नबनाएको, मौजुदा सूची अद्यावधिक नगरेको र सूचीकृत संस्थाको अभिलेख नराखेको हुँदा खरिद कार्य व्यवस्थित नदेखिएको । | अब आइन्दा खरिद गर्दा खरिद गुरु योजना बनाउन, मौजुदा सूची अद्यावधिक गर्न र सूचीकृत संस्थाको अभिलेख राखी खरिद कार्य व्यवस्थित गर्न गराउन निर्देशन दिने । |
| **आर्थिक वर्ष २०७३/७४** | | |
| ५० | **शंकास्पद असामीको व्यवस्था** - विगत लामो समयदेखिका कतिपय लिनुपर्ने संस्थाहरु हाल विघटन भई सकेका, अस्तित्वमा नरहेका निकायसमेत भएकोले उठ्न बाँकी रकम असुल हुने सम्भावना ज्यादै न्यून देखिन्छ। आवश्यक प्रकृया पुरा गरी असामी हिसाब राफसाफ गर्नुपर्दछ। | तीन महिना भित्र आवश्यक प्रकृया पुरा गरी असामी हिसाब राफसाफ गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ५१ | **जगेडा तथा कोष** - संस्थानले दायित्व शीर्षकमा लेखांकन गर्नुपर्ने उपदानको रकम, हास कट्टी, कोष व्यवस्था, क्षेत्रीय प्रकाशन अनुदान जस्ता रकमगत विगत वर्षदेखि नै साधारण जगेडा तथा कोषअन्तर्गत देखाएको छ। उल्लिखित रकमहरु दायित्वतर्फ लेखाङ्कन गर्दा संस्थानको नेटवर्थ ऋणात्मक हुने देखिन्छ। नेपाल वित्तीय लेखामान अनुसार वित्तीय विवरण तयार गर्नुपर्दछ। | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| **राष्ट्रिय समाचार समिति — २०७५/७६** | | |
| ५२ | **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - समितिको पुँजी तथा लगानी जम्मा सम्पत्ति रु.१३ करोड २६ लाख रहेको । | केही गर्नु नपर्ने । |
| ५३ | **जग्गाको स्वामित्व** - नेपालभरि विभिन्न २० स्थानमा समितिको जग्गा रहेकोमा राजविराज, बटवल र धनगढीमा रहेको जग्गाधनी पुर्जा समितिको नाममा रहेको देखिएन। उल्लिखित जग्गा समितिको स्वामित्वमा ल्याउनु पर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५४ | **उपदान खर्च** - समितिले दायित्व सिर्जना भएको रकम वित्तीय विवरणमा व्यवस्था गर्नुपर्नेमा लेखा सम्बन्धी टिप्पणीमा मात्र उल्लेख गर्ने गरेको पाइयो। नेपाल वित्तीयमान प्रतिवेदन अनुसार सबै किसिमका दायित्वको वित्तीय विवरणमा समावेश गर्नुपर्दछ। | नेपाल वित्तीयमान प्रतिवेदन अनुसार सबै किसिमका दायित्वको वित्तीय विवरणमा समावेश गर्न निर्देशन दिने । |
| **नेपाल टेलिभिजन — २०७५/७६** | | |
| ५५ | **सञ्चालन नतिजा** - संस्थाको गत वर्षको रु.११ करोड २६ लाख नोक्सानी रहेकोमा यस वर्ष रु. १५ करोड २७ लाख नोक्सानी भएको छ। यसरी | संस्थाको वितीय स्थिति सुधार गर्ने रणनीतिक योजना तय गरी लागू गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | टेलिभिजनको गत वर्ष नेटवर्थ रु.१ अर्ब ७९ करोड ९४ लाख ऋणात्मक रहेकोमा यस वर्ष रु.२४ करोडको पुँजी थप पश्चात् रु.१ अर्ब ८८ करोड १७ लाख ऋणात्मक पुगेको। | |
| ५६ | **आम्दानी र चालु खर्चको अनुपात** - संस्थानको प्रशासनिक खर्च बढ्दो क्रममा रहेको तर आम्दानी घटेको हुँदा टेलिभिजनको खर्च व्यवस्थापनमा उचित ध्यान दिन नसकेकोले प्रशासनिक खर्चमा नियन्त्रण हुनुपर्दछ। | टेलिभिजनको खर्च व्यवस्थापनमा उचित ध्यान दिन र प्रशासनिक खर्चमा नियन्त्रण गर्न निर्देशन दिने । |
| ५७ | **वित्तीय प्रतिवेदनमान** - नेपाल लेखामान १६ अनुसार स्थिर सम्पत्तिको मूल्याङ्कन, पुनःमूल्याङ्कन तथा मूल्यमा क्षय गणना तथा ह्रास कट्टी नगरेको लगायतका व्यहोरा देखिएको छ। वित्तीय प्रतिवेदन मानको प्रयोग पूर्णरुपमा हुनुपर्दछ। | वित्तीय प्रतिवेदन मानको प्रयोग पूर्णरुपमा गर्न गराउन निर्देशन दिने । |
| **नेपाल दूर सञ्चार कम्पनी लिमिटेड — २०७५/७६** | | |
| ५८ | **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - कम्पनीको आय घट्नु, लाइसेन्स नवीकरण शुल्क वापत रु.४ अर्ब र अतिरिक्त आयकर खर्च रु.१ अर्ब भुक्तानी गर्नुपरेको जस्ता कारणले मुनाफा घटेको देखिएकोले व्यावसायिक रणनीति तर्जुमा गर्दै कम्पनीले समग्र आम्दानी तथा मुनाफा वृद्धि गर्नेतर्फ पहल गर्नुपर्दछ । | व्यावसायिक रणनीति तर्जुमा गर्दै समग्र आम्दानी तथा मुनाफा वृद्धि गर्नेतर्फ पहल गर्न निर्देशन दिने । |
| ५९ | **वित्तीय अनुपात विश्लेषण** - कम्पनीसँग बैंक मौज्दात, मुद्दती निक्षेप तथा बण्डहरुमा लगानीको रुपमा २०७५ असार मसान्तमा रु.७३ अर्ब ५२ करोड कोष मौज्दात रहेकोमा २०७६ असारमसान्तमा रु.७२ अर्ब ५९ करोड रहेको देखिएको । | प्रभावकारी सेवा प्रवाह गरी समयमै दायित्व फर फारक गर्न र वित्तीय स्थितिमा सुधार ल्याउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ६० | **औसत राजस्वमा गिरावट** - फोरजी/एलटीई र एफटीटीएच सेवा विस्तारमा भएको ढिलाइका कारणले ग्राहकको माग अनुसार इन्टरनेट सहितको सेवा प्रदान गर्न नसक्दा कम्पनीको प्रति ग्राहक आम्दानी घट्दै गएको देखिन्छ। | समयमै फोरजी/एलटीई र एफटीटीएच सेवा विस्तार गरी गुणस्तरीय सेवा प्रवाह गर्न र कम्पनीको साख वृद्धि गर्न निर्देशन दिने । |
| ६१ | **लगानी** - कम्पनीले २०७६ असार मसान्तमा रु.९ अर्ब ५८ करोड ९६ हजार सावाँ तथा ब्याज असुल गर्न बाँकी रहेको । | समयमै साँवा व्याज असुलउपर गरी कम्पनीको वित्तीय व्यवस्थापन गर्न निर्देशन दिने । |
| ६२ | **अचल सम्पत्ति र बीमा** - कम्पनीको अचल सम्पत्तिको भौतिक परीक्षण नगरिएको जग्गा र सवारी साधन बाहेक रु.२१ अर्ब ३३ करोडको अचल सम्पत्ति रहेकोमा रु. ८ अर्ब २१ करोड सम्पत्तिको मात्र आगलागी र भूकम्प जोखिम बीमा गरेको पाइयो। अन्य सम्पत्तिको बीमा गराएको छैन। | सबै चल सम्पतीको भौतिक परीक्षण गर्न, जोखिम युक्त सम्पतीको बिमा गर्न र सम्पतीको अध्यावधिक विवरण राख्न निर्देशन दिने । |
| ६३ | **जोखिम व्यवस्थापन** - कम्पनीले दूरसञ्चार उपकरणहरुको भौतिक सुरक्षाका अलावा सफ्टवेयर तथा डाटा सेक्युरिटीको सुरक्षाको समेत उचित प्रवन्ध गर्नुपर्ने । | सुझावअनुसार गर्न गराउन निर्देशन दिने । |
| ६४ | **कोष व्यवस्थापन** - कम्पनीको २०७६ असार मसान्तमा रु.७४ अर्बभन्दा बढी बैङ्क मौज्दात, मुद्दती निक्षेप तथा शेयर लगानी रहेकोमा लगानी नीतिको अभाव रहेको, कोष व्यवस्थापनलाई चुस्त दुरुस्त बनाई लगानीका लागि वैकल्पिक उपायहरुको अवलम्बन गर्नुपर्ने देखिन्छ । | सुझावअनुसार गर्न गराउन निर्देशन दिने । |
| ६५ | **बाइम्याक्स योजना** - नेपाल जस्तो विकट भौगोलिक अवस्था रहेको देशमा वायरलेस प्रविधिमा उच्च गतिको डाटा प्रयोगका लागि वाइम्याक्स सेवा शुरु गर्न स्पष्ट व्यापारिक योजना तथा रणनीतिको अभाव, सहरी क्षेत्रमा अन्य प्रविधिको प्रयोगजस्ता कारणले गर्दा गत वर्षभन्दा यस वर्ष करिब २६ | ग्राहक संख्यामा र आम्दानीमा कमी हुन नदिन लगानीको सदुपयोग हुने गरी प्रविधिको उपयोग गर्न गराउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | प्रतिशतले ग्राहक संख्यामा र आम्दानीमा करिब ४७ प्रतिशतले कमी हुन गएकाले लगानीको सही सदुपयोग हुन नसकेको । | |
| ६६ | **सी.डी.एम.ए. योजना** - कम्पनीले सी.डी.एम.ए. प्रविधिमा समेत ठूलो लगानी गरेकोमा जिएसएम नेटवर्क विस्तारका कारण यस सेवा बन्द हुने स्थितिमा रहेको, ४४ प्रतिशत प्रयोगकर्ता मात्र हाल प्रयोगमा रहेको, यस योजनाबाट प्राप्त हुने आम्दानीबाट उक्त सेवा प्रदान गर्नको लागि लाग्ने खर्च समेत धान्न नसक्ने अवस्था रहेको र यसको लागि प्रयोग हुने श्रोत साधनबाट अन्य महत्वपूर्ण सेवा जस्तै जि.एस.एम., ए.डि.एस.एल. आदिमा प्रभाव पर्न गर्न गएको । | उपयुक्त कार्यक्रम तय गरी प्रविधि विस्थापन र स्तर वृद्धि गरी सेवा प्रवाह प्रभावकारी बनाउन निर्देशन दिने । |
| ६७ | **एफ.टी.टी.एच.सेवा** - कम्पनीले हालको परिवर्तित अवस्थामा डाटा, टेलिफोन तथा इन्टरनेट टेलिभिजन जस्ता सेवा एउटै सेवा प्रदायकबाट दिई ग्राहकको सन्तुष्टि वृद्धि गर्नुपर्ने अवस्थामा एफ.टि.टि.एच. सेवा विस्तारमा भएको ढिलाइले कम्पनीको सेवा विस्तार तथा प्रभावकारितामा असर पर्न गई आम्दानीमा समेत ह्रास भएको । | एफ.टि.टि.एच. सेवा विस्तारमा तीव्रता दिई हालको परिवर्तित अवस्थामा डाटा, टेलिफोन तथा इन्टरनेट टेलिभिजन जस्ता सेवा एउटै सेवा प्रदायकबाट दिई ग्राहकको सन्तुष्टि वृद्धि गर्न गराउन निर्देशन दिने । |
| ६८ | **ब्याण्डविथ खरिद/प्रयोग** - टेलिकमले फाइबर, माइक्रोवेभ जस्ता वैकल्पिक उपायहरुको अवलम्बन गरी स्याटलाइट ब्याण्डविथको उपयोग कम गर्नुपर्ने तथा स्याटलाइट ब्याण्डविथको लागि हुने वैदेशिक मुद्राको भुक्तानी न्यून गर्न देशमा आफ्नै स्याटलाइट राख्ने कार्यलाई तीव्रता दिई कार्यान्वयन गर्नुपर्ने । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ६९ | **नेटवर्क अनुकूलता तथा एक्सचेन्जहरुको ट्राफिक व्यवस्थापन** - कम्पनीले यथाशीघ्र नेटवर्कको अप्टिमाईजेशन, मर्मत सम्भार नीतिमा सुधार गरी | सुझावअनुसार गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ। त्यस्तै, ग्रामीण क्षेत्रमा रहेका बेस स्टेशनको अत्यन्त न्यून उपयोग भएको देखिएकाले बेस स्टेसन तथा अन्य उपकरणहरुको अत्युत्तम उपयोग गर्ने तर्फ ध्यान दिनुपर्ने । | |
| ७० | **अन्तर्राष्ट्रिय कल ट्राफिक** - अन्तर्राष्ट्रिय कल आम्दानीमा भएको कमीलाई पुरा गर्न नयाँ व्यापार रणनीति बनाई लागू गर्नुपर्ने अवस्था रहेकोमा नेपालबाट बाहिर जाने अन्तर्राष्ट्रिय कलका लागि न्यूनतम मुल्यको क्यारियर मार्फत पठाउने व्यवस्थाका लागि एलसिआर सिस्टम जडान गर्नुपर्ने देखिन्छ। | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७१ | **क्षमता अभिवृद्धि योजना** - नेपाल दूरसञ्चार कम्पनी लिमिटेड एक बहुसेवा प्रदायक कम्पनी रहेकोले यसले जिएसएम र सीडिएमए सेवा अन्तर्गत टुजी, थ्रीजी, फोरजी सेवामा सीडिएमसए सेवाको फेज आउट गर्ने निर्णय बाहेक अन्य पुराना पुस्ताका प्रविधिको समयसापेक्षा फेज आउट सम्बन्धी योजनाहरु कार्यान्वयनमा ल्याएको नसकेकोले सुधारका कार्यलाई तत्काल अगाडि बढाउनुपर्ने । | उल्लिखित सुधारका कार्यलाई तत्काल अगाडि बढाउन निर्देशन दिने । |
| ७२ | **व्यावसायिक रणनीति** - प्रविधिमा समयानुकूल लगानी हुन नसक्नु, समयानुकूल सेवा तथा वस्तु विस्तार नहुनु, गुणस्तरीय सेवा देशभरि पु्‍याउन नसक्नु जस्ता कारणले कम्पनीको प्रगति तथा वित्तीय अवस्थामा असर पर्न गएको । | प्रविधिमा भैरहेको विकास, विद्यमान तीब्र प्रतिस्पर्धात्मक बजार, ग्राहकको आवश्यकता तथा कम्पनीको व्यावसायिक लक्ष्य अनुसार आवश्यक मध्यम तथा दीर्घकालीन व्यावसायिक रणनीति तय गरी कम्पनीको प्रगति तथा वित्तीय अवस्थामा सुधार ल्याउन निर्देशन दिने । |
| ७३ | **सेवा प्रवाह** - कम्पनीमा खरिद गरिएका तथा प्रयोगमा आएका सफ्टवेयर तथा प्रविधिलाई पूर्ण रुपमा लागू गर्न नसकेको देखियो। उल्लिखित व्यवस्थामा सुधार गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्ने। | उल्लिखित व्यवस्थामा सुधार गरी गुणस्तरीय सेवा प्रवाह गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| **प्रेस काउन्सिल नेपाल — २०७५/७६** | | |
| ७४ | **सञ्चालन नतिजा** - काउन्सिलको गत वर्षको आम्दानी रु.६ करोड ४५ लाख आम्दानी भएकोमा यो वर्ष रु.५ करोड ९० लाख भएको छ। गतको तुलनामा यो वर्ष रु. ५५ लाख घटी आम्दानी भएको देखिएको। | वित्तीय व्यवस्थापनमा सुधार गर्न निर्देशन दिने । |
| ७५ | **पत्रकार कल्याण कोष** - कल्याण कोषबाट काउन्सिलले अक्षय कोष मुद्दती खाता खोली आर्जित व्याज आम्दानीबाट बिरामी पत्रकारको औषधि उपचार खर्चमा सहयोग गर्न कोषलाई थप व्यवस्थित र मजबुत बनाउनुपर्ने । | सुझावअनुसार गर्न गराउन निर्देशन दिने । |
| ७६ | **मिडिया विकास कोष** - मोफसलमा ब्याज अनुदान उपलब्ध गराएका सञ्चार माध्यमहरू सञ्चालनमा आए, नआएको अनुगमन गरी सोको अद्यावधिक अभिलेख राख्नुपर्ने । | ब्याज अनुदान उपलब्ध गराएका सञ्चार माध्यमहरू सञ्चालनमा आए, नआएको अनुगमन गरी सोको अद्यावधिक अभिलेख राख्न र समितिलाई तीन महिना भित्र जानकारी गराउन निर्देशन दिने । |

## प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
# उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

### महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७५ उपर मिति २०७६/१०/२१ र २२, २०७६/११/२० र २१, २०७७/०४/१३, २०७७/०५/३१ र २०७७/०६/०५ गते भएका छलफलका निर्णयहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
| --- | --- | --- |
| १ | **नीति कार्यान्वयन -** अनुसन्धान तथा विकासलाई प्राथमिकता दिने नीतिहरु कार्यान्वयनमा आएका छैनन् । कार्ययोजना बनाई नीति कार्यान्वयन गर्नुपर्दछ । | नीति कार्यान्वयन प्रभावकारी बनाउँन र कार्ययोजना बनाई घोषित नीति कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | **चौधौं योजना-** कालीगण्डकी तिनाउ डाइभर्सन आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन नभएको, जल तथा मौसम विज्ञानअन्तर्गत गुणस्तरीय मापन प्रणाली र मौसम पूर्वानुमान भरपर्दो र विश्वाशिलो भएको नपाइएको | लक्ष्य अनुसार कार्य सम्पन्न गर्न र उल्लिखित कार्यहरु सम्पन्न गरी मापन प्रणाली र पूर्वानुमान भरपर्दो र विश्वासिलो बनाउन निर्देशन दिने। |
| ३ | **बजेट वक्तव्यको कार्यान्वयन-** आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्यमा उल्लेख गरिएका विषयहरु प्रभावकारी रुपले कार्यान्वयन नभएको। | बजेट वक्तव्यमा उल्लेख भएका विषयहरु प्रभावकारी रुपले कार्यान्वयन गर्न गराउन निर्देशन दिने । |
| ४ | **संगठन संरचना-** संघीय स्वरुपमा संगठन पुनःसंरचना गर्दा मन्त्रालय र मातहातका निकायहरु खारेजी हुँदा र नयाँ कार्यालय स्थापना हुँदा कार्यालय र सम्पत्ति हस्तान्तरण नगरेको र संगठन पुनःसंरचना यथार्थमा आधारित | संगठन संरचना यथास्थितिमा आधारित बनाउन र सम्पत्ति हस्तान्तरण समयमै गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | नभएको। | |
| ५ | **योजनाबेगर काम-** यसरी वर्षान्तमा निकासा माग गर्ने, निकासा दिने र खर्च गर्ने अधिकारीहरुलाई जिम्मेवार बनाई बढी जोखिमयुक्त क्षेत्रलाई प्राथमिकता दिई आर्थिक वर्षको शुरुदेखि योजनाबद्ध र व्यवस्थित रुपले काम गर्नुपर्दछ। मन्त्रालयले नदी नियन्त्रण तथा नदीको कारण जोखिममा रहेका बस्ती स्थानान्तरणसम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ। | नदी नियन्त्रण तथा नदीको जोखिममा रहेका बस्ती स्थानान्तरणको कार्ययोजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने । |
| ६ | **पानीको उपलब्धता-** कोशी पश्चिम नहरबाट, गण्डक पश्चिम नहरबाट र गण्डक पूर्वी नहरबाट सम्झौताअनुसार भन्दा कम पानी प्राप्त भएको छ । | तोकिए अनुसारको पानी प्राप्त गर्ने व्यवस्था मिलाई सिँचाइ सुविधा वृद्धि गर्न निर्देशन दिने । |
| ७ | **गुणस्तर व्यवस्थापन-** | *** |
| ७.१ | गुणस्तर नियन्त्रणको लागि आवश्यक पर्ने स्टान्डर्ड स्पेसिफिकेसन तयार गर्नुपर्नेमा गरेको छैन । | गुणस्तर नियन्त्रणका लागि आवश्यक पर्ने स्टयाण्डर्ड स्पेशिफिकेशन तयार गरी एक वर्षभित्र समितिलाई समेत जानकारी गराउन निर्देशन दिने । |
| ७.२ | सम्झौता तथा स्पेसिफिकेसनअनुसार क्यानल लाइनिङ कार्यको कंक्रिट क्युब तथा फलामे डण्डीको टेन्साइल टेष्ट नगरेको । | उल्लिखित सबै सामग्रीको गुणस्तर परीक्षण गर्न र सिँचाइ विकास डिभिजन, ताप्लेजुङले सम्झौता तथा स्पेसिफिकेसनअनुसार गराएको क्यानल लाइनिङ कार्यको कंक्रिट क्युब तथा फलामे डण्डीको टेन्साइल टेष्ट गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ७.३ | सुनसरी मोरङ सिँचाइ आयोजनाले स्पेसिफिकेसनअनुसार ढुङ्गाको गुणस्तर परीक्षण बेगर ४ ठेक्काबाट निर्मित ग्याबियन वालको रु.६ करोड ५८ लाख ३३ हजार भुक्तानी दिएको छ भने सिँचाइ विकास डिभिजन, झापाले गुणस्तर योजना नै पेस गर्न लगाएको छैन । वाग्मती सिँचाइ आयोजना, सर्लाहीले जालीमा मेस साइजको तुलनामा दोव्वर साइजको | छानविन गरी तीन महिना भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | ढुङ्गा प्रयोग गर्ने उल्लेख गरेकोमा मेस साइजभन्दा साना ढुङ्गा प्रयोग गरी दुई ठेक्काबाट रु.१ करोड ८८ लाख भुक्तानी गरेको । | |
| ७.४ | नदी नियन्त्रणतर्फ जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय दाङ र झापाका निर्माण व्यवसायीहरुले स्पेसिफिकेसनअनुसार गुणस्तर आश्वस्तता योजना पेस नगरेको, स्पेसिफिकेसनअनुसार हेभी जिंक कोटेड तारको जाली प्रयोग गर्नुपर्नेमा मिडियम जिंक कोटेड जाली प्रयोग गरेको, कार्यालयले जी.आई तारको गुणस्तर आफै परीक्षण गराउनुपर्नेमा उत्पादकको परीक्षणमा भर परेको, ढुङ्गाहरुको साइज स्पेसिफिकेसनमा तोक्नुपर्नेमा नतोकेको, सतह मिलेका ढुङ्गाहरु प्रयोग गर्नुपर्ने उल्लेख भए पनि सतह नमिलेका र सानो आकारका ढुङ्गाहरुसमेत प्रयोग गरेको, तटबन्धको स्लोप १:२ हुनुपर्नेमा कम भएको, ग्याबियन जालीहरु तोकिएअनुसार नभरेको र निर्मित तटबन्धको कम्प्याक्सनको परीक्षण नगरेको । | छानविन गरी तीन महिना भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ७.५ | कर्णाली नदी व्यवस्थापन आयोजना र बबई भादा औरही नदी व्यवस्थापन आयोजनाले नदी नियन्त्रण कार्यको केही ठेक्का सम्झौताहरुको स्पेसिफिकेसनअनुसार टुक्रा पारिएको कोणिक आकारका र सतह मिलेका ढुङ्गा प्रयोग गरी ग्याबियन वक्स भर्नुपर्नेमा नभरेको, मेस साइजभन्दा साना ढुङ्गाहरु प्रयोग गरेको, जी.आई. तारको टेन्साइल स्ट्रेन्थ परीक्षण नगरेको, १० गेजको तारको गोलाइ ३.२५ एम.एम. हुनेमा स्पेसिफिकेसनमा ३ एम.एम. उल्लेख गरे पनि नमुना परीक्षण गर्दा तारको गोलाई २.९६ र २.९७ एम.एम. मात्र देखाएको । | छानविन गरी तीन महिना भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ८ | **अधुरा ठेक्काहरु-** निर्माण व्यवसायीहरुको कारणबाट अधुरो रहेका ठेक्काहरु सम्झौता, सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार हर्जाना लगाउने, कार्य सम्पादन र पेस्की जमानत जफत गर्ने तथा कालोसूचीमा राख्ने जस्ता कारबाही गरी काम सम्पन्न गराउनुपर्ने । | स्थलगत अनुगमन गरी अधुरा रहेका आयोजना पुरा गर्न गराउन हर्जाना लगाउने, कार्य सम्पादन र पेस्की जमानत जफत गर्ने तथा कालोसूचीमा राख्ने जस्ता कारबाही गरी काम सम्पन्न गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ९ | **सोझै खरिद-** विभिन्न कार्यालयले सिलबन्दी दरभाउपत्र एवं बोलपत्रबाट कार्य गर्नुपर्नेमा रु.५ लाखसम्मका लागत अनुमान बनाई प्रतिस्पर्धा बेगर रु.२३ करोड ९१ लाख ८० हजारको निर्माण कार्य सोझै गराएको । | सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सिलबन्दी दरभाउपत्र एवं बोलपत्रबाट कार्य गर्नुपर्नेमा निर्माण कार्य सोझै गराउने उपर छानविन गरेर दोषी देखिएमा कानुनी कारवाही गरी तीन महिना भित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| १० | **नर्म्स-** विभिन्न कार्यालयहरुले स्वीकृत नर्म्सको आधारमा परामर्शदाताबाट प्रतिस्पर्धा बेगर सोझै गराई रु.२१ करोड ६५ लाख ९९ हजार भुक्तानी दिएका छन् । यसरी काम गराउदा एकभन्दा बढी आयोजनाहरुको प्याकेजिङ बनाई बोलपत्रको माध्यमबाट गराउनेतर्फ ध्यान नदिएको। | छानविन गरी सार्वजनिक खरिद नियमावली, २०६४ विपरित प्रतिस्पर्धा बेगर गरेको भए कानुनी कारवाही गर्न र तीन महिना भित्र समितिलाई जानकारी दिन निर्देशन दिने। अब आइन्दा काम गराउदा एकभन्दा बढी आयोजनाहरुको प्याकेजिङ बनाई बोलपत्रको माध्यमबाट गराउनेतर्फ व्यवस्था गर्न निर्देशन दिने। |
| ११ | **परामर्शदाता खर्च-** समयमा आयोजना सम्पन्न नहुँदा परामर्शदाताको खर्चमा वृद्धि भइरहने अवस्था सिर्जना भएको छ ।अर्थ मन्त्रालयको बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनअनुसार बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमासहितको कार्ययोजना बनाई कार्य सम्पादन गर्नुपर्ने । | अब आइन्दा अर्थ मन्त्रालयको बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनअनुसार बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमासहितको कार्ययोजना बनाई कार्य सम्पादन गर्न गराउन निर्देशन दिने । |
| १२ | **मूल्य अभिवृद्धि कर समायोजन-** रकम भुक्तानी गर्दा दिएको मूल्य अभिवृद्धि कर रु.१० करोड ३१ लाख ६२ हजारको कर समायोजन भएको प्रमाण पेस गर्नुपर्ने । | कर समायोजन भएको प्रमाण पेस गर्न निर्देशन दिने । |
| १३ | **प्रगति -** कुलेखानी तेस्रो जलविद्युत आयोजनालाई रु.१४ करोड निकासा | निर्धारित समयमा नतिजा आउने गरी बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | दिएकोमा सिभिल कार्यको ठेक्कामा विवाद भएको र इलेक्ट्रोमेकानिकल कार्य सम्पादन सन्तोषजनक नभएकोले कम प्रगति भएको छ । | गराउन निर्देशन दिने । |
| १४ | **पोष्टेड दर अनुदान-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा साल तमाम हुनुभन्दा कम्तीमा सात दिन अगाडि आर्थिक कारोबार बन्द गर्नुपर्ने उल्लेख छ। रोयल्टी असुल गर्नुपर्नेमा नगरेकोले रु.१ करोड १८ लाख २१ हजार असुल गर्नुपर्ने। | आर्थिक कार्यविधि नियमावली अनुसार सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभएको रकम फ्रिज गर्न, र उल्लिखित रोयल्टी असुल उपर गरी तीन महीनाभित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| **सिँचाई विभाग** | | |
| १५ | **योजना कार्यान्वयन-** सम्भाव्यता अध्ययन भई सकेका योजनाहरु पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्नेमा अध्ययन नै नभएका योजनाहरु प्राथमिकतामा राखी कार्यान्वयन गरेको देखियो । | सम्भाव्यता अध्ययन भई सकेका योजनाहरु पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गर्न निर्देशन दिने । |
| १६ | **नर्म्स-** विभागीय जनशक्तिबाटै सञ्चालन गर्दा प्रभावकारी हुने तालिमहरु समेत परामर्शदाताबाट सञ्चालन गर्नु उचित नदेखिएको । | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका अनुरूप मात्र खर्च व्यवस्थापन गर्न र अब आइन्दा विभागीय जनशक्तिबाटै सञ्चालन गर्दा प्रभावकारी हुने तालिमहरु विभागबाट नै संचालन गर्न निर्देशन दिने । |
| १७ | **नियमावली निर्माण-** आफैले गर्नुपर्ने कार्य फरक प्रयोजनको नर्म्स प्रयोग गरी परामर्शदाताबाट गराउनु नियमित देखिएन । | अब आइन्दा आफैले गर्नुपर्ने कार्य परामर्शदाताबाट नगराई फरक प्रयोजनको नर्म्स प्रयोग नगरी कार्य व्यवस्थित गर्न निर्देशन दिने । |
| १८ | **जनसहभागिता-** | *** |
| १८.१ | आयोजना खारेज भई सकेकोले सिँचाइ विभागमार्फत ती योजनाहरु सम्पन्न गराउनु पर्ने । | निर्धारित समय सिमा तोकी सिँचाइ विभागमार्फत ती योजनाहरु सम्पन्न गर्न गराउन निर्देशन दिने । |
| १८.२ | निर्माण व्यवसायी र उपभोक्ता मार्फत कार्य गराउंदा सम्झौता नगरेको र उपभोक्ताको कार्य कम भएको । | उपभोक्ता मार्फत कार्य गराउंदा सम्झौता गर्ने र निर्धारित उपभोक्ताको जिम्मामा रहेको कार्य गराई आयोजना व्यवस्थित रूपमा संचालन गर्न निर्देशन |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | | दिने । |
| १८.३ | सम्झौताअनुसार जनसहभागिताबाट गर्नुपर्ने काम गराई योजनाहरु सम्पन्न गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १९ | **कन्टिन्जेन्सी-** | *** |
| १९.१ | उद्देश्य विपरीत कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिँदैन । | उद्देश्य विपरीत कन्टिन्जेन्सीबाट खर्च गर्ने पदाधिकारीलाई सचेत गराउन निर्देशन दिने । |
| १९.२ | छुट्टै बजेट भएका अन्य कार्यालयहरुको लागि कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने नदेखिदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्ने । | छुट्टै बजेट भएका अन्य कार्यालयहरुको लागि कन्टिन्जेन्सीबाट खर्च नगरी यस्तो कार्यमा नियन्त्रण गर्न निर्देशन दिने । |
| १९.३ | रानी जमरा कुलरिया सिँचाइ आयोजना लगायत ४ कार्यालयले पुँजीगत प्रकृतिको कार्यमा खर्च नगरी चालु प्रकृतिको कार्यमा मात्र खर्च गरेको देखिएको । | कन्टिन्जेन्सी रकममध्ये ४० प्रतिशत रकम अनिवार्य रुपमा पुँजीगत प्रकृतिको कार्यमा खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| २० | **मूल्य समायोजन-** | *** |
| २०.१ | महाकाली सिँचाइ योजनाका ४ निर्माण व्यवसायीहरुले तोकिएको अवधिमा काम सम्पन्न नगरी थपिएको अवधिको रु.७४ लाख ६७ हजार मूल्य समायोजन भुक्तानी दिएको देखिएको । | छानविन गरी ठेक्का सम्झौताअनुसार निर्माण व्यवसायीको कारणबाट काममा ढिलाई भएको देखिएमा असुल उपर गर्न निर्देशन दिने । |
| २०.२ | ठेक्का अवधि पछाडिको सूचकाङ्क प्रयोग गरी भुक्तानी दिएको मूल्य समायोजन रु.१ करोड ७४ लाख ५० हजारमध्ये बढी भुक्तानी गरेको रु.८८ लाख १४ हजार असुल गर्नुपर्ने । | छानविन गरी ठेक्का सम्झौताअनुसार बढी भुक्तानी भएको देखिएमा असुल उपर गर्न निर्देशन दिने । |
| २०.३ | भुक्तानी गरिने मुद्राभन्दा मूल्यवृद्धि गणना गर्न बेग्लै मुद्राको सूचकाङ्क प्रयोग गरेको अवस्थामा करेक्सन फ्याक्टर प्रयोग गर्ने व्यवस्था | उल्लिखित दुवै ठेक्काको सन्दर्भमा ठेक्का सम्झौताको दफा १३.८ मा भुक्तानी मुद्रा र टेवलमा खुलाइएको **Currency of Index** एउटै नभएको अवस्थामा |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | सम्झौतामा उल्लेख छ । बढी भुक्तानी गरेको असुल गर्नुपर्दछ । | भुक्तानी गर्दा मुद्राको विनिमयदरको समायोजन गर्नुपर्ने उल्लेख रहेको, तर उक्त दुवै ठेक्काको **Appendix to Bid** को बिदेशी मुद्राको टेवलमा भुक्तानी हुने मुद्रा र **Currency of Index** दुवै अमेरिकी डलर भएकोले दुवै एउटै मुद्रा हुँदा विनिमयदरमा कुनै समायोजन गर्नुपर्ने अवस्था नभएको देखिएकोले ठेक्का सम्झौतामा उल्लेख भए बमोजिम नै रकम भुक्तानी भएको जनाएको हुँदा उल्लिखित बेरुजु लगत हटाउन निर्देशन दिने । |
| २०.४ | सम्झौतामा मूल्य समायोजनको अधिकतम सीमा नतोकी माथि उल्लिखित २५ प्रतिशतभन्दा बढी हुने गरी १८ औ रनिङ बिलसम्मको रु.५९ करोड २९ लाख मूल्य समायोजन भुक्तानी दिएकोले रु.६ करोड ३५ लाख २५ हजार बढी भुक्तानी दिएको । | छानविन गरी नियम विपरित सम्झौता गरी भुक्तानी दिएको देखिएमा उल्लिखित बेरुजु रकम असुलउपर गर्न निर्देशन दिने । |
| २१ | **नहर सञ्चालन नभएको-** उपर्युक्त कामको लागि सिँचाइ विकास डिभिजन, तुलसीपुरमा रु.२ करोड ५० लाख बजेट विनियोजन गरेकोमा कार्यक्रम संशोधन गरी बजेट फिर्ता गरेको देखिएको। | उल्लिखित नहरबाट सिंचाई गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २२ | **उपभोक्ता समितिबाट निर्माण कार्य-** | *** |
| २२.१ | उपभोक्ता समितिहरु जटिल निर्माण कार्य गर्न भौतिक, प्राविधिक र अन्य कारणले सक्षम नभएकोले उपभोक्ता समितिबाट कार्य गराउने नीतिमा आवश्यक परिमार्जन गरी जनसहभागिताको काम मात्र उपभोक्ता समितिबाट गराउनुपर्ने । | उपभोक्ता समितिहरु जटिल निर्माण कार्य गर्न भौतिक, प्राविधिक र अन्य कारणले सक्षम नहुने स्थितिमा उपभोक्ता समितिबाट कार्य गराउने नीतिमा आवश्यक परिमार्जन गरी जनसहभागिताको काम मात्र उपभोक्ता समितिबाट गराउने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २२.२ | उपभोक्ताले मेसिनको प्रयोग विना गर्न नसकिने ती कामहरु गर्न चाहिने हेभी मेसिनहरु प्रयोग गर्ने सहमति लिएको नदेखिएको । | अब आइन्दा उपभोक्ता समितिहरु जटिल निर्माण कार्य गर्न भौतिक, प्राविधिक र अन्य कारणले सक्षम नहुने स्थितिमा उपभोक्ता समितिबाट कार्य गराउने नीतिमा आवश्यक परिमार्जन गरी जनसहभागिताको काम मात्र उपभोक्ता |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | | समितिबाट गराउने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २२.३ | योजनाहरुको काम बोलपत्र छलेर उपभोक्ता समितिहरुमार्फत गराई रु.५ करोड ७१ लाख ९६ हजार भुक्तानी दिएको देखिएको । | अब आइन्दा बोलपत्रबाट प्रतिष्पर्धा गराएर मात्र कार्य गर्न, र बोलपत्र छलेर उपभोक्ता समितिहरुमार्फत कार्य गराउने पदाधिकारीलाई सचेत गराई समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| २२.४ | उपभोक्ता समितिसँग सम्झौता गरेको नदी नियन्त्रणको एक काम निर्माण व्यवसायीमार्फत गराई रु.१० लाख ५७ हजार भुक्तानी दिएको देखिएको। | छानविन गरी दोषी पाइए सम्बन्धित लागी कानुनी कारबाही गर्न र कार्यको अनुगमन गर्न निर्देशन दिने । |
| २२.५ | उपभोक्ता समितिसँग यस्तो जटिल कार्य गर्न मेसिन, पूँजी, जनशक्ति र प्राविधिक ज्ञानसमेत नहुने हुँदा उक्त कार्य नियमावलीको व्यवस्था विपरीत भएको देखिएको । | अब आइन्दा नियमावलीको विपरित नहुने गरि गर्न गराउन निर्देशन दिने । |
| २२.६ | प्रत्येक वर्ष उपभोक्ता समितिको दायित्वभित्र पर्ने मर्मत सम्भारको काम पनि सिँचाइ कार्यालयहरुले गरिरहेको र यस वर्ष त्यस्तो मर्मत सम्भारमा मात्र रु.१ अर्ब २४ करोड ११ लाख खर्च भएको देखिएको । | समयमै आयोजना हस्तान्तरण गरी मर्मत सम्भारको व्यवस्था उपभोक्ता समिति मार्फत गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २२.७ | डिप ट्युबवेल निर्माण कार्यको लागि पम्प खरिद तथा जडान, विद्युतीकरण र पानी वितरण प्रणाली निर्माणसम्बन्धी कार्यहरु ठेक्काद्वारा गर्नुपर्ने उल्लेख भएकोमा भूमिगत जलसिँचाइ विकास डिभिजन लमहीले रु.९ करोड १ लाख १९ हजारका उपरोक्त कार्यहरु ४५ उपभोक्ता समितिमार्फत गराई खर्च गरेको देखिएको । | अब आइन्दा निर्माणसम्बन्धी कार्यहरु ठेक्काद्वारा गर्न र सम्बन्धित पदाधिकारीलाई सचेत गराउन निर्देशन दिने । |
| २२.८ | समितिको सिफारिस बेगर छनौट गरेकोले निर्देशिका विपरीत कार्य भएको। | डिप ट्युबवेल सिँचाइ योजना कार्यान्वयन निर्देशिका विपरित कार्य गर्ने पदाधिकारीलाई सचेत गराउन र अब आइन्दा नियमानुसार गर्न गराउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| २३ | **बढी खर्च-** भूमिगत जल सिँचाइ विकास डिभिजन लमहीले काम अमानतबाट गराई रु.७७ लाख ५९ हजार खर्च गरेकोले लागत अनुमानभन्दा रु.२२ लाख ९ हजार बढी खर्च गरेको कानुनसम्मत नभएको। | अब आइन्दा कानुन सम्मत हुनेगरी गर्न गराउन र सम्बन्धित पदाधिकारीलाई सचेत गराउन निर्देशन दिने । |
| २४ | **ढुङ्गा ढुवानी -** स्थानीय वासिन्दासँग छलफल गर्दा सोही खोलाका ढुङ्गा प्रयोग गरेकोसमेत जानकारी भएकोले उक्त रकम निर्माण व्यवसायीबाट असुल हुनुपर्ने । | छानविन गरी असुल उपर गर्न पर्ने भए असुल गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २५ | **आयकर थप -** भुक्तानी दिएको रकम असुल हुनुपर्ने । | उल्लिखित बढी भुक्तानी रकम असुल गर्न निर्देशन दिने । |
| २६ | **निर्माणमा ढिलाई-** समस्या समाधान गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २७ | **बोलपत्र कागजात र सम्झौता-** त्रुटि सच्याउने अवधि समाप्त भएपछि आधा र आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेस गरेपछि आधा धरौटी फिर्ता गर्ने व्यवस्था भएकोमा सम्झौतामा जमानतको आधारमा त्रुटि सच्याउने अवधि अघि नै पूरै धरौटी फिर्ता दिने व्यवस्था गरेको कारण सोही कार्यालयले दुई निर्माण व्यवसायीलाई रु.८५ लाख ७३ हजार धरौटी फिर्ता गरेको देखिएको । | सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली अनुसार नगर्ने पदाधिकारीलाई छानविन गरी दोषी देखिएमा कानुनी कारबाही गर्न र अब आइन्दा नियमनुसार गर्न निर्देशन दिने । |
| २८ | **संयुक्त उपक्रम दर्ता-** सुनसरी मोरङ सिँचाइ योजना, जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय दाङ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन दाङका ९ संयुक्त उपक्रमहरु तोकिएको अवधिपछि दर्ता खारेज नगरी पुनः सोही फर्मबाट २५ कार्य गराई रु.६५ करोड ६० लाख ६१ हजारको मूल्य अभिवृद्धि कर रु.७ करोड ५४ लाख ७६ हजार भुक्तानी दिएकोले कर समायोजन गरेको प्रमाण पेस हुनुपर्ने । | कर समायोजनको प्रमाणपत्र पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| २९ | **सामान खरिद-** वार्षिक कार्यक्रमअनुसार सिँचाइ प्रणालीहरुको निर्माण गर्न विनियोजित बजेटबाट ठेक्का व्यवस्था गरी योजनाहरुको निर्माण कार्य गर्नुपर्नेमा ५ सिँचाइ विकास डिभिजनले सिँचाइ आयोजना निर्माण गर्ने बजेटबाट लिफ्ट सिँचाइमा प्रयोग हुने रु.२ करोड ७१ लाख २५ हजारका एच.डी.पी. पाइपलगायतका सामानहरु खरिद गरी मौज्दात राखेका छन् । आर्थिक वर्षभित्र प्रयोग नहुने गरी सामान खरिद गर्न मिल्ने देखिँदैन । | अब आइन्दा आर्थिक वर्षभित्र प्रयोग नहुने गरी सामान खरिद नगर्न निर्देशन दिने। |
| ३० | **डिप ट्युबवेल सञ्चालन-** डिप ट्युबवेल सञ्चालन नहुँदा सिँचाइमा असर पर्ने हुँदा उक्त डिप ट्युबवेल मर्मत सम्भार गरी सञ्चालन गर्नुपर्दछ । | डिप ट्युबवेल मर्मत सम्भार गरी सञ्चालन गर्न गराउन निर्देशन दिने । |
| ३१ | **कार्यसम्पादन जमानत-** सिँचाइ विकास सवडिभिजन, कालिकोटले रु.१ करोड ९१ लाख ६५ हजारको भिग्मा सिँचाइ योजना निर्माण गर्न सम्झौता गरेको काममध्ये रु.५१ लाख १७ हजारको काम नगरेकोले कार्यसम्पादन जमानत रु.२३ लाख ३ हजार रोक्का राख्न पत्राचार गरेकोमा नेपाल बैङ्क लिमिटेड प्युठानले कार्यसम्पादन जमानत नरहेको जवाफ दिएकोले छानबिन हुनुपर्ने। | एक महिना भित्र छानविन गरी दोषी देखिए कानुनी कारबाही गर्न निर्देशन दिने । |
| ३२ | **गैरसरकारी संस्थाबाट कार्य-** सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, ललितपुरले १८ प्याकेजमा नदी नियन्त्रणको कार्य गराई रु.८२ लाख ९४ हजार भक्तानी दिएको अनियमित देखिएको। | अब आइन्दा सार्वजनिक खरिद ऐन अनुरुप गर्न निर्देशन दिने र सम्बन्धित पदाधिकारीलाई सचेत गराउने । |
| ३३ | **निर्माण क्षति-** सिँचाइ योजनामा क्षति पुग्ने गरी सडक निर्माण गरेकोले निर्माण व्यवसायी र सिँचाइ विकास डिभिजनलाई जिम्मेवार बनाउनुपर्ने । | छानविन गरी दोषी देखिएमा कानुनी कारबाही गर्न निर्देशन दिने । |
| ३४ | **विनियोजन र आवश्यकताभन्दा बढी खर्च-** कामदारको संख्यात्मक | अब आइन्दा कामदारको संख्यात्मक आवश्यकता निर्धारण गरी पारिश्रमिक |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | आवश्यकता निर्धारण नगरी उक्त रकम खर्च गरेको छ । पारिश्रमिक वितरण बैङ्कमार्फत गर्नुपर्नेमा सम्बन्धित साइटका प्राविधिकलाई नगदबाट भुक्तानी दिई वितरण गरेको देखिएको । | वितरण बैङ्कमार्फत भुक्तानी दिने व्यवस्था गर्न निर्देशन दिने । |
| ३५ | **पूर्वनिर्धारित क्षतिपूर्ति-** | *** |
| ३५.१ | सिँचाइ विकास डिभिजन कार्यालय, धनुषा र जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालयले पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको र थपिएको अवधिमा पनि कार्य सम्पन्न नगरेकोले रु.३ करोड ८३ लाख ७३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने। | छानविन गरी उल्लिखित रकम असुल गर्नुपर्ने भए असुल गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३५.२ | सिक्टा सिँचाइ आयोजनाले पेस्की जमानतसमेत जफत गरेको अवस्थामा ठेक्का अङ्कको १० प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति रु.६७ लाख ५० हजार असुल हुनुपर्ने । | उल्लिखित पूर्व निर्धारित क्षतिपूर्ति असुलउपर गर्न निर्देशन दिने । |
| ३५.३ | सिँचाइ विकास डिभिजन, रौतहट को भकुवा सिँचाइ आयोजना निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.६ करोड ९९ लाखमा सम्झौता भएकोमा २०७५ असारसम्म कार्य सम्पन्न गर्नुपर्नेमा २०७५ पौषसम्म पनि कार्य सम्पन्न नगरेको र तत्पश्चात निर्माण व्यवसायी सम्पर्कमा नआएकोले सम्झौताअनुसार रु.४१ लाख ९६ हजार पूर्व निर्धारित क्षतिपूर्ति लिई निर्माण कार्य सम्पन्न गराउनु पर्ने । | उल्लिखित पूर्व निर्धारित क्षतिपूर्ति लिई निर्माण कार्य सम्पन्न गर्न गराउन निर्देशन दिने । |
| | **जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग** | |
| ३६ | **परामर्श खर्च-** विभागमा ५० जना प्राविधिक जनशक्तिको दरबन्दी रही ३५ दरबन्दी पदपुर्ति भएको अवस्थामा विभागीय जनशक्तिबाट गर्न सकिने नसकिने यकिन नगरी ५४ परामर्शदाताबाट बोलपत्र र सोझै | आवश्यकता पहिचान गरी परामर्शदाता नियुक्त गर्ने व्यवस्था गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | खरिद प्रक्रियाबाट पहिरो र नदी नियन्त्रणको सर्वेक्षण तथा अध्ययनको काम गराई रु.२८ करोड २६ लाख २० हजार भुक्तानी गरेको छ । | |
| ३७ | **कार्यक्रम संशोधन-** जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय लमहीले बाढी पहिरो पुनर्निर्माणअन्तर्गत यस वर्ष कार्य सम्पन्न भएका ४ समेत बजेट सुनिश्चित नभएका १८ ठेक्काको लागि रु.१६ करोड ५० लाख ३४ हजार बजेट विनियोजन गरिएकोमा बजेट सुनिश्चितता भएका जनसहभागितामा आधारित नदी नियन्त्रण कार्यक्रमको बजेटबाट समेत रु.३१ करोड ४९ लाख १८ हजार खर्च गरी बजेटभन्दा रु.१४ करोड ९८ लाख ८४ हजार बढी खर्च गरेको देखिएको । | अब आइन्दा एउटा उद्देश्यले बिनियोजित रकम अर्को उद्देश्यमा खर्च नगरी नियमानुसार कार्यक्रम संशोधन गरेर मात्र गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ३८ | **बढी भुक्तानी-** जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय, झापाले तटबन्ध निर्माणको लागत अनुमान तयार गर्दा जिल्ला दररेटअनुसार प्रति घनमिटर रु.७०।५६ को दरले ढुङ्गाको रोयल्टी समावेश गर्नुपर्नेमा प्रति घनमिटर रु.१४२।८६ को दरले समावेश गरी भुक्तानी दिँदा ३७ उपभोक्ता समितिलाई रु.२० लाख १६ हजार बढी भुक्तानी गरेको तथा जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन झापाले १३ उपभोक्ता समितिलाई रु.३ लाख १३ हजार सोहीअनुरुप बढी भुक्तानी दिएको समेत रु.२३ लाख २९ हजार असुल गर्नुपर्ने । | उल्लिखित बेरुजु सम्बन्धमा फछ्र्यौट भएको जनाएकोले केही गर्नु नपर्ने। |
| ३९ | **बढी दरमा खरिद-** मालसामान खरिद गर्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको दरमा खरिद गर्नुपर्नेमा जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय, धनुषाले ओभरहेड जोडी प्लाष्टिक बोरा र नाइलन क्रेट सोझै खरिद गरी रु.२४ लाख ९६ हजार बढी भुक्तानी दिएको । | छानविन गरी उल्लिखित बेरुजु रकम असुल गर्नुपर्ने भए असुल गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ४० | **आपतकालीन नदी नियन्त्रण-** | *** |
| ४०.१ | जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय, लमहीले बजेट निकासा हुनु अघि नै लागत अनुमान स्वीकृति र उपभोक्ता समितिसँग सम्झौता गरी करिब ५० प्रतिशत काम गराएको बजेट सिद्धान्तअनुरुप देखिँदैन । | आपतकालिन कोष निर्माण गरी कार्यविधि बनाएर मात्र खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ४०.२ | जोखिमयुक्त क्षेत्रको प्राथमिकीकरण गरी नदी नियन्त्रण कार्य गर्नुपर्दछ। | सम्भाव्यता अध्ययन गराएर मात्र बजेट तथा कार्यक्रम स्वीकृत गरी खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ४०.३ | दमक नगरपालिकाको शिखरटोलस्थित दिपेनी कल्भर्टको पूर्वबाट उत्तर दक्षिण नदी नियन्त्रण गर्न दुई स्थानमा २.१० मिटर अग्लो काउण्टरफोर्ट आरसिसि रिटेनिङ वाल र ग्याबियन वाल निर्माण गरी रु.६४ लाख खर्च गरेको छ । वर्षाको पानी निकास हुने उक्त खोलामा ग्याबियन वाल नै पर्याप्त भएकोमा आरसीसी वाल निर्माण गरेकोले आवश्यकता पुष्टि हुनसक्ने देखिएन । | अब आइन्दा आवश्यकता पुष्टी हुने गरी मात्र गर्न गराउन निर्देशन दिने। |
| ४१ | **उद्देश्य विपरीत खर्च-** जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन दोलखाले उक्त उद्देश्य विपरीत अगेरी पाखो खेल मैदान बनाउने र पोखरी निर्माण गर्ने कार्यमा रु.६ करोड २९ लाख १ हजार खर्च गरेको नियमित देखिएन । | संस्थाको उद्देश्य अनुरुप मात्र खर्च गर्न निर्देशन दिने । उद्देश्य विपरित खर्च गर्ने गराउने पदाधिकारीलाई सचेत गराउने । |
| ४२ | **कार्यक्रम संशोधन-** तालुक मन्त्रालयको स्वीकृति लिई कार्यक्रम संशोधन गर्नुपर्नेमा जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय झापाले मन्त्रालयको स्वीकृति बेगर खर्च गरेपछि जल उत्पन्न प्रकोप व्यवस्थापन विभागबाट समर्थन प्राप्त गरी रतुवा मावा नदी नियन्त्रण कार्यक्रममा रु.१ | अब आइन्दा तालुक मन्त्रालयको स्वीकृति लिई खर्च समर्थन गराएर मात्र खर्च गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | करोड ८८ लाख ९५ हजार खर्च गरेको देखिएको । | |
| ४३ | **विस्तृत परियोजना-** ड्रइङ, डिजाइन र लागत अनुमानसहितको विस्तृत परियोजना तयार गरी तटबन्ध निर्माण तथा नदी नियन्त्रणको कार्य गर्नुपर्नेमा सो तयार नगरी जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय झापा, जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कैलालीलगायत ४ कार्यालयले रु.२ अर्ब ९० करोड ४३ लाख खर्च गरेको नियमित नदेखिएको । | अब आइन्दा ड्रइङ डिजाइन र लागत अनुमान सहित विस्तृत परियोजना तयार गरेर मात्र निर्माण कार्य गर्न निर्देशन दिने । |
| ४४ | **नर्म्सको प्रयोग-** सिँचाइ कार्यक्रममा सडकको नर्म्स प्रयोग गर्दा पर्न गएको थप व्ययभार यकिन नभएको । | अब आइन्दा सिंचाई कार्यक्रममा सडकको नर्म्सको प्रयोग गर्दा मन्त्रालयको सहमति लिएर मात्र गर्न निर्देशन दिने । |
| ४५ | **पर्खाल पुनः निर्माण-** नियमानुसार सम्बन्धित निर्माण व्यवसायीबाट पर्खाल पुनः निर्माण गराउनुपर्दछ । | कार्य सम्पन्न प्रतिवेदन एक महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| ४६ | **लागत अनुमान स्वीकृति-** बढीको लागत अनुमान स्वीकृत गरेको छ । | अब आइन्दा लागत अनुमान यथार्थपरक हुने गरी तयार गर्न निर्देशन दिने । |
| | **विद्युत विकास विभाग** | |
| ४७ | **न्यून प्रगति-** विभागअन्तर्गत यो वर्ष जलविद्युत आयोजनाको अध्ययन, मापदण्ड निर्धारण, रोयल्टी व्यवस्थापन, विद्युत महसुल निर्धारण, विद्युत विकासमा निजी क्षेत्रको प्रवद्र्धनलगायतका कार्य गर्नको लागि रु.१ अर्ब ८३ करोड ९९ लाख विनियोजन भएकोमा २३.७९ प्रतिशतमात्र खर्च गरेको छ । त्यसमध्ये जलविद्युत आयोजना अध्ययन गर्नको लागि विनियोजित रु.८३ करोड १४ लाखमध्ये ३०.९७ प्रतिशत खर्च गरेको देखियो । लक्ष्यअनुसार खर्च गरेको नदेखिएको । | सुझावअनुसार गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ४८ | **रोयल्टी-** रोयल्टी असुल नगरेको । | समयमै रोयल्टी असुलउपर गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ४९ | **बक्यौता रोयल्टी-** रोयल्टी उठाउने सम्बन्धी कार्यविधिले निर्धारण गरेको समय तालिकाअनुसार रोयल्टी असुल नगरेको। | कार्यविधिले निर्धारण गरेको समय तालिकाअनुसार रोयल्टी असुलउपर गर्न निर्देशन दिने । |
| ५० | **अनुमतिपत्रको अनुगमन-** विभागले २०७५ असारसम्म २८ हजार २३७ मेगावाट क्षमताका ६९० जलविद्युत प्रवद्र्धकलाई सर्वेक्षण, उत्पादन र सञ्चालन अनुमतिपत्र प्रदान गरेकोमा सोको कार्यान्वयनको अनुगमन गर्ने र अभिलेख राख्ने कार्य नगरेकाले प्रगति मूल्याङ्कन हुन नसकेको । | अनुमतिपत्र दिएका जलविद्युत प्रवर्द्धकको कामकारवाहीका सन्दर्भमा अनुगमन गर्न र अभिलेख अद्यावधिक गराई तीन महिनाभित्र समितिमा प्रगति मूल्यांकन प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | **जल तथा मौसम विज्ञान विभाग** | |
| ५१ | **परामर्श खर्च-** जलवायु प्रकोप समुत्थान निर्माण आयोजनाको कुल खर्च रु.१ अर्ब ६ करोड ५३ लाख रहेकोमा प्रणाली डिजाइन अनुगमन गर्ने परामर्शदातालाई यो वर्षको रु.९ करोड १२ लाख ६५ हजारसमेत हालसम्म रु.२३ करोड ५३ लाख ५७ हजार भुक्तानी दिएको छ । आयोजना अवधि २०७५ मंसिरसम्म रहेकोमा २०७५ आषाढसम्म ५६ प्रतिशतमात्र प्रगति भएकोमा परामर्शदातालाई कुल खर्चको २२ प्रतिशत भुक्तानी भएको छ । सन्तोषजनक काम नभएको अवस्थामा परामर्श सेवामा खर्च बढ्ने देखिएकोले सम्बन्धित निकायले ध्यान दिई खर्च नियन्त्रण गर्न नसकेको। | हाल परियोजना सम्पन्न भई सकेको र परामर्शदाताको दायित्व सकिएकोले उल्लेखित बेरुजु हटाउने । भविष्यमा परियोजना संचालन गर्दा काम सम्पन्न भएको अवस्थामा मात्र भुक्तानी व्यवस्था मिलाउन निर्देशन दिने । |
| ५२ | **सामानको भुक्तानी-** सरफेस मेटेरोलोजिकल नेटवर्क उपकरण खरिद गरी जडान गर्ने कार्यको सम्झौताको पहिलो किस्तामा ७० प्रतिशत र जडानपछि ३० प्रतिशत भुक्तानी गर्ने उल्लेख छ । विभिन्न ८८ स्थानका मौसम मापन केन्द्रमा उपकरण खरिद तथा जडान गर्न पहिलो किस्ता | हाल सबै सामान प्राप्त भइसकेको, जिन्सी दाखिला भएको र जडान समेत भएको अवस्थामा बेरुजु लगत हटाउने ।अब आइन्दा सम्पूर्ण सामाग्री उपलब्ध भएपछि मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | रु.२३ करोड ९५ लाख ९५ हजार भुक्तानी गरेको छ । भिजिबिलिटी एण्ड प्रिसेन्ट वेदर सामान २६ खरिद भएकोमा २५ मात्र प्राप्त भएकोले नपुग १ को रु.११ लाख २५ हजार र २८ लोकल डिस्प्लेको सट्टा सफ्टवेयर प्राप्त भएकोले सम्झौता अनुसारको सामान जडान गर्न लगाई सम्झौता विपरीत प्राप्त सामानको भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार नबनाएको । | |
| ५३ | **खरिद सम्झौतामा संशोधन-** आयोजनाको विस्तृत प्रारुप तयारी तथा आधुनिकीकरणको लागि एक परामर्शदातासँग २०७१ आषाढमा रु.२३ करोड ७९ लाख ९२ हजारमा सम्झौता भएको थियो । सम्झौता अनुसार वेदर राडर स्थापना गर्ने उपकरण खरिदको सम्झौता भएपछि परामर्शदातालाई दोस्रो किस्ताको २० प्रतिशत रकम भुक्तानी दिनुपर्नेमा त्यस अघि नै रु.४ करोड १३ लाख २१ हजार भुक्तानी दिएको व्यहोरा गत वर्ष औंल्याइएकोमा यस वर्ष भुक्तानी कार्यतालिका परिवर्तन र ५ महिना अवधि थप गरी सम्झौता संशोधन गरी उक्त अनियमित भुक्तानीलाई वैधानिकता दिएको । | वेदर राडार स्थापना गर्ने कार्य सम्पन्न भई संचालनमा आइसकेको, रकम भुक्तानी दिदा दातृ निकायको सहमति लिएको देखिएकोले उल्लेखित बेरुजु लगत हटाउने र अब आइन्दा विधिवत सम्झौता संशोधन गरेपछि मात्र लागू गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| | **सिक्टा सिँचाई आयोजना** | |
| ५४ | **मूल नहरमा क्षति-** परामर्शदातासँग भएको सम्झौताअनुसार नहर निर्माण गर्दा प्रयोग गरिएको माटोको गुणस्तर परीक्षण गर्ने कर्तव्य परामर्शदाता, निर्माण व्यवसायी र आयोजना प्रमुखको भए पनि सम्झौताअनुसार माटोको लिक्विड लिमिट, प्लाष्टिक लिमिट र ग्रेन साइजको परीक्षण गरेको देखिएन । सम्झौताअनुसार काम नगर्ने निर्माण व्यवसायी, आयोजना प्रमुख | सुझावअनुसार गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | र परामर्शदातालाई जिम्मेवार नबनाएको । | |
| ५५ | **अधुरो ठेक्का-** जमानतको शर्त अनुसार रकम फिर्ता नगर्ने बैङ्कलाई कारबाही गरी जमानत फिर्ता गराउनुपर्ने देखिनुका साथै सम्झौताअनुसार काम नगर्ने निर्माण व्यवसायीलाई समेत कानुनबमोजिम कारबाही गरेको नदेखिएको । | जमानत फिर्ता गराउन र सम्झौताअनुसार काम नगर्ने निर्माण व्यवसायीलाई कानुनबमोजिम कारबाही गर्न निर्देशन दिने । |
| ५६ | **त्रुटि सच्याउने कार्यको लागि ठेक्का-** निर्माण व्यवसायीको त्रुटि सच्याउने अवधिको जिम्मेवारीभित्र पर्ने कामसमेत यस ठेक्काबाट गराएकोले छानबिन गरी दोहोरो काम गराउने जिम्मेवार व्यक्तिलाई कारबाही नगरेको । | उल्लिखित कामकारवाहीका सम्बन्धमा छानविन गरी दोहोरो काम गराउने पदाधिकारीलाई कानुनी कारवाही गर्न निर्देशन दिने । |
| | **रानी जमरा कुलरिया सिँचाइ आयोजना** | |
| ५७ | **अधुरा ठेक्का-** निर्माण व्यवसायीको कारणबाट ढिलाई भएकोले सम्झौताअनुसार पुर्व निर्धारित क्षतिपूर्ति लगाउने, बैङ्क जमानत जफत गर्ने जस्ता कारबाही गरी निर्माण कार्य पूरा गरेको नदेखिएको । | सम्झौताअनुसार पूर्व निर्धारित क्षतिपूर्ति लगाउन, बैंक जमानत जफत गर्न र पन्ध्र दिनभित्र हालसम्मको प्रगति समितिमा पेश गर्न निर्देशन दिने । |
| ५८ | **पूर्व तयारी बेगर ठेक्का-** पूर्व तयारीका काम सम्पन्न गरेपछि मात्र ठेक्का व्यवस्था नगरिएको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ५९ | **सवारीसाधन भाडा-** आयोजनाले २ निर्माण व्यवसायीको ठेक्कामा गाडी भाडा राखी रु.९३ लाख ९९ हजार भुक्तानी गरेको अनियमित देखिएको । | सार्वजनिक लेखा समितिको २०६९/१/८ को निर्णय पूर्ण परिपालना गरी कार्यान्वयन गर्न गराउन निर्देशन दिने । |
| ६० | **डिजाइन परिवर्तन-** महेन्द्र राजमार्गमा पर्ने दुई लेनको चौडा क्रसिङको सट्टा ४ लेनको क्रसिङ निर्माण भइरहेको स्थलगत निरीक्षणबाट देखिएकोमा डिजाइन परिवर्तन बेगर निर्माण कार्य गराएको । | अब आइन्दा डिजाइन परिवर्तन स्वीकर्त गराएर मात्र निर्माण कार्य गर्न गराउन निर्देशन दिने । साथै सम्वन्धित पदाधिकारीलाई सचेत गराउने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | **भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना** | |
| ६१ | **समग्र प्रगति-** काम समन्वयात्मक रुपले एकैसाथ अघि नबढाएकोले लक्ष्यअनुसारको उपलब्धी तोकिएको समयमा सम्पन्न हुने अवस्था देखिँदैन। | लक्ष्यअनुसारको प्रगति हासिल गर्ने गरी समन्वयात्मक तरीकाले कामकारवाही गर्न गराउन निर्देशन दिने । |
| ६२ | **प्रतिफल विश्लेषण-** बबई र सिक्टा सिँचाइ आयोजनाको कमाण्ड क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी डिजाइन भएकोमा आयोजनाबाट प्राप्त हुने प्रतिफलको दोहोरो गणना भए नभएको सम्बन्धमा स्पष्ट नभएको। | प्रतिफलको दोहोरो गणना भए नभएको सम्वन्धमा अनुगमन गरी अद्यावधिक गर्न निर्देशन दिने । |
| ६३ | **विस्तृत सर्वेक्षण प्रतिवेदन-** प्रतिवेदन तयार नहुँदै भेरी कोरिडोरतर्फ भेरी नदी आसपासको क्षेत्रमा सिँचाइ पूर्वाधार विकास, सोलार तथा विद्युतीय लिफ्ट सिँचाइ र कुलो निमाणर्मा रु.१९ करोड ६३ लाख खर्च भएको छ। कानुनी व्यवस्था पालना नगरी निमार्ण कार्यमा खर्च गरेको । | अब आइन्दा कानुनी व्यवस्था पालना गरी आर्थिक, प्राविधिक तथा वातावरणीय आधारमा सम्भाव्यत अध्ययन गरी बजेट तर्जुमा गर्न र निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |
| ६४ | **इन्जिनियरिङ सुविधा-** सुरुङ निर्माणको बिलअफ क्वान्टिटीमा वेश स्टेशन निर्माण, पिकअप र मोटरसाइकल खरिद, कम्प्युटर, ल्यापटप खरिद, अफिस क्वार्टर निमाणर्लगायत रु.१३ करोड ६३ लाख ३६ हजारको काम समावेश गरी २०७४।७५ सम्म रु.४ करोड २ लाख ९४ हजार भुक्तानी गरेको । | सार्वजनिक लेखा समितिको निर्णय र सार्वजनिक खरिद नियमावलीको पूर्ण पालना गरी ठेक्का व्यवस्थापन गर्न निर्देशन दिने । |
| ६५ | **बीमा भुक्तानी-** सम्झौताको बिल अफ क्वान्टिटीको प्रोभिजनल सममा उपकरण, काम र दुर्घटनाको बीमा गर्न रु.३ करोड ५ लाख छुट्याएकोमा रु.५ करोड ६ लाख खर्च गरी रु.२ करोड १ लाख बढी खर्च गरेको छ। यस सम्बन्धमा सिँचाइ विभागका उपमहानिर्देशकको | छानविन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्ने र बढी बिमा रकम भुक्तानी गर्ने पदाधिकारीलाई दोषी देखिएमा कानुनी कारवाही गर्ने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | संयोजकत्वमा गठित समितिले पनि बढी बीमा रकम भुक्तानी दिन नमिल्ने उल्लेख गरे तापनि उक्त रकम भुक्तानी दिएको छ । यस सम्बन्धमा खर्च गर्ने अधिकारीलाई जिम्मेवार नबनाइएको । | |
| | **बबई सिँचाइ आयोजना** | |
| ६६ | **बाली सघनता-** बाली सघनताको वृद्धिबेगर सिँचाइ क्षेत्रमा गरेको लगानीको खास अर्थ नरहने हुँदा सिँचाइ प्रणालीहरुको विकासको साथै बाली सघनतामा वृद्धि गरी कृषि उत्पादन वृद्धि गर्नेतर्फ विशेष ध्यान नदिइएको देखिएको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ६७ | **निर्माण स्थलको तयारी-** आयोजनाले पश्चिम मूल नहरको एक खण्ड र एक शाखा नहरको एक खण्डमा जग्गाको मुआवजा वितरण नगरी २०७४।३।१५ भित्र सम्पन्न गर्ने गरी २०७२ असारमा रु.५२ करोड ३३ लाख ९४ हजारमा एक ठेक्का सम्झौता गरेको कारण हालसम्म ३८ प्रतिशतमात्र वित्तीय प्रगति भएको देखिन्छ । उल्लिखित नियम र विकास प्रक्रियाका चरणहरुको पालना नगरिएको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| | **सुनसरी मोरङ सिँचाइ आयोजना** | |
| ६८ | **भेरिएसन-** सडकको प्रकृति नै परिवर्तन गर्नुपर्ने र सडकको केही खण्डमात्र थप चौडा बनाउनुपर्ने प्राविधिक पुष्ट्याइ बेगर भेरिएसन गरेको देखिएको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| | **बुढी गण्डकी जलविद्युत आयोजना** | |
| ६९ | **खरिद प्रक्रिया-** उपर्युक्त खरिद प्रक्रिया अवलम्बन गरी आयोजनाको | हालसम्मको प्रगति एक महिनाभित्र समितिमा पेश गर्न र उपर्युक्त प्रक्रिया |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | निर्माण कार्य अगाडि बढाउनुपर्दछ। | अवलम्बन गरी आयोजनाको निर्माण कार्य तत्काल अगाडि बढाउन निर्देशन दिने। |
| ७० | **रकम फ्रिज -** आयोजनाले जग्गा खरिदमा विनियोजित बजेटमध्ये रु.९ अर्ब ९१ करोड १७ लाख २०७५।३।३१ मा विविध खातामा जम्मा गरेको छ । सोमध्ये रु.२० करोड ६४ लाख मुआव्जा वितरण गरी रु.९ अर्ब ७० करोड ५३ लाख मौज्दात रहेकोले उक्त रकम सञ्चित कोष दाखिला नभएको । | विनियोजित रकम समयमै निर्धारित उद्देश्यअनुरुप खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| | **बुढीगङ्गा जलविद्युत आयोजना** | |
| ७१ | **न्यून प्रगति-** जग्गा खरिद, विस्तृत इन्जिनियरिङ अध्ययन, पुल तथा पहुँच मार्ग निर्माण, सवस्टेशन विस्तार, प्रसारण लाइन विस्तार लगायतका कार्य गर्न यो वर्ष रु.४६ करोड ८१ लाख विनियोजन भएकोमा रु.८ करोड ९ लाख खर्च भई न्यून प्रगति भएकोले आयोजना निर्धारित समयमा सम्पन्न हुने नदेखिएको। | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७२ | **निर्माणस्थलको व्यवस्था-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार वातावरणीय अध्ययन, मुअव्जा वितरण जस्ता पूर्व तयारीका कार्यहरु सम्पन्न भएपछि निर्माण कार्यको ठेक्का लगाउनुपर्नेमा मुआव्जा वितरण नगरी पुल तथा पहुँच मार्ग निर्माण गर्न रु.१४ करोड १६ लाखको ठेक्का गरेकोमा हालसम्म सो काम नभएको । | उल्लिखित निर्माण कार्य निर्धारित समयमा सम्पन्न गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | **वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र** | |
| ७३ | **कानुनी व्यवस्था-** विकास समिति ऐन, २०१३ अन्तर्गत वैकल्पिक ऊर्जा | सुझावअनुसार गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | प्रवर्द्धन केन्द्र विकास समिति स्थापना भई सञ्चालनमा रहेको छ । वैकल्पिक ऊर्जाको क्षेत्रमा केन्द्रीय निकायको रुपमा सञ्चालन गर्ने सरकारी नीति र यस क्षेत्रमा प्राप्त सहयोगको व्यवस्थित परिचालनको लागि आवश्यक कानुन तर्जुमा गरी केन्द्रलाई स्थायित्व प्रदान गर्नुपर्ने । | |
| ७४ | **प्रगति स्थिति-** स्वीकृत कार्यक्रममा तोकिएको लक्ष्य पूरा गर्नेतर्फ केन्द्रको ध्यान दिनुपर्ने । | स्वीकृत कार्यक्रममा तोकिएको लक्ष्य पूरा गर्ने गरी कार्य सञ्चालन गर्न निर्देशन दिने । |
| ७५ | **वैदेशिक सहायता-** वैदेशिक सहायता रकम समयमा खर्च गर्न नसकेको देखिएको । | वैदेशिक सहायताको अधिकतम तथा प्रभावकारी उपयोग हुने गरी कार्यक्रम सञ्चालन गर्न निर्देशन दिने । |
| ७६ | **अनुदान-** बाँकी रहेको रकम फ्रिज गर्नुपर्नेमा केन्द्रको बैङ्क खातामा ट्रान्स्फर गरेको देखिएको । | खर्च नभई बाँकी रहेको सशर्त उपलब्ध भएका अनुदान फिर्ता गरी सञ्चित कोष दाखिला गर्न निर्देशन दिने । |
| ७७ | **कार्बन फण्ड-** नेपाल सरकारलाई प्राप्त रकममध्ये यो वर्ष परामर्श सेवामा १७ लाख ४२ हजार खर्च गरेको र रु.१ अर्ब ४ करोड २३ लाख ५४ हजार मौज्दात रहेकोले कोषको उक्त रकम परिचालनको लागि कार्यविधि स्वीकृत गर्नुपर्दछ। | अब आइन्दा कार्बन उत्सर्जन न्यूनीकरण बिक्री वापत प्राप्त सहयोग, कोष परिचालन कार्यविधि स्वीकृत गराएर मात्र खर्च गर्न निर्देशन दिने। |
| ७८ | **अनुगमन तथा हर्जाना-** सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई कैफियतअनुसार लाग्ने हर्जानाको गणना गरी असुल गर्नुपर्नेमा नगरिएको । | नियमानुसार लाग्ने जरिवाना गणना गरी असुलउपर गर्न र सम्बन्धित पदाधिकारीलाई सचेत गराउन निर्देशन दिने । |
| ७९ | **मौज्दात व्यवस्थापन-** कोष सञ्चालन निर्देशिकाअनुसार रकम थप आय आर्जन हुने गरी परिचालन गर्नुपर्नेमा नगरिएको । | कोष सञ्चालन निर्देशिकाअनुसार उक्त रकम थप आय आर्जन हुने गरी परिचालन गर्न निर्देशन दिने । |
| ८० | **गैरकृषि कार्यमा प्रयोग-** वाग्मती सिँचाइ आयोजनाको कमाण्ड क्षेत्रको जग्गा कृषि कार्यमा प्रयोग भएको विवरण प्राप्त भएको छ भने कमला | सुझावअनुसार गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | सिँचाइ आयोजनाबाट सोसम्बन्धी विवरण प्राप्त भएन । सुनसरी मोरङ सिँचाइ आयोजनाको कुल कमाण्ड क्षेत्रमध्ये ३.७८ प्रतिशत र कन्काई सिँचाइ आयोजनाको कुल कमाण्ड क्षेत्रमध्ये १३.३८ प्रतिशत हेक्टर क्षेत्र गैरकृषि कार्यमा प्रयोग भएको पाइयो । जसले गर्दा सिँचाइमा गरिएको लगानीको उचित प्रतिफल प्राप्त नहुने स्थिति देखिएको । | |
| ८१ | **सिँचाई प्रणाली व्यवस्थापन -** | *** |
| ८१.१ | सुनसरी मोरङ सिँचाइ आयोजनाको ६८ हजार हेक्टर जमिनमा सिँचाई सुविधा पुऱ्याउने लक्ष्य रहेकोमा ५८ हजार १४६ हेक्टरमा सिँचाई सुविधा पुगेको छ। आयोजनाका केही खण्डमा संरचना निर्माण हुन बाँकी रहेकोले नहरको अन्तिम खण्डका कृषकहरुले सिँचाइ सुविधा पाउन सकेका छैनन् । सर्लाही जिल्लाको १४ हजार हेक्टर र रौतहटको २३ हजार हेक्टरसमेत ३७ हजार हेक्टर जमिनमा सिँचाई सुविधा पुऱ्याउने उद्देश्यले निर्माण शुरु भएको वाग्मती सिँचाई आयोजनाको पहिलो र दोस्रो चरण गरी कुल कमाण्ड एरिया १ लाख २२ हजार रहेको छ । उक्त आयोजनाको पूर्वी मूल नहर २४.२५ कि.मि. र पश्चिमी मूल नहर २८ कि.मि. बाट कमाण्ड क्षेत्रका ४५ हजार ६०० हेक्टरमा सिँचाई सुविधा पुगेको छ ।त्यस्तै झापा जिल्लाको ८ हजार हेक्टर कमाण्ड क्षेत्रको कन्काई सिँचाई आयोजनाबाट ७ हजार ७०० हेक्टरमा सिँचाई सुविधा पुगेको विवरण प्राप्त भएको छ । धनुषा जिल्लाको १२ हजार ५०० हेक्टर र सिरहा जिल्लाको १२ हजार ५०० हेक्टर समेत २५ हजार हेक्टर कमाण्ड एरिया भएको कमला सिँचाई आयोजनाबाट वर्षेबालीको | नहरको नियमित मर्मत सम्भार गरी उपलब्ध कमाण्ड क्षेत्रमा सिंचाई सुविधा उपलब्ध गराउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | लागि पूरै क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको भए तापनि हिउँदेबालीको लागि १० हजार हेक्टरमा मात्र सिँचाई सुविधा पुगेको देखिएको । | |
| ८१.२ | नहरको पानी डिस्चार्ज क्षमताअनुसार कमाण्ड क्षेत्रमा वर्षैभरि सिँचाई हुन नसकेकोले जीर्ण अवस्थामा रहेको संरचनाको नियमित मर्मत सम्भारको साथै आवश्यकतानुसार शाखा प्रशाखा नहर, कूलो निमार्ण गरी वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउनु पर्ने । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ८२ | **नहरको अतिक्रमण-** अतिक्रमण नहटाएको कारणले नहर पुरिनुका साथै अतिक्रमण बढ्दै गई केही वर्षपश्चात नहर सञ्चालन गर्न नसक्ने स्थिति देखिएको । | अधिग्रहण गरिएको जग्गाको उचित तवरले संरक्षण गर्न गराउन निर्देशन दिने। |
| ८३ | **समन्वय-** सिँचाइ सुविधा नपुगेको ठाउँमा कृषकको मागअनुसार सिँचाइ कार्यक्रम सञ्चालन गर्ने उल्लेख भए तापनि सुनसरी मोरङ सिँचाई आयोजनाको कमाण्ड क्षेत्रमा आयोजनासँग समन्वय बेगर कार्यक्रम सञ्चालन गर्नु उपयुक्त नदेखिएको । | आयोजनासँग समन्वय गरेर मात्र उल्लिखित कामकारवाही गर्न गराउन निर्देशन दिने । |
| ८४ | **अनुगमन-** नहर अधीनस्थ जग्गाको अतिक्रमण हुनबाट रोकी जग्गाधनी पुर्जा प्राप्त हुन बाँकी जग्गाको समेत आयोजनाको नाउँमा जग्गाधनी पुर्जा प्राप्त हुनुपर्नेमा नभएको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| | **संगठित संस्था तथा अन्य संस्था** | |
| | **नेपाल विद्युत प्राधिकरण, २०७४/०७५** | |
| ८५ | **वित्तीय स्थिति र सञ्चालन नतिजा-** प्राधिकरणको शेयर पूँजी रु. १ खर्ब २ अर्ब ४४ करोड, जगेडा तथा सञ्चित कोष रु.२३ अर्ब ५९ करोड ७९ | केही गर्नु नपर्ने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | लाख ऋणात्मक, दीर्घकालीन दायित्व रु.१ खर्ब २० अर्ब ९५ करोड ४३ लाख र चालु दायित्व रु. ८४ अर्ब ७७ करोड ८० लाख समेत कुल पुँजी तथा दायित्व रु.२ खर्ब ८४ अर्ब ५७ करोड २१ लाख रहेको छ । अचल सम्पत्तितर्पm स्थिर सम्पत्ति रु. १ खर्ब १२ अर्ब ९८ करोड, निर्माणाधीन सम्पत्ति रु. ७७ अर्ब ६१ करोड तथा लगानी रु. २९ अर्ब ९४ करोड समेत रु.२ खर्ब २० अर्ब ५३ करोड ३० लाख र चालु सम्पत्ति रु. ६४ अर्ब ३ करोड ८९ लाख रहेको छ । गत वर्ष रु. १ अर्ब ४६ करोड ७३ लाख रहेकोमा यस वर्ष रु. २ अर्ब ८४ करोड ८१ लाख रहेको छ । | |
| ८६ | **अनुपात विश्लेषण-** गत वर्षको तुलनामा बिक्रीमा खुद नाफा र चालु सम्पत्तिमा दायित्व अनुपात बढेको तथा ऋणको अनुपात, कुल खर्चमा कर्मचारी खर्च अनुपात र वितरण नोक्सान घटेको छ । गत विगतको तुलनामा वित्तीय अवस्था सुधारोन्मुख देखिएको। | प्राधिकरणको वित्तिय व्यवस्थापनमा थप सुधार गरी संस्थाको खर्च अनुपात र वितरण नोक्सानी कम गर्न निर्देशन दिने । |
| ८७ | **सौर्य उर्जा-** मुल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार सौर्य ऊर्जाका सामग्रीमा मूल्य अभिवृद्धि कर नलाग्ने हुँदा भुक्तानी दिन नमिल्ने देखिएको। | उल्लिखित कार्यक्रमका सम्बन्धमा सौर्य ऊर्जाका सामग्रीमा मूल्य अभिवृद्धि कर भुक्तानी नदिन निर्देशन दिने । |
| ८८ | **सम्पत्तिमा नोक्सानी व्यवस्था-** सम्पत्तिको व्यवस्था रकममा थप घट गर्नुपर्ने रकम यकिन नभएकोले प्राधिकरणको सञ्चालन नतिजामा पर्न सक्ने असर विश्लेषण गर्न नसकिएको । | सम्पत्तिको मूल्यमा आएको तथा आउन सक्ने ह्रास तथा नोक्सानीको पहिचान गरी पर्याप्त व्यवस्था गर्न निर्देशन दिने । |
| ८९ | **अन्तर कार्यालय हिसाब-** हिसाव समायोजन हुने शीर्षक यकिन नभएकोले प्राधिकरणको वित्तीय स्थितिमा पर्ने असर सम्बन्धमा यकिन गर्न सकिने | उल्लिखित हिसाब राफसाफ गरी वित्तीय विवरण अद्यावधिक गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | अवस्था नदेखिएको । | |
| ९० | **सहायक ऋण सम्झौता-** भाखा ननाघेको र भाखा नाघेको साँवा तथा ब्याज रकम देखिने गरी आयुगत विवरण समेत तयार गरेको छैन। ब्याज रकम भुक्तानी नगरी दायित्वमा देखाउदै आएकोले बर्षेनि वृद्धि भइरहेकोले ऋण तथा ब्याज हिसाब अद्यावधिक गरी भुक्तानी गर्नुपर्ने । | ऋण तथा ब्याज हिसाब अद्यावधिक गरी भुक्तानी व्यवस्थापन गर्न निर्देशन दिने। |
| ९१ | **अवकाश दायित्व-** कर्मचारीको उपदान तथा पेन्सन कोषमा वास्तविक दायित्व गणना नगरी यो वर्ष रु.२ अर्ब ५० करोड छुट्टयाएकाले उक्त रकम पर्याप्त भए नभएको यकिन गर्न नसकिएको । | कर्मचारीको उपदान तथा पेन्सन कोषमा वास्तविक दायित्व गणना गरी पर्याप्त रकम व्यवस्थापन गर्न निर्देशन दिने । |
| ९२ | **आय लेखाङ्कन-** हिसाब भिडान गर्ने प्रभावकारी व्यवस्था नभएको कारण विद्युत बिक्री बापतको आम्दानी रकम यकिन गर्न नसकिएको । | ग्राहकको घर, कलकारखाना तथा कार्यालयमा जडान भएको मिटर रिडिङको शुद्धता सम्बन्धमा नियमित रुपमा प्रयोग भइरहेको ऊर्जा भारसँग तुलनात्मक विश्लेषण गर्ने, तेस्रो पक्ष परीक्षण गर्ने तथा ग्राहकसँग मौज्दात समर्थन गरी हिसाब भिडान गर्ने जस्ता प्रभावकारी व्यवस्था गरी विद्युत बिक्री बापतको आम्दानी रकम यकिन गर्न निर्देशन दिने । |
| ९३ | **विगत वर्षको खर्च-** अनावश्यक रुपमा करको भार पर्न गएको देखिएको। | विगत वर्षका खर्चहरु यथार्थपरक हुने गरी लेखांकन गर्न र अनावश्यक करको भार पर्ने स्थिति हटाउन निर्देशन दिने । समयमै खर्च लेखांकन नगर्ने पदाधिकारीलाई सचेत गराउने । |
| ९४ | **लेखापरीक्षण समिति-** प्राधिकरणको सबै कार्यालयको आन्तरिक लेखापरीक्षण हुने नगरेको, लेखापरीक्षणको प्रतिवेदन ढाँचा निश्चित नभएको र यी कार्यमा लेखापरीक्षण समितिबाट अनुगमनसमेत नगरेकोले लेखापरीक्षण समिति प्रभावकारी हुन नसकेको । | सबै कार्यालयको आन्तरिक लेखापरीक्षण गराउन र नियमानुसार लेखापरीक्षण समितिबाट अनुगमन गरी गराई सञ्चालन समितिमा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ९५ | **सम्पत्ति कर-** प्राधिकरणले व्यवस्था गरेको सम्पत्ति कर दायित्व रु. ६ | प्राधिकरणले तिर्नुपर्ने सम्पत्ति कर यकिन गरी समयमै भुक्तानी गर्न निर्देशन |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | करोड २४ लाख ७३ हजार भुक्तानी गरेको छैन भने तत्पश्चात् २०७३।७४ सम्म दायित्व व्यवस्था गरेको छैन । यस वर्ष व्यवस्था गरेको रु. ९ लाख ६६ हजारमध्ये रु.१ लाख १० हजार भुक्तानी गरेको छ । प्राधिकरणले २०७५ आषाढ मसान्तसम्म तिर्नुपर्ने सम्पत्ति कर यकिन नगरेको । | दिने। |
| ९६ | **आयकर र मूल्य अभिवृद्धि कर-** प्राधिकरण मूल्य अभिवृद्धि कर ऐन, २०५२ अन्तर्गत दर्ता नभएकोले मुल्य अभिबृद्धि कर लाग्ने पोल भाडा, मिटर बिक्री आदिमा मूल्य अभिवृद्धि कर असुल नगरेको । | उल्लिखित शीर्षकमा मूल्य अभिवृद्धि कर असुल गर्न, समयमै वित्तीय विवरण तयार गरी निर्धारित समयमा आर्थिक वर्षको आय कर बुझाउन निर्देशन दिने। |
| ९७ | **निर्माणाधीन सम्पत्ति-** निर्माणाधीन सम्पत्तिको इकाईगत विवरण खुलासा नगरेकोले सम्पत्तिको यथार्थ हिसाब लेखांकन हुन नसकेको । | निर्माणाधीन सम्पत्तिको इकाईगत विवरण खुलासा हुने गरी सम्पत्तिको यथार्थ हिसाब लेखांकन गर्न गराउन निर्देशन दिने । |
| ९८ | **महसुल बक्यौता-** ग्राहक वितरण केन्द्रहरुले कालो सूचीमा राखेका ग्राहकको बाँकी बक्यौता रकम छुट्टै खुलाई लेखाङ्कन गरेको पाइएन । | ग्राहक वितरण केन्द्रहरुले कालो सूचीमा राखेका ग्राहकको बाँकी बक्यौता रकम छुट्टै खुलाई लेखाङ्कन गर्न निर्देशन दिने । |
| ९९ | **नगद तथा बैङ्क-** नगदमा प्राप्त आय दाखिला नगरेको सम्बन्धमा छानविन गरी हिनामिना रकम असूल गरी कारवाही गरेको नदेखिएको । | नगदमा प्राप्त आय दाखिला नगरेको सम्बन्धमा छानविन गरी हिनामिना रकम असूल गरी सम्बन्धित पदाधिकारीलाई कानूनी कारवाही गर्न निर्देशन दिने । |
| १०० | **विद्युत उत्पादन, प्रशारण तथा वितरण चरणको नोक्सानी-** प्राधिकरणवाट प्रसारण नोक्सान गर्त वर्षको तुलनामा ०.६३ प्रतिशतले बढेको छ भने वितरण नोक्सान गत वर्षको तुलनामा २ प्रतिशतले घटेको देखिएको । | विद्युत उत्पादन, प्रशारण तथा वितरणमा हुने नोक्सानी कम गर्न रणनीतिक योजना बनाई कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |
| १०१ | **निःशुल्क प्राप्त विद्युतको रकम-** प्राधिकरणले उक्त दुई वर्षको १४ करोड युनिटको प्रतियुनिट रु.४।७५ का दरले नेपाल सरकारलाई तिर्नुपर्ने रकम लेखाङ्कन गरे तापनि निःशुल्क वापत बढी पाएको ६ करोड १० लाख ८० हजार २३३ युनिटको रु.२९ करोड १ लाख ३१ हजार | सुझावअनुसार गर्ने निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | लेखांकन नगरेको। | |
| १०२ | **कम्पनी ऐनको पालना-** कम्पनी ऐन, २०६३ को दफा ३ अनुसार पब्लिक कम्पनी स्थापना गर्न कम्तीमा ७ जना संस्थापक हुनुपर्नेमा प्राधिकरणका एकल स्वामित्वमा १० कम्पनी र ७ जनाभन्दा कम संस्थापक हुने गरी अधिकांश स्वामित्वमा ३ कम्पनी स्थापना भएका छन्। यसर्थ ऐनको पालना हुने गरी कम्पनी स्थापना गर्नुपर्ने देखिएको। | सुझावअनुसार गर्न निर्देशन दिने । |
| | **तनहुँ हाइड्रो पावर लिमिटेड, २०७४/०७५** | |
| १०३ | **वित्तीय स्थिति तथा सञ्चालन नतिजा-** खुद सम्पत्ति रु.२ अर्ब ८१ करोड ५६ लाख रहेकोमा सञ्चित नोक्सानी गत वर्षसम्म रु.२४ करोड ५८ लाख रहेको र यो वर्ष रु.३३ करोड ५८ लाख पुगेको देखिएको। | सञ्चित नोक्सानी कम हुने गरी वित्तीय व्यवस्थापन गर्न निर्देशन दिने । |
| १०४ | **जलविद्युत सर्वेक्षण-** कम्पनीले निर्माण गरिरहेको जल विद्युत आयोजनाको लागि ऋण लिई ब्याज तिरिरहेको अवस्थामा तल्लो भेक (डाउन स्ट्रीम) मा अर्को जलविद्युत आयोजना विकासको सर्वेक्षणसम्बन्धी कार्यको लागि यस वर्ष रु.२ करोड ८ लाख ५६ हजार खर्च गरेको औचित्यपूर्ण नदेखिएको । | कम्पनीले औचित्यपूर्ण हुने गरी मात्र जलविद्युत आयोजना विकास सम्बन्धी कार्य गर्न गराउन निर्देशन दिने । |
| | **पावर ट्रान्समिसन कम्पनी नेपाल लिमिटेड, २०७४/०७५** | |
| १०५ | **कार्य सम्पादन स्थिति-** कम्पनीले धनुषा जिल्लाको ढल्केबरदेखि महोत्तरी जिल्लाको भिट्टामोड सम्म ४२.१ किलोमिटर ४०० के.भी. प्रसारण लाइन निर्माण गरेको छ । सन् २०१६ को फेब्रुवरी देखि १३२ के.भी. को प्रसारण लाइन प्रयोगमा ल्याएको र २२० के भी प्रसारण लाईनको | केही गर्नु नपर्ने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| | लागि कार्य भै रहेको । | |
| १०६ | **वित्तीय स्थिति तथा सञ्चालन नतिजा-** कम्पनीको शेयर पूँजी रु. ६० करोड ८० लाख, दायित्व रु १ अर्ब १९ करोड ५० लाख रहेको छ। अचल सम्पत्ति रु. १ अर्ब २९ करोड ६३ लाख र चालु सम्पत्ति रु. ५० करोड ६७ लाख समेत कुल सम्पत्ति रु १ अर्ब ८० करोड ३० लाख रहेको छ। गतवर्ष कम्पनीको नाफा रु. १३ करोड ८ लाख रहेकोमा यो वर्षको नाफा रु.१२ करोड ६३ लाख रहेको । | वित्तीय स्थिति र सञ्चालन सम्बन्धमा कम्पनीको नोक्सानी नबढ्ने गरी वित्तीय व्यवस्थापन गर्न निर्देशन दिने । |
| १०७ | **लाभांश वितरण-** नेपाल सरकारको स्वीकृति वेगर कम्पनीको साधारण सभाले निणर्य गरी यस वर्ष रु ५ करोड बराबर बोनस शेयर र रु ९ करोड नगद लाभांश समेत रु.१४ करोड लाभांश वितरण गरेकोले ऐनको व्यवस्था पालना गरी लाभांस वितरण गर्नुपर्ने । | नेपाल सरकारको स्वीकृति बेगर बोनस र लाभांश वितरण नगर्न नगराउन निर्देशन दिने । |

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
# बेरुजु छलफल उपसमिति
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७५ उपर मिति २०७७/०६/१९ र २०, २०७७/०८/२६, २०७७/०९/०१, २०७८/०७/११, १२ र २०७८/०९/२८ र २९ गते भएका छलफलका निणर्यहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १ | **नीति तर्जुमा र कार्यान्वयन** – राष्ट्रिय यातायात नीति, २०५८ र वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१ कार्यान्वयनमा आएपनि अद्यावधिक प्रगति विवरण तयार नगरेको, सडक तथा रेल पूर्वाधार विकासका लागि योजना लागू भएको २ वर्षमा पनि उल्लेख्य प्रगति नभएको । | अद्यावधिक प्रगति विवरण तयार गरी एक महिना भित्र समितिमा पेश गर्न निर्देशन दिने । |
| २ | **चौधौं योजनाको कार्यान्वयन** – चौधौं योजना २०७३/०७४-२०७५/०७६ ले राखेको लक्ष्य बमोजिम कार्य भए नभएको सम्बन्धमा प्रगति विवरण तयार नगरेकोले उपलब्धिको मूल्यांकन गर्न नसकिएको, आवधिक योजनामा उल्लिखित कार्यक्रम कार्यान्वनको सुनिश्चितताका लागि अभिलेख व्यवस्थापनमा ध्यान नदिएको । | अभिलेख व्यवस्थापन गरी प्रगति विवरण समितिमा पेश गर्न र अभिलेख व्यवस्थित गर्न निर्देशन दिने । |
| ३ | **बजेट कार्यान्वयन** | *** |
| ३.१ | वैदेशिक स्रोतबाट रु. २८ अर्ब ८९ करोड ७ लाख प्राप्त हुने अनुमान रहेकोमा रु. १३ अर्ब २९ करोड ८५ लाख मात्र प्राप्त भएको । | वैदेशिक स्रोतको अनुमानलाई वास्तविक र व्यवहारिक रुपमा आंकलन गरी सो अनुसार बजेट तथा कार्यक्रम तयार गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ३.२ | विगत तीन वर्षको तुलना गर्दा २०७४/०७५ मा पूँजीगत खर्च १५८.५९ प्रतिशतले बढेको । | पूँजीगत खर्चलाई व्यवस्थित गर्न निर्देशन दिने । |
| ३.३ | एशियाली विकास बैंकको सहयोगमा सञ्चालित आयोजनामा सम्झौता रकममा १७.२८ प्रतिशत मात्र उपयोग भएको । | वैदेशिक सहयोगमा सञ्चालित आयोजनाको समिक्षा गरी सम्झौता अनुरुप खर्च हुने गरी प्रभावकारी कार्यान्वयनका लागि आवश्यक तयारी गर्न निर्देशन दिने। |
| ३.४ | सापेक रोड कनेक्टिभीटि आयोजना र नागढुङ्गा सुरुङ्ग मार्ग आयोजनामा बजेट भन्दा बढी खर्च देखाएको। | अब आइन्दा बजेट तथा कार्यक्रम निर्धारण गर्दा स्रोतको उपयुक्त बाँडफाँड गर्न र बजेटको सिलिङ भित्र रही खर्च गर्न निर्देशन दिने। |
| ३.५ | मन्त्रालय र मातहतका निकायका लागि विनियोजित बजेट अर्थ मन्त्रालयबाट कहिले बजेट थप्ने, कहिले घटाउने र स्रोतान्तर समेत भएकोले विनियोजन यथार्थपरक नदेखिएको । | बजेटलाई यथार्थ परक बनाई बजेट थप्ने, घटाउने र स्रोतान्तर गर्ने जस्ता कार्यलाई न्यूनीकरण गर्न निर्देशन दिने। |
| ३.६ | स्थानीय तहमा हस्तान्तरण भएका तीन बजेट उपशीर्षक अन्तर्गतका योजनाहरु सम्बन्धित स्थानीय तहमा हस्तान्तरण नगरी कार्यक्रम र बजेट थप गरी खर्च गर्नु उपयुक्त नभएको । | स्थानीय तहमा हस्तान्तरण भएका योजनाहरु समयमै हस्तान्तरण गरी स्थानीय तहबाटै कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन निर्देशन दिने। |
| ३.७ | मन्त्रालय अन्तर्गतका ८० कार्यालयहरुले चौमासिक बजेट बाँडफाँड अनुसार खर्च नगरी तेस्रो चौमासिक र आषाढ महिनामा बढी खर्च गरेको । | अब आइन्दा चौमासिक बजेट बाँडफाँडकै परिधिभित्र रही खर्च गर्ने व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयन गर्न गराउन निर्देशन दिने । |
| ३.८ | सडक विभाग अन्तर्गतका ३२ कार्यालयले विनियोजित बजेटभन्दा बढी खर्च गरी अर्थ मन्त्रालयको स्वीकृतिबेगर फ्रिज हुने रकमबाट मिलान गरेको, मन्त्रालयले राजमार्ग स्तरोन्नति आयोजनाका लागि रकमान्तर गरी ऋणात्मक बजेट कायम गरेकोमा रु. ३ करोड ३३ लाख ७६ हजार खर्च देखाएकोले बजेटको सिद्धान्त अनुसार नभएको । | बजेट सिद्धान्त विपरित खर्च गर्ने गराउने पदाधिकारीलाई सचेत गराउन र अब आइन्दा अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र फ्रिज हुने रकम परिचालन तथा रकमान्तर गर्न निर्देशन दिने। |
| ३.९ | पेस्की खर्चको प्रयोजन खुल्ने मासिक विवरण लिई अनुगमन नगरेको । | पेश्की विवरण मासिक रुपमा राख्न र त्यसको अनुगमन गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ४ | **कार्यक्रम स्वीकृति र संशोधन –** १ हजार ६४ योजनामा रु.३६ अर्ब ९२ करोड २२ लाखको कार्यक्रम संशोधन गरेकोले शुरु वार्षिक कार्यक्रम तथा बजेट विश्वसनीय नदेखिएको । | कार्यक्रम संशोधनलाई निरुत्साहित गर्दै बजेट तथा कार्यक्रम यथार्थ परक रुपमा तयार गर्न निर्देशन दिने । |
| ५ | वार्षिक लक्ष्य र प्रगति | *** |
| ५.१ | राष्ट्रिय योजना आयोगको वार्षिक विकास कार्यक्रम अनुसार सडकतर्फको प्रगतिबारे मन्त्रालयले प्रगति विवरण तयार नगरेकोले समग्र प्रगतिको मूल्यौँकन तथा विश्लेषण गर्न नसकिएको । | प्रगति विवरण तयार गरी समग्र प्रगतिको मूल्यांकन तथा विश्लेषण गरी समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| ५.२ | प्राथमिकता प्राप्त ५६ आयोजनामध्ये २ को शून्य, २ को ५० प्रतिशतभन्दा कम, २ को ७५ भन्दा कम भौतिक प्रगति भएको । | पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुको कार्यान्वयनको आवश्यक तयारी, प्रभावकारी कार्यान्वयन र नियमित अनुगमन तथा मूल्यांकन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ५.३ | २०५०/०५१ भन्दा अगाडिदेखि निर्माण शुरु भएका केही सडकहरु हालसम्म पनि सम्पन्न नभएका । | पुराना अधुरा आयोजनामा बजेट व्यवस्था गरेर मात्र अन्य आयोजनामा लगानी गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| ५.४ | धरान-चतरा-गाईघाट कटारी सिन्धुली सडकको निर्माणको अवधि ३६ महिनामध्ये २० महिना व्यतीत हुँदा पूर्वी खण्ड ३१ र पश्चिमी खण्ड २७ प्रतिशतमात्र भौतिक प्रगति भएको । | निर्माणाधिन आयोजनाहरुको समयमै कार्य सम्पन्न गर्ने गरी कार्ययोजना निर्माण, कार्यान्वयन र नियमित अनुगमन गर्न निर्देशन दिने। |
| ५.५ | विभिन्न जिल्लामा भारतीय एक्जिम बैंकको ऋण सहायताबाट सञ्चालित सडक सुधार योजनाका कार्यको भौतिक प्रगति न्यून रहेको । | निर्माणाधिन आयोजनाहरुको अधिकतम प्रतिफल प्राप्त हुने गरी कार्ययोजना निर्माण, कार्यान्वयन र नियमित अनुगमन गर्न निर्देशन दिने। |
| ५.६ | व्यापारिक मार्ग विस्तार आयोजना अन्तर्गतका ५ सडकको निर्माण कार्यको भौतिक प्रगति २८ देखि ७३ प्रतिशत रहेको । | सडकको रेखांकन, जग्गा अधिग्रहण र मुआब्जा विवाद, जनशक्तिको कमी, सरोकारवाला निकायसँगको समन्वयको अभाव र बजेटको कमी जस्ता समस्याहरुलाई सयममै समाधान गरी आयोजनाहरुलाई निर्धारित समयमा सम्पन्न गर्न गराउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ६ | **लेखापरीक्षण —** बनेपा-सिन्धुली-बर्दिवास र चक्रपथ सुधार आयोजनाका लागि प्राप्त रकमको आर्थिक विवरण पेश गरी लेखापरीक्षण नगराएको । | प्राविधिक सहायता रकम लगायत सबै किसिमका वैदेशिक सहयोगको आयोजनाहरुको छ महिना भित्र लेखापरीक्षण गर्न गराउन र सोको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ७ | **राष्ट्रिय गौरवका आयोजना -** | *** |
| ७.१ | मध्यपहाडी लोक मार्ग आयोजना २०६४/०६५ देखि शुरु भई २०७४/०७५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा संशोधित कार्यतालिका अनुसार २०७७/०७८ सम्म सम्पन्न गर्ने लक्ष्य भएपनि शुरु भएको १० वर्षमा भौतिक प्रगति ४५ र वित्तीय प्रगति ३३.५५ प्रतिशत मात्र रहेको । | निर्माणाधिन आयोजनाहरुको समयमै कार्य सम्पन्न गर्ने गरी कार्ययोजना निर्माण, कार्यान्वयन गर्न र नियमित अनुगमन गर्न निर्देशन दिने। |
| ७.२ | आ.व. २०६६/०६७ देखि शुरु भएको रेल, मेट्रो तथा मोनोरेल विकास आयोजनाले पूर्वदेखि पश्चिमसम्म रेल सञ्जाल निर्माण एवं सञ्चालनको लक्ष्य लिएकोमा जग्गा विवादका कारण बर्दिवासमा रेलवे स्टेसन निर्माण कार्य हुन नसकेको । | समयमै विवाद समाधान गरी निर्माण कार्यलाई निर्धारित समयमा सम्पन्न गर्न निर्देशन दिने। |
| ७.३ | उत्तर-दक्षिण —कर्णाली लोकमार्ग आयोजनाले खुलालु —सिमीकोट खण्डमा १९६ कि.मी. र हिल्सा-सिमीकोट खण्ड ८८ कि.मी. सडक निर्माण गर्ने लक्ष्य लिएकोमा आयोजना शुरु भएको ९ वर्षमा भौतिक प्रगति १२ र वित्तीय प्रगति ११.६८ प्रतिशत मात्र भएको । | निर्माणाधिन आयोजनाहरुको समयमै कार्य सम्पन्न गर्ने गरी कार्ययोजना निर्माण, कार्यान्वयन र नियमित अनुगमन गर्न निर्देशन दिने। |
| ७.४ | उत्तर-दक्षिण लोकमार्गको आयोजना शुरु भएको ९ वर्षमा भौतिक प्रगति ३५ र वित्तीय प्रगति ४०.३९ मात्र रहेको । | लक्ष्य अनुरुप प्रगति हासिल गर्ने गरी कार्ययोजना निर्माण, कार्यान्वयन र नियमित अनुगमन गर्न निर्देशन दिने। |
| ७.५ | उत्तर-दक्षिण- काली गण्डकी कोरिडोर लोकमार्ग आयोजनाको शुरु भएको ८ वर्षमा भौतिक प्रगति १० र वित्तीय प्रगति ८.३६ प्रतिशत मात्र रहेको । | राष्ट्रिय गौरबको आयोजना समयमै सम्पन्न गर्न आबश्यक बजेट तथा कार्यक्रम तय गरी नियमित अनुगमन गर्न निर्देशन दिने। |
| ७.६ | हुलाकी राजमार्ग आयोजनाको सडक निर्माण कार्यको प्रगति लक्ष्यभन्दा ज्यादै | निर्माणाधिन आयोजनाको समयमै कार्य सम्पन्न गर्ने गरी कार्ययोजना निर्माण, |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | न्यून रहेको । | कार्यान्वयन र नियमित अनुगमन गर्न निर्देशन दिने। |
| ७.७ | गल्छी- रसुवागढी सम्मको सडक निर्माण कार्य रुख कटान, जग्गा विवाद, रेखाँकन विवाद, मुआब्जा वितरण लगायतका कारण ढिलाई भएको । | सडकको रेखांकन, रुख कटान, जग्गा अधिग्रहण र मुआब्जा विवाद, जनशक्तिको कमी, सरोकारवाला निकायसँगको समन्वयको अभाव र बजेटको कमी जस्ता समस्याहरुलाई सयममै समाधान गरी आयोजनाहरुलाई निर्धारित समयमा सम्पन्न गर्न निर्देशन दिने । |
| ८ | **सडक अभिलेख —** सडक विभागले सडक निर्माण, त्यसमा गरेको लगानी र सडकको अवस्था खुल्ने अभिलेख नराखेको । | सडक निर्माण, त्यसमा गरेको लगानी र सडकको अवस्था खुल्ने अभिलेख तयार गर्न र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ९ | **दायित्व व्यवस्थापन —** प्रदेशमा हस्तान्तरण हुनु पर्ने सडकहरु हस्तान्तरण नहुँदा दायित्व बढेको, दायित्व व्यवस्थापन गर्ने स्रोत यकिन गरी खरिद सम्झौताहरु कार्यान्वयन गर्न नीतिगत निर्णय नभएको, अघिल्लो प्रतिवेदनमा उल्लेख भएको दायित्व फरफारक तथा योजना हस्तान्तरण गर्नु पर्ने विषय कार्यान्वयन नभएको। | हस्तान्तरण गर्नुपर्ने सडकहरु समयमै हस्तान्तरण गर्न र समयमै ती सडकहरुको निर्माण तथा नियमित मर्मत सम्भार गर्न तथा दायित्व फरफारक गर्न निर्देशन दिने । |
| १० | **आयोजना हस्तान्तरण -** | *** |
| १०.१ | स्थानीय तहको अधिकार सूचीभित्र परेका भौतिक निर्माणका कार्यहरुमा मन्त्रालय मातहतका निकायबाट रु. १० अर्ब १६ करोड ९७ लाख खर्च गरेको । | स्थानीय तहको अधिकार सूचीभित्र परेका भौतिक निर्माणका कार्यहरु तत्काल हस्तान्तरण गरी स्थानीय तहबाटै निर्माण तथा मर्मत सम्भार गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| १०.२ | स्थानीय तहमा हस्तान्तरण हुनु पर्ने योजनामा हस्तान्तरणको व्यवस्था नमिलाई थप लगानी गरेको । | स्थानीय तहमा हस्तान्तरण हुनुपर्ने योजनाहरु तत्काल हस्तान्तरण गरी स्थानीय तहबाटै निर्माण तथा मर्मत सम्भार गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ११ | **व्यवस्थापन सर्वेक्षण —** मन्त्रालयले १० आयोजनामा ११२ जना कर्मचारी दरबन्दी सिर्जना गरे पनि ती कार्यालयमा खर्च गर्ने अख्तियारी नपठाएको । | तत्काल खर्च गर्ने अख्तियारी पठाउने व्यवस्था गर्न निर्देशन दिने। |
| १२ | **कानुनको पालना -** | *** |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १२.१ | सडक बोर्डलाई सडक दस्तुर लगाउन सक्ने अधिकार भए पनि अन्य निकायले उठाएको सम्बन्धमा नियमन नभएको । | सडक दस्तुर उठाउने सम्वन्धमा नियमित अनुगमन गर्न निर्देशन दिने। |
| १२.२ | पुल निर्माण गर्दा दुई पुल बीचको दुरी सम्बन्धी नीति तयार नगरेको तथा पुलबाट सञ्चालन हुने राजमार्ग तथा सहायक राजमार्गको एलाइनमेन्ट निश्चित नगरेको । | पुल निर्माण गर्दा दुई पुल बीचको दुरी सम्बन्धी नीति तयार गर्न र पुलबाट सञ्चालन हुने राजमार्ग तथा सहायक राजमार्गको एलाइनमेन्ट निश्चित गर्न निर्देशन दिने। |
| १२.३ | बहुवर्षीय ठेक्का स्वीकृत गर्नु अघि वातावरणीय प्रभाव मूल्याँकन भएको हुनु पर्नेमा कार्यान्वयन शुरु भएका १७१ योजनाबाहेक अन्यको वातावरणीय प्रभाव मूल्याङ्कन नगरेको । | बहुवर्षीय ठेक्का स्वीकृत गर्नु अघि वातावरणीय प्रभाव मूल्याँकन गरी आयोजना कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |
| १२.४ | सडक निर्माण गर्नु अघि सडकको सीमाभित्र पर्ने जग्गा प्राप्त गर्नु पर्नेमा सो कार्य नगर्दा सडक निर्माण, विस्तार तथा स्तरोन्नतिमा अवरोध हुने गरेको । | सडक निर्माण गर्नु अघि सडकको सीमाभित्र पर्ने जग्गा प्राप्ति र सडक सिमा तोकी सडक निर्माण, विस्तार तथा स्तरोन्ती गर्न निर्देशन दिने। |
| १२.५ | निर्माण भएको सडकको दायाँबायाँ रहेको जग्गामा जग्गाको मूल्य अनुसार विकास कर लगाई असुल गर्ने प्रावधानको कार्यान्वयन नभएको । | तत्काल नियमावली तथा निर्देशिका तयार गरी विकास कर लिने व्यवस्था गर्न निर्देशन दिने । |
| १२.६ | सार्वजनिक सडकले वहन गर्न सक्ने वजनको हदभन्दा बढी वजनको सवारी चलाउन नपाउने व्यवस्था भएपनि सोको पालना नभएको । | आवश्यक संख्यामा भार नाँप तथा सडकको क्षमता निर्धारण लगायतका सम्वन्धमा प्रहरीको सहयोग लिएर नियमित अनुगमन गर्न तथा हालको स्थिति प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| १३ | **सडक निर्माण —** सडक निर्माण गर्ने निकायहरु धेरै भएका कारण कार्य क्षेत्रको किटान र निर्माण सम्बन्धी नर्म्स तथा स्पेसिफिकेसनमा एकरुपता कायम नभएको । | सडक निर्माण गर्ने निकायहरुबीच समन्वय गरी कार्य क्षेत्रको किटान गर्न र निर्माण सम्वन्धी नर्म्स तथा स्पेसिफिकेशनमा एकरुपता कायम गरी तत्काल लागू गर्न निर्देशन दिने। |
| १४ | **सुरुङ्‌ मार्ग —** काठमाडौं-कुलेखानी-हेटौंडा सुरुङ्‌ मार्ग निर्माण कार्य प्रदेश सरकारले गर्न बजेट विनियोजन गरेकोमा निर्माणको ढाँचाका सम्बन्धमा निर्णय नभएकोले मन्त्रालयले आवश्यक निर्णय गरी कार्यान्वयन गर्नु पर्ने । | काठमाडौं-कुलेखानी-हेटौंडा सुरुङ्‌ मार्ग निर्माण सम्वन्धमा आवश्यक समन्वय गरी तत्काल निर्माणको ढाँचा सम्वन्धी निर्णय लिई निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १५ | **राष्ट्रिय निर्माण क्षमता –** सरकारको लक्ष्य बमोजिम राष्ट्रिय निर्माण क्षमताको लक्ष्य हासिल गर्न मन्त्रालयले समन्वयकारी भूमिका निर्वाह गर्नु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १६ | **आयोजना स्वीकृति -** | *** |
| १६.१ | धरान चतरा गाईघाट कटारी सिन्धुली हेटौंडा सडक योजना कार्यान्वन गर्न परामर्शदाताले पहिलेको डिजाइन पुनरावलोकन गरी दुई खण्ड निर्माण गर्न रु. १७ अर्ब ८० करोड ९२ लाग्ने संशोधित प्रतिवेदन पेश गरेकोमा स्वीकृत नभएको । | मन्त्रालयबाट अनुमोदन भएको देखिएकोले अब आइन्दा स्वीकृत गरेर मात्र कार्यान्वयन गर्न निर्देशन दिने । |
| १६.२ | विस्तृत आयोजना प्रतिवेदन तयार गरे तापनि स्वीकृत नभएकोले योजनाको लागत यकिन नभएको । | विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरी योजनाको लागत यकिन गर्न निर्देशन दिने । |
| १६.३ | विस्तृत आयोजना प्रतिवेदन स्वीकृत नगरी चेनेजअनुसारको मात्र आयोजना प्रतिवेदन तयार गरी कार्य गर्दा कुनै खण्ड सिङ्गल लेन र कुनै खण्ड डबल लेन हुने स्थिति रहेको । | अब आइन्दा विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरेर मात्र निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |
| १६.४ | डिभिजन सडक कार्यालय दाङ्ले सबै खण्डको सडक निर्माणमा विस्तृत आयोजना प्रतिवेदन तयार नगरेको । | अब आइन्दा विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरेर मात्र निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |
| १६.५ | मदन भण्डारी लोकमार्गको विस्तृत आयोजना प्रतिवेदन तयार गरी स्वीकृत नगरेको, भुक्तानी भइसकेका १० खरिद सम्झौताहरु मदन भण्डारी लोक मार्गमा समावेश गरेकोले सडकको रेखाङ्कन परिवर्तन भएमा लागत बढ्न जाने । | अब आइन्दा विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरेर मात्र निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |
| १७ | **आर्थिक कारोबार सञ्चालन –** जिन्सी तथा सम्पत्तिको एकीकृत अभिलेख तयार नगरेको । | जिन्सी तथा सम्पत्तिको एकीकृत अभिलेख तयार गर्न निर्देशन दिने । |
| १८ | **खरिदमा प्रतिस्पर्धा –** लागत अनुमानको तुलनामा १९.७६ प्रतिशत घटीमा सम्झौता भएकोले खरिद सम्झौता गर्दा पर्याप्त प्रतिष्पर्धा कायम हुने गरी खरिद | खरिद सम्झौता गर्दा पर्याप्त प्रतिस्पर्धा कायम हुने गरी खरिद कार्य गर्न गराउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | सम्बन्धी कारवाही गर्नु पर्ने । | |
| १९ | **बजेट सुनिश्चितता —** आयोजनाका पूर्व तयारीका कार्य पूरा गरे पश्चात् स्रोत सुनिश्चितता र थप बजेटको सहमति दिनु पर्ने । | अब आइन्दा आयोजनाका पूर्व तयारीका कार्य पूरा गरे पश्चात् स्रोत सुनिश्चितता र थप बजेटको सहमति दिने व्यवस्था गर्न निर्देशन दिने । |
| २० | **सडक मर्मत —** सडकहरुको निर्माण कार्यमा गुणस्तर कायम नगरेको, सडक मर्मत गर्ने निकायहरु बीच समन्वय नभएकोले मर्मत कार्य प्रभावकारी नदेखिएको, सडक बिग्रेर यातायातमा कठिनाई भएको सम्बन्धी सूचना लिने र सो बमोजिम सुनुवाई भई अनुगमन गर्ने व्यवस्था नभएको । | सडकहरुको निर्माण कार्यमा गुणस्तर कायम गर्न, सडक मर्मत गर्ने निकायहरु बीच समन्वय गरी मर्मत कार्य प्रभावकारी बाउन, सडक बिग्रेर यातायातमा कठिनाई भएको सम्बन्धी सूचना लिने र सो बमोजिम सुनुवाई भई अनुगमन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २१ | **चक्रपथ निर्माण —** चक्रपथ निर्माण कार्यमध्ये सडकको विभिन्न खण्डमा सर्भिस ट्र्याक निर्माण, सडक सुरक्षा पेटी, जेब्रा क्रसिङ्, सडक बत्ती, ट्राफिक संकेत, आकाशे पुल र ग्रीन बेल्ट निर्माण कार्य आंशिक रुपमा सम्पन्न भएको । | चक्रपथ सडकको विभिन्न खण्डमा सर्भिस ट्र्याक निर्माण, सडक सुरक्षा पेटी, जेब्रा क्रसिङ्, सडक बत्ती, ट्राफिक संकेत, आकाशे पुल र ग्रीन बेल्ट निर्माण कार्य चालु आ.ब. भित्र सम्पन्न गर्न निर्देशन दिने । |
| २२ | **लागतमा संशोधन -** आशयपत्र स्वीकृत भई परामर्शदाता छनौट प्रक्रियामा रहेको अवस्थामा सुपरभिजन अवधि २० महिनाबाट बढाई ३६ महिना गरेको, आर्थिक प्रस्तावको सूचना भइसकेपछि लागत अनुमान संशोधन गरी थप लागत अनुमान कायम गरेको, संशोधित लागत अनुमान तयार गर्दा समावेश गर्न नमिल्ने १५ प्रतिशन ओभरहेड समावेश गरेकोले भुक्तानी दिन नमिल्ने । | पदाधिकारीलाई सचेत गराउने र अब आइन्दा ओभरहेड समावेश नगर्न निर्देशन दिने । |
| २३ | **अधुरो ठेक्का -** | *** |
| २३.१ | खरिद सम्झौताको म्याद समाप्त हुँदासम्म कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीसँग खरिद सम्झौताको शर्त र सार्वजनिक खरिद ऐन बमोजिम समयमै कार्य सम्पन्न गराउनु पर्ने । | खरिद सम्झौताको म्याद समाप्त हुँदासम्म कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीसँग खरिद सम्झौताको शर्त र सार्वजनिक खरिद ऐन बमोजिम समयमै कारबाही गरि कार्य सम्पन्न गर्न गराउन निर्देशन दिने । |
| २३.२ | डिभिजन सडक कार्यालय, बुटवलअन्तर्गतका विभिन्न समयमा भएका पुल निर्माणको ठेक्का सम्झौताको म्याद सम्पन्न भइसक्दा पनि प्रगति न्यून रहेको । | विस्तृत छानविन गरी तीन महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| २३.३ | मध्यपहाडी लोकमार्ग आयोजना-पूर्वी खण्डका विभिन्न खोलामा निर्माणका लागि खरिद सम्झौता भई भुक्तानी भए पनि कार्य सम्पन्न नभएको, सम्झौतामा भएको डिजाइन परिवर्तन भएको उल्लेख गरी रु. ३४ लाख ४५ हजारको भेरिएसन आदेश जारी भएकोमा हालसम्म ६२.४७ प्रतिशत मात्र प्रगति भएको । | निर्धारित समयमै काम सम्पन्न गर्न गराउन निर्देशन दिने । |
| २३.४ | विभाग मातहतका ४३ कार्यालयले खरिद सम्झौताबमोजिम ठेक्काको कार्य सम्पन्न नगरेका । | छानविन गरी एक महिनाभित्र विस्तृत विवरण समितिमा पेश गर्न निर्देशन दिने। |
| २३.५ | सम्झौताको म्याद समाप्त हुँदासम्म कार्य सम्पन्न नगर्नेलाई सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम कारवाही गर्नु पर्ने । | तीन महिना भित्र कानून बमोजिम कारावाही गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| २३.६ | खरिद सम्झौता अन्त्य गर्ने निर्णय गर्दा बाँकी काम गराउन लाग्ने रकम असुल गरेको र निर्माण व्यवसायीलाई कालोसूचीमा राखेको कुरा उल्लेख नभएको, विगत वर्ष ठेक्का भएका १५ सम्झौता सम्बन्धित निर्माण व्यवसायीले कार्यान्वयन नगरेकोले यसमा राखेको रु. २१ लाख २५ हजार कार्य सम्पादन जमानत जफत गरी निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न पत्राचार नभएको । | खरिद सम्झौता अन्त्य गर्ने निर्णय गर्दा निर्माण व्यवसायीलाई कालोसूचीमा नराख्ने पदाधिकारीलाई सचेत गराउने र निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २३.७ | सम्झौताअनुसार काम नगर्ने निर्माण व्यवसायीबाट रु. ७० लाख ८३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनु पर्ने । | तीन महिना भित्र छानविन गरी असुल पुपर गर्न पर्ने भए असुल उपर गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २३.८ | निर्माण व्यवसायीले सम्झौता एवं कार्यतालिका बमोजिम कार्य नगरेकोले पूर्वनिर्धारित क्षतिपूर्ति रु. ६७ लाख ८० हजार असुल गर्नु पर्ने, कार्य सम्पादन जमानत र मोबिलाइजेसन पेस्की जमानतको म्याद समाप्त भइसकेकोले सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम कारवाही हुनु पर्ने । | कार्य सम्पन्न भए नभएको एकिन गरी सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम कारवाही गर्नुपर्ने भए सम्पन्न गरी एक महिना भित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २३.९ | डिभिजन सडक कार्यालय, बुटवलले २ वर्षमा पुलहरु निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा ४ वर्ष ५ महिनासम्ममा करिब ५० प्रतिशत सम्पन्न गरेको । | अनुगमन गरी कार्य सम्पन्न भए नभएको यकिन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| २३.१० | समयमै सडक निर्माण कार्य सम्पन्न नहुँदा भुक्तानी भएको मोबिलाइजेसन पेस्की र बिलको भुक्तानी उपलब्धिविहीन भएको । | अनुगमन गरी कार्य सम्पन्न भए नभएको यकिन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २३.११ | डिभिजन सडक कार्यालय, सुर्खेत अन्तर्गतको सडक निर्माण कार्य निर्माण शुरु भएको १२ वर्षसम्म पनि सम्पन्न नभएको । | पुराना अधुरा आयोजना प्राथमिकतामा राखी बजेट विनियोजन गर्न र निर्माण कार्य समयमै सम्पन्न गर्न निर्देशन दिने । |
| २३.१२ | डिभिजन सडक कार्यालय, दोलखाले विगतमा ठेक्का सम्झौता भई काम नभएका, पटक पटक म्याद थप गरी गरेको खर्च रु. ४० करोड २६ लाख ७८ हजार उपलब्धिविहीन भएकोले पूर्वनिर्धारित क्षतिपूर्ति लिई काम सम्पन्न गराउनु पर्ने । | तीन महिना भित्र स्थलगत अनुगमन र छानविन गरी सार्वजनिक खरिद ऐन र नियमावली अनुरुप असुल उपर गर्नुपर्ने भए गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २३.१३ | डिभिजन सडक कार्यालय, काठमाडौंले जिम्मेवारी सरेको खरिद सम्झौतामध्ये २११ को म्याद समाप्त भएको र सोमध्ये १०८ खरिद सम्झौताको कार्य सम्पादन जमानत र २१ ठेक्काको रु. २ करोड ८० लाख ७५ हजार पेश्की जमानतको म्याद समाप्त भई जोखिममा परेको । | कार्य सम्पादन भए नभएको, कार्य सम्पादन जमानत र पेश्की जमानतको म्याद थप भए नभएको एकिन गरी एक महिना भित्र बिस्तृत विवरण र कागजात समितिमा पेश गर्न निर्देशन दिने । |
| २३.१४ | गाईघाट दिक्तेल सडक योजना अन्तर्गत निर्माण हुने सबै खण्डको खरिद सम्झौता भएतापनि विभिन्न स्थानमा निर्माण गर्नु पर्ने पुलको विस्तृत आयोजना प्रतिवेदन तयार गरी काम अघि नबढाउनाले बर्षेनी बेलिब्रिज राख्न र झिक्ने काममा बजेट खर्च भइरहेको र वर्षैभरी सवारी साधन चल्न नसकेको । | समयमै पुलको बिस्तृत आयोजना प्रतिवेदन तयार गर्न र निर्माण कार्य सम्पन्न गर्न निर्देशन दिने । |
| २३.१५ | धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली –हेटौंडा सडक योजनाले १० पुलको निर्माण कार्य अघि नबढाएको, सडक निर्माणको काम सकिएपनि पुलको कारण सडकको उपयोगमा वाधा पुग्ने देखिएको । | प्राथमिकतामा राखी उल्लिखित पुल निर्माण कार्य तत्काल अघि बढाउन र सडक संचालनमा ल्याउन निर्देशन दिने । |
| २३.१६ | डिभिजन सडक कार्यालय, कञ्चनपुर सम्झौता अनुसार निर्माण गर्नु पर्ने सबै पुलको निर्माण नगरेको, दोदा नदीमा रु. २४ करोडको कबोल अङ्कमा १७० मिटर लामो पुल निर्माण गर्न खरिद सम्झौता भएकोमा ३ वटा पिलर मात्र निर्माण गरी काम अधुरो छाडेको । | सम्झौता अनुसार निर्माण गर्नु पर्ने सबै पुलको निर्माण गरि गराई समितिलाई जानकारी दिन र निर्माण कार्य अधुरो छाड्ने कम्पनीलाई कानुनी कारबाही गरी तीनमहिना भित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| २३.१७ | जनकपुर परिक्रमा व्यापारिक मार्ग विस्तार आयोजनामा मूल्य समायोजन सहित रु. १७ करोड ७ लाख ३७ हजार खर्च भई शुरु सम्झौताको अवधि समाप्त हुँदा पनि काम पूरा नभएको । | यथार्थ स्थिति अनुगमन गरी काम सम्पन्न गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २३.१८ | डिभिजन सडक कार्यालय, भरतपुरले सम्झौता अनुसार समयमै पुल निर्माणको कार्य सम्पन्न नगरेको, चितवन जिल्लातर्फको खण्डमा एप्रोचसडक यकिन नगरी पुल निर्माण कार्य भइरहेको र पहिले निर्माण भएको एबुटमेन्टसमेत खोलाको धार परिवर्तन भई कटान हुने अवस्थामा रहेको । | सम्झौता अनुसार समयमै पुल निर्माणको कार्य सम्पन्न नगरेको, चितवन जिल्लातर्फको खण्डमा एप्रोचसडक यकिन नगरी पुल निर्माण कार्य भइरहेको र पहिले निर्माण भएको एबुटमेन्टसमेत खोलाको धार परिवर्तन भई कटान हुने अवस्थामा रहेको सम्बन्धमा छानविन गरी एकमहिना भित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २४ | **मातहतको ठेक्का बन्दोबस्त-** मातहत निकायबाट भए गरेका कामको अनुगमन र निरीक्षण गरी कमी कमजोरी सुधार्नु पर्ने निकायले मातहत कार्यालयको क्षेत्राधिकारभित्रको खरिद व्यवस्थापन कार्यमा संलग्न हुनु सुपरिवेक्षण र नियन्त्रणको सिद्धान्त विपरित रहेको । | आब आइन्दा केंद्रीय निकायबाट गर्ने भनिएका आयोजना बाहेक सबै आयोजना मातहतका सम्बन्धित निकायबाट खरिद व्यवस्थापन कार्य गर्न गराउन तथा माथिल्लो निकायबाट नियमित रूपमा अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २५ | **कन्टिन्जेन्सी खर्च -** | *** |
| २५.१ | सडक विभागले मातहत कार्यालयलाई खर्च गर्ने अख्तियारी दिएको रकम आफैंले लिई खर्च गरेको । | अब आइन्दा मातहत कार्यालयलाई खर्च गर्ने अख्तियारी दिएको रकम सम्बन्धित तह बाटै खर्च गर्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २५.२ | खर्च गरेर बाँकी रहेको रु. ११ करोड १२ लाख ७५ हजार रकम सञ्चित कोष दाखिला नगरेको । | उल्लिखित रकम संचित कोष दाखिला गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २५.३ | विभाग र मातहतका कार्यालयले खर्च कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा खर्च प्रविष्ट र ठेक्कागत खर्चको अभिलेख नराखेको । | विभाग र मातहतका कार्यालयले खर्च कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा खर्च प्रविष्ट र ठेक्कागत खर्चको अभिलेख राख्ने व्यवस्था मिलाउन निर्देशन दिने । |
| २५.४ | विभागले खर्च गर्न अख्तियारी प्रदान गरेको बजेटको २ प्रतिशत फिर्ता माग गरी | अब आइन्दा सार्वजनिक खरिद नियमावलीको परिधि भित्र्र रही विकास |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | खर्च गरेकोले सम्बन्धित कार्यालयले निर्माण कार्यको बजेट खर्च गर्न नसकेको अवस्थामा नियमावलीले तोकेको सीमाभित्र रहेर कन्टिन्जेन्सी खर्च हुन सक्ने नदेखिएको । | निर्माण कार्यमा खर्च भएको रकमको आधारमा मात्र कन्टिन्जेन्सी सम्बन्धी निर्देशिका बमोजिम खर्च गर्न गराउन निर्देशन दिने । |
| २५.५ | मन्त्रालय मातहतका निकायले कन्टिन्जेन्सी रकम खर्च गर्दा स्वीकृत निर्देशिकाको कार्यान्वयन नगरेको, जिन्सी मालसामान हस्तान्तरण गर्दा स्वीकृत म.ले.प. फाराम भरी हस्तान्तरण एवं जिन्सी अद्यावधिक नगरेको । | अब आइन्दा कन्टिन्जेन्सी रकम खर्च गर्दा स्वीकृत निर्देशिकाको पूर्ण पालना गर्न र जिन्सी मालसामान हस्तान्तरण गर्दा स्वीकृत म.ले.प. फाराम भरी हस्तान्तरण एवं जिन्सी अद्यावधिक गर्न गराउन निर्देशन दिने । |
| २६ | **पूँजीगत लाभकर —**महाकाली पुल आयोजना, कञ्चनपुरले ३० लाखभन्दा बढीको सम्पत्ति निसर्ग गर्ने १८ व्यक्तिबाट पूँजीगत लाभकर वापत रु. ३४ लाख ८६ हजार असुल गर्नु पर्ने । | सम्बन्धित मालपोत कार्यालय संग समन्वय गरी छानविन गरी नियमानुसार असुल उपर गर्नुपर्ने भए सम्बन्धितबाट असुल उपर गर्न गराउन निर्देशन दिने। |
| २७ | **परामर्श सेवा -** | *** |
| २७.१ | लागत अनुमानमा सारभूत फरक पार्ने गरी अनुमान तयार गर्ने परामर्शदातालाई जिम्मेवार बनाउनु पर्ने । | अब आइन्दा परमार्शदाता छनोट गर्दा गुणस्तरीय परामर्श प्राप्त हुने गरी मापदण्ड तय गर्न र परामर्शदातालाई जिम्मेवार बनाउने गरी आवश्यक कानुनी व्यवस्था गर्न निर्देशन दिने । |
| २७.२ | रु. ९ करोड १९ लाख ७४ हजार बढीको लागत अनुमान कायम गर्ने परामर्शदातालाई जिम्मेवार बनाउनु पर्ने । | अब आइन्दा परमार्शदाता छनोट गर्दा गुणस्तरीय परामर्श प्राप्त हुने गरी मापदण्ड तय गर्न र परामर्शदातालाई जिम्मेवार बनाउने गरी आवश्यक कानुनी व्यवस्था गर्न निर्देशन दिने । |
| २७.३ | ३ परामर्शदाताको ३६ महिना सेवा अवधिमा ६३ महिनासम्म थप गरेको, सम्झौता रकममा रु. १२ करोड ९२ लाख ३३ हजार थप हुँदासम्म पनि निर्माणमा ढिलाइका कारण परामर्शदाता लागत बढ्ने देखिएको । | मितव्ययी हुनेगरी परामर्श सेवा लिने व्यवस्था गर्न निर्देशन दिने । |
| २७.४ | मन्त्रालय अन्तर्गत सञ्चालित आयोजनामा परामर्श सेवामा ५.३० देखि ३१.०८ प्रतिशतसम्म खर्च गरेको । | अब आइन्दा परियोजनाका लागि आवश्यक परामर्श सेवाको प्रकृति हेरी निश्चित मापदण्ड अपनाई परामर्श सेवाको खर्च नियन्त्रण गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| २८ | **समन्वय र निर्माणस्थल -** | *** |
| २८.१ | डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट बागमती नदीको सिनामंगल पुल निर्माणको लागि रु. ७ करोड ९० लाख १५ हजारमा २०७५/७/२९ सम्म कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा सडक विभाग, काठमाडौं उपत्यका खानेपानी लिमिटेड तथा नेपाल विद्युत प्राधिकरणको समन्वयको अभावमा हाल सम्म काम सम्पन्न नभएको । | सम्बन्धित निकाय संग समन्वय गरी निर्धारित समयमा कार्य सम्पन्न गरी समितिमा प्रतिवेदन दिन निर्देशन दिने । |
| २८.२ | मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालयले विभिन्न ६ सडकको लागि खरिद सम्झौता गर्दा उपत्यकाभित्रका सडकका अवस्था, निर्माणस्थलको उपलब्धता तथा अन्य निकायसंगको समन्वय नगर्नाले रु. १ करोड ४३ लाख ९ हजार खर्च उपलब्धिविहीन भएको । | सम्बन्धित निकायसँग समन्वय गरी दोहोरो नपर्ने गरी कार्य सम्पन्न भए नभएको यकिन गरी तीन महिना भित्र बिस्तृत विवरण समितिमा पेश गर्न निर्देशन दिने । |
| २८.३ | डिभिजन सडक कार्यालय, भक्तपुरले निर्माण स्थलको व्यवस्था नगरी खरिद कारवाही शुरु गर्नाले निर्माणस्थलको विवादका कारण रु. ३० करोड ७२ लाख ५८ हजारका ५ खरिद सम्झौतामा रु. २० करोड २० लाख ७२ हजार भुक्तानी भइसक्दा पनि काम सम्पन्न नभएको । | कार्य सम्पन्न भै सकेको जनाएकोले सो को प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २८.४ | डिभिजन सडक कार्यालय, दोलखाले बाह्रबीसे-धुस्कुन सडक निर्माणका लागि २०७३/३/३२ मा सम्पन्न हुने गरी भएको सम्झौता २०७५/३/३ सम्ममा जम्मा ४३.७२ प्रतिशत मात्र काम सम्पन्न भएको । | छानविन गरी एक महिनाभित्र स्थिति प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| २८.५ | सेती लोकमार्ग आयोजना, अछामले बोनियादेखि ठूलीगाडसम्मको ४० कि.मी. सडक निर्माणका लागि खरिद सम्झौता गरी मोबिलाइजेसन पेस्की रु. ३ करोड दिइसकेकोमा वातावरणीय प्रभाव मूल्याङ्कन नगरेका कारण काम शुरु हुन नसकेको । | यथाशीघ्र सबै प्रक्रिया पूरा गरी निर्धारित समयमा कार्य सम्पन्न गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २८.६ | भक्तपुर-नगरकोट सडक खण्डको निर्माण कार्यका लागि खरिद सम्झौता गर्दा | हालको स्थिति प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | निर्माण स्थलको व्यवस्था नगरेको । | |
| २८.७ | डिभिजन सडक कार्यालय, काठमाडौं, २ ले पटक पटक म्याद थप गर्दा पनि निर्माणस्थलमा बिजुलीको पोल, ह्युम पाइप हटाउन नसकेका कारण आयोजना सम्पन्न नभएको । | निर्माणस्थलको अवरोध हटाई उल्लिखित अधुरो निर्माण कार्य सम्पन्न गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| २९ | **बहुवर्षीय ठेक्का स्वीकृति –** डिभिजन सडक कार्यालय दाङ्, गाईघाट दिक्तेल सडक योजना र मध्य पहाडी लोकमार्ग आयोजना पश्चिम खण्डले १० खरिद सम्झौता गरेकोमा बहुवर्षीय खरिद सम्झौता गर्ने स्वीकृति नलिएको । | बहुवर्षिय खरिद सम्झौता गर्ने स्वीकृति लिएको देखिएकोले उक्त निर्माण कार्य समयमै सम्पन्न गर्ने गरी कार्य अघि बढाउन निर्देशन दिने । |
| ३० | निर्माण कार्यमा दोहोरो परेको – काठमाडौं उपत्यकामा खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय र सडक विभाग बीच काममा दोहोरोपन रहेको । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ३१ | निर्माण क्रममा क्षति – डिभिजन सडक कार्यालय, काठमाडौं १ बाट रु. १ करोड ५६ लाख ८९ हजार बराबरको पाइप क्षति भई थप अनुत्पादक दायित्व सिर्जना भएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने । | अब आइन्दा निर्माण कार्य गर्दा पर्याप्त सावधानी अपनाई थप अनुत्पादक दायित्व सिर्जना नहुने गरी निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |
| ३२ | **पूर्वनिर्धारित क्षतिपूर्ति -** | *** |
| ३२.१ | डिभिजन सडक कार्यालय, लहानले गरेको खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न नभएको भनी पेस्की जमानतको रकम असुल गरे पनि पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेको । | एक महिनाभित्र पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ३२.२ | बनेपा-सिन्धुली-बर्दिवास सडकको आवधिक मर्मत कार्य सम्झौता बमोजिम नगर्ने निर्माण व्यवसायीबाट जमानत जफत गरी बाँकी कार्य गर्न लाग्ने रकम यकिन गरी पूर्वनिर्धारित क्षतिपूर्ति रु. ९५ लाख ६८ हजारसमेत थप गरी असुल गर्नु पर्ने । | छानविन गरी पूर्व निर्धारित क्षतिपूर्ति तथा जमानत जफत गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ३२.३ | मध्य पहाडी लोकमार्ग, आयोजना, दाङ्ले सम्झौता बमोजिम काम नगर्ने निर्माण | छानविन गरी पूर्व निर्धारित क्षतिपूर्ति तथा जमानत जफत गरी समितिलाई |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी काम गराउने वा खरिद सम्झौताको अन्त्य गरी जमानत जफत तथा बाँकी निर्माण कार्य गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुल गर्ने बारे प्रक्रिया अघि नबढाएको । | जानकारी गराउन निर्देशन दिने । |
| ३२.४ | विभिन्न सडक आयोजनामा निर्माण व्यवसायीले तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेको तथा म्याद थपसमेत नभएको कारण पूर्वनिर्धारित क्षतिपूर्ति रु. ३ करोड ३५ लाख बिलबाट कट्टा गरी धरौटी खातामा राखेको रकम सञ्चित कोषमा दाखिला गर्नुपर्ने । | नियमानुसार फरफारक गर्न निर्देशन दिने । |
| ३२.५ | सम्झौताको शर्तबमोजिम निर्माणका चरण उल्लेख भए अनुसारको निर्माण कार्य सम्पन्न नभएकोले ०.०१ प्रतिशतका दरले रु. २ करोड १२ लाख ७८ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने । | छानविन गरी असुलउपर गर्नुपर्ने भए असुल गर्न र अन्यथा कार्य सम्पन्न भए नभएको यकिन गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३२.६ | धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौंडा सडक योजनाको पूर्वी खण्डमा सम्झौता अनुसार काम नभएकोले पूर्वनिर्धारित क्षतिपूर्ति रकम र कार्य सम्पादन जमानत वापतको रकम असुल गर्नुपर्ने । | पूर्व निर्धारित क्षतिपूर्ति र कार्य सम्पादन जमानत वापतको रकम नियमानुसार असुलउपर गर्न निर्देशन दिने । |
| ३२.७ | डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट पुल निर्माण गर्ने गरी ठेक्का सम्झौता भएकोमा म्याद समाप्त हुँदासम्म डिजाइनको काम मात्र भएकोले पूर्वनिर्धारित क्षतिपूर्ति वापतको रकम र पेस्कीसमेत फिर्ता गर्नुपर्ने । | पूर्व निर्धारित क्षतिपूर्ति तथा पेश्की असुल गरी उक्त कम्पनीलाई कालोसुचीमा राख्न र वैकल्पिक प्रक्रिया अपनाई निर्माण कार्य सम्पन्न गर्न निर्देशन दिने । |
| ३२.८ | पुल निर्माण गर्न ठेक्का सम्झौता भएकोमा म्याद समाप्त हुँदासम्म काम सम्पन्न नभएकोले पूर्वनिर्धारित क्षतिपूर्ति वापतको सबै रकम र पेस्की जमानत समेत असुल गर्नुपर्ने । | उल्लिखित पूर्व निर्धारित क्षतिपूर्ति र पेश्की जमानत असुल गरेको जनाएकोले उक्त निर्माण कार्य यथाशीघ्र सम्पन्न गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३२.९ | मध्यपहाडी लोकमार्ग आयोजना-पूर्वी खण्ड अन्तर्गत भएको ठेक्कामा म्याद थप गर्दासमेत कार्य सम्पन्न नभएकोले पूर्वनिर्धारित क्षतिपूर्ति वापतको रकम असुल गरी बाँकी काम गर्नुपर्ने । | नियमानुसार म्याद थप भए नभएको यकिन गरी पूर्व निर्धारित क्षतिपूर्ति असुली तथा अन्य कानूनी कारवाही गर्न र आयोजना निर्धारित समयमै सम्पन्न गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ३२.१० | एघार किलो-छेपेटार-बारपाक सडक आयोजना, गोरखाले सम्झौता बमोजिम काम सम्पन्न नगर्ने व्यवसायीबाट रु.३ करोड २९ लाख ७३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने । | छानविन गरी नियमानुसार निर्माण व्यवसायीबाट पूर्व निर्धारित क्षतिपूर्ति असुलउपर गर्न र हिसाब फरफारक गरी समयमै निर्माण कार्य सम्पन्न गर्न निर्देशन दिने । |
| ३२.११ | हुलाकी राजमार्ग योजना कार्यालय, बाँकेले रासी एप्रोच सडकमा पर्ने पुल निर्माणका लागि ठेक्का सम्झौता भएकोमा तोकिएको अवधि सम्पन्न भइसक्दा पनि कार्य सम्पन्न नभएकोले पूर्व निर्धारित क्षतिपूर्ति वापतको रकम असुल गर्नुपर्ने । | म्याद थप भएको जनाएकोले उक्त निर्माण कार्य समयमै सम्पन्न रगर्ने गरी अनुगमन गर्न र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३३ | **भेरियसन -** | *** |
| ३३.१ | डिभिजन सडक कार्यालय, भक्तपुरले खरिद सम्झौताको लागत अनुमान महानिर्देशकले स्वीकृत गरेकोमा नियम विपरित क्षेत्रीय निर्देशकले भेरियसन आदेश स्वीकृत गरी सम्झौता रकम रु. १९ करोड ५ लाख ३२ हजार कायम गरेको । | उक्त भेरियसन आदेश जारी गर्ने कार्य नियमानुसार नै भएको जनाएकोले केही गर्नु नपर्ने । |
| ३३.२ | डिभिजन सडक कार्यालय, बैतडीले एक स्थानमा काम गर्न भएको सम्झौता विपरित अर्को स्थानमा काम गरेको देखाई रु. ४ करोड ६ लाख १५ हजार भुक्तानी दिएकोमा भेरियसन आदेश जारी नभएको, तोकिएको काम नगरी भुक्तानी दिनेलाई जिम्मेवार बनाउनु पर्ने । | तोकिएको काम नगरी भेरियसन आदेश जारी नगर्दै अन्य स्थानमा काम गरेको देखाएर भुक्तानी गर्ने पदाधिकारीलाई कानूनी कारवाही गर्न निर्देशन दिने । |
| ३३.३ | विभिन्न आयोजनाहरुले विभिन्न आइटममा सम्झौताभन्दा बढी परिमाणको काम भएकोमा भेरियसन आदेश जारी नगरी सम्झौताभन्दा रु. ४३ करोड २० लाख ९१ हजार थप भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनु पर्ने । | भेरियसन आदेश जारी गर्नु पर्ने वा नपर्ने छानविन गरी एक महिनाभित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३३.४ | काठमाडौं उपत्यका बिस्तार आयोजनाले भेरियसन आदेश स्वीकृत नगरी रु. ८० लाख ७५ हजार भुक्तानी गरेकोमा कानुन सम्मत नभएको । | भेरियसन स्वीकृत भए नभएको यकिन गरी एक महिनाभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ३४ | **मूल्य अभिवृद्धि कर -** | *** |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ३४.१ | विभाग अन्तर्गतका २४ कार्यालयले रितपूर्वक कर बिजक पेश नगरेका ४० निर्माण व्यवसायीलाई रु. ५ करोड १६ लाख १ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएको । | भुक्तानी भएको मूल्य अभिवृद्धि कर सम्बन्धमा छानविन गरी कर बिजक पेश गर्न लगाई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३४.२ | निर्माण व्यवसायीले आन्तरिक राजस्व कार्यालयमा मासिक कर विवरण नबुझाई ननफाइलर देखाएको हुँदा कार्यालयबाट भुक्तानी दिएको मूल्य अभिवृद्धि कर र समयमा विवरण नबुझाए वापत लाग्ने जरिवाना समेत असुल गर्नुपर्ने । | कर समायोजनको प्रमाण पत्र पेश गर्न लगाई सोही अनुसार मूल्य अभिवृद्धि कर र जरिवाना असुल गर्नुपर्ने भए असुल गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३४.३ | डिभिजन सडक कार्यालय, कञ्चनपुर अन्तर्गतका निर्माण व्यवसायीले मूल्य अभिवृद्धि करमा दर्ता नभए पनि कर बिजक जारी गरी रु. १३ लाख ८९ हजार मूल्य अभिवृद्धि करसमेत रु. १ करोड २० लाख ७१ हजार भुक्तानी भएको रकम निजहरुबाट जरिवानासमेत असुल गर्नुपर्ने । | मूल्य अभिवृद्धि करमा दर्ता भएको र कर बिजक जारी भएको प्रमाण पेश गरेकोले असुलउपर गर्नु नपर्ने । बेरुजु लगत हटाउने । |
| ३४.४ | मूल्य अभिवृद्धि करमा दर्ता नभएका ठेकाका निर्माण व्यवसायीलाई भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रु. १ करोड ५५ लाख ८० हजार असुल गर्नुपर्ने। | मु.अ.कर समायोजन पत्र पेश गर्न लगाई छानविन गरी हिसाब फरफारक गर्न निर्देशन दिने । |
| ३५ | **खरिद सम्झौताको अन्त्य -** | *** |
| ३५.१ | समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीसँगको खरिद सम्झौता अन्त्य गरी निजले राखेको जमानत रकम रु. १ करोड ८९ लाख ६० हजार जफत गरी बाँकी कार्य गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुल नगरेको । | निर्माण सम्बन्धमा म्याद थप गरेको बाहेक अन्यको हकमा जमानत रकम जफत गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ३५.२ | सम्झौताको शर्त बमोजिम कार्य नगर्ने निर्माण व्यवसायीसँग असुलउपर गर्नुपर्नेमा नगरेको । | एक महिनाभित्र सम्झौताको सर्त अनुसार असुलउपर गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ३५.३ | डिभिजन सडक कार्यालय, तुलसीपुरले समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीले राखेको धरौटी वापतको रकमबाट सरकारी बाँकी सरह असुल गर्ने निर्णय भएकोमा धरौटी रकम दाखिला नगरेको तथा बाँकी रकम असुल | एक महिनाभित्र सम्झौताको सर्त अनुसार असुलउपर गरी गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | नभएको। | |
| ३६ | **बीमा** — बीमा रकम कार्य परिमाण सूचीको लमसममा राखी निर्माण व्यवसायीले कबोल गरेको रकम भुक्तानी दिएको, ठेक्काको बी.ओ.क्यू. मा फण्ट लोडिङ् भएको कारण बीमाको लागि बढी भएको, २ कार्यालयले निर्माण व्यवसायीलाई घटी अवधिको बीमा गराएकोमा समेत पुरै कबोल अङ्क रु. १ करोड ६० लाख नियमविपरित भुक्तानी गरेको रकम असुल गर्नुपर्ने । | सम्झौता अनुरुप नियमानुसार गर्न गराउन निर्देशन दिने । |
| ३७ | **प्रोभिजनल सम -** | *** |
| ३७.१ | रु. १ करोड ४९ लाख ४४ हजार प्रोभिजनल समवापत निर्माण व्यवसायीलाई भुक्तानी दिएकोमा लागत अनुमान स्वीकृत नगरेको एवं खर्चको बिल भरपाई कार्यालयमा पेश नगरेको । | लागत अनुमान स्वीकृत गरे नगरेको यकिन गरी खर्चको बिल भरपाई पेश गर्न लगाई समितिमा जानकारी दिन निर्देशन दिने । |
| ३७.२ | लागत अनुमान स्वीकृत नगरेको, कार्यदिश नदिएको तथा नापी किताब समावेश नगरी भुक्तानी दिएको । | आवश्यक कागजात समितिमा पेश गर्न निर्देशन दिने । |
| ३८ | **मूल्य समायोजन -** | *** |
| ३८.१ | सम्झौताबमोजिम कार्य सम्पन्न नगरेको अवस्थामा रु. ४४ लाख ३१ हजार मूल्य समायोजन भुक्तानी दिएको नियमसम्मत नदेखिएको । | निर्माण कार्यको अनुगमन गरी मूल्य समायोजन भुक्तानी दिएको सम्बन्धमा छानविन गरी समितिमा जानकारी गराउन निर्देशन दिने । |
| ३८.२ | खरिद सम्झौतामा बढी प्रतिशत भार कायम गरी सम्झौता गर्नेलाई जिम्मेवार बनाई भुक्तानी भएको रकम असुल गर्नुपर्ने । | प्रमाण पेश गरी बेरुजु फछ्र्यौटको लागि समितिमा एक महिनाभित्र जानकारी गराउन निर्देशन दिने । |
| ३८.३ | हुलाकी राजमार्ग योजना कार्यालय, जनकपुरले खरिद सम्झौता विपरित फरक भार दिई गणना गरेकोले बढी भुक्तानी भएको रु. २० लाख २६ हजार असुल गर्नुपर्ने । | बिलबाट सच्चाएको जनाकएको हुँदा कागजात पेश गर्न निर्देशन दिने । |
| ३८.४ | मध्य पहाडी लोकमार्ग आयोजनाले निर्माण चरण अन्तर्गत ३५ प्रतिशत कार्यको | म्याद थप भए नभएको यकिन गरी छानविन गरेर मूल्य समायोजन भुक्तानी |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | मूल्य समायोजन गर्दा माइलस्टोन १ को अन्तिम अवधिको सूचङ्कालाई आधार नलिई १३ ठेक्कामा रु. २ करोड ५५ लाख ९९ हजार मूल्य समायोजन भुक्तानी गरेको रकम असुल गर्नुपर्ने । | गरेको रकम असुल गर्नुपर्ने भए असुल गरी तीन महिनाभित्र समितिमा जानकारी गराउन निर्देशन दिने । |
| ३८.५ | निर्माण व्यवसायीले म्यादमा काम नगरेको तथा खरिद सम्झौताको म्याद थप नभएकोमा मूल्य समायोजन भुक्तानी दिएको नियमसम्मत नभएको । | कागजात समितिमा पेश गरी एक महिनाभित्र फरफारक गर्न निर्देशन दिने । |
| ३८.६ | व्यापारिक मार्ग विस्तार आयोजना रुपन्देहीले ३५ प्रतिशत कार्यको मूल्य समायोजन गर्दा माइलस्टोन १ को अन्तिम काम सम्पन्न गर्नुपर्ने महिनाको मूल्य सूचीभन्दा बढी हुने गरी ४ सम्झौतामा रु. १ करोड ५१ हजार बढी मूल्य समायोजन भुक्तानी गरेकोले उक्त रकम असुल गर्नु पर्ने । | छानविन गरी असुलउपर गर्नुपर्ने भए असुल गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ३८.७ | ठेक्का सम्झौता विपरित रु. १ करोड ८६ लाख ९३ हजार बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने । | छानविन गरी असुलउपर गर्नुपर्ने भए असुल गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ३८.८ | डिभिजन सडक कार्यालय, दोलखाले एक ठेक्कामा म्याद थप भएको अवधिको मूल्यसूची अनुसार भुक्तानी दिएको मूल्य समायोजन र मोबिलाइजेसन पेस्कीमा समेत मूल्य समायोजन भएको रु. ४४ लाख ८४ हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने । | उल्लिखित रकम असुलउपर गरी एक महिनाभित्र समितिमा कागजात पेश गर्न निर्देशन दिने । |
| ३९ | **दोहोरो सम्झौता -** | *** |
| ३९.१ | मालढुंगा बेनी सडक र कुस्मा बाग्लुङ् सडक मध्यपहाडी लोकमार्ग आयोजनालाई-पश्चिम खण्ड हस्तान्तरण भइसकेपछि पनि रु. १ करोड ५६ लाख १९ हजार भुक्तानी गरेकोमा सोही सडक बिस्तार गर्दा उक्त कार्य नष्ट भएकोले अनावश्यक व्ययभार बढेको । | अब आइन्दा निर्माण कार्य गर्दा विभिन्न निकायले एक आपसम दोहोरो नपर्ने गरी खरिद सम्झौता गर्न र भुक्तानीको व्यवस्था गर्न निर्देशन दिने । |
| ४० | **अन्यत्र कार्य -** | *** |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ४०.१ | एकान्तकुना- भनिमण्डल सडक बिस्तारका लागि बिनियोजन भएको रकम बालकुमारी –पिन्छे खण्डमा कार्य गराई रु.६३ लाख १६ हजार भुक्तानी गरेको । | सम्बन्धित पदाधिकारीलाई सचेत गराउने र निर्माण कार्यको अनुगमन गर्न निर्देशन दिने । |
| ४०.२ | काली गण्डकी करिडोर अन्तर्गतको गैंडाको–पिपलडाँडा खण्डमा सम्झौतामा उल्लेख भएभन्दा बाहिरको चेनेजमा १४ हजार १४६ घन मिटर कार्य गराएको, चट्टानयुक्त साँघुरो स्थानमा कार्य नगरी बाहिरको सजिलो चेनेजमा काम गराई भुक्तानी दिनेलाई जिम्मेवार बनाउनु पर्ने । | सम्झौतामा उल्लेख भए बमोजिमको काम कारवाही गर्न लगाई सम्बन्धित कार्यको अनुगमन गरी त्यसको मूल्यांकन पश्चात् मात्र भुक्तानीको व्यवस्था गर्न निर्देशन दिने । |
| ४१ | **एज बिल्ट नक्सा –** एज बिल्ट नक्सा पेश नगरेको अवस्थामा भुक्तानी रोक्का राख्नु पर्नेमा सो नभई सबै रकम रु. २ करोड १३ लाख भुक्तानी भएकोमा नक्सा पेश नगर्नेबाट उक्त रकम असुल गर्नु पर्ने । | छानविन गरी एज बिल्ट नक्सा पेश गरे नगरेको यकिन गरी रकम असुल गर्नुपर्ने भए सो समेत गरी एक महिनाभित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ४२ | **ठेक्का ओभरल्याप -** | *** |
| ४२.१ | खरिद सम्झौताको कार्य गर्दा एक अर्कामा नखप्टिने गरी एकै प्रकृतिको कार्य दुई वा सोभन्दा बढी सम्झौताबाट भुक्तानी नहुने गरी व्यवस्थापन गर्नु पर्ने । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ४२.२ | सडक निर्माण स्थल तथा कार्यमा ओभरल्याप हुने गरी रु. १७ करोड ५३ लाख ५५ हजार लागत अनुमान गरी खरिद कारबाही शुरु गरेको । | निर्माण कार्यको ओभरल्याप भए नभएको यकिन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ४२.३ | कान्ति लोकपथ योजना अन्तर्गत ललितपुर खण्डमा चेनेज ओभरल्याप हुने गरी खरिद कारवाही अघि बढाएको । | निर्माण कार्यको ओभरल्याप भए नभएको यकिन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ४२.४ | उत्तर दक्षिण लोकमार्ग आयोजना, ताप्लेजुङले विभिन्न खण्डको सडक निर्माणमा चेनेज दोहोरो हुने गरी ठेक्का सम्झौता गरेकोले तालुक निकाय तथा योजना कार्यालयले आयोजना व्यवस्थापनमा सुधार गर्नुपर्ने । | निर्माण कार्यको ओभरल्याप भए नभएको यकिन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ४३ | **धरौटी फिर्ता —** उन्नाईस कार्यालयले धरौटी वापत कट्टी गरेको रु. ६ करोड ६६ लाख ३७ हजार कर विवरण पेश गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण बेगर फिर्ता दिएका । | कर विवरण तथा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण एक महिनाभित्र पेश गरी समितिमा जानकारी दिन निर्देशन दिने । |
| ४४ | **दर विश्लेषणमा विविधता** | *** |
| ४४.१ | माटो र चट्टानको प्रकृतिअनुसार दर विश्लेषण गरी वास्तविक कार्यको मात्र नापजाँच गरी भुक्तानी गर्नुपर्नेमा एकमुष्ट दररेट राखी लागत अनुमान तयार गरी भुक्तानी गर्दा आयोजनाले माटोको कार्यमा रु.२ करोड ८० लाख ७० हजार बढी भुक्तानी हुने देखिएको । | सडकको मापदण्ड बनाई लागू गर्न र सबै निकायको एकै प्रक्रियाअनुसार लागत अनुमान तयार गरी खर्च र भुक्तानी गर्न निर्देशन दिने । |
| ४४.२ | फरक दर प्रयोग गरेको कारणबाट एक प्याकेजको लागत अनुमानमा रु.७ करोड ५८ लाख ४२ हजार थप हुन गएको । | वास्तविक खर्च पहिचान गरी एक महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने। |
| ४५ | **बैङ्क जमानत —** | *** |
| ४५.१ | खुटिया—बी.पी.नगर—गडसेरा दिपायल सडक योजनाले २ निर्माण व्यवसायीलाई दिएको रु.३ करोड १२ लाख मोबिलाइजेसन पेस्कीको बैङ्क जमानतको म्याद समाप्त भए पनि थप नगरेको । | छानविन गरी बैंक जमानत पेश गर्न लगाई निर्माण कार्य व्यवस्थित गर्न निर्देशन दिने । |
| ४५.२ | खरिद सम्झौतामा ८० प्रतिशत अवधिमा पेस्की फछ्र्यौट गरी सक्नुपर्ने व्यवस्था भएता पनि बालाजु—रानीपौवा सडकको सम्झौता अवधि ८० प्रतिशतभन्दा बढीसमाप्त भएकोमा सम्झौताअनुसार जमानत रकम रु.२ करोड ५ लाख ४१ हजार जफत गरेको पाइएन । | कारवाही भइसकेको जनाएकोले समितिमा कागजात पेश गर्न निर्देशन दिने । |
| ४५.३ | डिभिजन सडक कार्यालय, दाङ, मध्यपहाडी लोकमार्ग आयोजना पश्चिम खण्ड दाङ र गाईघाट—दिक्तेल सडक आयोजनाले ७ निर्माण व्यवसायीसँग रु. २ अर्ब ३४ करोड ३ लाखको सम्झौता गरेकोमा भेरिएसन आदेशबाट रु. ३१ करोड २८ | कार्य सम्पादन जमानत थप गरी निर्माण कार्यलाई व्यवस्थित गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | लाख वृद्धि गरी सम्झौता रकम रु. २ अर्ब ६५ करोड ३१ लाख कायम भएकोमा रु. १ करोड ५६ लाख कार्य सम्पादन जमानत थप गरेको देखिएन। | |
| ४६ | **मोबिलाइजेसन पेस्की —** | *** |
| ४६.१ | मोबिलाईजेशन पेस्की सम्झौताको समयावधि ८० प्रतिशत पुरा हुँदा पूरै कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा पेस्की बाँकी अमेरिकी डलर ५ लाख ४७ हजारमध्ये १ लाख ३६ हजारमात्र बैङ्कबाट फिर्ता लिएकोले बाँकी ४ करोड २४ लाख ४० हजारसमेत फछ्र्यौट गर्नुपर्ने । | कारवाही भइसकेको जनाएकोले कागजात पेश गर्न निर्देशन दिने । |
| ४६.२ | खरिद सम्झौताका निर्माण व्यवसायीलाई दिएको पेस्की रु.७ करोड ९४ लाख ६९ हजारको जमानतको म्याद समाप्त भएको वर्षौं बितीसकेकोले उक्त पेस्की जोखिममा परेको, यसरी पेस्की जोखिममा पार्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई उक्त पेस्की ब्याजसमेत असुल गर्नुपर्दछ । | छानविन गरी सम्वन्धित पदाधिकारीलाई कानूनी कारवाही गर्न र उल्लिखित पेस्की ब्याजसमेत असुलउपर गरी समितिलाई एक महिनाभित्र जानकारी गराउन निर्देशन दिने । |
| ४६.३ | नियम तथा सम्झौता शर्तभन्दा बढी पेस्की भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार वनाई ब्याजसहित असुल गर्नुपर्दछ । | छानविन गरी सम्बन्धित पदाधिकारीलाई सचेत गराई एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न र अब आइन्दा सम्झौता बमोजिम भुक्तानी गरी काम गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ४७ | **असम्बन्धित खर्च —** | *** |
| ४७.१ | निर्माण व्यवसायीसँग खरिद सम्झौता गर्दा जनरल आइटमअन्तर्गत कार्यालय स्थान उपलब्ध, साइट कार्यालयका लागि फर्निचर, गुणस्तर नियन्त्रण ल्याव, ल्याव उपकरण तथा कार्यालय सहायक र सुरक्षा गार्ड व्यवस्थाका लागि बिल अफ क्वान्टिटीमा समावेश गरी सम्झौता गरेकोमा यस वर्षसम्ममा रु.२ करोड ९ लाख ९२ हजार भुक्तानी गरेको छ । | अब आइन्दा कार्यविधि बनाएर खर्च गर्न तथा नर्म्स र स्टायाण्डर्ड स्वीकृत गराएर मात्र खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिने । |
| ४७.२ | मध्यपहाडी लोकमार्ग आयोजना पश्चिम खण्ड, दाङले ४१ खरिद सम्झौतामा | अब आइन्दा निर्माणसँग असम्बन्धित शीर्षकमा खर्च नगर्न र सम्बन्धित |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | ल्याव उपकरण, इन्जिनियर साइट कार्यालय, मोटरसाइकल खरिद एवं भवन निर्माण गर्न रु.१० करोड ३१ लाख ३ हजारको सम्झौता गरेको छ । | पदाधिकारीलाई सचेत गराउन निर्देशन दिने । |
| ४७.३ | गाईघाट दिक्तेल सडक योजनाले २ खरिद सम्झौता गर्दा बिल अफ क्वान्टिटीमा भवन निर्माण गर्न रु.८३ लाखको खरिद सम्झौता गरेकोमा रु.३८ लाख ३१ हजार भुक्तानी गरेको छ।सार्वजनिक लेखा समितिको निर्णयको विपरीत निर्माण कार्यको ठेक्कामा असम्बन्धित आइटम समावेश गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | सार्वजनिक लेखा समितिको निर्णयानुसार निर्माण कार्यको ठेक्कामा असम्बन्धित आइटम समावेश नगर्न निर्देशन दिने । |
| ४८ | **बढी भुक्तानी** | *** |
| ४८.१ | खरिद सम्झौतामा कबोल गरेकोभन्दा बढी रकम भुक्तानी दिएको मूल्य अभिवृद्धि कर समेत रु.१ करोड २ लाख १ हजार असुल गर्नुपर्दछ । | रनिङ बिलबाट कट्टा गरिसकेको जनाएकोले कागजात पेश गरी फरफारक गर्न निर्देशन दिने । |
| ४८.२ | परिमाणभन्दा बढी परिमाणको भुक्तानी गरेको, सम्झौताभन्दा बढी भुक्तानी दिएको लगायत रु.२ करोड ५२ लाख ५ हजार बढी भुक्तानी दिएकोले यसरी भुक्तानी दिनेपदाधिकारीलाई जिम्मेवार बनाई सो रकम असुल हुनुपर्दछ । | एक महिनाभित्र असुलउपर गर्न तथा सम्बन्धित पदाधिकारीलाई सचेत गराई समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ४९ | **डिजाइन एण्ड निर्माण सम्झौता** | *** |
| ४९.१ | उक्त प्रक्रियाबाट निर्माण कार्य गराउने सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियममा विस्तृत उल्लेख नभएको एवं सोको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले नमुना बोलपत्रसम्बन्धी कागजात तयार नगरेकोले मूल्य समायोजन र भेरिएसन आदेश लगायतका पक्षमा विविधता देखिएको । | सार्वजनिक खरिद अनुगमन कार्यालयसँग सहकार्यमा डिजाइन एण्ड बिल्ड सम्वन्धी ऐन नियममा व्यवस्था गरी नर्म्स स्वीकृत गराएर कार्य गर्न निर्देशन दिने । |
| ४९.२ | मन्त्रिपरिषद्बारा स्वीकृत गर्नुपर्ने नर्म्स महानिर्देशकबाट स्वीकृत गरेको आधारमा यो वर्ष ३८ पुलको लागि रु.१३ अर्ब ७४ करोड ७१ लाखको लागत अनुमान तयार गरेको छ । सोको लागि रु.१२ अर्ब ९१ करोड ६८ लाखको बोलपत्र | सार्वजनिक खरिद अनुगमन कार्यालयसँग डिजाइन एण्ड बिल्ड सम्वन्धी ऐन नियममा व्यवस्था गरी नर्म्स स्वीकृत गराएर कार्य गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | स्वीकृत गरीरु.४५ करोड २१ लाख ७२ हजार पेस्की दिएको छ । यसरी तयार गरेको लागत अनुमान तयार गर्ने कार्य नियमसम्मत नभएको । | |
| ४९.३ | सडक योजनाले ५१ निर्माण व्यवसायीलाई रु. २९ करोड ९९ लाख २ हजार मूल्य समायोजन भुक्तानी गरेको देखियो । उक्त विधिबमोजिमको ठेक्का लमसम प्रकृतिको देखिँदा सम्झौतामा मूल्य समायोजन दिने उल्लेख गरेको मनासिब देखिँदैन । | सार्वजनिक खरिद अनुगमन कार्यालयसँग सहकार्यमा डिजाइन एण्ड बिल्ड सम्बन्धी ऐन नियममा व्यवस्था गरी नर्म्स स्वीकृत गराएर कार्य गर्न निर्देशन दिने । |
| ५० | **डिजाइनमा त्रुटि –** | *** |
| ५०.१ | डिभिजन सडक कार्यालय, चौरजहारी अन्तर्गत पसगाढ खोलामा ४६.०४ मिटर पुल निर्माण गर्न त्रुटिपूर्ण डिजाइनको कारणले निर्माण कार्य प्रभावित भएको । | छानविन गरी परामर्शदाता र सम्झौता गर्ने सम्वन्धित पदाधिकारीलाई दोषी देखिएमा कानूनी कारवाही गर्न र उक्त निर्माण कार्यको ड्रइङ डिजाइन पुनरावलोकन तथा स्वीकृत गरी समयमा नै निर्माण कार्य गर्न निर्देशन दिने । |
| ५०.२ | डिभिजन सडक कार्यालय, सुर्खेतअन्तर्गत भेरी नदीमा पुल निर्माण गर्न वेल फाउण्डेसनको काम हुँदा कडा चट्टान भेटिएकोले स्वीकृत डिजाइनअनुसार कार्य गर्न नसकेको । | अदालतको फैसला बमोजिम हुने गरी काम अघि बढाउन र आगामी दिनमा निर्माण कार्यमा सुधार गर्न निर्देशन दिने। |
| ५०.३ | हुलाकी राजमार्ग योजना, पर्सा अन्तर्गत कलैया–मलंगवा खण्डमा पर्ने वाग्मती नदीमा ६३४ मिटर लामो पुल पिलरको उचाई नपुग देखिएकोले पुनः डिजाइनको प्रक्रियामा रही २०७०।८।२८ देखि निर्माण कार्य अवरुद्ध रहेको। | डिजाइन पुनरावलोकन गरी पुल निर्माण कार्य सम्पन्न गर्न र अन्यको हकमा आरबिट्रेशनबाट निर्णय भए अनुरुप हुने गरी गर्न गराउन निर्देशन दिने । |
| ५०.४ | डिभिजन सडक कार्यालय, काठमाडौं १ अन्तर्गत बौद्ध–ताम्रगंगा सडक स्थित वाग्मती नदीमानिर्माण हुने पुल सडकको सतहभन्दा करिब ८ फिटमाथि हुने भई डिजाइन त्रुटिपूर्ण भएकाले निर्माण कार्य अधुरो रहेको । | पुलको डिजाइन तथा एप्रोच सडक निर्माण सम्बन्धमा गरिएका उल्लिखित कारवाहीका सम्बन्धमा अनुगमन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ५०.५ | डिभिजन सडक कार्यालय, तुम्लिङटारले अरुण नदीको लम्सुवाघाटको पुल | गलत डिजाइन प्रयोग गरी पुल निर्माणमा त्रुटीपूर्ण कार्य गरेर निर्माण कार्य |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | निर्माणस्थलमा २४७ मिटरको पुल आवश्यक पर्नेमा १६५ मिटरको निर्माण गर्ने गरी डिजाइन स्वीकृत भएकाले निर्माण कार्य अवरुद्ध भएको । | अवरुद्ध गर्ने गराउने पदाधिकारी तथा कम्पनीको छानविन गरी दोषीलाई कानूनी कारवाही गर्न निर्देशन दिने । |
| ५०.६ | डिभिजन सडक कार्यालय, काठमाडौं १ अन्तर्गत नयाँबानेश्वर संगमचोक स्थित धोवीखोलामा पुलको डिजाइन पुनरावलोकन नभएकोले पुल निर्माण कार्य अलपत्र अवस्थामा रहेको छ, निर्माण व्यवसायीले लिएको पेस्की रु.१८ लाख बाँकी रहेको । | तत्काल पुलको डिजाइन पुनरावलोकन गरी पुल निर्माण कार्य अघि बढाउन र निर्माण व्यवसायीले लिएको पेस्की असुल गरी एक महिनाभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ५०.७ | डिभिजन सडक कार्यालय, बुटवलअन्तर्गत तिनाउ नदीमा पुल निर्माण गर्न निर्माण व्यवसायीसँगदुई पटक म्याद थप गर्दा पनि डिजाइन रिभ्यूको आवश्यकता महसुस नगरेको र तेस्रो पटक म्याद थप गर्दा मात्र डिजाइन रिभ्यू गर्नुपर्ने कारण उल्लेख गरेको । | समयमै पुल डिजाइनको पुनरावलोकन गरी निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्न निर्देशन दिने । |
| ५०.८ | डिभिजन सडक कार्यालय, बुटवल अन्तर्गत दानव नदीमा पुल निर्माण गर्न पुलको डिजाइन तयार गर्दा स्थानीय जनताको माग र आवश्यकतालाई ध्यान नदिएको कारण डिजाइन परिवर्तन गर्नु परेको | एक महिनाभित्र त्रुटीपूर्ण डिजाइन पेश गर्न परामर्शदाता, जाँच तथा स्वीकृत गर्ने पदाधिकारीलाई ऐन बमोजिम कारवाही गरी यथाशीघ्र निर्माण कार्य सम्पन्न गर्न निर्देशन दिने । |
| ५१ | **एप्रोच सडक —** | *** |
| ५१.१ | जुम्लाअन्तर्गत तिला नदीमा पुलको संरचना निर्माण सम्पन्न भएकोमा एप्रोच तथा लिंक रोडमा पर्ने जग्गाको विवादको कारण निर्मित पुल सञ्चालनमा आएको देखिएन । | विवाद समाधान भई पुल सञ्चालनमा रहेकाले केही गर्न नपर्ने । |
| ५१.२ | डिभिजन सडक कार्यालय, काठमाडौं १ अन्तर्गत गागलफेदी स्थित घट्टेखोलामा पुलसम्म पुग्ने एप्रोच सडक नभएको कारण निर्माण सम्पन्न हुने अवस्थामा पुगेको पुल प्रयोजनविहीन बन्न पुगेको । | एप्रोच सडकको निर्माण भई पुल प्रयोगमा आएको जनाएकोले केही गर्न नपर्ने। |
| ५१.३ | डिभिजन सडक कार्यालय, हेटौंडाले वीरगञ्ज महानगरपालिकास्थित भेडाह खोलामा | तत्काल पुलसम्म जाने बाटो निर्माण गरी पुल सञ्चालनमा ल्याउन निर्देशन |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | ७० मिटरको पुल निर्माण सम्पन्न गरेको एक वर्ष भएपनि पुलसम्म जाने करिब ८०० मिटर सडक निर्माण नगरेकाले पुल उपयोगविहीन हुन गएको | दिने । |
| ५१.४ | हुलाकी सडक आयोजना योजना कार्यालय इटहरीले मेची नदीमा पुल निर्माण सम्पन्न गरेको भए पनि नेपाल र भारत सीमातर्फ २ कि.मि. सडक निर्माण नभएकाले पुलको उपयोग हुन नसकेको । | एप्रोच सडक निर्माण भई पुल उपयोगमा आइसकेको जनाएकोले केही गर्नु नपर्ने । |
| ५२ | **बिटुमिन खपत** –कान्ति लोक पथ आयोजनाले सडक पिच गर्ने ठेक्का प्याकेजमा बिटुमिन बढी खपत हुने गरी सम्झौता गरेको कारण रु.१ करोड २९ लाख ५८ हजार थप व्ययभार परेको । | भुक्तानी बिल हेरेर बढी भुक्तानी नहुने गरी फछ्र्यौट गर्न निर्देशन दिने । |
| ५३ | **निर्माण कार्यको गुणस्तर –** | *** |
| ५३.१ | डिभिजन सडक कार्यालय, इलाम अन्तर्गत फिक्कल–श्रीअन्तुडाँडा सडक निर्माणाधीन उक्त सडकको स्थलगत अवलोकन गर्दा सडकको विभिन्न स्थानमा पीच उप्केको र खाल्टो परेको देखिएकोले निर्माण कार्य गुणस्तयुक्त देखिएन । | एक महिनाभित्र छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ५३.२ | बेनी–दरबाङ सडक स्तरोन्नति कार्यमा ढुङ्गाको पर्खाल तथा ग्याविनको कार्य निर्माण सम्पन्न नहँुदै भत्केको देखिन्छ ।दोबिल्ला–फलेबास सडक खण्डको कालोपत्रे उप्किएको, विभिन्न स्थानको ग्यावियन तथा संरक्षण पर्खाल भत्केको एवं सिल्मी फाँट स्थित घुम्तीमा करिब ५० मिटर सडक बिग्रेको अवस्थामा देखिएकोले तोकिएको गुणस्तरमा निर्माण कार्य भएको देखिएन । | अनुगमन गरी वर्तमान अवस्थाको प्रगति प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| ५३.३ | सुनसरी मोरङ पुल आयोजना, पुल सेक्टर आयोजना पूर्वी सेक्टर १, डिभिजन सडक कार्यालय पाल्पा, सुर्खेत र मकवानपुरले सडक तथा पुल निर्माण कार्यलाई गुणस्तर युक्त बनाउन सडक विभागले जारी गरेको स्पेसिफिकेसन र निर्माण व्यवसायीले पेस गरेको गुणस्तर आस्वशतता योजनाअनुसार गुणस्तर परीक्षण गरेको पाइएन । | गुणस्तर परीक्षण गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने। |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ५३.४ | डिभिजन सडक कार्यालय, ओखलढुंगाअन्तर्गतको हर्कपुर—ओखलढुंगा सडक खण्डअन्तर्गत केत्तुकेदेखि रमाइलो डाँडासम्मको १० कि.मि. सडक कालोपत्र एक वर्ष नबित्दै अधिकांश कालोपत्र उप्केको । | सम्पन्न निर्माणको गुणस्तरयुक्त कार्य भए नभएको सुनिश्चित गरी मूल्यांकन प्रतिवेदन एक महिनाभित्र समितमा पेश गर्न निर्देशन दिने । |
| ५४ | **सडकको रेखाङ्कन —** कालीगण्डकी करिडोर अन्तर्गत राम्दीदेखि दार्पोक सम्म सडक चौडा एवं स्तरोन्नति कार्य गर्दा नदीको वहाव क्षेत्रमा सडक पर्न गएको। | सडक रेखांकनको पुनरावलोकन गरी निर्माण कार्य अगाडी बढाउन निर्देशन दिने । |
| ५५ | **बढी परिमाण —**एक्साभेशनको परिमाण गणना गर्दा शुरुमा ७ मिटर चौडाइ हुने परिमाण गणना गरेकोमा ९ मिटर चौडाईको लागि ८ लाख ४२ हजार घन मिटर परिमाण थप गरेको कारण रु.११ करोड ८० लाख लागत बढ्न गएको। | आवश्यकताको आधारमा गरेको देखिएकोले बेरुजु लगतबाट हटाउन निर्देशन दिने । |
| ५६ | **डिजाइन स्वीकृतिमा ढिलाइ —**सम्झौताको अवधिमा डिजाइन स्वीकृत नगर्नेलाई कारबाही हुनुपर्ने र डिजाइन स्वीकृत नहुँदै पुल निर्माण कार्यको समेत पेस्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ । | अब आइन्दा सम्झौताको अवधिमा डिजाइन स्वीकृत नगर्ने, डिजाइन स्वीकृत नहुँदै पुल निर्माण कार्यको पेस्की दिने कार्य नियन्त्रण गर्न निर्देशन दिने । |
| ५७ | **नर्म्स —** | *** |
| ५७.१ | कालीगण्डकी कोरिडोर,हुलाकी राजमार्ग आयोजना र डिभिजन सडक कार्यालय सुर्खेतअन्तर्गत यो वर्षसम्झौता भएको १०५ निर्माण कार्यमा १५ प्रतिशत जर्ती समावेश भएको कारण सिँचाइ विभाग र भवन विभागको तम्रसको तुलनामा सिमेण्ट बालुवाको जोडाई भएको ढुङ्गाको गारोलगाउने कार्यमा रु.९ करोड ६६ लाख ३७ हजार लागत बढ्न गएको । | पूर्वाधार तयार गर्ने मन्त्रालयहरुबीच समन्वय गरी एकीकृत नर्म्स तयार गरी निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |
| ५७.२ | मध्यपहाडी लोकमार्ग (पूर्वी खण्ड) अन्तर्गत ११ खरिद सम्झौतामा ढुङ्गाको परिमाण बढी प्रयोग हुनाले गारोलगाउने कार्यको लागत अनुमानमा रु.१ करोड ९३ लाख ७७ हजारले बढी हुन गएको छ । त्यस्तै डण्डी परिमाण बढी प्रयोग हुनाले ९ कार्यमा ६५.५ मेट्रिकटन फलामे डण्डी खपत बढ्न गई | पूर्वाधार तयार गर्ने मन्त्रालयहरुबीच समन्वय गरी एकीकृत नर्म्स तयार गरी निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | रु.५३ लाख ४१ हजारले लागत अनुमान बढी भएको । | |
| ५७.३ | डिभिजन सडक कार्यालय काठमाडौं २ ले निर्माण कार्य गरेकोमध्ये ५ सडक योजनाको लागत अनुमान तयार गर्दा थप ५ प्रतिशतले ६९२.३२ घन मिटर ढुङ्गा बढी प्रयोग भई प्रति घन मिटर रु.२३९९।०४ का दरले रु.१६ लाख ६१ हजार लागत बढेको । | पूर्वाधार तयार गर्ने मन्त्रालयहरुबीच समन्वय गरी एकीकृत नर्म्स तयार गरी निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |
| ५७.४ | डिभिजन सडक कार्यालय, दोलखाले सडक विभागको नर्म्सअनुसार निर्माण कार्य गरेकोमध्ये नमुना छनौट गरी केही कार्यको विश्लेषण गरेकोमा ५ सडक योजनाको लागत अनुमान तयार गर्दा अन्य निकायभन्दा ५ प्रतिशतले बढी ढुङ्गा प्रयोग भई रु.६१ लाख ४५ हजार लागत बढेको। | पूर्वाधार तयार गर्ने मन्त्रालयहरुबीच समन्वय गरी एकीकृत नर्म्स तयार गरी निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |
| ५७.५ | व्यापारिक मार्ग विस्तार आयोजना, रुपन्देहीले सडक विभागको नर्म्स प्रयोग गर्दा फलामे डण्डीको परिमाण बढी प्रयोग हुनाले ५ कार्यमा रु.६१ लाख ६९ हजार र ढुङ्गाको परिमाण बढी प्रयोग हुनाले ४ कार्यमा रु.२५ लाख ५० हजारले लागत अनुमान बढ्न गएको । | पूर्वाधार तयार गर्ने मन्त्रालयहरुबीच समन्वय गरी एकीकृत नर्म्स तयार गरी निर्माण कार्य गर्न गराउन निर्देशन दिने । |
| ५८ | **वातावरणीय प्रभाव मूल्याङ्कन** –वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नहुँदै यो वर्ष रु.१ अर्ब ३५ करोड २१ लाख भुक्तानी गरी सम्पन्न भएका ३ पुलको सोही कारणबाट ठेक्का फरफारक भएको देखिएन । निर्माण कार्य सुरु गर्दाकै अवस्थामा वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत हुनुपर्नेमा निर्माण कार्य सम्पन्न हुँदासम्म स्वीकृत नहुनु उचित देखिएन । | सुझाव अनुसार गर्न निर्देशन दिने। |
| ५९ | **भवन निर्माण** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) तथा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका तथा अख्तियारी पत्र अनुसार कुनै पनि कार्यक्रम सञ्चालन गर्न बजेट तथा कार्यक्रम स्वीकृत गर्नुपर्ने र बहुबर्षिय योजनाको लागि स्रोत सुनिश्चितता गरी ठेक्का व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । | अब आइन्दा स्रोतको सुनिश्चितता गरेर मात्र निर्माण कार्य गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | डिभिजन सडक कार्यालय, बुटवलले कार्यालय भवन निर्माण गर्दा भवन निर्माण कार्यको स्रोत सुनिश्चित नगरी ठेक्का व्यवस्थापन गरेकोले भवन निर्माण कार्य अधुरो रहने अवस्था छ | |
| ६० | **सडक सीमा संरक्षण** – नारायणघाट–मुग्लिङ खण्डको सडकको सीमा ५० मिटर कायम गरेको भएपनि सडक अतिक्रमण गरी निर्माण भएको स्थायी÷अस्थायी संरचनाको लागि यो वर्ष सडक सीमाभित्रका घर टहराको रु.१ करोड १० लाख ५४ हजार क्षतिपूर्ति दिए तापनि सडक सीमा खाली नगराएको। | तत्काल सडक सीमा खाली गराइ एक महिनाभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ६१ | **सडकको उपयोग** – डिभिजन सडक कार्यालय, बुटवलअन्तर्गत मणिग्राम र मोतिपुर जोड्ने तिनाउ नदीमा पुल निर्माण कार्य रु.१० करोड ३७ लाख ९५ हजारमा २०६९।९।१६ सम्म सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीससँग सम्झौता भएकोमा तोकिएको अवधिमा कार्य सम्पन्न नभएकोले २०७२।३।२४ सम्म म्याद थप भएको तथा रु.५ करोड २८ लाख ७७ हजार भुक्तानी गरे पनि कार्य सम्पन्न भएको छैन । उक्त पुल भारतीय एक्जिम बैङ्कको सहयोगमा सडक सुधार आयोजनाबाट निर्माण भैरहेको लुम्बिनी परिक्रमा सडक खण्डमा पर्ने र सडक निर्माण कार्य अन्तिम चरणमा पुगेकोले पुलको निर्माण कार्य सम्पन्न नभएसम्म सडक सञ्चालन हुन सक्ने अवस्था देखिएन । | पुलको डिजाइन स्वीकृत गरी यथाशिघ्र पुल निर्माण गरी सडक सञ्चालनमा ल्याउन निर्देशन दिने । |
| ६२ | **कुल लागत** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा योजना स्वीकृतिसम्बन्धी व्यवस्था रहेको छ । आयोजना पूर्वी खण्डको कार्य क्षेत्रमा ६८९ कि.मि. र पश्चिम खण्डको कार्य क्षेत्रमा १०८७ कि.मि. रहेको भएपनि सो रेखाङ्कनमा पटक पटक परिवर्तन भएको देखिन्छ । आयोजनाको एकमुष्ट विस्तृत आयोजना प्रतिवेदन एवं वातावरणीय अध्ययन प्रतिवेदन तयार | आयोजनाको विस्तृत परियोजना प्रतिवेदन एवम् वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | गरी स्वीकृत नभएकोले आयोजनाले निर्माण गर्नुपर्ने सडक र सोको लागत खुलेको छैन । | |
| ६३ | **अधुरा निर्माण कार्य –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौता र सोका शर्तहरुको व्यवस्था रहेको छ । सम्झौतामा उल्लिखित अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । आयोजनाको पश्चिम खण्ड कार्यालयले खरिद सम्झौता गरी कार्यान्वयनमा रहेका ६३ मध्ये १६ खरिद सम्झौताको अवधि समाप्त भएपनि निर्माण कार्य सम्पन्न भएको छैन । ती सम्झौताको म्याद थप नभएको र कार्य सम्पन्न समेत नभएकोले सार्वजनिक खरिद ऐन, नियम तथा सम्झौतामा रहेका व्यवस्था अनुसार रु. १२ करोड ८१ लाख ३१ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने, खरिद सम्झौताको अन्त्य गरी जमानत जफत तथा बाँकी निर्माण कार्य सम्पन्न गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुल गर्ने प्रक्रिया अगाडि बढाउनुपर्ने देखिन्छ । | म्याद थप भए नभएको एकिन गरी एक महिनाभित्र पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्न, जमानत जफत गर्न र बाँकी निर्माण कार्य सम्पन्न गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुल गरी एक महिनाभित्र समितिमा जानकारी गराउन निर्देशन दिने । |
| ६४ | **घुर्मी–चतरा सडक निर्माण –** घुर्मी –चतरा सडक निर्माण गर्न आयोजना पूर्वी खण्डले २०६८।६९ मा ठेक्का व्यवस्थापन गरेका रु.१४ करोड ३६ लाख ९५ हजारका २० ठेक्काको कार्य १ वर्षभित्र सम्पन्न गर्नुपर्नेमा ६ निर्माण व्यवसायीलाई बिगत वर्षमा रु.३ करोड ५७ लाख ४१ हजार भुक्तानी भई ४ ठेक्काको कार्य सम्पन्न भएको छ भने ३ ले काम शुरु गरेपनि सम्पन्न नगरेको र १३ निर्माण व्यवसायीले निर्माण कार्य शुरु नै गरेका छैनन्। वातावरणीय प्रभाव मूल्यांकन नगरी ठेक्का सम्झौता गरेकोमा हाल सडक निर्माण गर्न अनुमति प्राप्त भए पनि निर्माण व्यवसायीले साबिकको दरमा काम गर्न असमर्थता जनाएकोले ती ठेक्काहरु अलपत्र परेको छ । | निर्माण कार्य सम्पन्न हुन बाँकी रहेकाको हकमा नेपाल मध्यस्थता परिषदमा मुद्दा चलिरहेको जनाएकोले फैसला बमोजिम गर्न गराउन निर्देशन दिने । |
| ६५ | **दर विश्लेषण –** | *** |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ६५.१ | ठेक्का सम्झौता भएका निर्माण कार्यमध्ये परीक्षण गरिएका ८ निर्माण कार्यको लागत अनुमानमा मात्र रु.१ करोड १० लाख ३३ हजार थप भएको । | दोहोरो नपर्ने गरी भुक्तानी हुने व्यवस्था गर्न निर्देशन दिने । |
| ६५.२ | सडकको किनारामा पुर्न सोही स्थानमा जग खन्दा निस्केको माटो प्रयोग नगरी २ कि.मि. टाढाबाट ट्रकमा ढुवानी गर्ने गरी प्रति घन मिटर माटोको मूल्यकायम गरेको । | अब आइन्दा दर विश्लेषण गर्दा यथार्थपरक हुनेगरी गर्न गराउन निर्देशन दिने । |
| ६६ | **सार्वजनिक यातायात अध्ययन —** परामर्शदाताबाट प्राप्त प्रतिवेदनमा उपत्यकाभित्र सार्वजनिक यातायातका साधन तथा रुट सम्बन्धी विकल्प, तिनको प्राथमिकताक्रम, सम्भाव्यता अध्ययन, मूल्याङ्कन एवं सार्वजनिक यातायातको क्षेत्रमा गर्नुपर्ने नीतिगत, कानुनी एवं संस्थागत सुधारको सम्बन्धमा विभिन्न सुझावहरु कार्यान्वयन नभएको । | सार्वजनिक यातायातका साधन तथा रुट सम्बन्धि विकल्प, तिनको प्राथमिकताक्रम, सम्भाव्यता अध्ययन, मूल्याङ्कन एवं सार्वजनिक यातायातको क्षेत्रमा गर्नुपर्ने नीतिगत, कानुनी एवं संस्थागत सुधारको सम्बन्धमा प्राप्त भएका विभिन्न सुझावहरु कार्यान्वयन गर्न एक महिनाभित्र समितिमा कार्ययोजना पेश गर्न निर्देशन दिने । |
| ६७ | **पुलको गुणस्तर —** टेकु र कालिमाटी जोड्ने विष्णुमती नदीमा पुल निर्माणको गुणस्तर एवं सञ्चालन भएको सम्बन्धमा छानबिन हुनुपर्दछ । | एक महिनाभित्र छानविन गरी दोषी पाइएमा कानूनी कारवाही गर्न तथा असुल उपर गर्न निर्देशन दिने । |
| ६८ | **सडक पेटी सुधार —** सुधार गरिएका चोकहरुमा इन्टेलिजेन्ट ट्राफिक सिंग्नल जडानको लागि मास्ट आर्मको फाउण्डेसन कार्य भएकोमा उक्त सिंगनल जडानसम्बन्धी खरिद सम्झौता नभएको कारण मास्ट आर्ममा भएको करिब रु.३० लाख खर्च उपयोगविहीन हुन गएको देखिन्छ । | ट्राफिक चोक तथा पेटीहरुको सुधार गर्न निर्देशन दिने । |
| ६९ | **आयोजना कार्यान्वयन —** निर्माण गर्नुपर्ने पुल २१९ रहेको र सो मध्ये ७५ पुलको निर्माण कार्य सम्पन्न भएको, ८४ वटा पुल निर्माणधीन रहेको र ६० पुल डिजानइन स्वीकृत चरणमा रहेको । | सडक तथा पुल निर्माण कार्य निर्धारित समयमा सम्पन्न गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ७० | **वैदेशिक अनुदान —** अनुदानको रकम पूर्ण रुपमा उपयोग गर्नुपर्ने । | वैदेशिक अनुदानको पूर्ण रुपमा उपयोग हुनेगरी निर्धारित समयमा निर्माण कार्य सम्पन्न गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ७१ | **गुणस्तर परीक्षण —** एउटै काममा दोहोरो पर्ने गरी सम्भौता गरेको । | एउटै कामका लागि दोहोरो नपर्ने गरी सम्झौता तथा भुक्तानीको व्यवस्था मिलाउन निर्देशन दिने । |
| ७२ | **लक्ष्य प्राप्ति —** योजना कार्यान्वयनमा थप प्रभावकारिता ल्याउनुपर्ने । | अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने । |
| ७३ | **परामर्श सेवा खर्च —** सुपरिवेक्षणको लागि परामर्शदासँग समयबद्ध सम्झौता गरेकोले काम नभएको अवधिको सेवा शुल्कसमेत परामर्शदातालाई भुक्तानी दिनु परेकोले निर्माण खर्चको तुलनामा परामर्श सेवा खर्च ४६ प्रतिशत बढेको । | परामर्श सेवा सम्वन्धी कार्यमा सुधार गर्न कानूनी व्यवस्था गर्न निर्देशन दिने । |
| ७४ | **कार्य सम्पन्न प्रतिवेदन —** समयवधि भित्र त्रुटिहरु सच्चाई कार्य सम्पन्न प्रतिवेदन तयार स्वीकृत नगरेको । | सार्वजनिक खरिद नियमावली अनुरुप प्रक्रिया पुरा गरी कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गर्न गराउन निर्देशन दिने । |
| ७५ | **प्रतिवेदन कार्यान्वयन —** रु. ५० करोड २८ लाख ४२ हजार खर्च गरी तयार गरेको प्रतिवेदन कार्यान्वयनमा नआएको । | तयार गरेको उल्लेखित प्रतिवेदन कार्यान्वयनमा ल्याउन निर्देशन दिने । |
| ७६ | **लक्ष्य प्रगति —** तोकिएको समयावधिमा कार्य सम्पन्न नभएको । | लक्ष्यअनुसार प्रगति हासिल गर्ने गरी कार्य गर्न निर्देशन दिने । |
| ७७ | **निर्माणस्थलको व्यवस्था —** नियमानुसार निर्माणस्थलको व्यवस्था भएपछि मात्र खरिद सम्झौता गर्नुपर्ने । | सुझावअनुसार गर्न निर्देशन दिने । |
| ७८ | **कार्य परिवर्तन —** ९ प्याकेजमा सम्भौतामा उल्लेख भएको कालोपत्रे नगरी रु. ९२ लाख १५ हजार मर्मतमा खर्च गरेको । | मर्मत खर्च कन्ट्र्याक्टमै समावेश हुने गरी बिल अफ क्वान्टिटी तयार गर्न र प्रक्रिया पूरा गरेर मात्र कार्यक्रम संशोधन र परिवर्तन गर्न निर्देशन दिने । |
| ७९ | **निर्माण क्षति —** अन्य निकायबाट भएको सडक क्षतिको काममा सुधार गराउने वा निर्माण व्यवासायीले बीमा दाबी गरी गराउनुपर्ने काममा समेत छुट्टै ठेक्का प्याकेज तयार गरी नागरिक उड्डयन प्राधिकरणले रु. १ करोड ६६ लाखको लागत अनुमान स्वीकृत गरी रु. ६१ लाख ८२ हजारमा ठेक्का दिएको । | अब आइन्दा सम्वन्धित निकायबाट उल्लेखित व्यवस्था मिलाउन निर्देशन दिने । |
| ८० | **पुल निर्माण —** सम्झौता अवधिमा काम नगरेको । | सम्झौता अवधिमा काम नगर्नेलाइ सार्वजनिक खरिद नियमावली एवम् सम्झौतामा व्यवस्था भए बमोजिम कानूनी कारवाहि गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ८१ | **दोहोरो भुक्तानी —** त्रिपुरेश्वर - कलंकी सडकको निर्माण गर्ने निर्माण व्यावसायीले छैंठौं विलसम्म भुक्तानी भई सकेको ७ हजार ९३.६३ घनमिटरको रु. ६८ लाख ३८ हजार समेत आठौं बिलमा समावेश गरी भुक्तानी गरेको । | एक महिनाभित्र छानविन गरी दोषी देखिएमा कानूनी कारवाहि गर्न निर्देशन दिने । |
| ८२ | **रेल्वेसम्बन्धी कानुन —** रेल्वे निर्माण, सञ्चालन, नियमन सम्बन्धमा समसामयिक कानुनी व्यवस्था हुनुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ८३ | **रेल मार्गको लागत —** रेल्वे सञ्चालन सम्बन्धमा विस्तृत आयोजना प्रतिवेदन तयार नभएको । | डिपीआर तयार भइसकेकाले निर्माण कार्यलाई अगाडि बढाउन निर्देशन दिने। |
| ८४ | **अधिकार —** | *** |
| ८४.१ | काठमाडौं र ललितपुर महानगरपालिकाको चक्रपथमा मोनोरेल सञ्चालन सम्बन्धमा विभागसंग समन्वय हुनुपर्ने । | सम्वन्धित निकायहरुबीच समन्वय गरी मोनोरेल सञ्चालन कार्यलाई अगाडि बढाउन निर्देशन दिने । |
| ८४.२ | नागढुङ्गा- धुलिखेल मेट्रोरेलको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न लगानी बोर्डले ६ कम्पनी सूचीकृत गरेको । | सम्वन्धित निकायहरुबीच समन्वय गरी मेट्रोरेल सञ्चालन कार्यलाई अगाडि बढाउन निर्देशन दिने । |
| ८५ | **भारतसँग सम्झौता —** | |
| ८५.१ | ब्रोडगेज रेलमार्ग लिक निर्माण गर्ने सम्बन्धमा पुनरावलोकन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ८५.२ | रक्सौल काठमाडौं जोड्ने रेलमार्गको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार नभएको । | विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्न निर्देशन दिने । |
| ८६ | **केरुङ्ग-काठमाडौं रेल मार्ग —** विस्तृत आयोजना प्रतिवेदन तयार नभएको । | समयमा नै विस्तृत आयोजना प्रतिवेदन तयार गर्न निर्देशन दिने । |
| ८७ | **रेलमार्गको मापदण्ड —** आयोजनाले निर्माण गर्ने पूर्व पश्चिम रेलमार्ग, काठमाडौं वीरगञ्ज रेलमार्ग, केरुङ्ग काठमाडौं रेलमार्ग तथा भारतीय सीमानामा निर्माण हुने लिंक रेलमार्ग अन्तराष्ट्रियस्तरसँग तालमेल हुने गरी निर्माण हुनुपर्ने । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ८८ | **आयोजना स्वीकृत** — रेल्वे विकास आयोजनाले बर्दिवास काँकडभिट्टा खण्ड २६३.८ कि.मि. को रेलमार्गको लागि रु. १ खर्ब ७२ अर्ब ९८ करोड लागत लाग्ने गरी परामर्शदाताले तयार गरेको विस्तृत आयोजना प्रतिवेदन नेपाल सरकारमा पेश नगरी महानिर्देशक तहबाट स्वीकृत भएको । | विस्तृत आयोजना प्रतिवेदन नेपाल सरकारमा पेश गरी निर्माण कार्य अघि बढाउन निर्देशन दिने । |
| ८९ | **वातावरणीय प्रभाव मूल्याङ्कन** — रेल्वे विकास आयोजनाले रु. २ खर्ब २७ अर्ब १२ करोड लागत भएका इनरुवा- काँकडभित्ता, इटहरी - विराटनगर लिंक, बर्दिवास-इनरुवा, तम्सरीया-बुटवल खण्डको वातावरणीय प्रभाव मूल्याङ्कन मन्त्रालयबाट स्वीकृत नगराएको । | उल्लेखित खण्डको रेल्वे विकास गर्न वातावरणीय प्रभाव मूल्यांकन कार्य अघि बढाउन निर्देशन दिने । |
| ९० | **नर्म्स** — विभागले रेल्वे सम्बन्धी निर्माण कार्यको लागि छुट्टै नर्म्स तथा स्पेसिफिकेसन लागू नगरेको । | रेल्वे सम्बन्धि निर्माण कार्यका लागि छुट्टै नर्म्स तथा स्पेसिफिकेसन लागू गर्न निर्देशन दिने । |
| ९१ | **खरिदमा प्रतिस्पर्धा** — ठेक्कामा निश्चित व्यावसायी मात्र योग्य हुने गरी ठुलो प्याकेज बनाई पर्याप्त प्रतिस्पर्धाको सुनिश्चित नगरेको । | उल्लेखित निर्माण कार्यमा पर्याप्त प्रतिस्पर्धा हुने गरी ठेक्का प्याकेज तयार गर्न निर्देशन दिने । |
| ९२ | **वार्ताद्धारा खरिद** — सार्वजनिक खरिद ऐन २०६३ विपरित रेल्वे विकास आयोजनाले बाँके नदी र भप्सी नदीमा पुल निर्माण गर्न वार्ताद्धारा घटाघट गराई रु. ६६ करोड ८९ लाख ८१ हजारमा खरिद सम्भौता गरेको । | सार्वजनिक खरिद ऐन विपरित सम्झौता गर्ने पदाधिकारीलाई कानुनी कारबाही गरी तीन महिना भित्र समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ९३ | **बहुवर्षीय स्वीकृति** — खरिदका आवश्यक बजेट नभई खरिद कारवाहि गरेको । | सार्वजनिक खरिद ऐन विपरित सम्झौता गर्ने पदाधिकारीलाई कानुनी कारबाही गर्न र अब आइन्दा निर्माण पूर्वका कार्य सम्पादन गरेर मात्र आवश्यक बजेट सुनिस्चितता गरि खरिद सम्झौता गर्न निर्देशन दिने । |
| ९४ | **कार्य सम्पन्न** — सिमरा- बर्दिवास खण्डमा रु. ४ अर्ब ५२ करोड ९३ लाख भुक्तानी भएपनि निर्माण कार्य नभएको । | चालू आ.व. भित्र निर्माण कार्य सम्पन्न गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ९५ | **परामर्शदाताको जिम्मेवारी** — रु. २ अर्ब ४९ करोड ४९ लाखको सम्भौता | अब आइन्दा परामर्शदाता छनोट गर्दा कामको परिमाण फरक हुने स्थितिमा |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | भएकोमा सम्भौता कार्यान्वयनको क्रममा केही आइटमको परिणाममा अत्याधिक वृद्धि भई रु. ३१ करोड ५८ लाखको भेरिएसन आदेश गरी सम्भौता रमक रु. २ अर्ब ८१ करोड ७ लाख कायम भएकोले कामको परिणाम फरक पार्ने परमर्शदातालाई जिम्मेवार बनाउन पर्ने । | जिम्मेवार हुने गरी प्रावधान राखी परामर्श कार्य गर्न गराउन निर्देशन दिने । |
| ९६ | **इम्बोस्ड नम्बर प्लेट** — कार्यावधि सकिन लाग्दा समेत पर्सनालाइज्ड कार्य हुन नसकेको । | इम्बोस्ड नम्बर प्लेट राख्ने कार्यलाई समयमा सम्पन्न गर्न र उल्लिखित रकम सम्बन्धितबाट असुल गर्न निर्देशन दिने । |
| ९७ | **खर्चको स्रेस्ता** — रु. ४२ लाख १५ हजार भुक्तानी गरेको सम्भौता बीजक पेश नभएको, भुक्तानीमा कर कट्टी नगरेको तथा कारोबारको लेखा स्रेस्ता तयार नगरेको, खर्चको बिल भरपाई सहित लेखा नराखेको । | फरफारक भइसकेको जनाएकोले प्रमाण पेश गर्न निर्देशन दिने । |
| ९८ | **यातायात सेवाको पञ्जीकरण** — यातायात सेवाको पञ्जीकरण कार्य प्रभावकारी नभएको । | सम्बन्धित निकायबीच समन्वय गरी पञ्जीकरण कार्यलाई प्रभावकारी बनाउन निर्देशन दिने । |
| ९९ | **बढी भुक्तानी** — भीआरएस र डिएलआरएसको तथ्याङ्क बढी प्रिन्ट भएको देखाई रु. ३८ लाख ७४ हजार बढी भुक्तानी गरेको । | अदालतको फैसला आएपछि सो बमोजिम कार्यान्वयन गर्न निर्देशन दिने । |
| १०० | **राजस्व हिसाब** — महालेखा नियन्त्रक कार्यालयले देखाएको भन्दा रु. ३४ लाख ८९ हजार घटी र विभागका ७ कार्यालयले रु. ४५ लाख ३१ हजार बढी असुली देखाएकोले राजस्व फरक परेको देखिएको । | कार्यालयको सफ्टवेयर र म्यानुअलबीच एकरुपता कायम गर्न निर्देशन दिने । |
| १०१ | **सवारीचालक अनुमतीपत्र** — सवारीचालक अनुमतीपत्र प्रिन्ट र वितरणसम्बन्धी व्यावस्था प्रभावकारी बनाउनुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १०२ | **सम्पति मूल्याङ्कन** — वित्तीय विवरणको यथार्थ चित्रण नभएको । | कार्य सम्पन्न भइसकेकाले केही गर्नु नपर्ने । |
| १०३ | **बढी भुक्तानी** — डिभिजन सडक कार्यालय चितवनलाई टोल फण्ड अन्तर्गत ठेक्कामा कार्य सम्भौता गरेको भन्दा रु. २ करोड ३४ लाख ७६ हजार बढी | फरफारक भइसकेको जनाएकोले प्रमाण पेश गर्न निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | खर्च गरेको । | |
| १०४ | **बढी खर्च —** सडक मर्मत सम्भारका लागि स्वीकृत कार्यक्रम एंव बजेटभन्दा रु. ७ करोड ५४ लाख ४३ हजार बडी खर्च गरेको । | बढी खर्च हुनाको कारण लगायतका विषयमा छानविन गरी समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| १०५ | **दस्तुर सङ्कलन —** राजपत्रमा प्रकाशित सुचना अनुसार ७ स्थानमा सडक दस्तुर असुल गर्ने व्यवस्था नगरेको । | दस्तुर संकलन गर्ने कार्यलाई समयमा नै अध्ययन गरी प्रभावकारी बनाउन निर्देशन दिने । |
| १०६ | **सडक दस्तुर —** संशोधित दरअनुसार राजस्व असुल नगरेको । | सडक दस्तुर उठाउने कार्यलाई छिटो र प्रभावकारी बनाउन निर्देशन दिने । |
| १०७ | **आय ठेक्का —** | |
| १०७.१ | बढी कबोल गर्ने २ बोलपत्रदाताको रु. ४ करोड ६३ लाख ३३ हजारको प्रस्ताव स्वीकृत गरेको । | ठेक्कालाई यथार्थपरक बनाउन निर्देशन दिने । |
| १०७.२ | शुरु लागत अनुमान रु. ८ करोड २ लाख ६४ हजार संशोधित गरी ५५.६७ प्रतिशतले घटाई रु. ३ करोड ५५ लाख ८१ हजार कायम गरेको । | ठेक्कालाई यथार्थपरक बनाउन निर्देशन दिने । |
| १०८ | **संरचना पुनरावलोकन —** बोर्डको पुनर्संरचना हुनुपर्ने । | बोर्डको पुनर्संरचना गर्ने कार्यलाई समयमा नै सम्पन्न गर्न निर्देशन दिने । |

## प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
# शहरी विकास मन्त्रालय

## महालेखापरीक्षकको ५१औं वार्षिक प्रतिवेदन, २०७० उपर छलफल भई समितिको २०७२/०५/०४ गते भएका निर्णयका सम्बन्धमा पुनः गरिएको निर्णय

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको पुनः निर्णय |
|---|---|---|
| ३२ | **मूल्य समायोजन —** एउटै शर्त रहेको अन्य एक ठेक्काका निर्माण व्यवसायीबाट रकम असुल गर्नुपर्ने र सम्झौताको शर्त विपरित रु. ९५ लाख ४१ हजार मूल्य बृद्धि दिएको रकमसमेत वास्तविक गणनाबाट पाउनेभन्दा बढी भुक्तानी दिएको हुँदा उक्त बढी रकम असुल गरी जिम्म्वार उपर कारवाही गर्नुपर्ने । | बढी रकम तीन महिनाभित्र असुल गरी सम्परीक्षण गराउने र सम्झौता विपरित भुक्तानी दिनेलाई एक महिनाभित्र सचेत गराउने निर्णय भएकोमा उपलब्ध कागजात अध्ययनबाट मूल्य वृद्धि दिएको टेण्डर डकुमेण्ट र सम्झौताको शर्तअनुरुप नै भएको देखिदा उल्लिखित बेरुजुका सम्बन्धमा पुनर्विचार गरी प्रक्रिया पूरा गरेर बेरुजु फछ्र्यौट गर्न गराउन महालेखापरीक्षकको कार्यालयलाई निर्देशन दिने । |

**खण्ड-४**

# उपसमितिको प्रतिवेदन

संघीय संसद

प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

# कालीगण्डकी कोरिडोरको निर्माण कार्य र विभिन्न जिल्लास्थित कार्यालयहरुको बेरुजुको अवस्था बारे अध्ययन गर्न गठित उपसमितिद्वारा तयार गरिएको अध्ययन प्रतिवेदन, २०७७

## प्रस्तुतकर्ता

| | | |
|---|---|---|
| माननीय पुष्पाकुमारी कर्ण कायस्त | - | संयोजक |
| माननीय चन्दा चौधरी | - | सदस्य |
| माननीय पार्वता डि.सी. (चौधरी) | - | सदस्य |
| माननीय प्रदिप यादव | - | सदस्य |
| माननीय पार्वती कुमारी विशुन्के | - | सदस्य |
| माननीय मिना सुब्बा | - | सदस्य |
| माननीय मैना कुमारी भण्डारी | - | सदस्य |
| माननीय बिनादेवी बुढाथोकी | - | सदस्य |

## समिति सचिवालय

| | | |
|---|---|---|
| डा. रोजनाथ पाण्डे | - | समिति सचिव |
| श्री सरस्वती मरहट्टा | - | शाखा अधिकृत |
| श्री रामप्रसाद सापकोटा | - | नायब सुब्बा |
| श्री श्यामकुमारी घर्ती | - | कार्यालय सहयोगी |

२०७७ चैत्र

# मन्तब्य

**माननीय सभापतिज्यू,**
**सार्वजनिक लेखा समिति ।**

**समितिको मिति २०७७ चैत्र २२ गतेको बैठकको निर्णयानुसार कालिगण्डकी कोरिडोर (उत्तर-दक्षिण) र विभिन्न जिल्लाका जिल्लास्थित कार्यालयहरुको बेरुजुको अवस्थाको सम्बन्धमा अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न गठित यस उपसमितिले आफूलाई प्राप्त कार्यादेशबमोजिम जिम्मेवारी निर्वाह गर्ने क्रममा बागलुङ्को मालढुंगादेखि मुस्ताङ्को कोरला नाकासम्मको स्थलगत अवलोकन भ्रमणका क्रममा आयोजनाका प्रमुखसँग कोरिडोरको सम्बन्धमा आवश्यक जानकारी लिएको थियो । राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको कालिगण्डकी कोरिडोर आ.व. २०६६/०६७ मा निर्माण कार्य प्रारम्भ भई आ.व. २०७६/०७७ मा सम्पन्न गर्ने लक्ष्य भएतापनि शुरु भएको ११ वर्ष बितिसक्दा पनि लक्ष्य अनुसार प्रगति हासिल हुन नसकेको, सडक निर्माणमा सम्बन्धित निकायहरु बीच समन्वयको अभाव देखिएको, विभिन्न बहानामा निर्माणको कामले गति लिन नसकेको, कुल एघार प्याकेजमध्ये केही प्याकेजको काम मात्र सम्पन्न भएको, कालिगण्डकी नदीको कटान र भूबनोट पनि केही हदसम्म समस्याका रुपमा रहेको पाइयो ।**

**उपसमितिले बेरुजुका सम्बन्धमा बागलुङ्, पर्वत, म्याग्दी र मुस्ताङ् जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित कार्यालयका कार्यालय प्रमुख तथा प्रतिनिधि कर्मचारीहरुसँग कार्यालयमा बेरुजु शुन्य कसरी बनाउन सकिन्छ भन्ने विषय छलफल र अन्तर्क्रिया गरेको थियो । यस क्रममा केही कार्यालयहरु नयाँ खडा भएकोले बेरुजु नभएको, केहीमा बेरुजु शुन्य रहेको, केही कार्यालयहरु प्रदेशमा हस्तान्तरण भएकाले बेरुजु के कति छ र काम कसले गर्ने भन्ने अन्यौल रहेको पाइयो । मुस्ताङ् जिल्लामा करिब आठ महिना हिउँले ढाकिने हुँदा चार महिना काम गरेर विनियोजित बजेट तलबभत्तामा मात्र खर्च हुने गरेको, विकासका कामहरु समयमै सम्पन्न गरी चौमासिक प्रगतिको लेखाजोखा गर्न कठिनाई परेको, बेरुजु फछ्र्यौट गर्न लेखाका कर्मचारीको कमी रहेको भनी गुनासो समेत आएको थियो ।**

**अन्त्यमा, उपसमितिको कार्यमा मार्ग दर्शन गर्नु हुने माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु, उपसमितिको काममा समन्वयात्मक सहयोग पुऱ्याउने समिति सचिवालय परिवार र उपसमितिको यस कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सबैमा उपसमितिको तर्फबाट म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।**

**धन्यवाद ।**

**मितिः २०७८ वैशाख**

**(मा. पुष्पा कुमारी कर्ण कायस्त)**
**संयोजक**

परिच्छेद - एक

# प्रारम्भिक

## १.१ अध्ययनको पृष्ठभूमि :-

सरकारलाई सँघीय सँसदप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह समेत दिनका लागि नेपालको सँविधानको धारा ९७ बमोजिम सँघीय सँसदमा विभिन्न विषयगत समितिहरु रहने व्यवस्था सँघीय सँसद, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६९ ले गरेको छ । सोही नियमावलीको नियम १७५ मा विषयगत समितिहरुको काम, कर्तव्य र अधिकार सम्बन्धमा विस्तृतीकरण गरिनुका साथै उपनियम (४) मा सार्वजनिक लेखा समितिको थप क्षेत्राधिकार बारेमा उल्लेख गरिएको छ ।

नियमावलीले निर्दिष्ट गरेको जिम्मेवारी पूरा गर्नको लागि समितिले विषय अनुसार विभिन्न उपसमितिहरु गठन गरी सो मार्फत् कार्यसम्पादन गर्दै आएको छ । यसै क्रममा समितिको २०७७ चैत्र २२ गते बसेको ५३ औं बैठकले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइए बमोजिम कालीगण्डकी कोरिडोरको निर्माण कार्यको समयावधि सकिन लाग्दा पनि आयोजनाको काममा लक्ष्य अनुसार प्रगति नभएको, प्रभावित जनतालाई मुआब्जा वितरण सम्बन्धि काममा समस्या यथावत रहेको, विभिन्न बहानामा निर्माण कार्यमा ढिलाई भइरहेको, राष्ट्रिय गौरवका आयोजनाहरु समयमा सम्पन्न नहुँदा लाभान्वित हुनु पर्ने नागरिकमा असर परेको सम्बन्धमा र कास्की, बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ जिल्लाहरुका सँघीय, प्रदेश र स्थानीय तहका कार्यालयहरुको बेरुजुको अवस्थाको सम्बन्धमा अध्ययन गरी आवश्यक सुझाव एवं निर्देशन दिन आवश्यक देखिएकोले यो अध्ययन, तथा स्थलगत अनुगमन भ्रमणको कार्य गरिएको थियो ।

## १.२ अध्ययन अनुसन्धानको विषय, उद्देश्य, कार्यक्षेत्र र शर्तहरु :-

यस उपसमितिको अध्ययनको मुख्य विषय महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको कालीगण्डकी कोरिडोरको निर्माण कार्यको अवस्था र विभिन्न जिल्लामा अवस्थित कार्यालयहरुको बेरुजु फछ्र्यौटको अवस्थालाई अध्ययन तथा अनुसन्धानको मुख्य आधार मानेर सार्वजनिक लेखा समितिले उपसमिति मार्फत विस्तृत अध्ययन गरी आवश्यक निर्णय लिने योजना बनाएको थियो । समितिको ५३औं बैठकले गरेको निर्णय अनुसार कालीगण्डकी कोरिडोरको निर्माणको अवस्था र विभिन्न जिल्लास्थित कार्यालयहरुको बेरुजुको अवस्थाको सम्बन्धमा अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न गठित अध्ययन उपसमितिको उद्देश्य र कार्यक्षेत्र देहायबमोजिम रहेको थियो :

**कार्यक्षेत्र र शर्तहरुः**

(क) गण्डकी प्रदेश सभाको सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुसँग बेरुजु फछ्र्यौट सम्बन्धमा अन्तर्क्रिया गर्ने,

(ख) महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा बागलुङ्, पर्वत, म्याग्दी र मुस्ताङ् जिल्लामा सञ्चालित विभिन्न आयोजना/परियोजनाहरुमा औंल्याइएका बेरुजुका सम्बन्धमा सम्बन्धित पदाधिकारी तथा सरोकारवालाहरुसँग छलफल, अर्न्तक्रिया र स्थलगत अवलोकन गर्ने,

(ग) कालीगण्डकी कोरिडोरको निर्माण समयमै सम्पन्न नभई लागत र समय बढी लागेको, बेरुजु बढ्दै गएको सम्बन्धमा सम्बन्धित सरोकारवाला पदाधिकारीसँग अर्न्तक्रिया, छलफल र स्थलगत अवलोकन भ्रमण गर्ने,

(घ) सार्वजनिक लेखा समितिको आन्तरिक कार्यविधि अनुसार कामकारवाही गर्ने,

(ङ) उपसमितिले कार्य प्रारम्भ गरेको मितिले एक महिना (३० दिन) भित्र समितिमा प्रतिवेदन पेश गर्ने ।

उपसमितिले कार्यक्षेत्रभित्रको प्राप्त जिम्मेवारी निर्वाह गर्ने क्रममा प्रारम्भिक बैठकबाट के-कस्तो विधि र प्रक्रिया अवलम्बन गरी कार्य सम्पादन गर्ने भन्ने तय गरेको थियो । उपसमितिलाई प्राप्त सूचना र त्यसमा उल्लेख भएका घटनाक्रमका अतिरिक्त उपलब्ध भएका कागजात सम्बन्धमा विस्तृत छलफल भएको थियो । त्यसैगरी स्थलगत अवलोकन भ्रमणाका क्रममा अनुभूत गरिएका अवस्थाहरु र बेरुजु सम्बन्धि छलफलका क्रममा उठेका विषयहरु समेतलाई समेटेर उपसमितिको निर्देशन अनुरुप निर्धारित समयभित्रै सचिवालयबाट तयार मस्यौदा विवरणहरुमा विस्तृत छलफल गरेको थियो । विभिन्न स्रोतबाट प्राप्त जानकारीको अध्ययन, अनुसन्धान, विश्लेषण र छलफललाई आफ्नो कार्यसम्पादनको मुख्य विधि तय गरेको उपसमितिले यो प्रतिवेदन कार्यान्वयनका लागि समिति समक्ष प्रस्तुत गरेको थियो । यस स्थलगत अध्ययनको क्षेत्र कालिगण्डकी कोरिडोरमा पर्ने बागलुङ्, पर्वत, म्याग्दी र मुस्ताङ लगायतका जिल्लाहरुमा केन्द्रित रहेको थियो ।

## १.३ अध्ययनको विधि :-

कालीगण्डकी कोरिडोर र बेरुजुको सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिले यो प्रतिवेदन तयारीका लागि स्थलगत रुपमा बागलुङ्को मालढुंगादेखि मुस्ताङ्को कोरला नाकासम्म निर्माणधीन कोरिडोर र बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ् जिल्लामा रहेका कार्यालयहरुको बेरुजुको अवस्थाका सम्बन्धमा विस्तृत अध्ययन, छलफल तथा सम्बन्धित कार्यालय प्रमुख र पदाधिकारीहरुसँग अन्तर्क्रिया गरी उठेका विषयहरुलाई प्रतिवेदनमा समावेश गरिएको छ । यसै क्रममा समिति सचिवबाट बेरुजु के हो, किन हुन्छ, महालेखापरीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदनमा औंल्याउने बेरुजु केकस्ता हुन्छन्, र कार्यालयलाई बेरुजु शुन्य बनाउन केकस्ता उपायहरु अवलम्बन गर्नु उपयुक्त हुन्छ भन्ने विषयमा सँक्षिप्त विवरणको प्रस्तुतीकरण भएको थियो ।

## १.४ स्थलगत अध्ययन टोली :-

कालीगण्डकी कोरिडोरको निर्माण कार्य र विभिन्न जिल्लास्थित कार्यालयहरुको बेरुजुको अवस्थाबारे अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्ने मुख्य उद्देश्य लिई मिति २०७७/१२/२२ गते बसेको समितिको ५३औं बैठकले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १८२ बमोजिम माननीय पुष्पाकुमारी कर्ण कायस्तको सँयोजकत्वमा देहायबमोजिम आठ सदस्यीय उपसमिति गठन गरेको थियो ।

उपसमितिको कार्य अवधि काम सुरु गरेको मितिले एक महिना तोकिएको थियो । स्थलगत अध्ययन टोलीमा उपसमितिका माननीय सदस्यहरु, समिति सचिव र तीनजना कर्मचारीहरुसहित १२(बाह्र) सदस्यीय तपसिल बमोजिमका व्यक्तिहरु सम्मिलित हुने कार्यक्रम तय भएतापनि उपसमितिका तीनजना माननीयहरु कार्यव्यस्तताको कारण भ्रमण टोलीमा सँलग्न हुन सक्नु भएको थिएन ।

| क्र.सँ. | नाम, थर | पद |
|---|---|---|
| १. | माननीय पुष्पाकुमारी कर्ण कायस्त | सँयोजक |
| २. | माननीय चन्दा चौधरी | सदस्य |
| ३. | माननीय पार्वता डि.सी. (चौधरी | सदस्य |
| ४. | माननीय प्रदिप यादव | सदस्य |
| ५. | माननीय पार्वती कुमारी विशुन्के | सदस्य |
| ६. | माननीय मिना सुब्बा | सदस्य |
| ७. | माननीय मैना कुमारी भण्डारी | सदस्य |
| ८. | माननीय बिनादेबी बुढाथोकी | सदस्य |
| ९. | डा. रोजनाथ पाण्डे | समिति सचिव |
| १०. | श्री सरस्वती मरहट्टा | शाखा अधिकृत |
| ११. | श्री रामप्रसाद सापकोटा | नायब सुब्बा |
| १२. | श्री श्यामकुमारी घर्ती | कार्यालय सहयोगी |

## १.५ प्रतिवेदनको सँरचना :-

प्रस्तुत प्रतिवेदनलाई चार परिच्छेद र दुई अनुसूचीमा विभाजन गरिएको छ । परिच्छेद-१ मा प्रारम्भिक खण्ड अन्तर्गत पृष्ठभूमि, गठन र उद्देश्य एवं कार्यविधि तथा कार्यक्षेत्र उल्लेख गरिएको छ । परिच्छेद-२ मा कालीगण्डकी कोरिडोरको स्थलगत अवलोकन भ्रमणका क्रममा देखिएका वस्तुस्थिति, समस्या, निर्माणमा भएको ढिलाई र उपसमितिले देखेका विषयहरुलाई समावेश गरिएको छ । परिच्छेद-३ मा उपसमितिले बागलुङ्, पर्वत, म्याग्दी र मुस्ताङ् जिल्लास्थित कार्यालयहरुको बेरुजुको अवस्था र भावी

**योजनाका सम्बन्धमा प्रमुख जिल्ला अधिकारी, सम्बन्धित कार्यालयहरुका कार्यालय प्रमुख र प्रतिनिधिहरुसँग विस्तृत छलफल र अन्तर्क्रिया गर्दा उठेका विषय, प्राप्त सुझाव र उपसमितिको धारणालाई समावेश गरिएको छ । परिच्छेद-४ मा उपसमितिको निष्कर्ष र सुझाव रहेको छ साथै कालिगण्डकी कोरिडोरको स्थलगत अवलोकनका केही दृष्यहरु र विभिन्न जिल्लाहरुमा जिल्लास्थित कार्यालयहरुको बेरुजुको अवस्थाबारे गरिएको छलफल र अन्तर्क्रियाको केही झलकहरुलाई समावेश गरिएको छ ।**

परिच्छेद - दुई

# कालिगण्डकी कोरिडोरको निर्माणाधीन राजमार्गको स्थलगत अवलोकन

राष्ट्रिय गौरवका आयोजनाहरु मध्येको एक कालिगण्डकी कोरिडोर (उत्तर-दक्षिण) नवलपरासीको गैंडाकोटदेखि मुस्ताङ्को कोरलासम्म जम्मा ४३५ कि.मी. रहेको छ । यसले नवलपरासीदेखि मुस्ताङ्सम्म ९ वटा जिल्लाहरुलाई समेटेको छ । यो आयोजना आ.व. २०६६/०६७ बाट निर्माण कार्यको प्रारम्भ भई आ.व. २०७६/०७७ मा सम्पन्न गर्ने लक्ष्य रहेको थियो । यस आयोजना सम्पन्न गर्न कुल लागत रु. २७५१ करोड लाग्ने अनुमान गरिएको थियो । हालसम्म सम्पूर्ण ४३५ कि.मी. सडकखण्डको ट्र्याक खोल्ने काम र ११८ कि.मी. भन्दा बढी ग्राभेलिङ्को काम सम्पन्न भएतापनि आयोजना शुरु भएको ११ वर्ष बितिसक्दा पनि यसको भौतिक तथा वित्तीय प्रगति भने न्यून रहेको देखिन्छ । झैते कोरला सडक निर्माण कार्य ७ मिटर रहने भनिएपनि ११ मिटर कायम गरिएको, स्लोप कटिङ् गर्नु पर्ने स्थानमा बक्स कटिङ् गरेको, एक्साभेशनको परिमाण ३१ हजार घन मिटर हुनु पर्नेमा ६३ हजार घनमिटर राखी सम्झौता गरेको र एक्साभेशनको परिमाण गणना गर्दा शुरुमा ७ मिटर चौडाइ हुने परिमाण गणना गरिएकोमा ९ मिटरको लागि ८ लाख ४२ हजार घनमिटर परिमाण थप गरेकोले रु. ११ करोड ८० लाख लागत बढ्न गएको भनी लेखापरीक्षण गर्दा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले औंल्याएको छ । कालिगण्डकी कोरिडोर (उत्तर-दक्षिण) को बागलुङ्को मालढुंगादेखि मुस्ताङको कोरलासम्मको सडक खण्डको स्थलगत अवलोकनका क्रममा देखिएका अवस्थाहरु निम्नबमोजिम रहेका छन्:

- कालिगण्डकी नदीको जलप्रवाहको वेगको कारण सडकखण्डको तल्लो भाग बढी खियाउने गरेको र माथिल्लो भागबाट हरेक वर्ष सडकमा पहिरो जाने समस्या रहेको,
- म्याग्दी जोमसोम खण्डको सडक निकै साँघुरो रहेको,
- सडकमाथिबाट खस्ने पहिरोको कारण समय समयमा सडकको साथै मानवीय क्षति समेत हुने गरेको,
- समयमा सडकको निर्माण तथा स्तरोन्नति नहुनाले कोरिडोर सम्पन्न हुने वर्ष र लागत बढिरहेको,
- सडक निर्माणबाट प्रभावित नागरिकहरुलाई समयमै मुआब्जा/क्षतिपूर्ति वितरण नगर्दा सडक बिस्तारमा कठिनाई भएको,
- कठिन भौगोलिक बनावटको बहाना बनाएर ठेकेदारले समयमा काम सम्पन्न नगर्दा समय र लागत बढ्दै गएको,
- चीनसँगको व्यापारको द्वारको रुपमा रहने कोरला नाका सडक निर्माणमा भइरहेको ढिलाईको कारण समयमै सम्पन्न हुने सम्भावना नदेखिएको,
- नेपाल विद्युत प्राधिकरणसँग समन्वय नहुँदा निर्माणाधीन सडकमा बिजुलीका पोल र लाइन बिस्तार गर्ने र हटाउने कार्यमा दोहोरो खर्च भएको देखिएको,
- थुप्रै स्थानमा पुलपुलेसा निर्माणकार्य अधुरो रहेको,
- केही स्थानमा घरटहरा नहटाएका कारण हालसम्म पनि बिस्तारको कार्य हुन नसकेको ।

परिच्छेद - तीन

# बेरुजु फछ्र्यौटका सम्बन्धमा जिल्लास्थित कार्यालयका प्रमुखहरुसँग गरिएको अन्तर्क्रिया

बेरुजु फछ्र्यौटका सम्बन्धमा स्थलगत अध्ययन गर्न गठित उपसमितिले आफ्नो स्थलगत अध्ययनको क्षेत्र निर्धारण गर्दा गण्डकी प्रदेशका पर्वत, बागलुङ, म्याग्दी, र मुस्ताङका जिल्लाहरु चयन गरेको थियो । सोही अनुरुप उक्त जिल्लाहरुमा कार्यालय प्रमुखहरुसँग अन्तर्क्रिया तथा छलफल गरी त्यहाँको वस्तुस्थिति तथा समस्याहरुको वारेमा जानकारी लिएको थियो ।

**पर्वत जिल्लामा गरिएको छलफल तथा अन्तर्क्रिया :**

मिति २०७७/१२/२७ गते पर्वतको जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सँचालित अन्तर्क्रिया कार्यक्रममा जिल्लास्थित कार्यालयका प्रमुखहरुसँग बेरुजुको अवस्थाको सम्बन्धमा छलफल सम्पन्न भयो । सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुको उपस्थितिमा कार्यालय प्रमुखहरुले आ-आफ्ना धारणा राख्नुभएको थियो । यस जिल्लामा कुल बेरुजु ९ करोड ३० लाखभन्दा बढी रहेको पाइयो । उक्त अवसरमा सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुले बेरुजु फछ्र्यौटका सम्बन्ध आ-आफ्ना धारणा राख्नुभएको थियो । केही कार्यालयहरु नयाँ स्थापना भएकाले बेरुजु नभएको, केही कार्यालयको बेरुजु शून्य रहेको पाइयो । राज्य पुनर्संरचना पछि हस्तान्तरण भएका कार्यालयहरुको बेरुजु फछ्र्यौटमा समस्या रहेको देखियो जसमा शिक्षा कार्यालय, जिल्ला विकास समिति, जनस्वास्थ्य कार्यालय, जिल्ला वन कार्यालय लगायतका बेरुजु फछ्र्यौटमा समस्या रहेको देखियो । यस जिल्लामा कार्यालय प्रमुखहरुमा युवाहरुको बाहुल्यता रहेको, महिला कार्यालय प्रमुखहरुको पनि उल्लेख्य उपस्थिति रहेको थियो । शिक्षा कार्यालयको पेश्की बेरुजु रहेको सम्बन्धमा उपसमितिसमक्ष जानकारी गराइएको थियो ।

**बाग्लुङ जिल्लामा गरिएको छलफल तथा अन्तर्क्रिया :**

कालिगण्डकी कोरिडोरको निर्माणका सम्बन्धमा आयोजना प्रमुख तथा सम्बद्ध कर्मचारीहरुसँग छलफल गरी हालको अवस्था र विद्यमान समस्याहरुका बारेमा छलफल गरियो । काली गण्डकी कोरिडोरको मालढुङ्गादेखि कोरला नाका सम्मको खण्डलाई ११ प्याकेजमा निर्माण गर्दैगरेको, मालढुङ्गादेखि बेनी खण्डको निर्माण कार्यको ठेक्का लाग्न बाँकी रहेको, अन्य खण्डमा केहीमा कालोपत्रे गर्ने तयारी रहेको, केहीमा ग्रेडिङ हुँदै गरेको, केही स्थानमा भौगोलिक प्रतिकूलताका कारण पहिरो जाने र निर्माणकार्यमा अवरोध भएको, केही स्थानमा घर टहराका कारण विवाद रहेको, केही स्थानमा विद्युतका पोल र लाइन बिस्तारले समस्या रहेको, ठेकेदार कम्पनीले पर्याप्त जनशक्ति र उपकरण प्रयोग नगरेको, ढिलासुस्तीका कारण निर्धारित समयमा काम सम्पन्न हुने स्थिति नरहेको जानकारी प्राप्त भयो । उक्त अवसरमा

सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुले काली गण्डकी कोरिडोरको राजमार्ग निर्माणमा भएको ढिलासुस्तीका सम्बन्धमा आ–आफ्ना धारणा राख्नुभएको थियो ।

**मुस्ताङ् जिल्लामा गरिएको छलफल तथा अन्तर्क्रिया :**

मिति २०७७/१२/३० गते मुस्ताङ् जिल्लास्थित कार्यालयका कार्यालय प्रमुखहरुसँगको छलफल तथा अन्तर्क्रिया कार्यक्रम सहायक प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुको उपस्थितिमा सम्पन्न भयो । उक्त अवसरमा सार्वजनिक लेखा समितिका सचिवले कार्यक्रमको उद्देश्यबारे प्रस्तुति दिनुभएको थियो भने कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुखले जिल्लाको समग्र बेरुजु फछ्र्यौटको स्थिति प्रस्तुत गर्नुभयो । उक्त अवसरमा सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुले बेरुजु फछ्र्यौटका सम्बन्धमा आ–आफ्ना धारणा राख्नुभएको थियो ।

मुस्ताङ् जिल्लाको कठिन भूबनोटका कारण विनियोजित बजेट खर्चबाट विकास निर्माणका कार्य गर्न कठिनाई हुने गरेको, लगभग आठ महिना हिउँले ढाकिने भएकोले काम समयमै सम्पन्न गर्न नसकिएको, जिल्लामा मुखिया प्रथा कायमै रहेकोले जग्गाको नापी समेत एक प्रतिशतभन्दा बढी हुन नसकेको, बजेट तलबभत्तामा मात्र खर्च हुनाले धेरै कार्यालयहरुको बेरुजु शून्य रहेको उपसमिति समक्ष बताइएको थियो । कार्यक्रम सँशोधन गर्न LMBIS मा प्रविष्टी गर्नु पर्नाले समस्या हुने गरेको र भौगोलिक अवस्थितिकै कारण चौमासिक प्रगति अन्य जिल्लाको जस्तो नमिल्ने उपसमिति समक्ष बताइएको थियो ।

**म्याग्दी जिल्लामा गरिएको छलफल तथा अन्तर्क्रिया :**

मिति २०७७/१२/३१ गते म्याग्दीको जिल्ला प्रशासन कार्यालयमा जिल्लास्थित कार्यालयका कार्यालय प्रमुख तथा प्रतिनिधिहरुसँग बेरुजुको अवस्थाका सम्बन्धमा छलफल तथा अन्तर्क्रिया सम्पन्न भयो । उक्त अवसरमा सार्वजनिक लेखा समितिका सचिवले कार्यक्रमको उद्देश्यबारे प्रस्तुति दिनुभएको थियो भने सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुले बेरुजु फछ्र्यौटका सम्बन्धमा आ–आफ्ना धारणा राख्नुभएको थियो । केही कार्यालयहरुको बेरुजु शून्य रहेको, साविकका कार्यालयहरु हस्तान्तरण भएको अवस्थामा अभिलेखहरु व्यवस्थित गर्न नसकिएको र सँघ, प्रदेश तथा स्थानीय तह भएपछि बेरुजुको कुन काम कसले कसरी गर्ने भन्ने अन्योल कायमै रहेको, कतिपय कार्यालयहरुमा लेखाका कर्मचारी नहुनाले काममा अप्ठ्यारो परेको, ठेकेदारलाई दिएको मोबिलाइजेशन पेश्की बेरुजुमा देखिने गरेकोले समस्या हुने गरेको भनी उपसमितिसमक्ष बताइएको थियो ।

छलफलमा उठेका विषयका सम्बन्धमा उपसमितिका माननीय सदस्यहरुले जिज्ञासा व्यक्त गर्नुका साथै आगामी दिनमा अवलम्बन गर्नुपर्ने उपायका बारेमा सुझाव दिनु भएको थियो ।

## परिच्छेद - चार

# स्थलगत अध्ययनको निष्कर्ष र सुझाव

सार्वजनिक लेखा समितिको बेरुजु फछ्र्यौट उपसमितिको स्थलगत अवलोकन तथा जिल्लास्थित कार्यालयका कार्यालय प्रमुखहरुसँग गरिएको अन्तर्क्रिया कार्यक्रमहरुबाट निम्न निश्कर्ष तथा सुझावहरु प्राप्त भएका छन् :

**निष्कर्ष :**

देशकै गौरवको रुपमा सँचालनमा रहेको आयोजना कालीगण्डकी कोरिडोरको राजमार्ग निर्माणको निर्धारित समय सीमा समाप्त भइसकेको र कोभिड प्रकोपका कारण २०७८ आषाढ मसान्तसम्म निर्माण ठेक्का अवधि थप गरिएको भए पनि आधाभन्दा बढी काम सम्पन्न हुन बाँकी रहेको अवस्थामा यसको लागत बढ्ने र जनताले प्रतिफल प्राप्त गर्न अझै धेरै समय लाग्ने स्थिति देखापरेको छ । सरकारले समयमै साइट क्लियर गर्ने, मुआब्जा विवाद समाधान गर्ने, अन्य निकायसँग समन्वय गर्ने र आवश्यक रकमको व्यवस्था गर्ने तथा अनुगमनलाई प्रभावकारी बनाई आयोजना यथाशिघ्र सम्पन्न गर्न आवश्यक देखिएको छ ।

यसै गरी जिल्लास्थित बेरुजु फछ्र्यौटका अवस्था विश्लेषण गर्दा केही कार्यालयमा बेरुजु शून्य रहेको, पुरानो बेरुजु फछ्र्यौटमा समस्या रहेको र लेखापरीक्षण गर्दा एकरुपता नभएको र छिटोछिटो कार्यालय प्रमुखको सरुवाले गर्दा जिम्मेवारी लिने कार्यमा कमी आएकोले कार्यालय प्रमुख लगायत सम्बन्धित कर्मचारीहरुलाई जिम्मेवार बनाई कार्य सम्पादनसँग जोडेर कार्ययोजना बनाई कामकारबाही अघि बढाउनुपर्ने देखिएको छ ।

**समितिबाट दिनुपर्ने सुझाव एवं निर्देशनहरु :**

१. राष्ट्रिय गौरवको आयोजनाका रुपमा सँचालनमा रहेको कालीगण्डकी कोरिडोरको राजमार्ग निर्माणको निर्धारित समय सीमा समाप्त भइसकेको तर आधाभन्दा बढी काम सम्पन्न हुन बाँकी रहेको अवस्थामा यसको लागत बढ्ने र जनताले प्रतिफल प्राप्त गर्न अझै धेरै समय लाग्ने स्थिति देखापरेकोले समयमै साइट क्लियर, मुआब्जा विवाद, अन्य कार्यालयसँग समन्वय लगायतका कार्य गरी आवश्यक बजेटको व्यवस्था गर्न तथा अनुगमनलाई प्रभावकारी बनाई आयोजना यथाशिघ्र सम्पन्न गर्न  नेपाल सरकारलाई निर्देशन दिने ।

२. क्षतिपूर्ति तथा मुआव्जा व्यवस्था, विद्युत लाइन विस्तार, बनको जग्गा उपयोग तथा खानेपानीका पाइप बिस्तार लगायतका कार्यमा समन्वय गरी राजमार्ग निर्माणका कामलाई तिव्रता दिन र

ढिलासुस्ती गर्ने ठेकेदार तथा अनुगमनमा लापरबाही गर्ने पदाधिकारीलाई कानुनी कारबाही गर्न निर्देशन दिने ।

३. थुप्रै स्थानमा पुलपुलेसा निर्माणकार्य अधुरो रहेकोले सडक निर्माणमा अवरोध आएको, डाइभर्सन बनाउन परेको र वर्षात्मा जोखिम बढ्ने स्थिति रहेकोले पुल निर्माण कार्यलाई तिव्रता दिन निर्देशन दिने ।

४. बेरुजु फछ्र्यौटका सम्बन्धमा निम्न निर्देशन दिन उपयुक्त देखिएको छः

क. कार्यालयमा जनशक्ति पर्याप्त व्यवस्था गर्नु पर्ने,

ख. आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनु पर्ने,

ग. सूचना प्रविधिको प्रयोग गरी लेखापरीक्षणमा एकरुपता ल्याउन पर्ने,

घ. लेखा राख्ने पद्धति cash basis मा रहेको र accrual basis मा राख्नेतर्फ तयारी गर्नुपर्ने,

ङ. लेखापरीक्षण र सम्परीक्षणमा उही प्रमाणको निष्कर्ष फरक नहुने गरी गर्नु गराउनु पर्ने,

च. कार्यालय प्रमुखको सरुवालाई निश्चित कार्यावधि तोक्न, परियोजना अवधिभर सरुवा नगर्न र कार्य सम्पादनमा बेरुजु फछ्र्यौटलाई जोड्नु पर्ने,

छ. कार्यालय प्रमुख बाहेक अन्य सम्बन्धित कर्मचारीहरुलाई पनि बेरुजु फछ्र्यौटमा जिम्मेवार बनाउन पर्ने,

ज. स्थानीय निकायमा लेखा समिति सक्रिय बनाउन पर्ने,

झ. सम्परीक्षण गराउने सम्बन्धमा लेखाउत्तरदायी अधिकारी र महालेखापरीक्षकको कार्यालयमा आवश्यक कर्मचारी व्यवस्था गर्न आवश्यक रहेको,

ञ. Pre–audit कार्यालय सबै स्थानमा स्थापना गर्न र लेखापरीक्षण पछि कार्यालयमा ब्रिफिङ गर्ने व्यवस्था मिलाउन निर्देशन दिने ।

## कालिगण्डकी कोरिडोरको स्थलगत अवलोकनका केही दृष्यहरु








KOMATSU

**विभिन्न जिल्लाहरुमा जिल्लास्थित कार्यालयहरुको बेरुजुको अवस्थाबारे गरिएको छलफल र अन्तर्क्रियाको केही झलकहरु**






नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

